# विश्व नारी नेपाली स्रष्टाकोश

त्रिमूर्ति निकेतन

# विश्व नारी नेपाली स्रष्टाकोश

(६४५ स्रष्टाको परिचय)

नरेन्द्रराज प्रसाई
इन्दिरा प्रसाई

प्रकाशक : त्रिमूर्ति निकेतन
('विश्व नारी नेपाली साहित्य सम्मेलन'का अवसरमा प्रकाशित)
पोस्टबक्स : ११४४१, सञ्चारग्राम, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : trimurtinepal@gmail.com
Website : www.trimurtinepal.com.np
सम्पादक : कमलराज उपाध्याय
आवरण चित्रकार : उदयराज राजभण्डारी
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
सुरक्षित, २०७१ साल (2014)

**Vishwa Nari Nepali Srashta Kosha**
by Narendra Raj Prasai & Indira Prasai

# प्रकाशकीय

नेपाली भाषासाहित्यका विभूतित्रय कविशिरोमणि लेखनाथ पौडयाल, नाटयसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा २०५९ सालमा त्रिमूर्ति निकेतनको स्थापना भएको हो । यसै निकेतनद्वारा २०६१ साल भदौ ११ गते त्रिमूर्तिका पूर्णकदको ढलोट सालिक स्थापना भएका थिए ।

सञ्चारग्रामस्थित त्रिमूर्तिस्थलमा नेपाली शैलीको घरको छानामा त्रिमूर्तिलाई विराजमान गराइएको छ भने घरभित्र त्रिमूर्ति विषयक कृतिहरू सङ्कलित त्रिमूर्ति पुस्तकालयको स्थापना र सञ्चालन गरिएको छ ।

नइ प्रकाशनको संयोजनमा घटराज भट्टराई, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको परिकल्पना, सक्रियता र समर्पणमा त्रिमूर्ति निकेतनको स्थापना र निर्माण भएको हो ।

त्रिमूर्ति निकेतनको निर्माणमा जनरल भूपालमानसिंह कार्की, खनूप्रुदे 'रामबाबू', सीताराम प्रसाई, रामचन्द्र तिमोथी, सलोमी लेप्चा, कमल थापा, डा.मोदनाथ प्रश्रित, नरहरि आचार्य, हरिहर 'विरही', तारानाथ दाहाल, के.के.कर्माचार्य, टेम्बा शेर्पा तथा बालकृष्ण तुलाधरको उल्लेख्य भूमिका रहेको छ ।

त्रिमूर्ति निकेतनले आफ्ना उद्देश्य अनुरूपका विविध कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आइरहेको छ ।

•

त्रिमूर्ति निकेतनले २०६९ साल साउन १८ गते 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को आयोजना गर्ने घोषणा गरेको थियो । त्यही निर्णयअनुसार निकेतन अन्तर्गतको बालकृष्ण सम फाउन्डेसनका संयोजक प्रा.डा. गार्गी शर्माको अध्यक्षतामा विश्व नारी नेपाली साहित्य सम्मेलन आयोजक समितिको गठन भएको थियो । त्यसपछि यसले आफ्नो योजना र कार्यक्रमलाई सक्रिय रूपमा अगाडि बढाइरह्यो । यसै सिलसिलामा नेपालका १४ अञ्चल र प्राय: सबै जिल्ला तथा विश्वका २० राष्ट्रमा यस संस्थाले आफ्ना जरा फिँजाइसकेको छ । अन्तत: आज पहिलोचोटि नारी स्रष्टाहरूको ऐतिहासिक भेला नेपालमा भइरहेको छ । यो सम्मेलन विश्वभरिका नेपाली नारी स्रष्टाहरूको एउटा विशेष चाडको रूपमा चीरकालसम्म हाम्रा स्मृतिमा सञ्चित रहने विश्वास हामीले लिएका छौँ ।

'विश्व नारी नेपाली साहित्य सम्मेलन' मुख्यतया ५ सूत्रीय उद्देश्यमा केन्द्रित भएर अगाडि बढेको छ : १. इतिहासको गर्भमा विलीन भएका नारीस्रष्टा र तिनका सृजनालाई अगाडि ल्याउनु, २. सृजनामा समर्पित कम्तीमा एउटा पुस्तकाकार कृति प्रकाशनमा ल्याउने नारीस्रष्टालाई नेपाली साहित्यको इतिहासमा समाहित गर्नु, ३. स्वदेश तथा विदेशमा छरिएर रहेका नेपाली नारीस्रष्टाका सृजनात्मक योगदानको खोज, अध्ययन र विश्लेषण गर्नु, ४. विश्वभरिका नेपाली नारीस्रष्टाहरूको व्यवस्थित इतिहास (जीवनी) तयार पार्नु, ५. नेपाली नारीसाहित्यकारका स्तरीय कृतिहरूलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी विश्वसाहित्यमाऽ पुऱ्याउनु ।

'विश्व नारी नेपाली साहित्य सम्मेलन'का सन्दर्भमा नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईद्वारा लिखित **विश्व नारी नेपाली स्रष्टाकोश** नामक कृति प्रकाशन गर्न पाउनु त्रिमूर्ति निकेतनका लागि एउटा विशेष गौरवको अवसर हो ।

**इन्दिरा प्रसाई**

अध्यक्ष

# विषयसूची

भूमिका • ९
लेखकीय • १५
स्रष्टाकोश • २१–२९२
सन्दर्भस्रोत • २९३
विशेष धन्यवाद • २९४

# विश्व नारी नेपाली स्रष्टाकोश

राष्ट्रिय जनगणनाअनुसार आधा आकाश ढाकेका जाति हुन्– नारी । आजका चलनचल्तीको भनाइअनुसार नारी र पुरुष राष्ट्रका दुई पाङ्ग्रा हुन् । यी दुवै पाङ्ग्रा समाज तथा राष्ट्रोत्थानका लागि उत्तिकै महत्त्वपूर्ण छन् । त्यसैले यी एकको सम्पूरक अर्को हुँदै आफ्नो समाज वा राष्ट्र उन्नत बनाउन जुट्नुपर्छ । तर यस भनाइले प्रश्न उठ्छ, के नेपालमा साँच्चै नै नारीले आफ्नो आधा आकाश संरक्षण र संवर्द्धन गर्ने अधिकार पाएका छन् ? के अर्को आधा आकाशसँग हरेक क्षेत्रमा काँधमा काँध मिलाएर जीवनयात्रा गर्न सकेका छन् ? के जीवनको हरेक क्षेत्रमा दुवै वर्ग समान रहेका छन् ? अहँ ! अऊसम्म धेरै क्षेत्रमा नारीले समानता पाएका छैनन् । कतिपय क्षेत्रमा त बिचरा, नारी ! निरुपाय आरक्षण कोटा खोजिरहेका छन्; अधिकारको नाममा कोटाको भिक्षा पो मागिरहेका छन् । यस्तो अवस्था सिर्जना हुने कारणमध्ये सामाजिक र शैक्षिक बेमेलको स्थिति यसमा मुख्य छन् ।

पितृसत्तात्मक समाजले नारीको ज्यादै अवमूल्यन गरेको थियो र त्यो अझै पनि कतिपय स्थानमा त्यसको अवशेषका रूपमा अद्यापि नारीलाई तल्लो वर्गको मान्दै छ । छोरी 'अरूको भित्तो टाल्ने' जात अनि त्यस्तै 'पत्नी पुरुषका जुत्ता, मन परे पत्नी नत्र फेर्न सकिने जुत्ता !' जुत्ता मात्रै कहाँ हो र ! नारी केवल सन्तानोत्पादन गर्ने मेसिन मानिन्थ्यो । त्यो कतिपय गाउँठाउँमा त अझै पनि मान्दै छन् ।

बहुपत्नी प्रथा अझै पनि नेपालको धेरै ठाउँमा प्रचलित नै छ । यसले गर्दा नारीको स्थिति अति नै गएगुज्रेको हुनाले उनीहरूको मानसिक विकास हुने मौका नै आएन । शिक्षाको अभाव यसखालको अवस्था सिर्जना हुने अर्को कारण रहेको छ ।

शिक्षाले कुनै पनि व्यक्तिको मानसिक विकास गराइ जीवनका हरेक क्षेत्रमा सक्षम बनाउँछ तर नेपालमा नारी शिक्षाको सुरुआत २००० सालपछि मात्र भएको देखिन्छ । तर त्यस बेला, त्यो पनि विशेष गरेर काठमाडौँमा मात्र नारी शिक्षाको लागि स्कुलहरू स्थापना गरिएका थिए । धेरैजसो परिवार छोरीलाई पढाउन, स्कुले शिक्षा दिन मान्दैमान्दैनथे । तैपनि युगको मागअनुसार बिस्तारै शिक्षामा जागरूकता भने आयो । यही शैक्षिक जागरणले नारी समाजमा निकै उथलपुथल ल्यायो । त्यति मात्र होइन, नारी समाजको विकासका साथै नारीलाई आफ्नो जिन्दगीमा पिँजडाजस्तो वातावरणबाट मुक्ति दिलायो । उनीहरू तत्कालीन समयमा केही लेखपढ गर्न जान्नेबित्तिकै आफ्नो भावना र सुखदुःख शब्दका माध्यमबाट साहित्यमा व्यक्त गर्न अग्रसर हुन थाले । अझ त्यसको लागि समुचित वातावरण वि.सं. १९९१ सालमा सु.ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित हुने 'शारदा' पत्रिकाले जुरायो ।

हुन त 'शारदा' पत्रिकाको प्रकाशनभन्दा अगाडि नै नेपाली साहित्यमा नारीलेखनको प्रारम्भ भएको देखिन्छ । वि.सं. १८८१ सालमा ललितत्रिपुरसुन्दरीले 'महाभारत शान्तिपर्व' अन्तर्गतको 'राजधर्म' नेपालीमा अनुवाद गरी केही ठाउँमा आफ्ना मौलिक श्लोकहरू प्रस्तुत गरेर नेपाली साहित्यमा आफ्नो योगदान दिएकी छन् । आदिकवि भानुभक्तभन्दा अगावै 'आदिकवयित्री'को रूपमा ललितत्रिपुरसुन्दरी देखापरेकी त हुन् तर उनका उत्तराधिकारी नेपाली माटोमा जन्मिन झन्डै एक सय वर्षभन्दा बढी समय लाग्यो । भारतमा पुगेकी अम्बालिकादेवीलाई पनि 'राजपूत रमणी' जन्माउन अर्थात् लेख्न पनि

एक सय वर्षजतिकै समयअन्तराल कुर्नुपऱ्यो । अर्थात् 'राजधर्म' १८८१ सालमा लेखिएको थियो भने 'राजपूत रमणी' १९८९ सालमा मात्र बनारसबाट प्रकाशित हुन पुग्दछ ।

२००० सालभन्दा अगाडिका थोरै नारी काकताली परेर केही मात्रामा साक्षर भएका थिए र तिनैमध्येका केहीले नेपाली साहित्यमा आफ्नो योगदान दिन सुरु गरेका थिए । साहित्य जीवनको अभिव्यक्ति हो; दु:खसुख अथवा आफ्ना कुनै पनि समस्या कलात्मक रूपमा अभिव्यक्त गर्ने साधन हो । बरु यसको प्रकाशनका लागि साहित्यिक पत्रपत्रिकाको प्रकाशन हुनु आवश्यक छ । १९९१ मा 'शारदा' प्रकाशन सुरु भएपछि मात्र नारीहरूले पनि आफ्नो भावाभिव्यक्तिको लागि यसको चौतारी पाए । अनि त्यस बेलादेखि मात्र नेपाली साहित्यमा नारी हस्ताक्षर दिनपर दिन वृद्धि हुँदै गएको हो । वास्तवमा साहित्यलाई कुनै पनि स्रष्टाजीवनको साथी अर्थात् आफ्नो दु:खसुख पोख्ने भाँडोका रूपमा लिन सकिन्छ । साहित्य वर्तमानको छविचित्र हो, त्यसैले वर्तमानका सम्पूर्ण स्थिति त्यसमै प्रतिबिम्बित हुन पुग्छन् ।

तत्कालीन समयमा 'शारदा' पत्रिकाले चलाएको साहित्यिक अभियान नारीपुरुष दुवैका लागि निकै महत्त्वपूर्ण हुँदै गयो । नारीहरू पनि बिस्तारै सशक्त बन्दै अगाडि बढी आजको स्थितिमा आइपुगेका छन् । यति भएर पनि नारी साहित्य जति विकसित हुनुपर्ने थियो, तर त्यो हुन सकेको छैन । किनभने अझै पनि उनीहरूको बाटोमा थुप्रै काँडाहरू छन्; थुप्रै सामाजिक चिन्तनगत समस्या छन् । कतिपय नारी प्रतिभा कुण्ठित भएर बसेका छन् । नेपालका कतिपय गाउँ तथा जिल्लाले अझै पनि नारीस्रष्टा जन्माउन सकेका छैनन् । यही परिप्रेक्ष्यमा नारी साहित्य सर्जकहरूको सिर्जनकार्य केकस्तो अवस्थामा छ ? त्यसको वास्तविक यथा तथ्य जान्न र उनीहरूको साहित्यिक योगदान सबैमाझ स्पष्ट रूपमा प्रकट गराउन 'विश्व नारी नेपाली स्रष्टाकोश' तयार गरिएको हो ।

आजको युग विज्ञान-प्रविधिका कारण 'विश्व एक घर' हुँदै विश्व साँघुरो बनेको छ । एक देशका एउटै गाउँठाउँका अथवा जिल्लाका नागरिक विश्वका अनेक कुनाकाप्चामा पुगेका छन् । बरु जहाँ पुगे पनि आफ्नो मातृभाषा, आफ्नो संस्कृति र आफ्नो राष्ट्रलाई बिर्सेका हुँदा रहेनछन् । यिनीहरू सबैको साहित्यिक अवदानले नेपाली साहित्य कति झाङ्गिँदै छ भनेर थाहा पाउने उत्सुकता र आवश्यकता ठहर गरियो । त्यसैले त्रिमूर्ति निकेतनअन्तर्गत गठित विश्व नारी नेपाली साहित्य सम्मेलनताका नेपाली भाषासाहित्यको सिर्जनामा जुटेका नेपालभित्र र बाहिरका कति नारी छन् भन्ने आम पाठकका जानकारीको लागि समग्र नारी साहित्यकारहरू समेटी स्रष्टाकोश तयार गरिएको हो ।

इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईको अथक परिश्रम र प्रयासबाट नेपाल, भारतलगायत विश्वभरि छरिएर रहेका नेपाली नारीस्रष्टाहरू खोजेर तिनको सामान्य परिचयसहित तयार गरिएको यस 'स्रष्टाकोश'ले हामी नारीस्रष्टाहरूलाई एकत्रित गराएको छ; गौरव बढाएको छ । तर यस कोशभित्र समावेश हुन फुटकर साहित्य रचना गर्ने मात्र नभै कम्तीमा एउटा पुस्तकाकार कृति हुनु अनिवार्य छ । अहिलेसम्मको तथ्याङ्क अनुसार ५ महादेशअन्तर्गत विश्वका २० राष्ट्रमा रहेका नेपाली चेलीहरूले कथा, कविता, निबन्ध आदि कृति प्रकाशन गरेको पाइएको छ ।

नेपालपछि भारतमा बसोवास गरेका थुप्रै चेलीहरूले नेपाली भाषासाहित्यको सेवा गरेर नेपाली साहित्यलाई समृद्ध बनाएका छन् । उनीहरूको मुख्यत: कर्मभूमि भारत भए पनि मनवचनले भने आफ्नो कलासंस्कृति तथा कलमले नेपाललाई बिर्सेका छैनन् भन्ने प्रमाण थुप्रै भारतवासी चेलीहरूले दिएका छन् । उनीहरूको स्तरीय साहित्यिक योगदानले सिङ्गो नेपाली साहित्यलाई थप चुल्याएको छ । भारतबाहेक सात समुद्रपारि पुगेका नेपाली चेलीहरू प्राय: भरखर भरखर पुगेका

हुनाले आफ्नो गाँसबासको समस्यामा रुमल्लिनु परेकोले कतिपय राष्ट्रमा अझै उनीहरू साहित्यमा पूरै समर्पित हुन पाएका छैनन् तापनि छिट्टै समर्पित भएर साहित्यसेवामा लाग्नेछन् भन्ने कुरा साहित्यिक चिल्ला पातहरूबाट स्पष्ट देखिन्छ । बरु दु:खको कुरा त अझै नेपालभित्रका कतिपय गाउँ अथवा जिल्ला वा अञ्चलका चेलीहरू कृतिकारका रूपमा उभिन सकेका रहेनछन् । आशा गरौँ, 'विश्व नारी नेपाली स्रष्टाकोश'ले ती गाउँ तथा जिल्लाका सम्पूर्ण नवसर्जक नारीहरूलाई पनि घच्घच्याउनेछ ।

नेपाली भाषासाहित्यमा समर्पित नारीहरूबारे यति धेरै जानकारी आजसम्म कुनै व्यक्ति तथा सङ्घसंस्था कुनैले पनि प्रयास गरेकै थिएनन् । नेपाल र भारतबाहेक अन्य देशविदेशमा पुगेका साहित्यसर्जक नारीहरूको परिचय पाउने स्रोत आजसम्म कुनै नभएको बेलामा यो 'विश्व नारी नेपाली स्रष्टाकोश' तयार हुनु हाम्रो लागि गौरवको विषय भएको छ । अरु भनौँ, यो नारीहरूको लागि मात्र होइन, सम्पूर्ण स्रष्टाको गौरव हो; नेपाल राष्ट्रकै गौरवको साझा विषय हो । जहाँ गए पनि जहाँ बसे पनि नेपाली चेलीहरू आफ्नो वाङ्मयसाधनामा सधैँ समर्पित छन् र सधैँ हुनेछन् भन्ने ज्वलन्त उदाहरणका रूपमा प्रस्तुत कोश देखापरेको छ ।

**विश्व नारी नेपाली स्रष्टाकोश**का लेखकद्वय– इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईको यस महत् कार्यका लागि जति धन्यवाद र प्रशंसा गरे पनि, जति बधाई दिए पनि; त्यो अपुग नै हुन्छ ।

**प्रा.डा. गार्गी शर्मा**
अध्यक्ष
**विश्व नारी नेपाली साहित्य सम्मेलन**

# लेखकीय

युगौंदेखि दोस्रो दर्जाका नागरिकको भूमिका निर्वाह गर्दै आएको नारीजगत् अस्मिताको खोजीमा लागिपर्दै आएको छ । फ्रान्सकी अग्रणी नारी अभियन्ता सिमेन द वुवाको लेखनीले विश्वभरका नारीजातिलाई आफ्नो अस्तित्वप्रतिको सचेतना जगाउन अग्रसर गराएको थियो । बौद्धिक रूपले संसारभरका नारी जागरणका लागि सिमेन द वुवालाई नै श्रेय दिनुपर्ने हुन्छ । मातृसत्तात्मक सामाजिक अवस्थापछि आएको पितृसत्तात्मक व्यवस्थाले नारीजातिलाई अधीनताको पराकाष्ठामा पुऱ्याएर पशुतुल्य जीवनयापनका लागि बाध्य पाऱ्यो । हाम्रो समग्र विश्व, राष्ट्र, समाज, घर र व्यक्ति सोही पितृसत्तात्मक अवधारणाबाट अद्यपर्यन्त मुक्त हुन सकेको छैन ।

सत्य हो, प्रकृतिले नारीजातिलाई सुरुदेखि नै केही यस्ता कठिनतम जिम्मेवारी बोकाएकी छन्, जसको भारलाई नारीजातिले गौरव मानेर बोक्नुको विकल्प पनि छैन । सङ्क्षेपमा उक्त जिम्मेवारी भनेको ‘मातृत्व’ नै हो । एक शब्दमा अटाउने ‘मातृत्व’को सरोफेरोले नारीको सम्पूर्ण जीवनलाई प्रभावित पर्छ । ‘मातृत्व’को दायित्वले नारी स्वाधीन हुन खोजे पनि पराधीन हुनुपर्छ । उक्त पराधीनताबाट प्राप्त हुने खुसी, आनन्द र आत्मसन्तुष्टिका लागि आफ्नो जीवनको बलिदानका लागि पनि नारी समर्पित बन्छे । संसारलाई गतिशील बनाउने नारीको उक्त महान् दायित्वलाई पितृसत्तात्मक सोचले मूल्यहीन परिभाषित गरेको पाइन्छ । संसारप्रतिको, राष्ट्रप्रतिको, समाजप्रतिको र घरप्रतिको

महानतम दायित्वको नाम 'मातृत्व' हो, स्वस्थ सन्तान जन्माउनु, उक्त सन्तानको उचित पालनपोषण गर्नु र असल, योग्य विश्व नागरिक तयार पार्नुभन्दा महत्त्वपूर्ण काम अर्थोक केही हुन सक्दैन भन्ने सत्यलाई उत्तर पितृसत्ताले अङ्गीकार गर्न नसकेको देखियो । प्रताडित, लाञ्छित, अपमानित र अवमूल्यित हुन थालेका नारीहरू आआफ्ना दायित्वलाई पन्छाउँदै अस्मिताको खोजीमा बाहिर निस्कन थाले । दोस्रो दर्जाको नागरिकबाट पहिलो दर्जाको नागरिकमा रूपान्तरण हुने प्रयासमा नारीशक्ति डटेर लागेको अबको समय हो ।

नेपाली साहित्यको इतिहास निर्माणमा पनि सधैँ पितृसत्तात्मक सोचकै हालिमुहाली देखिएको छ । नबोल्नेको चामल नबिक्ने परिपाटीका कारण अबोला अबलाहरूलाई नेपाली साहित्यको परिसरमा सूचीकृतसम्म गरिएको पाइँदैन । नरेन्द्रराज प्रसाईद्वारा २०६३ सालमा प्रकाशित 'नारीचुली'मा नारी साहित्यकारको महिमा र सूचीसमेतको अभिलेखीकरण गरेर नारी साहित्यकारहरूलाई सम्मान दिने कार्यको प्रारम्भ भएको हो । २०४० सालमा इन्दिरा प्रसाईद्वारा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको विद्वत्वृत्तिमा 'नेपाली साहित्यमा नारी साहित्यकारको स्थान' विषयक शोध पनि भएको थियो । यी ऐतिहासिक पृष्ठभूमिसमेत जोडेर 'नारी स्रष्टाकोश' को अवधारणा ल्याइएको हो ।

त्यसो त नारी साहित्यकारका सन्दर्भलाई लीला लुइटेल, लक्ष्मी उप्रेती, डा. ज्ञानु पाण्डे, ज्ञानु अधिकारी, डा. सुधा त्रिपाठी, रजनी ढकाल, गीता त्रिपाठीलगायतका नारीस्रष्टाहरूले नै पनि आफ्नो लेखनको विषय बनाएको पाइएको छ । तर पनि समग्र नारी साहित्यकारहरूको सर्वेक्षण र अभिलेखनमा तिनले पूर्णता पाएको देखिएको छैन । यति हुँदाहुँदै पनि यस कालखण्डमा नारीस्रष्टाबारे नारीस्रष्टाकै अग्रसरतामा कलम चल्नुलाई युगीन प्राप्ति भनेर गर्व गर्नुपर्ने देखिन्छ ।

नेपालबाहिर र नेपालभित्र गरी न्यूनतम एउटा नेपाली साहित्यको कृति प्रकाशित गरेर नारीहरूलाई सूचीकृत गरिने अभिप्रायले यस

ग्रन्थको प्रकाशन गरिएको हो । विश्वपरिवेशका बीसभन्दा बढी राष्ट्रका नारीस्रष्टा र चौध अञ्चलका नारीस्रष्टाले अत्यन्त उत्साहजनक भावधारामा यस कोशमा समाहित हुन रुचाएको पाइयो । समग्र नारी स्रष्टाहरूको हौसलाजनक उपस्थितिले नै हाम्रो यस कार्ययोजनाले यो रूपमा प्रस्तुत हुने अवसर पाएको हो ।

वास्तवमा यो नइको पूर्वसोचको पहिलो पाइलो मात्र हो । शिखर आरोहणको लक्ष्य बोक्नेका लागि प्रथम पाइलोले ठूलो महत्त्व लिने गर्छ । त्यसैले भविष्यमा यस कोशको संसोधन, परिमार्जन र विश्लेषण गर्दै जाने उद्देश्य राखिएको अन्तरङ्ग कुरा पनि हामीलाई सार्वजनिक रूपमा खुलासा गर्न मन लागेको छ ।

'विश्व नारी नेपाली साहित्य सम्मेलन'को यस महान् पर्वका अवसरमा **विश्व नारी नेपाली स्रष्टाकोश**को प्रकाशनले हामीलाई नारीजन्य अन्वेषणात्मक कार्यप्रति थप हौस्याएको छ ।

**• नइ प्रसाई**

# विश्व नारी नेपाली स्रष्टाकोश

**अङ्गूरबाबा जोशी**

अङ्गूरबाबा जोशीको जन्म १९८९ सालमा काठमाडौँको डिल्लीबजारमा भएको हो । जोशी नेपाली नारीशिक्षा र उत्थानमा समर्पित नाउँ पनि हो । बनारस विश्वविद्यालयबाट एम.ए. गरेकी जोशीले पटना विश्वविद्यालयबाट बी. एल्. पनि पास गरिन् । उनी नेपालको राजनीति, समाजसेवा र शिक्षा क्षेत्रकी परिचित व्यक्ति पनि हुन् । उनी राष्ट्रिय पञ्चायतको सदस्य पनि भइन् । उनका प्रकाशित कृति 'कल्पना' (कथासङ्ग्रह, २०३१), 'मुक्तिमुक्तमाला' (२०६६), 'भावतरङ्ग' (कवितासङ्ग्रह, २०६७); 'क्यान्सरको वरदान' (संस्मरण, २०६७), 'के लेखूँ' (२०६७) हुन् । उनी 'गोरखादक्षिणबाहु दोस्रो', 'त्रिशक्ति पट्ट तेस्रो' आदिबाट पुरस्कृत भएकी छिन् । उनी पद्मकन्या क्याम्पसको प्रथम महिला प्राचार्य हुन् ।

**अञ्जना पौडेल**

अञ्जना पौडेलको जन्म २०३६ साल मङ्सिर १७ गते दुराडाँडा, लमजुङ्मा भएको हो । एम.ए. उत्तीर्ण उनका 'हिँउ खस्ने पर्वत' (हाइकुसङ्ग्रह,२०६१), 'जब वेदना फूल बन्यो' (कथासङ्ग्रह,२०६३) प्रकाशित कृति हुन् ।

**अञ्जना लुइटेल**

अञ्जना लुइटेलको जन्म २०४१ साल पुस २७ गते कालीमाटी, काठमाडौँमा भएको हो । उनको 'आराधना' (२०५९) कवितासङ्ग्रह प्रकाशित छ ।

**अञ्जली अधिकारी**

अञ्जली अधिकारीले एम. ए., एम. एड., एल. एल .बी. उत्तीर्ण गरेकी छन् । प्राध्यापन पेसामा संलग्न उनको 'छोरीको आँसु' (शोककाव्य, २०६३) प्रकाशित रहेको छ । उनी 'समयको प्रवाह' मासिकको सम्पादक कार्यमा संलग्न रहकी छन् ।

**अञ्जु दीक्षित**

अञ्जु दीक्षितको जन्म १९९४ साल माघ २६ गते रौतहटमा भएको थियो । उनको प्रकाशित कृति हो– 'त्यो गोरो हात' (कथासङ्ग्रह, २०५७) । 'गोरखापत्र'मा उनको 'कपाल दुख्यो' शीर्षकको कथा प्रकाशित भएको छ । उनी स्रष्टा कमल दीक्षितकी धर्मपत्नी हुन् ।

**अञ्जुदेवी भट्टराई**

अञ्जुदेवी भट्टराईको जन्म २०१० सालमा तीनपाटन, सिन्धुलीमा भएको हो । आठ कक्षासम्मको अध्ययन गर्ने उनको 'रामु र श्यामुको बहादुरी' (उपन्यास,२०२९) प्रकाशित छ ।

**अञ्जु पुरी**

अञ्जु पुरीको जन्म २०३२ साल माघ ७ गते हेटौंडा, मकवानपुरमा भएको हो । आमा मनोरमा पुरी तथा बुबा अमरबहादुर पुरीकी छोरी अञ्जु पुरीले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । उनको 'सपना कतिपय' (२०६८) शीर्षकको उपन्यास प्रकाशित भएको छ । उनको प्रथम प्रकाशित रचना 'अभिव्यक्ति' मा प्रकाशित 'असन्तुष्टि' शीर्षकको कथा हो । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा पनि समयसमयमा प्रकाशित भइराखेका छन् ।

**अञ्जु राई 'अञ्जली'**

अञ्जु राई 'अञ्जली'को जन्म २०४१ सालमा वैशाख १४ गते भोजपुरमा भएको हो । स्नातक तह उत्तीर्ण राईका 'च्यातिएको वर्तमान' (गजलसङ्ग्रह, २०६१), 'फेरि किन बिछोड' (कथासङ्ग्रह, २०५९) जस्ता कृति प्रकाशित छन् । उनी सिलौटी, झिल्लिका, निहारिका पत्रिकाको सम्पादन मण्डल सदस्य पनि रहेकी छन् ।

**अनामिका राई**

अनामिका राईको जन्म सन् १९६२ मे ११ मा दार्जिलिङमा भएको हो । आमा डम्बरकुमारी राई तथा बुबा खड्गसिंह राईकी

छोरी अनामिका राईले उत्तरबङ्ग विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'अन्तर्द्वन्द्व' (सन् २०००), 'नीलकण्ठ' (सन् २००१) जस्ता कवितासङ्ग्रह तथा 'बादलपारीको आह्वान' (कथासङ्ग्रह, सन् २००२) प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा उनका फुटकर कथा, कविता एवम् वार्तालाप आदिको पनि प्रकाशन भएको पाइन्छ । सन् २००० मा प्रकाशित 'अन्तर्द्वन्द्व' शीर्षकको कवितासङ्ग्रह नै उनको प्रथम प्रकाशित रचना हो । उनले नेपाल, भुटान तथा भारतको विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**अनीता ईवरम 'सौगात'**

अनीता ईवरम 'सौगात'को जन्म २०४४ साल फागुन १० सिनाम, ताप्लेजुङमा भएको हो । आमा धनमाया लिम्बू तथा बुबा टङ्कबहादुर लिम्बूकी छोरी अनीता बी.एड.मा अध्ययनरत छिन् । कृषि पेसामा संलग्न उनका 'मेनुको सौगात' (२०६४), 'दबिएका पाइलाहरू' (२०६५), 'सङ्गम' (२०६४) जस्ता रुवाईसङ्ग्रह तथा 'दुई मुटु' (गजलसङ्ग्रह, २०६४) प्रकाशित भएका छन् ।

**अनीता तुलाधर**

अनीता तुलाधरको जन्म सन् १९५१ अप्रिल २९ मा विराटनगर, मोरङमा भएको हो । आमा स्नेहप्रभा तुलाधर र बुबा रामराज तुलाधरकी छोरी अनीता तुलाधरले बी.ए.सम्मको अध्ययन पूरा गरेकी छिन् । २०२४ सालमा 'कस्तुरी' नामक वार्षिक मुखपत्रमा प्रकाशित 'मेरो मनको धोको' शीर्षक रचना नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'फुलु' (बान्किला कथासङ्ग्रह, २०३४), 'रित्तो शहर' (कथासङ्ग्रह, २०३५), 'सूर्यग्रहण' (कथासङ्ग्रह, २०४०), 'विडम्बना' (कथासङ्ग्रह, २०४६) जस्ता कृतिहरू प्रकाशित भएका छन् । 'जुरेली' पत्रिकाको सम्पादन र प्रकाशन कार्यमा समेत संलग्न रहेकी उनी विभिन्न साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । 'रत्नश्री

स्वर्णपदक'-२०३४, 'लोकप्रिया पुरस्कार' २०५७, 'क्षेत्रीय प्रतिभा पुरस्कार' (मध्यमाञ्चल), २०६५-०६६, 'नइ रेखा पुरस्कार' २०६८ बाट समेत सम्मानित भएकी उनी हाल त्रिपुरेश्वर, काठमाडौँमा बसोवास गर्छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका वाग्मती अञ्चलका अध्यक्ष पनि हुन् ।

**अनीता पोखरेल**

अनीता पोखरेलको जन्म २००९ कात्तिक ७ गते बर्गद्दी, दाङमा भएको हो । आमा रुक्मणी उपाध्याय र बुबा रामप्रसाद उपाध्यायकी छोरी अनीता पोखरेलले एस.एल.सी. सम्मको शिक्षा लिएकी छिन् । उनका 'पितृ' (शोककाव्य, २०६२), 'मातृवेदना' (शोककाव्य, २०६९) प्रकाशित भएका छन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध पोखरेलले भारत र नेपालका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**अनीता भण्डारी पौडेल**

अनीता भण्डारी पौडेलको जन्म २०३२ कात्तिक १५ गते शिवनगर-७, शान्तिपुर, चितवनमा भएको हो । आमा पिङ्गलादेवी भण्डारी तथा बुबा राजेन्द्रप्रसाद भण्डारीकी छोरी अनीता भण्डारीले त्रिभुवन विश्वविद्यालयबाट पुस्तकालय तथा सूचना विज्ञान एम.एल.आई.एस.सी. सम्मको शिक्षा ग्रहण गरेकी छिन् । लाइब्रेरियन पेसामा संलग्न उनका 'धड्कनमा आभा' (हाइकुसङ्ग्रह, २०७०), 'शाश्वत जिन्दगी' (गजलसङ्ग्रह, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । राष्ट्रिय र स्थानीय विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचना प्रकाशित भएका पाइन्छन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**अनुकृतिका**

अनुकृतिकाको जन्म २०४५ मङ्सिर २७ गते विराटनगरमा भएको हो । आमा इन्दिरा प्रसाई तथा बुबा नरेन्द्रराज प्रसाईकी छोरी अनुकृतिकाले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'मेरो

ज्याम्बोरी यात्रा' (नियात्रासङ्ग्रह, २०५९), 'कवचमन्त्र' (संस्कृत श्लोक सङ्कलन, २०६४), 'मेरो साथी देवकोटा' (अनुवाद, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । नइ प्रकाशनकी सदस्य उनी 'देवकोटा शताब्दी स्वर्णपदक' (२०६७) बाट पनि सम्मानित भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**अनु खनाल**

अनु खनालको जन्म २०४९ सालमा रामनगर, महोत्तरीमा भएको हो । आमा कृष्णा खनाल र बुबा परशुराम खनालकी छोरी अनु खनाल स्नातक तहमा अध्ययरत छिन् । उनको 'अनि फुर्छ गजल' (गजलसङ्ग्रह, २०७०) प्रकाशित भएको छ । २०६५ मा प्रकाशित गजल 'रिन भयो जिन्दगानी' उनको प्रथम प्रकाशित रचना हो । उनी विभिन्न प्रतियोगितामा पुरस्कृत भएकी छिन् । हाल उनी वर्दिवास, महोत्तरीमा बसोवास गर्छिन् ।

**अनुजा घिमिरे**

अनुजा घिमिरे बालसाहित्यकार हुन् । उनका 'अङ्कुर' (२०५४), 'अर्थात्' (२०५७) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् ।

**अनुपम रोशी**

अनुपम रोशीको खास नाम लक्ष्मी क्षेत्री हो । आमा कृष्णकुमारी क्षेत्री तथा बुबा रत्नबहादुर क्षेत्रीकी छोरी अनुपमको जन्म २०४१ माघ १० गतेका दिन हरैया रूपन्देहीमा भएको हो । आई.ए. सम्मको शिक्षा लिने उनको 'आकाङ्क्षाको फूल मेरो' (कवितासङ्ग्रह, २०६२) र 'कुमारी आमा' (२०६८) नाङ्गो मान्छे (२०७०), कालो छायाँ (२०७१) जस्ता उपन्यास प्रकाशित छन् । उनी 'शब्ददीप'को सम्पादक पनि भइन् ।

**अनुपमा**

अनुपमाको जन्म २००८ साल फागुन ४ गते काठमाडौँको नक्सालमा भएको थियो । उनको खास नाम प्रमीला उपाध्याय हो ।

कथा र उपन्यासलेखनमा चर्चित अनुपमाले जासुसी र सामाजिक उपन्यासमा विशेष नाउँ कमाएकी छिन् । उनका तीनवटा उपन्यास प्रकाशित भएको पाइन्छ । ती हुन्– 'दुई हत्या एक भेद' (२०२७) र 'रहस्यमय युवक' (२०२८) अनि 'शिवा' (२०४५) (साप्ताहिक 'सुधा'मा धारावाहिक रूपमा पाँच अङ्कसम्म छापिएको) । उनको वास्तविक नाउँ प्रमीला उपाध्याय हो । स्नातक उत्तीर्ण उपाध्याय काठमाडौँको नन्दी रात्रि माध्यमिक विद्यालयमा पढाउँछिन् ।

**अनुराधा थापा**

अनुराधा थापाको जन्म २०१४ साल फागुन १५ गते डिल्लीबजार, काठमाडौँमा भएको हो । आमा गिरिजादेवी खड्का तथा बुबा पुष्करबहादुर खड्काकी छोरी अनुराधा खड्काले डिप्लोमासम्मको अध्ययन पूरा गरेकी छिन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनका सृष्टिको सँगालो' (लेख तथा कवितासङ्ग्रह, २०५७), 'शान्तिको दीप' (लेख तथा कवितासङ्ग्रह, २०५८), 'देशको चिन्तन' (लेखसङ्ग्रह, २०७०) 'कस्तुरी' (कवितासङ्ग्रह, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । २०५५ मा 'प्रहरी द्वैमासिक' मा प्रकाशित 'योगको उपयोगिता' शीर्षक लेख नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय फुटकर रचनाहरू समयसमयमा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले अमरगाथा, भावार्चना, पुष्पार्चना, बगाले थापाको वंशावलीको सम्पादनसमेत गरेकी छिन् । दैवीप्रकोप पीडितउद्धार पदक आदिबाट समेत सम्मानित उनले नेपालका अधिकांश जिल्ला र भारत, चीन आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् । हाल बानेश्वर, काठमाडौँमा उनको बसोवास रहेको छ ।

**अनुराधा शर्मा**

अनुराधा शर्माको जन्म २०३४ साल मङ्सिर १ गते त्रिशूली, नुवाकोटमा भएको हो । आमा माया ठकुरी तथा बुबा दामोदर

शर्माकी छोरी अनुराधा शर्माले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए., बी.एड. उत्तीर्ण गरेकी हुन् । उनले युक्लान विश्वविद्यालय, युकेबाट 'इन्टर कल्चरल बिजनेस कम्युनिकेसन' विषयमा समेत एम.ए. उत्तीर्ण गरेकी छिन् । विशेषत: बालसाहित्यको क्षेत्रमा काम गर्ने शर्मा अनुवाद कार्यमा पनि संलग्न रहेकी छिन् । उनले विभिन्न साहित्यिक कृतिको अङ्ग्रेजी र नेपालीमा रूपान्तरण पनि गरेकी छिन् । उनका कतिपय लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०६१ मा प्रकाशित 'उपहार' शीर्षकको बालकथा नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न संस्थासँग आबद्ध उनका 'रमाइलो शनिबार' (२०६९), 'मुना र मिलनको खेल' (२०७०), 'सानी पोची' (२०७०) जस्ता बालसाहित्यिक कृति प्रकाशित भएका छन् । पारिजात बालसाहित्य पाण्डुलिपि विशेष सम्मान/पुरस्कार (२०६४/६६) बाट सम्मानित भएकी अनुराधा शर्माले भारत, बेलायत, आयरल्यान्ड, नर्बेलगायत नेपालका विभिन्न जिल्लाहरूको भ्रमणसमेत गरेकी छिन् ।

**अन्जना पौडेल**

अन्जना पौडेलको जन्म २०३६ साल मङ्सिर १ गते दुराडाँडा, लमजुङमा भएको हो । आमा मेनका पौडेल तथा बुबा कमलकान्त पौडेलकी छोरी अन्जना पौडेलले स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'हिउँ खस्ने पर्वत' (हाइकुसङ्ग्रह, २०६०), 'जब वेदना फूल बन्यो' (कथासङ्ग्रह, २०६३) जस्ता कृति पनि प्रकाशित भएका छन् । उनका कविता, मुक्त, हाइकु, कथा आदि राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न पत्रपत्रिकाबाट प्रकाशित भएका छन् । २०५८ सालमा प्रकाशित 'जब वेदना फूल बन्यो' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सङ्घसंस्थाहरूसँग आबद्ध रहेकी उनी पेरोल साहित्य प्रतिष्ठानबाट सम्मानित पनि भएकी छिन् । भारत, चीन, थाइल्यान्ड आदि देशको भ्रमणसमेत गरेकी उनी हाल काठमाडौँमा बस्छिन् ।

**अप्सरा दाहाल**

अप्सरा दाहालको जन्म सन् १९६९ जुलाई ६ मा बर्मेक, पश्चिम सिक्किममा भएको हो । आमा रेवता दाहाल तथा बुबा डिल्लीराम दाहालकी छोरी अप्सराले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनका 'सम्झनाको देश' (कवितासङ्ग्रह, २००३) 'मनका घरहरू' (कवितासङ्ग्रह, सन् २००९) 'फूलका उमेरहरू' प्रकाशित भएका छन् । उनका फुटकर लेखरचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइराखेका छन् । सन् १९९४ मा 'स्वयम्वर' पत्रिकामा प्रकाशित 'हिँजो जन्मेर म हिँजै मरेछु' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न सामाजिक, सांस्कृतिक संस्थाहरूमा समेत आबद्ध अप्सरा दाहाल विभिन्न संस्थाहरूद्वारा पुरस्कृत तथा सम्मानित पनि भएकी छिन् ।

**अमुदा श्रेष्ठ**

अमुदा श्रेष्ठको जन्म २०१३ सालमा काठमाडौँमा भएको हो । उनले एम्.कम्. उत्तीर्ण गरेकी छिन् । नेपाली भाषामा उनले आधा दर्जनभन्दा बढी व्यवस्थापन विषयक कृति लेखिसकेकी छिन् । उनको प्रकाशित साहित्यिक कृति चाहिँ 'चुपचाप सहिरहन्छु' (कवितासङ्ग्रह, २०५९) हो । उनले 'प्रथम महिला नेतृ' को सम्पादन पनि गरेकी छिन् । उनी त्रिभुवन विश्वविद्यालयअन्तर्गत शङ्करदेव क्याम्पसकी क्याम्पस प्रमुख तथा महिला आयोगकी सदस्य पनि भइन् । उनी 'महेन्द्रविद्याभूषण', 'शिक्षा पुरस्कार', 'विशिष्ट सेवा पुरस्कार' बाट सम्मानित रहेकी छिन् ।

**अमृता अर्याल**

आमा गीता अर्याल तथा बुबा हरिप्रसाद अर्यालकी छोरी अमृता अर्यालले प्रमाणपत्र तहसम्मको शिक्षा प्राप्त गरेकी छिन् । विभिन्न सामाजिक, साहित्यिक कार्यमा संलग्न उनको 'स्मृतिका आवाजहरू'

(२०६९) शीर्षकको कृति प्रकाशित भएको छ । राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा समेत लेखरचना प्रकाशित गराउने अमृता अर्यालको पहिलो प्रकाशित रचना २०६४ सालमा प्रकाशित 'मूर्ख विद्यार्थीहरू' शीर्षकको कविता हो । अर्यालले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**अमृता शर्मा**

अमृता शर्मा २०४१ पुस २० गते पर्वतमा जन्मेकी हुन् । नेपाली र समाजशास्त्रमा एम्.ए. उत्तीर्ण शर्माको 'नेपाली प्रगतिवादी उपन्यास' (२०६६) प्रकाशित छ । उनी विभिन्न पुरस्कारबाट सम्मानित भएकी छन् ।

**अमृता ठकुरी 'चाँदनी'**

अमृता ठकुरी 'चाँदनी'को जन्म २०४१ चैत १ गते पर्सा, रोजीनगरमा भएको हो । आमा कृष्णादेवी ठकुरी र बुबा योगबहादुर ठकुरीकी छोरी अमृता ठकुरीले एम. बी. एस. उत्तीर्ण गरेकी छन् । फुटकर रूपमा कविता, मुक्तक, गजल, निबन्ध आदिको रचना गर्ने ठकुरीको 'जीवन भोगाइमा चाँदनी' (मुक्तकसङ्ग्रह,२०७०) प्रकाशित भएको छ ।

**अम्बालिकादेवी**

अम्बालिकादेवीको जन्म १९५१ जेठ ८ गते मखनटोल, काठमाडौँमा भएको हो । आमा रत्नकुमारी तथा बुबा एककृष्ण नेपालकी छोरी अम्बालिकादेवीले घरमै अध्ययन गरेकी थिइन् । उनलाई नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाको राम्रो ज्ञान थियो । उनी गायन कलामा अभिरुचि राख्थिन् । उनको 'राजपूत रमणी' (ऐतिहासिक उपन्यास, सन् १९३२) पं. ईश्वरीप्रसाद उपाध्यायबाट प्रकाशित भएको छ । उनी प्रथम नेपाली उपन्यास लेखिका हुन् । उनको निधन १९९३ साल पुस १ गते पटना, भारतमा भएको हो ।

**अम्बिका अर्याल**

अम्बिका अर्यालको जन्म २०४२ साल कात्तिक १४ गते धुवाँकोट-१, गोरखामा भएको हो । आमा राधा अर्याल तथा बुबा नारायणबहादुर अर्यालकी छोरी अम्बिका अर्यालले स्नातकोत्तर तहको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'नारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण' (२०६९), 'उत्तरआधुनिक साहित्य : सिद्धान्त र प्रयोग' (२०६९) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका फुटकर लेखरचना आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । २०६० सालमा प्रकाशित गजल 'बल्झिएर दुख्न थालें' नै उनको प्रथम प्रकाशित रचना हो । उनले नेपालका विभिन्न स्थान तथा भारत, चीन आदि देशको भ्रमण पनि गरेकी छन् ।

**अम्बिका बस्नेत 'स्मृति'**

अम्बिका बस्नेत 'स्मृति'को जन्म २०४५ पुस १५ गते सोताङ, सोलुखुम्बुमा भएको हो । आमा तीर्थमाया बस्नेत र बुबा लोकबहादुर बस्नेतकी छोरी अम्बिका बस्नेत स्नातकोत्तर तहमा अध्ययनरत छिन् । उनको 'सोलुखुम्बु' (गजलसङ्ग्रह, २०६९, सहलेखन) प्रकाशित भएको छ ।

**अरुणा कोइराला**

अरुणा कोइरालाको जन्म २०११ असारमा तानसेन, पाल्पामा भएको हो । आमा विमला रेग्मी र बुबा कमलराज रेग्मीकी छोरी अरुणा रेग्मीले राजनीतिशास्त्रमा एम.ए., बी.एड., डी.पी.ए.को उपाधि लिएकी छन् साथै विभिन्न सङ्घसंस्थामा पनि सम्बद्ध छिन् । अध्यापन कार्यमा संलग्न उनको 'अरुणाका कविता' (२०६६) प्रकाशित पुस्तका कृति हो । विभिन्न साहित्यिक पत्रपत्रिकामा फुटकर लेख र कविताहरूको प्रकाशन गराउने उनी हाल 'नौलो नेपाली' साप्ताहिकको सम्पादक तथा प्रकाशक, 'के.बी. प्रतिष्ठान'को अध्यक्ष, पूर्वाञ्चल मुद्रणालयको पूर्व अध्यक्ष रहेकी छिन् । उनले भारत, हङकङ, मलेसिया, बहराइन, बेलायत, फ्रान्स, जर्मनी आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**अरुणा वैद्य**

अरुणा वैद्य मूलतः कवि हुन् । उनका 'सङ्गीतमय मृत्यु' (२०५०), 'समुद्रलाई आँसु चाहिँदैन' (२०६०) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् ।

**अलका आत्रेय चूडाल**

अलका आत्रेय चूडालको जन्म २०३३ असार २३ गते कपिलवस्तुमा भएको हो । डा. विष्णुराज आत्रेय तथा आर्याकी छोरी अलकाले नेपाली विषयमा एम.ए. तथा सर्वदर्शन र व्याकरणमा आचार्यसम्मको शिक्षा ग्रहण गरेकी छिन् । हाल भियाना, अस्ट्रियामा कार्यरत उनका 'बाल्यकालसँग लोभिँदै बाल्यकालमा' (संस्मरण, सन् २००७) 'कुहिरोभित्र लुकेको घर' (खण्डकाव्य, सन् २००७) प्रकाशित भएका छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिकामा दर्जनौँ फुटकर लेखरचनाको प्रकाशन गर्ने चूडाल रेडियो, टेलिभिजनमा समाचार वाचिकाका रूपमा पनि कार्यरत रहेकी थिइन् । नेपाल सरकारबाट अस्ट्रियाका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत अलका अस्ट्रियाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**आचार्य प्रभा**

आचार्य प्रभाको जन्म दार्जिलिङ, भारतमा भएको हो । एम.ए.सम्मको शिक्षा आर्जन गरेकी उनको 'परदेशबाट' (कवितासङ्ग्रह, २०६२) प्रकाशित भएको छ । उनका 'तिम्रो पर्खाइमा ड्रिम्स' (२०५१) गीतिएल्बम्, 'ईश्वरवन्दना' (भजन अडियो, २०५५) प्रकाशनमा आएका छन् । मूलबाटो डट.कम. (हङकङ), प्रेस चौतारी (न्युयोर्क) तथा अन्य वेभसाइटहरूमा पनि उनको संलग्नता रहेको छ । उनी हाल अमेरिकामा रहेकी छिन् ।

**आभा शर्मा**

आभा शर्माको जन्म २०४४ सालमा चाबहिल, काठमाडौँमा भएको हो । आमा कमला नेपाल तथा बुबा विनयकुमार शर्माकी

छोरी आभा शर्मा एम.ए. मा अध्ययनरत छिन् । पत्रकारिता पेसामा संलग्न उनका 'सम्पूर्ण वर्णमाला' (२०६३), 'नेपाली-अङ्ग्रेजी नेपाली शब्दसागर' (सहसम्पादन, २०६३), 'तीन मूर्ख साथीहरू' (बालकथासङ्ग्रह, २०६७), 'सानीको बहादुरी' (बालकथासङ्ग्रह, २०७०) लगायत अङ्ग्रेजी भाषाका 'न्यु इङ्ग्लिस ग्रामर (जुनियर)' (सम्पादन, २०६५) 'न्यु इङ्ग्लिस ग्रामर (हाइयर)' (सम्पादन, २०६५), 'रिसेन्ट इङ्ग्लिस ग्रामर (जुनियर)' (सम्पादन, २०६८), रिसेन्ट इङ्ग्लिस ग्रामर (हाइयर)' (सम्पादन, २०६८) प्रकाशित भएका छन् । २०६६ सालमा प्रकाशित 'जीवनकला' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित मौलिक रचना हो । शब्दार्थ सम्मानबाट समेत सम्मानित उनका कतिपय रचनाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् ।

**आरती पोखरेल**

आरती पोखरेलको जन्म २०१९ मङ्सिर १७ गते कालिम्पोङ, दार्जिलिङमा भएको हो । आमा कृष्णकुमारी दाहाल तथा बुबा विष्णुभक्त दाहालकी छोरी आरती पोखरेलले आई.एल.को शिक्षा आर्जन गरेकी छिन् । निजामती सेवामा संलग्न उनको 'धरातलमा उभिएर' (गजलसङ्ग्रह, २०६७) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत फुटकर लेखरचनाहरू प्रकाशित हुने उनको प्रथम प्रकाशित रचना २०६५ मा प्रकाशित 'सङ्घर्ष' शीर्षकको कथा हो । उनी 'मोहनलाल मनोरमा वाणी पुरस्कार' (२०६७), 'देवकोटा स्मारक संरक्षण समिति सम्मान पत्र' (२०७०) द्वारा पनि सम्मानित भएकी छन् ।

**आशारानी राई**

आशारानी राईको जन्म सन् १९३५ मा मणिपुरमा भएको हो । धेरै फुटकर रचनाका अतिरिक्त उनको प्रकाशित सिङ्गो कृति हो– 'यमद्वितीया' (कथासङ्ग्रह, १९९०) ।

**आशा सिंह**

आशा सिंहको जन्म २००६ साल जेठ १५ गते काठमाडौँको महाराजगन्जमा भएको हो । आशा सिंह कविता विधामा चर्चित नाउँ हो । उनले निबन्ध, प्रबन्ध र कथा पनि लेखिन् । उनका कृतिहरू हुन्– 'आँसुको थोपा' (कवितासङ्ग्रह, २०२४), 'दुई किनारा : एक सुस्केरा' (कथासङ्ग्रह, २०२५) आदि । उनले लामो समयसम्म 'सिम्रिक' पत्रिकाको सम्पादन गरिन् ।

**आशा क्षेत्री**

आशा क्षेत्रीको जन्म डिगबोई, असम भारतमा भएको हो । आमा सरस्वती क्षेत्री तथा बुबा चन्द्रबहादुर क्षेत्रीकी छोरी आशा क्षेत्रीले एम.ए. उत्तीर्ण गरेकी छिन् । कुवेतबाट प्रकाशित हुने 'स्पन्दन' पत्रिकाको सम्पादक पदमा कार्यरत उनका 'पाइलाहरू' (२०६५) शीर्षकको संस्मरणात्मक कृति प्रकाशित भएको छ । नेपाल र भारतलगायत उनले मलेसिया, बहराइन, ओमन, संयुक्त अरब इमिरेट्स, सिङ्गापुर, फ्रान्स, इटली, नर्वे, बेलायत, संयुक्त राज्य अमेरिकाजस्ता देशको पनि भ्रमण गरेकी छिन् । 'मितेरी नेपाल सम्मान' (सन् २००८) बाट सम्मानित उनका लेखरचना देशविदेशका पत्रपत्रिकामा प्रकाशित भएका छन् । हाल उनी कुवेतमा रहेकी छिन् ।

**आश्मा अर्याल**

आश्मा अर्यालको जन्म २०५५ वैशाख ११ गते ललितपुरमा भएको हो । आमा इन्दिरा अर्याल तथा बुबा विजयकुमार अर्यालकी छोरी आश्मा अर्यालका 'सेतो भूत' (बालकथासङ्ग्रह) एवम् 'मेरो फूलबारी' (कवितासङ्ग्रह) प्रकाशित भएका छन् । उनका कतिपय फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् । दृष्यविहीन उनी 'नइ देरुनीखपू पुरस्कार', जलेश्वरी बाल प्रतिभा 'वनिता पुरस्कार' २०६६ बाट सम्मानित हुनुका अतिरिक्त विभिन्न प्रतियोगितामा समेत पुरस्कृत भएकी छिन् ।

**आस्था कोपिला**

आस्था कोपिलाको जन्म २०४२ वैशाख १३ गते छितापोखरी-२, खोटाङमा भएको हो । आमा मनमाया राई तथा बुबा पहलबहादुर राईकी छोरी आस्थाले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी आस्थाका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०६१ सालमा प्रकाशित 'मृत्यु' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनको 'एउटा यायावरको पदचिन्ह' (२०६७) शीर्षकको कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गर्ने उनी हाल खोटाङमै बसोवास गर्छिन् । उनी सगरमाथा अञ्चलको विश्व नारी नेपाली साहित्य सम्मेलनका अध्यक्ष रहेकी छिन् ।

**इन्दिरा अर्याल**

इन्दिरा अर्यालको जन्म २०१६ साल फागुन १ गते धादिङको सुनौलाबजारमा भएको थियो । उनका प्रकाशित कृति हुन्– 'प्रेमवाद' (पत्रनिबन्धसङ्ग्रह, २०६२) र समयसङ्ग्रह (कवितासङ्ग्रह, २०६२) आदि ।

**इन्दिरा कोइराला**

इन्दिरा कोइरालाको जन्म २०१० सालमा काठमाडौँमा भएको थियो । उनले आध्यात्मिक चिन्तनबारे दुईवटा कृति निर्माण गरिन्– 'अध्यात्म उपदेश तथा पाञ्चायन महिमा' (२०५१) तथा 'श्रीसत्य मृत्युञ्जय स्तोत्र र गजेन्द्रमोक्ष' (२०५५) ।

**इन्दिरा नेपाल**

इन्दिरा नेपालको खास नाम नीलाकुमारी नेपाल हो । उनको जन्म नुवाकोटमा भएको हो । आमा सरस्वती नेपाल र बुबा पं.डोरप्रसाद नेपालकी छोरी इन्दिरा नेपालले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा एम.ए.को शिक्षा आर्जन

गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'आस्थाको दियो' (२०६८) शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । उनको पहिलो कविता २०५१ सालमा प्रकाशित भएको हो । विभिन्न प्रतियोगितामा पुरस्कृत उनले भारत, चीन आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**इन्दिरा प्रसाई**

इन्दिरा प्रसाईको जन्म २०१४ साल फागुन ३ गते दार्जिलिङमा भएको हो । आमा दुर्गादेवी र बुबा गणेशप्रसाद नेपाल शर्माकी छोरी इन्दिरा प्रसाईले त्रिभुवन विश्वविद्यालयबाट एम.बी.ए. को शिक्षा ग्रहण गरेकी छिन् । नरेन्द्रराज प्रसाईकी धर्मपत्नी प्रसाई प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । २०२६ सालबाटै लेख्न थाले पनि उनको 'अस्वीकृति पत्र' शीर्षकको पहिलो कथा २०३० सालमा 'प्रेरणा' पत्रिकामा प्रकाशित भएको हो । उनका 'मन सायद उघ्रँदैन' (२०५१), 'बयान' (२०५५), 'दोस्रो सत्ता' (२०६२) जस्ता कथासङ्ग्रह; 'विश्वामित्र' (२०५५), 'रनमाया' (२०५८), 'शिखा' (२०५९), 'उसको लोग्ने र बिरालो' (२०६०) जस्ता उपन्यासहरू, 'तिमी हुनुको' (२०५७), 'ए समुद्र !' (२०६३), शारदा ! (२०६९) जस्ता लामा कविताहरू, 'नेपाल न्युज डट कम'(२०५९),'बाईपङ्खी घोडा' (२०५७), 'माल्दाइलाई चिठी' (२०६१),जस्ता कवितासङ्ग्रहहरू, 'प्रिय नरेन्द्र (समीक्षात्मक पत्रनिबन्ध, २०६१) ,मेरी सासू(२०६५)र भागीरथा प्रसाईको निर्वाण (२०६९) जस्ता जीवनीमूलक निबन्ध कृति प्रकाशित भएका छन् । उनको सम्पादनमा त्रिमूर्ति निकेतन (२०६१), देवकोटा शताब्दी कविता (२०६६), देवकोटाको राष्ट्रिय चिन्तन (२०६६) प्रकाशित छन् । उनले नरेन्द्रराज प्रसाईको सहलेखन र सहसम्पादन 'भारती खरेल : सृजना र समीक्षा' (२०५२), 'पौरखी पुरुष' (२०५२), 'एउटा अमर प्राज्ञ : बालकृष्ण सम' (२०५४), 'रुद्रराज पाण्डे : सृष्टि र दृष्टि' (२०५४),

'गणेश गुरु : साधनादेखि समाधिसम्म' (२०५४), 'भूपाल अर्चना' (२०५५), 'उकालीओरालीहरूमा तारादेवी' (२०५६), 'ईश्वर बराल : कृति र कीर्ति' (२०५७), 'श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व' (२०५७), 'सङ्गीतशिरोभूषण नातिकाजी' (२०५८), 'ईश्वरवल्लभ : आयाम र आकृति' (२०५९), 'कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म' (२०६०), 'मिश्रका कृति : कविका दृष्टि' (२०६०), 'शरदचन्द्र भट्टराईको इतिवृत्त' (२०६२) जस्ता कृति पनि प्रकाशित भएका छन् । उनीद्वारा लिखित 'उसको लोग्ने र बिरालो' शीर्षक उपन्यासको अङ्ग्रेजी (सन् २००५)र अरबी (सन् २०१०) भाषामा अनुवाद पनि भएको छ । त्रैलोक्यनाथ श्रेष्ठद्वारा लिखित कृति 'मेरा जीवन : मेरी कहानी' (२०५४) हिन्दीमा अनुवाद गरेकी छिन् । उनी नइ प्रकाशन तथा 'त्रिमूर्ति निकेतन'को अध्यक्ष रहेकी छिन् भने अनेकौँ सङ्घसंस्थाको स्थापना सञ्चालन कार्यमा उनको सक्रिय भूमिका रहेको छ । गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष, श्री ५ को सरकारको सल्लाहकार नेपाल सरकारबाट गठित आदिकवि भानुभक्त द्विशतवार्षिकी कार्यकारी समितिमा उपाध्यक्ष आदि पदमा रही उनले कार्य सम्पादन गरिसकेकी छिन् । उनको कार्यको सम्मानार्थ उनलाई प्रबल गोरखादक्षिणबाहु, वीरेन्द्रऐश्वर्य सेवापदक, गद्दी आरोहण रजतपदक, राष्ट्रिय प्रतिभा पुरस्कार, युवावर्ष मोती पुरस्कार, मैनाली कथा पुरस्कार, भद्रा घले पुरस्कार, देरुनीख पुरस्कार, राष्ट्रिय गौरव युवा सम्मान, भानु साहित्य सम्मान आदिबाट पनि सम्मानित गरिएको छ ।

**इन्दिरा बास्तोला**

इन्दिरा बास्तोलाको जन्म २०४९ फागुन १७ गते नेचा बेतघारी-५, सोलुखुम्बुमा भएको हो । आमा सुभद्रादेवी बास्तोला र बुबा वेदनाथ बास्तोलाकी छोरी इन्दिरा बास्तोला स्नातक तहमा अध्ययनरत छिन् । उनको 'सोलुखुम्बु' (सहलेखन, गजलसङ्ग्रह, २०६९) प्रकाशित भएको छ ।

**इन्दिरा मल्ल**

इन्दिरा मल्लको जन्म २००१ भदौ २५ गते केशरमहल, काठमाडौँमा भएको थियो । स्नातक उत्तीर्ण मल्ल समाजसेवीका रूपमा चर्चित छिन् । श्री ५ बडामहारानी ऐश्वर्यबाट उनी बालकल्याण समन्वय समितिको सभापतिमा मनोनीत भएकी उनी श्री ५ ऐश्वर्य स्वास्थ्य उपचार सहायता कोषको अध्यक्ष र गीता समुदायको कोषाध्यक्ष पनि भइन् । अन्य विभिन्न सामाजिक संस्थाहरूमा पनि उनी संलग्न छिन् । सुप्रबल गोरखादक्षिणबाहुद्वारा विभूषित मल्लका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गर्छन् । उनको प्रकाशित कृति हो– 'जीवन र सन्देश : श्रीमा आनन्दमयी' (जीवनीप्रबन्ध, २०५३) । उनी हिज हाइनेस फिल्ड मार्सल केशरशमशेर ज.ब.रा. की छोरी र जनरल शान्तकुमार मल्लकी धर्मपत्नी हुन् ।

**इन्दिरा शाह**

इन्दिरा शाहको जन्म २०२० जेठ ११ गते भएको हो । आमा रमारानी शाह तथा बुबा केदारजङ्ग शाहकी छोरी इन्दिरा शाहले एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । उनको 'अलबिदा हाबिएर' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । विभिन्न साहित्यिक पत्रपत्रिकामा समेत फुटकर रचनाहरू प्रकाशित हुने उनको पहिलो रचना २०३६ सालमा 'जनमत' पत्रिकामा प्रकाशित भएको हो । उनले भारत, चीन, थाइल्यान्ड, जापान आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**इन्दिरा श्रेष्ठ**

इन्दिरा श्रेष्ठको जन्म १९९७ साल मङ्सिर २३ गते ञोंछेटोल, काठमाडौँमा भएको थियो । एम.एस्सी. उत्तीर्ण इन्दिरा श्रेष्ठले एम.म्यूज (सङ्गीत) पनि गरेकी छिन् । उनी नेपाल महिला सङ्गठनकी केन्द्रीय सभापति पनि भइन् । उनी स्नातकबाट राष्ट्रिय पञ्चायत सदस्य,

पञ्चायत नीति तथा जाँचबुझ समितिकी सदस्य, त्रिभुवन विश्वविद्यालय सभा सदस्य र राजपरिषद् सदस्य भइन् । कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयकी अध्यक्ष इन्दिरा श्रेष्ठले आफ्नै स्वरमा अङ्कित धेरै गीतिक्यासेट पनि प्रकाशन गरिन् । उनका नेपाली र अङ्ग्रेजी भाषामा थुप्रै लेखरचनाहरू प्रकाशित भएका छन् । उनको प्रकाशित मौलिक कृति हो– 'नारी आज पनि दान पात्र ?' (प्रबन्धसङ्ग्रह, २०६३) ।

**इन्दु पन्त**

इन्दु पन्तको जन्म २०१४ साल फागुन १३ गते काठमाडौँमा भएको हो । यिनले आफ्ना पति निरञ्जन पन्तसँगको संयुक्त लेखनमा 'स्वीकृति' (उपन्यास, २०६१) र 'संसृष्टि' (कथा, कवितासङ्ग्रह, २०५६) प्रकाशनमा ल्याइन् । यी दुवै कृतिहरूमा लेखकको नाउँ 'इनि' राखिएको छ । 'संसृष्टि' मा इन्दु पन्तले कविता लेखिन् र निरञ्जन पन्तले चाहिँ कथा लेखे । इन्दु पन्तले त्रिभुवन विश्वविद्यालयबाट चित्रकलामा स्नातक गरिन् ।

**इन्द्रमणि दर्नाल**

इन्द्रमणि दर्नालको जन्म सन् १९५० मार्च १३ मा सिङताम कमानबस्ती, दार्जिलिङ (भारत) मा भएको हो । आमा हस्तमाया दर्नाल तथा बुबा दलबहादुर दर्नालकी छोरी इन्द्रमणि दर्नालले नेपालीमा स्नातकोत्तर तहको शिक्षा आर्जन गरेकी छिन् । उनका 'म्याडम अनि अन्य कथाहरू' (कथासङ्ग्रह, सन् १९९९) 'ययाति' (लघुनाटक सङ्ग्रह, सन् २००२), 'अक्षि-भ्' (गीतिनाटक सङ्ग्रह, सन् २००७), 'कृष्णा ! कृष्णा !!' (पूर्णाङ्की नाटक, सन् २००१) आदि कृति प्रकाशित भएका छन् । उनले 'वसुधा' र 'दियालो' को पनि सम्पादन गरेकी छिन् । उनी 'डा. भीमराव अम्बेडकर फेलोसिप' सन् १९९८, 'डा. बी.एस. विष्ट पुरस्कार' सन् २००७, रामलाल अधिकारी स्मृति पुरस्कार सन् २००९, टेगोर साहित्यिक पुरस्कार सन् २०१२ बाट सम्मानित भएकी छिन् ।

**इल्या भट्टराई**

इल्या भट्टराईको जन्म २०१० साल मङ्सिर १३ गते काठमाडौँमा भएको हो । आमा रीता दीक्षित तथा बुबा मदनमणि दीक्षितकी छोरी इल्या भट्टराईले बी.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । उनी अध्यापन पेसामा पनि संलग्न रहेकी थिइन् । उनको 'मन मनै त हो' (कथासङ्ग्रह, २०६०), 'लफबराको वरिपरि' (नियात्रा, २०६१), 'नि:शब्द प्रश्नहरू' (कथासङ्ग्रह, २०६२), 'अनि...' (कथासङ्ग्रह, २०६३), 'युरोप एउटा नौलो परिवेश' (नियात्रा, २०६४) 'कसले के बुझ्यो' (बालकथासङ्ग्रह, २०६५), 'जीवनका रङ्गहरू' (कथासङ्ग्रह, २०६७) कृति प्रकाशित भएका छन् । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा समेत उनका थुप्रै फुटकर रचनाहरू प्रकाशित भएका छन् । इन्जिनियर डा. दीपक भट्टराईकी धर्मपत्नी इल्याको २०४२ सालमा प्रकाशित 'एउटी इन्जिनियरकी श्रीमतीको' व्यङ्ग्यकथा पहिलो प्रकाशित रचना हो । शिक्षा पुरस्कार २०४४ बाट सम्मानित उनले भारत, पाकिस्तान, बङ्गलादेशलगायत एसिया, युरोप र अमेरिका आदि विभिन्न मुलुकको भ्रमण पनि गरेकी छिन् ।

**ईशा शाह**

ईशा शाहको जन्म २०३२ भदौ १६ गते काठमाडौँमा भएको हो । उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनका 'एउटा कथाको अन्त्य' (२०४८), 'उजाडिएको सिउँदो' (२०४८), 'सङ्कल्प' (२०४९), 'ईशाको सिर्जना' (२०७०) प्रकाशित कृति हुन् ।

**ईश्वरी कार्की 'वर्षा'**

ईश्वरी कार्की 'वर्षा'को जन्म २०३७ असोज १९ गते वरुणेश्वर-५, चौलाबाटो, ओखलढुङ्गामा भएको हो । माता लक्ष्मी कार्की तथा पिता भीमबहादुर कार्कीकी छोरी ईश्वरी कार्की कविता, गीत, गजल, कथा, निबन्ध, समीक्षा आदि लेखन कार्यमा सक्रिय रहेकी छिन् ।

उनका 'टुक्राटुक्रा आकाश' (गजलसङ्ग्रह), 'वर्षा' (गीतिसिडी, २०६८) पनि प्रकाशित भएका छन् । उनी मध्यमाञ्चल साहित्यिक समाजको राष्ट्रिय कविता महोत्सव २०५९ मा प्रथम भई पुरस्कृत भएकी छिन् ।

**ईश्वरीकुमारी के.सी.**

ईश्वरीकुमारी के.सी.को जन्म २०१९ जेठ ५ गते घोराही नगरपालिका-६, मसिना, दाङमा भएको हो । आमा छमादेवी के.सी. र बुबा जगत्बहादुर के.सी.की छोरी ईश्वरीकुमारी के.सी. ले आठ कक्षासम्मको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको २०६८ सालमा प्रकाशित 'सन्देशमूलक गीतहरू' (गीतिसङ्ग्रह) नै प्रथम प्रकाशित रचनाकृति हो ।

**ईश्वरी खड्का**

ईश्वरी खड्काको जन्म २००३ सालमा काठमाडौँमा भएको थियो । उनका प्रकाशित कृति हुन्– 'बदलिँदो परिवेश' (कथासङ्ग्रह, २०५२), 'सविता पोइल गई' (उपन्यास, २०५४), 'अनुराग' (कवितासङ्ग्रह, २०५५) आदि ।

**ईश्वरी गौतम पौडेल**

ईश्वरी गौतम पौडेलको जन्म २०३८ साउन ११ गते दुलारी गाविस-७, मोरङमा भएको हो । आमा मञ्जु गौतम तथा बुबा ऋषिकेश गौतमकी छोरी ईश्वरी गौतमले समाजशास्त्रमा एम.ए., स्वास्थ्यमा एम.एड. तथा सी.एम.ए.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनका फुटकर कविता आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको 'फूलको रङ' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ ।

**उन्नति बोहोरा 'शीला'**

उन्नति बोहोरा 'शीला' को जन्म २०१२ साल पुस २९ गते बागलुङको गलकोटमा भएको थियो । हर्षबहादुर बुडा मगरकी छोरी

उन्नतिले बी. ए. पास गरेपछि उनले आफूलाई साहित्यसृजनामा समाहित गरिन् । उनका प्रकाशित कृति हुन् : 'कोसेली उसैलाई' (कवितासङ्ग्रह, २०५९), 'अदृश्य घाउ' (गीतसङ्ग्रह, २०६१), 'काफल पाक्यो' (बालगीतमाला, २०६१), 'भावनाका तरङ्ग' (कवितासङ्ग्रह, २०६१) र 'सिक्काका दुई पाटा' (उपन्यास, २०६३) आदि । दीपक बोहोराकी धर्मपत्नी यिनले रूपन्देहीको पक्लिहवा माध्यमिक विद्यालयमा पनि पढाइन् । विभिन्न सङ्घसंस्थामा आबद्ध उन्नति विभिन्न पुरस्कारबाट सम्मानित छिन् ।

**उमा श्रेष्ठ**

उमा श्रेष्ठको जन्म २००९ साल फागुन ७ गते ठमेल, काठमाडौँमा भएको थियो । उनी समाजसेवा र राजनीतिमा परिचित छिन् । नारी जागरणका कार्यमा समर्पित उमा श्रेष्ठ प्रबल गोरखादक्षिणबाहु, गद्दीआरोहण रजतपदक र वीरेन्द्रऐश्वर्य सेवापदकबाट विभूषित र अलङ्कृत छिन् । उनी हिमाली महिला क्लब र श्रीपञ्चमुखी राष्ट्रिय सामाजिक समितिको अध्यक्षमा आसीन छिन् । उनको प्रकाशित कृति हो– 'शुभसौगात' (गीतिकवितासङ्ग्रह, २०५७) ।

**उमा सुवेदी**

उमा सुवेदीको जन्म २०३४ भदौ २० गते पाँचथरमा भएको हो । आमा राधा सुवेदी तथा बुबा यामनाथ सुवेदीकी छोरी उमा सुवेदीले स्नातक तह उत्तीर्ण गरेकी छिन् । सुवेदीको विभिन्न पत्रपत्रिकाहरूमा गीत, गजल, कथा, निबन्धहरू प्रकाशित भइराखेका छन् । उनको पहिलो प्रकाशित साहित्यिक रचना 'शब्दाङ्कुर' पत्रिकामा छापिएको छ । 'तप्किएर अँजुलीमा' (गजलसङ्ग्रह, २०६७), 'तिर्सनाका छालहरू' (गीतिसङ्ग्रह, २०६८), 'तोदा' (उपन्यास, २०७०) उनका प्रकाशित रचनाहरू हुन् । उनी 'नइ गणेशदुर्गा पुरस्कार' २०६७, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट मेची अञ्चलका लागि उत्कृष्ट कृति पुरस्कार तथा साहित्य सँगालो डट कमबाट उत्कृष्ट गीतकार

सम्मानबाट सम्मानित छिन् । भारत, इजरायल जस्ता मुलुकको भ्रमण गरिसकेकी उनी ललितपुरमा बसोवास गर्छिन् ।

**उर्मिला घिसिङ**

उर्मिला घिसिङको जन्म सन् १९४८ जुलाई ४ मा सौरेनी बजार, मिरिक, दार्जिलिङमा भएको हो । आमा शीला घिसिङ तथा बुबा प्रेमबहादुर घिसिङकी छोरी उर्मिला घिसिङ माध्यमिक तह उत्तीर्ण छिन् । उनको 'उच्छवास' (सन् २०१०) शीर्षकको कवितासङ्ग्रह प्रकाशित छ । उनका फुटकर कविता विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । सन् १९६३ मा प्रकाशित 'गाइने' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनी 'अन्तर्राष्ट्रिय सेवा सम्मान' २०६९ पुरस्कार र विविध सम्मानबाट सम्मानित भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**उर्मिला लामिछाने**

उर्मिला लामिछानेको जन्म २०३४ असार ११ गते तुलसीपुर नगरपालिका-६, गोलौरा, दाङमा भएको हो । आमा शुभद्रादेवी लामिछाने र बुबा अशोककुमार लामिछानेकी छोरी उर्मिला लामिछानेले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'चराको चिरबिर' (२०६३), 'कविता कोसेली' (२०६३), 'आमा र छोरा' (२०६६), 'छुकछुके निरु' (२०७०) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका केही फुटकर कविता, कथा आदि पनि बेलाबेलामा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी विभिन्न प्रतियोगितामा पुरस्कृत भएकी छिन् ।

**उषा ठाकुर**

प्रा.डा. उषा ठाकुरको जन्म सन् १९५१ जुन ६ मा पटना, बिहार (भारत) मा भएको हो । आमा कैलाशदेवी शर्मा तथा बुबा किशोरीलाल शर्माकी छोरी उषा ठाकुरले पटना विश्वविद्यालयबाट

हिन्दी विषयमा एम.ए., पिएच.डी. को उपाधि ग्रहण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न ठाकुर त्रिभुवन विश्वविद्यालयको हिन्दी केन्द्रीय विभाग प्रमुख पदमा कार्यरत छिन् । हिन्दी र नेपाली भाषामा समान रूपमा साहित्य सिर्जना गर्ने ठाकुर समालोचना विधामा सक्रिय स्रष्टा हुन् । उनका 'पन्त काव्य की सामाजिक भूमिका' (सन् १९९५), 'हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर' (सन् १९९८), 'मरुभूमिका काँडा : बिम्ब प्रतिबिम्ब' (२०५९, सम्पादन), 'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि' (२०५९), 'नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान' (२०५९), 'मरुभूमिका काँढा' (हिन्दी अनुवाद, २०६०) कवितासङ्ग्रह, 'युगकवि सिद्धिचरण श्रेष्ठ की काव्यसाधना' (२०६८) कृतिहरू प्रकाशित छन् । उनले कतिपय पत्रपत्रिकाको सम्पादनसमेत गरेकी छिन् । देशविदेशबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचना प्रकाशित भएका छन् । उनको प्रथम रचना 'युगकवि पन्त' सन् १९७५ मा 'अकादमी' पत्रिकामा, पटनाबाट प्रकाशित भएको छ भने नेपाली भाषामा भने चाहिँ २०४३ मा 'गोरखापत्र'मा प्रकाशित 'राष्ट्रिय जागरण र कवयित्री चाँदनी शाह' शीर्षकको लेख हो । नइ प्रकाशन, त्रिमूर्ति निकेतनलगायत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आबद्ध उनी 'महेन्द्रविद्याभूषण प्रथम' २०३८, 'रत्नश्री स्वर्णपदक' २०४५, 'वीरेन्द्र ऐश्वर्य पदक' २०५८, 'नरदेवी सम्मान', 'भगवती पुरस्कार' २०६२, 'अक्षरम् हिन्दी साहित्य सम्मान' सन् २००८, 'नइ खरा प्रदीप्ति पुरस्कार' २०६७, 'दीर्घसेवा पदक' २०६२, पुरस्कार तथा सम्मानबाट सम्मानित पनि भएकी छिन् । विश्व नारी नेपाली साहित्य सम्मेलनका केन्द्रीय उपाध्यक्ष एवम् सत्यमोहन जोशी शताब्दी महोत्सवका केन्द्रीय अध्यक्ष तथा भानुभक्त द्विशतवार्षिकी समारोह समितिका नेपाल सरकारबाट मनोनीत कार्यकारी सदस्य श्रीमती ठाकुर विभिन्न सङ्घसंस्थाहरूबाट अभिनन्दित एवम् सम्मानित पनि भएकी छिन् । इजिप्टका लागि पूर्व राजदूत तथा निर्वाचन आयोगका

आयुक्त डा. रामभक्त ठाकुरकी धर्मपत्नी उषाले नेपालका विभिन्न स्थानको भ्रमण गर्नुका अतिरिक्त भारत, बङ्गलादेश, पाकिस्तान, चीन, थाइल्यान्ड, बेलायत, फ्रान्स, जर्मनी, स्विट्जरल्यान्ड, साइप्रस, इजिप्ट, ट्युनिसिया, तान्जानिया, केन्या, इथियोपिया, दक्षिण अफ्रिकाजस्ता मुलुकको पनि भ्रमण, अवलोकन गरेकी छिन् ।

**उषा दीक्षित**

उषा दीक्षितको जन्म २०१० साल भदौ १८ गते काठमाडौँको डिल्लीबजारमा भएको थियो । त्रिभुवन विश्वविद्यालयबाट एम. ए. उत्तीर्ण गरेकी उषाले अमेरिकाको फ्लोरिडा स्टेट युनिभर्सिटीबाट एम. एस. गरिन् । विभिन्न पत्रपत्रिकामा यिनका कथा, कविता, निबन्ध र प्रबन्ध प्रकाशित भएका छन् । दीक्षित बालसाहित्यलेखनमा चर्चित नाउँ हो । यिनका प्रकाशित कृतिहरू हुन् : 'सेती नदीको तीरैतीर' (बालकथा, २०४०), 'इच्छाधीन नेपाली' कक्षा ९–१० (लेखन तथा सम्पादन, २०४०), 'फेरि मुसै भएस्' (बालकथा, २०४१), 'मुसीको बिहे' (बालकथा, २०४३), 'फलफूल र सागपात' (बालसाहित्य, २०४४), 'मेरो नेपाली किताब' (कक्षा तीन, २०५१), 'मेरो नेपाली किताब' (कक्षा पाँच, २०५३), 'अँजुलीभरिको आकाश' (कथासङ्ग्रह, २०५४), 'नेपाली बाल शब्दकोश' (२०५७) र 'एकादेशमा' (बालकथा, २०५९) । उनी 'महेन्द्रविद्याभूषण 'ख' (२०४७), 'प्रबल गोरखादक्षिणबाहु' (२०५३) बाट सम्मानित भएकी छिन् ।

**उषा शेरचन**

उषा शेरचनको जन्म २०१२ साल भदौ ६ गते पोखरामा भएको हो । आमा यामकुमारी भट्टचन र बुबा रूपटबहादुर भट्टचनकी छोरी उषा शेरचनले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनका 'नजन्मेका आस्थाहरू' (कवितासङ्ग्रह, २०४८), 'अक्षरहरूका शिविरबाट' (मुक्तकसङ्ग्रह, २०५६), 'सर्वकालीन पीडा र जागृतिको शङ्खघोष' (कवितासङ्ग्रह, २०६२) तेस्रो रङ्ग (कथासङ्ग्रह, २०७०) जस्ता

कृति प्रकाशित भएका छन् । यसरी नै उनका 'अभीप्सा', 'सञ्चयन', 'मेरो माटो : मेरो गीत' शीर्षकका गीतिक्यासेट सार्वजनिक भएका छन् । २०३५ सालमा 'गोरखापत्र'मा प्रकाशित कविता 'जिन्दगी' नै उनको प्रथम प्रकाशित रचना हो । प्रसिद्ध व्यवसायी डी.बी. शेरचनकी धर्मपत्नी उषा त्रिमूर्ति निकेतन एवम् नारायण गोपाल सङ्गीत कोषका कोषाध्यक्ष तथा नइ प्रकाशन, गुञ्जन एवम् विविध साहित्यिक संस्थासँग सम्बद्ध छिन् । उनी 'रत्नश्री स्वर्णपदक', 'व्यथित काव्यपुरस्कार', 'राष्ट्रिय गौरव युवा सम्मान', 'प्रज्ञापदक', 'भूपिस्मृति सम्मान', 'लोकप्रिया पुरस्कार', 'पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार', 'प्रतिभा सम्मान', 'वीरेन्द्रऐश्वर्य सेवा पदक' बाट पनि सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न स्थान तथा एसिया, युरोप र अमेरिकाका विभिन्न मुलुकको भ्रमण पनि गरेकी छिन् । हाल ललितपुरको डीबीउषा मार्गमा उनी बसोवास गर्छिन् ।

**उषा हमाल**

उषा हमालको जन्म २०१९ कात्तिक १९ गतेका दिन भएको हो । आमा कृतकुमारी हमाल र बुबा ईश्वरबहादुर हमालकी छोरी उषा हमालले एम.ए., एम.फिल. उपाधि हासिल गरेकी छिन् । हाल उनी निजामती सेवामा संलग्न रहेकी छिन् । उनको 'क्यानभासमा नपाएका चित्र' (कवितासङ्ग्रह, २०५८) प्रकाशित भएको छ । २०३३ सालमा 'युगबोध'मा प्रकाशित कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका विभिन्न पत्रपत्रिकामा समेत फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । उनले नेपालका प्रायः सबै जिल्ला तथा भारत, पाकिस्तान, बङ्गलादेश, थाइल्यान्ड, इन्डोनेसिया, अजरबैजान, इजिप्ट, रसिया, डेनमार्क आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**ऋचा लुइटेल**

ऋचा लुइटेलको जन्म २०३९ पुस ९ गतेका दिन मेची अञ्चलको चारपानेमा भएको हो । उनले नर्सिङको शिक्षा लिएकी छिन् । उनका 'बाँसुरीका धुनहरू' (२०५८), 'भावनाको यात्रा' (२०६१), 'पुष्पलता

कलमका डोबहरूमा' (२०६२) जस्ता गजलसङ्ग्रह तथा 'पग्लिएर घाइते मन' (मुक्तकसङ्ग्रह, २०६२) प्रकाशित भएका छन् । उनी 'नवप्रतिभा पुरस्कार' २०६१ बाट पुरस्कृत भएकी छिन् । हाल उनी नेपालगञ्जमा बस्छिन् ।

**कमला 'आँसु'**

कमला 'आँसु'को जन्म सन् १९५५ मे २३ मा मिरिक, भारतमा भएको हो । आमा मणिता राई तथा बुबा चन्द्रविकास राईकी छोरी कमला 'आँसु'का 'सेतो गुलाफ' (सन् १९९५), 'ममताको छालभित्र' (सन् १९९८), 'आफ्नो माटोको सुगन्ध' (सन् २०००) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका केही लघुकथा, लेख आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सन् १९७० मा 'लङ्कासिनी' पत्रिकामा प्रकाशित 'मेरो नासो' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । उनको मृत्यु सन् २००६ मार्चमा भएको हो ।

**कमला ओली**

कमला ओलीको जन्म २०२९ साल साउन १ गते झापाको बुधबारेमा भएको हो । आमा सावित्रा ओली तथा बुबा श्रीनारायण ओलीकी छोरी कमला ओलीले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर तथा कानुनमा स्नातक तह उत्तीर्ण गरेकी छिन् । उद्योग मन्त्री कर्णबहादुर थापाकी धर्मपत्नी कमला ओली अधिवक्ता, कानुन व्यवसायी एवम् पत्रकार पनि रहेकी छिन् । उनको 'जेलभित्रकी सानी' (२०७०) शीर्षकको बालकथासङ्ग्रह प्रकाशित भएको छ । २०५३ सालमा उनको प्रथम रचना सगरमाथा दैनिक पत्रिकामा प्रकाशित भएको छ । उनको फुटकर कविता, कथाका अतिरिक्त राजनीति, समसामयिक विषय बालबालिका तथा महिला अधिकारसम्बन्धी केही लेखरचनाहरू निरन्तर प्रकाशित भइराखेको पाइन्छ । उनी विगत चौध वर्षदेखि 'बालतृणा' मासिकको सम्पादक तथा प्रकाशक पनि रहेकी छिन् । उनी 'सिटिजन भ्वाइस' मासिकको

प्रधान सम्पादक भई सम्पादन कार्यमा पनि संलग्न रहेकी छिन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, युके च्याप्टरबाट २०६८ सालमा तथा 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज', डिसी च्याप्टर, अमेरिकाबाट २०७० सालमा उनको कदरसमेत गरिएको छ । 'बाल संरक्षण नेपाल २०५९' तथा 'सेन्टर फर पोलिसी एन्ड ल एड्भोकेसी, नेपाल'( सिपिएलए) का अध्यक्ष रहेकी उनी अन्य विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनले चीन, बेलायत, फ्रान्स, नेदरल्यान्ड, डेनमार्क, बेल्जियम, अमेरिका, दक्षिण अफ्रिका आदि देशको पनि भ्रमण गरेकी छिन् । हाल काठमाडौँमा उनको बसोवास रहेको छ ।

**कमला न्यौपाने**

कमला न्यौपानेको जन्म १९९७ साल साउन १६ गते सुनसरीस्थित धरानको विजयपुरमा भएको थियो । उनले समाजशास्त्रमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनी समाजसेवी र राजनीतिज्ञका रूपमा परिचित छिन् । उनी राष्ट्रिय पञ्चायत र पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य पनि भइन् । निबन्ध, प्रबन्धमा हात बसिसकेकी कमलाले 'उसको सपना' (उपन्यास, २०३४) 'बिसाएको भारी' (नाटक, २०६६) पनि लेखेकी छिन् । डा. हरिभक्त न्यौपानेकी धर्मपत्नी कमला न्यौपानेले 'शारदावाणी', 'प्रणमाञ्जलि', 'महिला बोल्छिन्' र 'ओइरो' पत्रिकाको सम्पादन पनि गरिन् । उनले 'रत्नश्री स्वर्णपदक' 'ऐश्वर्य पदक' 'गोरखादक्षिणबाहु द्वितीय पाइन् ।

**कमला प्रसाई**

कमला प्रसाईको जन्म २०२८ चैत २८ गते घोपाक्याम्प, धरानमा भएको हो । आमा जयन्तादेवी प्रसाई तथा बुबा नारायणप्रसाद प्रसाईकी छोरी कमला प्रसाईले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'चितामाथिको लास' (२०४९, नाटक), 'खोई कहाँ छ उज्यालो' (भिडियो फिल्मको कथावस्तु, २०५०), 'म बिनाको मेरो जीवन' (कविता-गीतसङ्ग्रह,

२०६३) तथा 'नबिर्स मलाई' र 'नयनका आँसु' जस्ता गीतिएल्बम्हरू एवम् 'साइनोभित्रको मान्छे' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएका छन् । २०४९ सालमा प्रकाशित 'चितामाथिको लास' शीर्षकको नाटक नै उनको पहिलो प्रकाशित रचना हो । उनका कतिपय लेखरचनाहरू विभिन्न समयमा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिका तथा वेभपत्रिकाहरूमा प्रकाशित भएका छन् । 'अनेसास स्व. हरिभक्त कटुवाल सर्वोत्कृष्ट गीतिकवितासङ्ग्रह पुरस्कार' (२००५-०६), 'बालागुरु षडानन्द पुरस्कार'बाट पुरस्कृत तथा विभिन्न क्षेत्रबाट सम्मानित प्रसाई विभिन्न सामाजिक-साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध छिन् । उनी 'एन.एन्ड जे. इन्टरटेन्मेन्ट इन्क् यु.एस.ए.'की संस्थापक अध्यक्ष पनि हुन् । उनी हाल अमेरिकामा बसोवास गर्छिन् ।

**कमला राई**

कमला राईको जन्म २०४७ असोज २० गते डुम्रे धारापानी-६, खोटाङमा भएको हो । आमा विष्णुमाया राई तथा बुबा पूर्णबहादुर राईकी छोरी कमला राईले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'मर्मस्पर्शी चोट' (२०६९) गजलसङ्ग्रह प्रकाशित भएको छ । उनका कविता, गजल विभिन्न स्थानीय र राष्ट्रियस्तरका पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् ।

**कमला राई**

कमला राईको जन्म सन् १९४८ डिसेम्बर १८ मा सौरेनीबती मिरिक, दार्जिलिङ (भारत) मा भएको हो । आमा पन्नादेवी देवान तथा बुबा बमबहादुर राईकी छोरी कमला राईले बी.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसाबाट अवकाश प्राप्त उनको 'समयका पाइलाहरू' नामक कवितासङ्ग्रह प्रकाशित भएको छ । सन् १९६८ मा 'जनदूत' पत्रिकामा प्रकाशित कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न पत्रपत्रिकामा समेत लेखरचना प्रकाशित गराउने उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनी मानव

उत्थान सेवा समिति र शैक्षिक संस्थानबाट सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमणसमेत गरेकी छिन् ।

### कमला रिसाल 'ज्योति'

कमला रिसाल 'ज्योति'को जन्म २०४३ सालमा सिन्धुपाल्चोकमा भएको हो । आमा महिमा रिसाल तथा बुबा जगन्नाथ रिसालकी छोरी कमला रिसालले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'परेलीका बारभित्र' (गजलसङ्ग्रह, २०६६) प्रकाशित भएको छ । २०६० सालमा प्रकाशित 'मेरो प्यारो चाड तिहार' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'भीमनिधि तिवारी पुरस्कार', 'ज्योति प्रतिभा सम्मान', 'राष्ट्रिय कविता महोत्सव' २०६९ पुरस्कारबाट पनि सम्मानित भएकी छिन् ।

### कमला रोका

कमला रोकाको जन्म २०३२ पुस २० गते प्वाङ-९, रुकुममा भएको हो । उनका कथा, लेख आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् । उनको पहिलो प्रकाशित रचना 'जीवनको बाटोमा' शीर्षकको कथा हो । उनको 'एक्काइसौँ शताब्दीको क्रान्ति र महिला मुक्तिको प्रश्न' (२०६९) पुस्तकाकार कृति प्रकाशित भएको छ । नेपालका विभिन्न स्थल तथा चीन, कुवेत, रूस आदिको उनले भ्रमण गरेकी छिन् ।

### कमला विधु मगर

कमला विधु मगरको जन्म २०५१ असोज १३ गते पाछाबाङ-६, पश्चिम रोल्पामा भएको हो । आमा विष्णु रोकामगर र बुबा हस्ते रोकामगरकी छोरी कमला विधु मगर आई. एड. तहमा अध्ययनरत छिन् । पत्रकारिताको क्षेत्रमा पनि संलग्न उनको पहिलो प्रकाशित रचना २०६८ सालमा छापिएको गजल विधाको रचना हो । 'सम्झनाका

बाछिटाहरू' (२०७०) गजलसङ्ग्रह प्रकाशित गराउने उनका फुटकर गजल, मुक्तक, कथा आदि पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

**कमला साङ्कृत्यायन**

डा. कमला साङ्कृत्यायनको जन्म सन् १९३० अगस्त १५ मा कालेबुङमा भएको थियो । आमा चन्द्रमाया परियार तथा बुबा अमन परियारकी छोरी कमला साङ्कृत्यायनले एम.ए., पिएच. डी.सम्मको उपाधि लिएकी थिइन् । महापण्डित राहुल साङ्कृत्यायनकी धर्मपत्नी कमला प्राध्यापन पेसामा संलग्न रहेकी थिइन् । उनका 'विचार तथा विवेचना' (समालोचना ग्रन्थ, सन् १९८१), 'महापण्डित राहुल साङ्कृत्यायन', 'दिव्यमणि' (उपन्यास, सन् २००८) प्रकाशित भएका छन् । उनका 'भुटान, असम, त्रिपुरा, सिक्किमको ऐतिहासिक एवम् सांस्कृतिक परिचयात्मक ग्रन्थ', 'असमकी लोक कथाएं', 'प्रतिवेशी एशियाई साहित्य', 'महामानव महापंडित' (सन् १९९३), 'प्रभा' (सन् १९७३), 'राहुलजीको कथा 'भोल्गा से गङ्गा'को नाटकीकरण', 'मेरी जीवन यात्रा' (सन् १९९३) जस्ता हिन्दी भाषाका साहित्य पनि प्रकाशित भएका छन् । यसरी नै उनले नेपाली भाषामा अनुवाद गरी 'राजस्थानी साहित्यको इतिहास', 'लक्ष्मीनाथ बेजबरुवा', 'राहुल साङ्कृत्यायन', 'महामति प्राणनाथ', 'बौद्धदर्शन' कृतिको प्रकाशन गराएकी छिन् । विभिन्न भाषाका ज्ञाता साङ्कृत्यायनका विभिन्न भाषाका कतिपय फुटकर लेखरचनाहरू देशविदेशका विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएको पाइन्छ । सन् १९५० मा 'नयाँ समाज' पत्रिकामा हिन्दी भाषामा प्रकाशित 'मालश्री' शीर्षकको लघुकथा नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न सामाजिक-सांस्कृतिक-साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध भएकी उनी भारतीय 'राष्ट्रिय पुरस्कार', 'रूपलेखा पुरस्कार' (सन् १९८४) 'राहुल साङ्कृत्यायन पुरस्कार' (सन् १९९३), 'भानु पुरस्कार' (सन् २000), 'मदन स्मारक सम्मान'

(सन् २००८), 'महाकवि देवकोटा शताब्दी सम्मान' (मरणोपरान्त) सन् २०१० बाट पनि सम्मानित भएकी छिन् । उनले नेपाल र भारतलगायत श्रीलङ्का, बर्मा, चीन, रूस आदि देशको भ्रमण गरेकी थिइन् । उनको मृत्यु सन् २००९ अक्टोबर २५ मा भएको हो ।

**करिश्मा सिंह 'कञ्चन'**

करिश्मा सिंह 'कञ्चन' को जन्म २०४९ साल कात्तिक २७ गते कोल्हापुर, भारतमा भएको हो । उनको 'कञ्चन' (गजलसङ्ग्रह, २०६९) प्रकाशित छ ।

**करुणा झा**

करुणा झाको जन्म सन् १९७१ मार्च २५ मा भारतको बिहार प्रान्तमा भएको हो । आमा धर्मशीला झा तथा बुबा सुदर्शन झाकी छोरी करुणा झाले बिहार युनिभर्सिटी, पटनाबाट बी.ए. (अनर्स) को शिक्षा लिएकी छिन् । उनको 'शङ्खघोष' (निबन्धसङ्ग्रह, २०७०) प्रकाशित छ । पेसाले सञ्चारकर्मी झाको 'भगजोगनी' (२०६८) मैथिली कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । उनका फुटकर लेखरचना देशविदेशका विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित छन् । मूलतः मैथिली भाषामा लेख्ने उनी विभिन्न कार्यका लागि सम्मानितसमेत भएकी छिन् । हाल राजविराजमा बसोवास गर्ने उनले नेपाल र भारतको विभिन्न भूभागको भ्रमणसमेत गरेकी छिन् । नेपाल सरकारबाट सगरमाथा अञ्चलका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी सोही अञ्चलमा विश्व नारी नेपाली साहित्य सम्मेलनका उपाध्यक्ष पनि रहेकी छिन् ।

**करुणा श्रेष्ठ**

करुणा श्रेष्ठको जन्म २०२० वैशाख ५ गते भएको हो । आमा पङ्खामाया वरुण तथा बुबा मोहनकृष्ण वरुण (श्रेष्ठ) की छोरी करुणा श्रेष्ठले एस.एल.सी. उत्तीर्ण गरेकी छिन् । ज्योतिष, समाजसेवा जस्ता कार्यमा समेत संलग्न उनको 'आत्मकथा' शीर्षकको कथासङ्ग्रह

प्रकाशित भएको छ । करुणामय राष्ट्रिय समाजसेवा, नेपालकी अध्यक्ष उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनको बसोवास काठमाडौँमा रहेको छ ।

**कल्पना अधिकारी**

कल्पना अधिकारीको जन्म २०२२ सालमा भएको हो । आई. ए. उत्तीर्ण गर्ने उनको 'प्रेमदीप'(२०६१), 'आमा'(२०६२), 'उत्ताउली' (२०६४) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । उनी वनिता त्रैमासिककी संरक्षक रहेकी छन् ।

**कल्पना घिमिरे**

कल्पना घिमिरेको जन्म २०१३ सालमा काठमाडौँको बागबजारमा भयो । उनको मौलिक कृतिचाहिँ 'मान्छे ताक्छ मुढा' (नाटक) हो । उनी बालचन्द्र शर्माकी छोरी हुन् । उनले फ्रान्सेली भाषाका प्रसिद्ध ११ वटा साहित्यिक कृतिको नेपाली भाषामा अनुवाद गरेकी छिन् । उनी अफ्रिकाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् । साथै उनी नेपाल सरकारबाट अफ्रिकाका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत भइन् ।

**कल्पना धमला**

कल्पना धमलाको जन्म २०३१ माघ १० गते ज्याम्रुङ, धादिङमा भएको हो । आमा लक्ष्मी धमला तथा बुबा दुर्गाप्रसाद धमलाकी छोरी कल्पना धमलाले बी.ए. अध्ययन पूरा गरेकी छिन् । उनको 'जनयुद्ध र महिला मुक्ति आन्दोलन' कृति प्रकाशन भएको छ । राजनीतिमा समेत संलग्न उनले भारत, चीन, थाइल्यान्ड, डेनमार्क आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् ।

**कल्पना पाण्डे**

कल्पना पाण्डेको जन्म २००५ साल फागुपूर्णिमामा काठमाडौँमा भएको थियो । उनले स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् ।

उनी वरिष्ठ प्रहरी उपरीक्षक (एस. पी.) सम्म भइन् । 'गोरखादक्षिणबाहु दोस्रो' आदि विभूषण र अलङ्कारबाट विभूषित श्रीमती पाण्डे समाजसेवीका रूपमा पनि परिचित छिन् । गीतकारका रूपमा समेत प्रतिष्ठित कल्पना पाण्डेका प्रकाशित कृति हुन्– 'समर्पण' (गीतिसङ्ग्रह, २०५९) र 'श्रद्धा सुमन' (कवितासङ्ग्रह, २०५९) आदि ।

**कल्पना पौडेल जिज्ञासु**

कल्पना पौडेल जिज्ञासुको जन्म २०३२ वैशाख २९ गते छिस्ती गाविस बागलुङमा भएको हो । आमा मणिकर्ण पौडेल तथा बुबा टीकाराम पौडेलकी छोरी कल्पना पौडेलले स्नातक तहसम्मको अध्ययन पूरा गरेकी छिन् । उनका कविता, गीत, गजल, मुक्तक तथा महिला हकअधिकार विषयक लेखरचनाहरू विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिका तथा वेभपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् । उनको 'भावनाका भेलहरू' (२०६९) गजलसङ्ग्रह पनि प्रकाशित भएको छ । हाम्रो मञ्जेरी साहित्य प्रतिष्ठानबाट सम्मानित कल्पना पौडेलले भारत, इजरायल आदि मुलुकको भ्रमण समेत गरेकी छिन् । हाल उनी इजरायलमा रहेकी छिन् ।

**कल्पना प्रधान**

कल्पना प्रधानको जन्म २००३ असोजमा दिप्रुङ, खोटाङमा भएको हो । आमा अम्बिकादेवी रेग्मी र बुबा मोहनप्रसाद रेग्मीकी छोरी तथा स्रष्टा परशु प्रधानकी धर्मपत्नी कल्पना प्रधान विशेषत: बालसाहित्यजगत्मा साधनारत स्रष्टा हुन् । २०२५-०२६ सालतिर 'बालमासिक' पत्रिकामा प्रकाशित बालकविता 'मेरो सानो खरायो' उनको प्रथम प्रकाशित रचना हो । उनका २६ वटा बालकथासङ्ग्रह, ५ वटा बालउपन्यास, ३ वटा बालकवितासङ्ग्रह तथा अन्य गरी कुल ३६ वटा पुस्तकाकार कृति प्रकाशित छन् । उनका 'नानीका साना कविता' (२०२६), 'चीँ मुसी चीँ' (२०४४), 'मेरो सानो खरायो' (२०५९) जस्ता बालकवितासङ्ग्रह; 'रुपैयाँ फल्ने रूख' (२०३८),

‘मेरो सानो घोडा’ (२०३८), ‘हीरा र मोती’ (२०३८), ‘पञ्चतन्त्रका पाँच कथा’ (२०४०), ‘अर्थनबर्थका कुरा’ (२०४०), ‘सेती परी काली परी’ (२०४२), ‘मित्रता’ (२०४२), ‘खिच्रीमिच्री’ (२०४४), ‘अप्सरा’ (२०४४), ‘शोकाकुल ढुङ्गाहरू’ (२०४४), ‘सुनचाँदीको कथा’ (२०५३), ‘दयालु परी’ (२०५४), ‘घोडाको मोल (२०५४) ‘वीणाको बर्थडे’ (२०५५), ‘दाउरेको छोरो’ (२०५६), ‘हिमकन्या’ (२०५८), ‘मामाको बिहे’ (२०५८), ‘भालु र स्यालको मोर्निङवाक’ (२०६६), ‘अनुपको देश’ (२०६६), ‘सरिताको घुम’ (२०६६), ‘मैनाचरी फर्की’ (२०६६), ‘छ भाइको देश’ (२०६७), ‘आजको श्रवणकुमार’ (२०६७), ‘चमेलीको फूलमा भ्रष्टाचारको छाया’ (२०६७), ‘हिरो काग’ (२०६७), ‘परीहरूसँगको यात्रा’ (२०६७); ‘खरायो र उसको छाया’ (२०४७), ‘ल्वाँदे र ग्वाँदे’ (२०५४), ‘पराक्रमी फर्सी’ (२०५८), ‘अकलमान’ (२०६७), ‘महारानी पुण्यमती’ (२०६९) जस्ता बालउपन्यासहरू तथा ‘सप्रेम सम्ना’ (२०६०), ‘कथा लेख्न खोज्दा’ (२०६२) जस्ता बालसाहित्यिक कृति प्रकाशित भएका छन् । उनी ‘रत्नबालकोष पुरस्कार’ २०४५, ‘बालसाहित्य समाज पुरस्कार’ २०४५, ‘समाज कल्याण बाल पुरस्कार’ (२०५३), ‘शिशुसेवा बाल पुरस्कार’ (२०५४), ‘असल आमा सम्मान’ (२०६०), ‘देवकुमारी थापा बालसाहित्य पुरस्कार’ (२०६१), ‘महानन्द सम्मान’ (२०६२) आदिबाट सम्मानित भएकी छिन् ।

**कल्पना ‘भावुक’**

कल्पना ‘भावुक’ को खास नाम कल्पना गिरी हो । उनको जन्म २०३२ चैत २९ गते हमेला, धनकुटामा भएको हो । आमा रूपा पुरी तथा बुबा तुलसीराम पुरीकी छोरी कल्पनाका रचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । उनको ‘स्मृतिका पानाहरू’ (मुक्तकसङ्ग्रह, २०६९) कृति पनि प्रकाशित भएको छ । नेपालका विभिन्न स्थानलगायत भारत, प्यालिस्टाइन, इजरायल

आदिको भ्रमण गर्ने कल्पना हाल इजरायलको तेलअभिबमा बसोवास गर्छिन् ।

**कल्पना श्रेष्ठ**

कल्पना श्रेष्ठको जन्म २०३५ भदौ १८ गते पुतलीबजार-१ स्याङ्जामा भएको हो । आमा मानकुमारी श्रेष्ठ र बुबा इन्द्रबहादुर श्रेष्ठकी छोरी कल्पना श्रेष्ठले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । बैङ्किङ्ग क्षेत्रमा सेवारत उनका 'अनिश्चित यात्राका हरफहरू' (कवितासङ्ग्रह, २०६०) 'अन्त्यहीन जीवन' (खण्डकाव्य, २०६१) 'कल्पपुञ्ज' (गीतिगजलसङ्ग्रह, २०६८), 'ए ! फूलका मालीहरू' (गजलसङ्ग्रह, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । २०५९ मा प्रकाशित 'अनिश्चित यात्राका हरफहरू' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनी 'तीलाकुमारी साहित्यिक पुरस्कार' २०६१ बाट सम्मानित हुनुका अतिरिक्त विभिन्न प्रतियोगितामा पुरस्कृतसमेत भएकी छिन् । उनले नेपालका विभिन्न जिल्लाहरू तथा भारत, बङ्गलादेश सिङ्गापुर, थाइल्यान्ड आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**कविता उपाध्याय**

कविता उपाध्यायको जन्म २०३८ कात्तिक २२ गते बिजौरी-५, दाङमा भएको हो । आमा गौरीदेवी उपाध्याय र बुबा खिमकुमार उपाध्यायकी छोरी कविता उपाध्यायले स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । 'पञ्चामृत' (सहलेखन, २०६१), 'त्रिवेणी' (संयुक्त गजलसङ्ग्रह, २०६७), 'सभ्यता' (गीतिएल्बम्) का अतिरिक्त उनका फुटकर लेखरचना राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'जुनकिरी सञ्चार' साप्ताहिकको सम्पादक र प्रकाशक पनि हुन् । 'विष्णुनुमा साहित्य पुरस्कार' २०६०, 'मञ्जु राणा स्मृति साहित्य पुरस्कार' २०६६, र 'तुलसा-गेदलाल साहित्य सर्जक पुरस्कार' २०६७ बाट पनि उनी पुरस्कृत भएकी छिन् ।

**कविता पौडेल**

कविता पौडेलको जन्म २००२ माघ ६ गते पोखराथोक गाविस, रएले, म्यालपानी, अर्घाखाँचीमा भएको हो । आमा बुधकुमारी गौतम र बुबा दुर्गाप्रसाद गौतमकी छोरी कविता पौडेलले हाइस्कुल तहको शिक्षा पूरा गरेकी छिन् । उनी वरिष्ठ राजनीतिज्ञ एवम् नेपाली साहित्यका वर्तमान महारथी मोदनाथ प्रश्रितकी धर्मपत्नी पनि हुन् । उनी सामाजिक जागरणकी प्रवक्ता हुन् । उनैले सर्वप्रथम हलो जोतेर नारीले हलो जोत्नु हुँदैन भन्ने रूढिवादी संस्कारलाई चुनौती दिएकी थिइन् । राजनीतिक एवम् सामाजिक कार्यमा समेत संलग्न उनका 'तीजका गीतहरू' (गीतसङ्ग्रह, २०४२), 'काँडेघारीको यात्रा' (आत्मकथा, २०५९), 'योगासन र ध्यान' (२०५९), 'बालचीत्कार' (उपन्यास, २०६२), 'हीरा' (उपन्यास, २०६३), 'विस्थापित आमाहरू' (उपन्यास, २०६८) 'रिमा' (कथासङ्ग्रह, २०६९), 'सीमावारि सीमापारि' (उपन्यास, २०७०), 'छोरीको चिठी' (उपन्यास, २०७०) प्रकाशित कृति हुन् । उनका 'आँगनैमा' (२०५९), 'ए आमा नेपाल' (२०६९) गीतिक्यासेटहरू पनि प्रकाशित भएका छन् । उनका कतिपय कृतिहरू प्रकाशोन्मुख रहेका छन् । २०४२ सालमा प्रकाशित 'तीजका गीतहरू' उनको प्रथम प्रकाशित रचना हो । अखिल नेपाल महिला सङ्घ प्रशंसापत्र २०५१, 'तन्नेरी प्रतिभा सम्मान' २०६१, 'राष्ट्रिय प्रतिभा सम्मान' २०६३, 'राष्ट्रिय नागरिक स्वर्ण सम्मान' २०६१, 'ब्लुरेन एजुकेसन अभिनन्दनपत्र' २०६३, 'ब्राइट फ्युचर सम्मान-पत्र' २०६३, 'साहित्य सन्ध्या सम्मानपत्र' २०६४, 'विशिष्ट तन्नेरी कृति सम्मान' २०६७, 'सुनगाभा युवा सम्मान' २०६७, 'सकला सिद्धार्थ वाङ्मय पुरस्कार र सम्मान' २०६७, 'जुही' कविता पौडेल विशेषाङ्क पुरस्कार र जुही सम्मानपत्र, २०६७, 'अर्घाखाँची-काठमाडौँ सम्पर्क समाज अभिनन्दनपत्र' २०६७, 'लुनकरणदास-गङ्गादेवी चौधरी साहित्य पुरस्कार', 'घटराज भट्टराई पुरस्कार', 'राष्ट्रिय नारी स्वर्ण सम्मान' २०६८, 'प्रश्रित प्रतिष्ठान नेपाल सम्मान' २०६८, 'सेलिब्रेटिङ वुमनहुड सरस्वती सम्मान'

२०६८, 'मोतीदेवी स्मृति सम्मान' २०६९ जस्ता अनेकौं पुरस्कार, सम्मान आदिबाट उनी सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न स्थानलगायत अमेरिका, भारत, दक्षिण कोरिया, थाइल्यान्ड, सिङ्गापुर आदि देशको भ्रमण गर्ने उनका बसोवास काठमाडौँमा छ ।

**कविता लामा**

डा. कविता लामाको जन्म सन् १९६५ नोभेम्बर २२ मा खरसाङ, दार्जिलिङमा भएको हो । आमा माया लामा तथा बुबा दावासिंह लामाकी छोरी कविता लामाले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. तथा काशी हिन्दू विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि लिएकी छिन् । प्राध्यापन पेसामा आबद्ध उनका 'भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन' (सन् २००३), 'दिद्रिक्षा' (लेखसङ्ग्रह, सन् २००५), उच्च माध्यमिक नेपाली व्याकरण र रचना' (सन् २००६, संयुक्तलेखन), 'अनुशीलन' (समालोचना, सन् २०१०) आदि प्रकाशित भएका छन् । सन् १९९१ मा 'कञ्चनजङ्घा' पत्रिकामा प्रकाशित कविता 'केही कुराहरू कथा बन्छन्' उनको प्रथम प्रकाशित रचना हो । नेपालभारतका विभिन्न सङ्घसंस्थाबाट सम्मानित भएकी लामा 'स्व. कमला राई स्मृति पुरस्कार' २०१२ बाट समेत पुरस्कृत भएकी छिन् । उनका नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाका अनेकौँ कविता, लेख तथा समालोचना आदि देशविदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । विभिन्न साहित्यिक सङ्घसंस्था एवम् तिनका विभिन्न कार्यमा समेत संलग्न रहेकी लामाले 'हाम्रो नवरत्न पल्लव', 'चन्द्रिका', 'वन्दना' पत्रपत्रिका एवम् पुस्तकको सम्पादनसमेत गरेकी छिन् । उनले नेपाल, भारत र भुटान आदि देशका विभिन्न स्थानको भ्रमणसमेत गरेकी छन् । नेपाल सरकारबाट भारतका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी भारतका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**कविता सापकोटा**

कविता सापकोटाको जन्म २०४५ जेठ १० गते महादेवस्थान-४, काभ्रेमा भएको हो । माता सरस्वती सापकोटा तथा पिता शिवप्रसाद सापकोटाकी छोरी कविताले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., एम.एड.सम्मको उपाधि लिएकी छिन् । विभिन्न राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकामा फुटकर रूपमा आफ्ना रचना प्रकाशित गराउने सापकोटाका 'पर्खिएकी जुकी' (बालउपन्यास, २०६३), 'विश्वप्रसिद्ध पैँतीस महिला' (जीवनी, २०६४), 'विश्वप्रसिद्ध पैँतीस महिला वैज्ञानिक' (जीवनी, २०६४), 'जुजुईको खोजी' (बालउपन्यास, २०६४), 'विश्व प्रसिद्ध पैँतीस खेलाडी' (जीवनी, २०६७), 'विश्वप्रसिद्ध कलाकार' (जीवनी, २०६७), 'नगरकोटदेखि ब्ल्याकहोलसम्म' (बालउपन्यास, २०६७) जस्ता कृति पनि प्रकाशित भएका छन् । उनी 'नूरगङ्गा प्रतिभा पुरस्कार' (२०६८) बाट पुरस्कृत भएकी छिन् ।

**किरण आचार्य**

किरण आचार्यको जन्म २०१५ असोज १९ गते घरबारीटोल, नेपालगन्ज, बाँकेमा भएको हो । आमा विद्यादेवी पौड्याल तथा बुबा गोपालप्रसाद पौड्यालकी छोरी किरण आचार्य शिक्षण पेसामा आबद्ध रहेकी छिन् । उनका 'अनुभूति' (२०६१), 'अस्तित्व' (२०६२) कृति प्रकाशित भएका छन् । २०३३ सालमा प्रकाशित 'प्रेतात्मा' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर कविता र कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'राष्ट्रिय शिक्षा पुरस्कार', 'नगर शिक्षा पुरस्कार' 'तीर्थमान स्मृति साहित्यिक पुरस्कार' २०६२ आदिबाट सम्मानित उनले नेपालका विभिन्न जिल्लालगायत भारत, बङ्गलादेश, जापान, थाइल्यान्ड, इटली, फ्रान्स आदि देशको पनि भ्रमण गरेकी छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका भेरी अञ्चलका अध्यक्ष पनि हुन् ।

**किरण पाठक**

किरण पाठकको जन्म २०१५ असार २९ गते मेहल्धारा, तानसेन, पाल्पामा भएको हो । आमा विमला रेग्मी र बुबा कमलराज रेग्मीकी छोरी किरण पाठकले स्नातक तह पूरा गरेकी छिन् । उनका 'सयपत्री' (कवितासङ्ग्रह, २०६६), 'अद्रिका' (काव्य, २०७०) प्रकाशित कृति हुन् । उनी योग प्रशिक्षण कार्यमा पनि संलग्न रहेकी छिन् । उनले भारत, चीन, सिङ्गापुर, क्यानडा, अमेरिका आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**किरण शाक्य 'पन्त'**

किरण शाक्य (पन्त)को जन्म १९९७ सालमा चैनपुर, सङ्खुवासभामा भएको थियो । उनी २०१४ सालमा 'भारती' (९–१) मा 'बिर्सेको सम्झना' मार्फत सृजनात्मक कोसेली बोकेर साहित्यमा झुल्केकी थिइन् । उनका प्रकाशित कृति हुन्– 'बन्धनमुक्त' (कथासङ्ग्रह, २०२०) 'उज्यालो भविष्यको पर्खाइमा' (कथासङ्ग्रह, २०६४) र 'दीपमाला' (सामाजिक नाटक, २०२३) आदि ।

**कुन्ता शर्मा**

कुन्ता शर्माको जन्म २००३ साल भदौ १ गते धरानको महेन्द्रपथमा भएको हो । आमा टुकमाया चौलागाईं र बुबा मनहरि चौलागाईंकी छोरी कुन्ता शर्माले स्नातक तहसम्मको शिक्षा पूरा गरेकी छिन् । निकै वर्ष शिक्षण पेसामा संलग्न रहेकी कुन्ता शर्माको प्रथम प्रकाशित रचना २०२७ सालमा 'सम्झना' मा प्रकाशित 'लाहुर गएको प्रेमीलाई एक पत्र' शीर्षकको कविता हो । उनका सयौँ फुटकर कविता र दर्जनौँ कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । गुणात्मक लेखनकी परिचायक कुन्ताको २०५२ सालमा प्रकाशित 'म उभिएको ठाउँ' शीर्षकको कवितासङ्ग्रह एक मात्र प्रकाशित पुस्तकाकार कृति हो । राजनीतिमा पनि सक्रिय उनी २०५६ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी थिइन् । उनी 'लोकेन्द्र शाह

साहित्य पुरस्कार', 'पारिजात सृजन पुरस्कार', 'केवलपुरे प्रतिभा पुरस्कार' महाकवि देवकोटा पुरस्कार आदिबाट सम्मानित रहेकी छिन् । उनले नेपालका विभिन्न स्थानका अतिरिक्त पाकिस्तान, अस्ट्रेलिया आदि देशको पनि भ्रमण गरेकी छन् ।

**कुन्तीदेवी भट्टराई**

कुन्तीदेवी भट्टराईको जन्म १९८८ साल भाद्र कृष्णसप्तमीका दिन काठमाडौँको ठमेलमा भएको थियो । उनी कविशिरोमणि लेखनाथ पौड्यालकी कान्छी छोरी हुन् । उनले वार्णिक छन्दमा कविता लेखेकी छिन् । उनका प्रकाशित कवितासङ्ग्रहहरू हुन्– 'सम्झना श्रद्धाञ्जलि' (२०५१), 'लालित्यकला' (२०५१), 'प्रार्थनाप्रवाह' (२०५३) र 'वेदस्तुतिमा आधारित भक्तिपुष्प र केही प्रार्थना' (काव्य, २०६३) आदि । श्रीमती भट्टराई समाजसेवा र साहित्यिक सङ्गठनमा पनि आबद्ध रही क्रियाशील छिन् । नेपाल राष्ट्र बैङ्कका गभर्नर विजयनाथ भट्टराई जन्माउने पनि कुन्तीदेवी भट्टराई नै हुन् ।

**कुन्दन शर्मा**

कुन्दन शर्माको जन्म १९९९ साल कात्तिक ९ गते वीरगञ्जमा भएको हो । आमा राज शर्मा र बुबा केशवराज पिँडालीकी छोरी कुन्दन शर्माले अर्थशास्त्र विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनी मूलतः कवयित्री हुन् । राजनीतिको क्षेत्रमा पनि योगदान दिने कुन्दन शर्माको पहिलो कविता २०१७ सालमा प्रकाशित भएको थियो । उनका 'मेरा कविताहरू' (२०४६), 'यो मन' (२०५३), 'एउटी छोरीको कथा' (२०६०) जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनी भारतीय नागरिकसँग विवाह गरी भारतमै बसोवास गर्छिन् ।

**कुमारी खाती**

कुमारी खातीको जन्म सन् १९५५ मार्च ५ मा मङ्पू कुलैन बगान, दार्जिलिङ (भारत) मा भएको हो । आमा कमली रुचाल तथा बुबा रविलाल रुचालकी छोरी कुमारी खातीका 'नयन सागरभित्र'

(सन् १९९२), ‘कुमारी खातीका कविताहरू’ (सन् १९९६), ‘आमा’ (सन् २००३) जस्ता कवितासङ्ग्रह, ‘२१ औं शताब्दीको सङ्घारमा नारी’ (लेखसङ्ग्रह, सन् २०००), ‘केवल सम्झना मात्र रह्यो’ (सन् २००७) आदि प्रकाशित भएका छन् । उनले ‘कमली’ नारी पत्रिका, ‘नवपल्लव’ बालगीत, ‘पिँढी’ र ‘पखेटो’ (सहसम्पादन)को सम्पादन कार्य पनि गरेकी छिन् । उनका कविता, लेखहरू रेडियोबाट प्रसारित पनि भएका छन् । ‘भानु साहित्य सम्मान’बाट सम्मानित हुनुका अतिरिक्त उनी भारतीय दलित साहित्य अकादमी दिल्लीको फेलोसिपद्वारा पनि सम्मानित छिन् । विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् ।

**कुसुम गौतम**

कुसुम गौतमको जन्म सन् १९८३ जुलाई १८ मा म्यान्मामा भएको हो । कुसुम गौतम आमा रूपा गौतम र बुबा हरिप्रसाद गौतमकी छोरी हुन् । स्नातक तहसम्मको अध्ययन पूरा गर्ने उनको ‘सल्बलाएका सपनाहरू’ (सन् २०१३) शीर्षकको पुस्तकाकार कृति प्रकाशित छ । उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् । उनी म्यान्माका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**कृष्णकला बनेम**

कृष्णकला बनेमको जन्म २०३० असार १६ गते हल्दीबारी गाविस झापामा भएको हो । आमा गौमाया नेम्बाङ तथा बुबा चन्द्रप्रसाद बनेमकी छोरी कृष्णकला बनेमले कक्षा नौसम्मको अध्ययन पूरा गरेकी छिन् । उनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित रचना २०६८ सालमा प्रकाशित ‘मेरी सङ्गिनीको अन्तिम जीवनयात्रा’ शीर्षकको कथा हो । उनको ‘बिर्सिएका गीतहरू’ (२०६८) शीर्षकको पुस्तकाकार कृति पनि प्रकाशित भएको छ । बनेम हाल इजरायलमा रहेकी छिन् । उनी इजरायलका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**कृष्णकुमारी कार्की**

कृष्णकुमारी कार्कीको जन्म १९७६ साल साउन ११ गते पूर्व २ नम्बरमा भएको थियो । उनको पहिलो कृति 'एक अबलाको शोकमय जीवन' (२००६) हो । 'एक अबलाको शोकमय जीवन' निजात्मक निबन्ध र लोकगीतको दोभानका रूपमा प्रस्तुत भएको छ । कृष्णकुमारी कार्कीको अर्को निबन्धसङ्ग्रह 'शोकमय जीवनको बाँकी जीवन' (२०५४) पनि प्रकाशित छ ।

**कृष्णकुमारीदेवी**

कृष्णकुमारीदेवीको जन्म १९८० सालमा काठमाडौँमा भएको थियो । सृजना र अनुवादमा प्रसिद्धि कमाएकी कृष्णकुमारीदेवीले अनेक स्रष्टालाई साहित्यिक यात्रामा हिँड्न सहयोग पुऱ्याइन् । उनी लेखक तथा प्रकाशकका रूपमा बराबरी समर्पित भइन् । उनका प्रकाशित कृति हुन् : 'भारतीय वीरबाला' (कथासङ्ग्रह, २०१३), 'पञ्चतन्त्रका कथा' (अनुवाद, २०३५) आदि ।

**कृष्णकुमारी महत**

कृष्णकुमारी महतको जन्म २०१८ साल साउन ३० गते भएको हो । स्नातकसम्मको शिक्षा पूरा गरेकी महतको 'संयोग वियोग' (गजलसङ्ग्रह, २०६३) प्रकाशित छ ।

**कृष्णादेवी शर्मा श्रेष्ठ**

कृष्णादेवी शर्मा श्रेष्ठको जन्म २००९ फागुन १५ गते भएको हो । कृष्णादेवी आमा तुलसा रेग्मी तथा बुबा नारायणदत्त रेग्मीकी छोरी हुन् । उनले नेपाली विषयमा एम.ए. सम्मको शिक्षा पूरा गरेकी छिन् । उनका 'सुनाखरी र लालीगुँरासको देश' (कवितासङ्ग्रह, २०५७), 'नारायणहिटी पर्व' (तीजगीत सँगालो, २०५८), 'अत्याचारी घर' (तीजगीत सँगालो, २०५९) 'घरबेटी भाउजू' (कथासङ्ग्रह, २०५९), 'प्रजातन्त्रमा प्रश्नचिन्ह' (तीजगीत सँगालो, २०६०), 'स्मृतिको एक झिल्को' (खण्डकाव्य, २०६२), निर्भरिणी (गजलसङ्ग्रह, २०६२),

‘सृष्टिसौगात’ (कवितासङ्ग्रह, २०६५), ‘क्रान्तिकारी विश्वेश्वर’ (महाकाव्य, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । उनका कतिपय फुटकर रचनाहरू स्थानीय र राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको पहिलो रचना २०५१ सालमा प्रकाशित ‘साथी र एक्लै’ शीर्षकको कविता हो । नारी साहित्य समाज, नवलपरासीकी अध्यक्ष रहेकी शर्मा विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध पनि रहेकी छिन् । ‘केवलपुरे जनमत सम्मान’ बनेपा, २०६४, ‘दामोदर पुडासैनी प्रतिभा सम्मान’ भरतपुर २०६४, ‘लक्ष्मी स्मृति साहित्य समाज तथा नयाँ मौसम पाक्षिक पत्रिका सम्मान’ २०६४, ‘कालिका स्रष्टा सम्मान’ २०६५, ‘अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान सम्मान’ २०६६, ‘नवलपुर जेसिजबाट सम्मान’, ‘शोभा स्मृति साहित्य सम्मान’ २०६९, ‘कालीगण्डकी साहित्य कला पुरस्कार’ २०६८, ‘त्रिमूर्ति निकेतन राष्ट्रिय पुरस्कार’ २०६९ आदि थुप्रै पुरस्कार र सम्मानबाट सम्मानित उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका लुम्बिनी अञ्चलका अध्यक्ष पनि हुन् ।

**कृष्णमञ्जरी देवी**

कृष्णमञ्जरी देवीको जन्म १९७२ साल असारमा पगरवास, रामेछापमा भएको थियो । उनका ‘जयमाला’ (२०४०), ‘मेरो आँसु’ (२००४), ‘हरिरस’ (२००८), ‘जीवनी सारांश’ (२०२३) कृतिहरू प्रकाशित छन् ।

**केवी विरही**

केवी विरहीको खास नाम कल्पना बुढा हो । उनको जन्म २०४१ जेठ १५ गते गैरीगाउँ ७, रानीमाला, रोल्पामा भएको हो । आमा रेवती बुढा मगर र बुबा तुलबहादुर बुढाकी छोरी केवी विरहीले आई.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका ‘प्यारो लाग्छ रोल्पा’ (कवितासङ्ग्रह, २०६२), ‘विरहीका

गजलहरू' (गजलसङ्ग्रह, २०६५), 'मैले हारेँ' (गीतिएल्बम्, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । २०६० सालमा प्रकाशित 'पीडित नारी' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कविता, संस्मरण आदि फुटकर रचनाहरू पनि विभिन्न समयमा पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'खोविलाल हुकुमादेवी साहित्यिक पुरस्कार' २०६३, 'विष्णुनुमा साहित्यिक पुरस्कार' २०६५ बाट सम्मानित कल्पनाले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**केशरी वज्राचार्य**

केशरी वज्राचार्यको जन्म २००२ साल पुस १० गते विराटनगरमा भएको थियो । उनले आफ्ना दुईवटा कवितासङ्ग्रह 'मरुभूमिको काँडा' (२०५५) र 'वर्तमान खोजिरहेछु' (२०६१) जनसमक्ष ल्याइन् । प्रा. डा. उषा ठाकुरद्वारा सो कृति हिन्दी भाषामा पनि अनुवाद भयो । यस कृतिलाई सरोजकुमार शाक्यले अङ्ग्रेजी तथा सुरेन्द्र शाक्य र नवीन वैद्यले नेवारी भाासामा पनि अनुवाद गरे । साथै केशरी वज्राचार्यबाट हिन्दी भाषाका निम्नलिखित ग्रन्थ नेपाली भाषामा अनुवाद भए– 'कुसीनगरको सङ्क्षिप्त इतिहास' (२०५९), 'मनुस्मृति किन जलाइयो ?'(२०६०), 'भिक्षुको पत्र' (२०६०), 'विश्व बालकथा' (२०६३) र 'आदर्श बौद्ध महिलाहरू' (२०६३) आदि । उनले 'बुद्धहृदय' (२०४४) नेवारी भाषाबाट नेपाली भाषामा अनुवाद गरिन् । साथै उनले 'महागुरु पद्मसम्भव' (जीवनी र प्रबन्ध, २०५६) पनि लेखिन् । उनले 'धर्मचक्र' द्वैमासिक पत्रिकाको सम्पादन पनि गरिन् । उनी विभिन्न सामाजिक र साहित्यिक सङ्गठनमा सक्रिय रहिन् । सरल जीवन र ठूलो विचार उनको व्यक्तित्वको विशेषता मानिन्छ ।

**केशरी विष्ट 'सुवासना एस'**

केशरी विष्ट 'सुवासना एस'को जन्म २०५० पुस ३० गते मिझिङ-१, रोल्पामा भएको हो । आमा सेती विष्ट र बुबा भविलाल विष्टकी छोरी केशरी विष्ट आई.ए. तहमा अध्ययनरत छिन् । उनको

'अन्तर्मनको वेदना' (कवितासङ्ग्रह, २०६७) र 'लोक उत्पीडन' (२०६९) जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनी 'दियो नव 'प्रतिभा पुरस्कार' २०६७, 'सरूपाचित्र नारी प्रतिभा पुरस्कार' २०६८ बाट समेत सम्मानित भएकी छिन् ।

**कोइलीदेवी**

कोइलीदेवीको जन्म १९८७ साल भदौ १२ ऋषिपञ्चमीका दिन मकवानपुरको चिसापानी गढीमा भएको थियो । आमा नीलम तथा बुबा रामबहादुर बस्नेतकी छोरी कोइलीदेवीको चिनाको नाम राधा हो । उनी बुद्धिलक्ष्मी आदि नामले पनि चिनिन्थिन् । 'भजनरानी'उनको उपनाउँ हो । गायिका र सङ्गीतकारका रूपमा प्रसिद्ध कोइलीदेवी गीत तथा भजन लेखिकाका रूपमा पनि विख्यात रहेकी छिन् । उनका 'सेवा पुस्तिका' (गीतिकवितासङ्ग्रह, २०१९), 'समर्पण' (गीतिकवितासङ्ग्रह, २०२५), 'कोइलीभजन' (भजनसङ्ग्रह, २०६०) जस्ता कृति प्रकाशित भएका छन् । २००७ सालबाट रेडियो नेपाल प्रवेश गरी गायन यात्रामा सक्रिय कोइलीदेवीका रेडियो नेपालमा मात्र २६० गीत सुरक्षित रहेका छन् । उनको नाममा 'कोइलीदेवी सङ्गीतकोष' २०५६ सालमा स्थापित भएको हो ।उनको सम्मानमा नइ प्रकाशनले नइ कोइलीदेवी पुरस्कार स्थापना गरेको छ । 'गोरखादक्षिणबाहु', 'इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार', 'छिन्नलता गीत पुरस्कार', 'राष्ट्रिय प्रतिभा पुरस्कार', 'महाशक्ति सम्मान' आदिबाट सम्मानित हुनुका अतिरिक्त उनी विभिन्न संस्थाहरूबाट अभिनन्दित पनि भएकी थिइन् । उनले नेपालका विभिन्न जिल्लाहरू तथा चीन आदि देशको पनि भ्रमण गरेकी थिइन् । उनको २०६४ सालमा निधन भयो ।

**कोपिला वान्तवा राई**

कोपिला वान्तवा राईको जन्म २०२९ असार १ गते भोजपुरमा भएको हो । आमा शुभलक्ष्मी राई तथा बुबा कर्णबहादुर राईकी छोरी

कोपिला वान्तवा राईले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध राईका विभिन्न भाषामा लेखिएका कथा, लेख आदि राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको 'नेपाली प्रवासी मन' (२०६६) शीर्षकको निबन्धात्मक कृति प्रकाशित भएको छ । विभिन्न सङ्घसंस्थाबाट पुरस्कृत र सम्मानित भएकी राईले भारत, कुवेत, थाइल्यान्ड, कोरिया, जापान आदिको भ्रमण गरेकी छिन् । हाल उनी दक्षिण कोरियामा रहेकी छिन् ।

**कौशला जोशी**

कौशला जोशीको जन्म १९९९ सालको कात्तिक लक्ष्मीपूजाका दिन वटुटोल, काठमाडौँमा भएको थियो । प्रसिद्ध साहित्यकार डा.कुमारबहादुर जोशीकी धर्मपत्नी कौशलाको प्रकाशित कृति 'नेपाली साहित्याकाशका सात तारा' (जीवनीसङ्ग्रह, २०४४) हो । उनी २०५० साल जेठ ३० गते स्वर्गीय भइन् ।

**कौशल्या मुखिया सुब्बा**

कौशल्या मुखिया सुब्बाको जन्म पोखरियाबोङ, दार्जिलिङमा भएको हो । कौशल्या मुखिया सुब्बाकी आमा ममता राई मुखिया तथा बुबा पदमबहादुर मुखिया हुन् । नेपाली विषयमा एम.ए. तथा बी.एड.सम्मको शिक्षा पूरा गर्ने उनी सहशिक्षिका पदमा कार्यरत छिन् । उनको 'राङभाङ उपत्यका : हिजो र आज' शीर्षकको पुस्तक प्रकाशित छ । विभिन्न पत्रपत्रिकामा विविध रचना प्रकाशित गराउने उनी विभिन्न सामाजिक-साहित्यिक संस्थासँग पनि आबद्ध रहेकी छन् ।

**खिनमाया न्यौपाने**

खिनमाया न्यौपानेको जन्म १९८४ वैशाख १२ मा थर्पु, पाँचथरमा भएको हो । उनको 'यात्रा जिन्दगीको' (२०६५) कवितासङ्ग्रह प्रकाशित छ ।

**खिरोदा खड्का**

खिरोदा खड्काको जन्म सन् १९३७ जुलाइ १९ मा दार्जिलिङमा भएको थियो । उनी जीवनीलेखनमा चर्चित भइन् । उनको जीवनीलेखनको उद्देश्य विद्यार्थी तथा युवाहरूमा सही बाटो देखाउनु नै हो । उनको प्रकाशित कृति 'अमर आदर्श जीवनी' (संवत् २०४५) हो । उनले 'अमर आदर्श जीवनी'का अरू दुई भाग पनि प्रकाशनमा ल्याइन् । साथै उनले 'बालवाटिका' (बालकवितासङ्ग्रह) पनि लेखिन् । खड्काले 'बालबगैँचा' नामक बालपत्रिकाको पनि सम्पादन गरिन् । विशेषत: उनको योगदान बालसाहित्यमा नै केन्द्रित रह्यो । नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी खड्काको सन् २००३ अगस्त १५ मा निधन भयो ।

**गङ्गा कर्माचार्य पौडेल**

गङ्गा कर्माचार्य पौडेलको जन्म २०११ भदौ २० गते दार्सिङ दशथुम गाविस, स्याङ्जामा भएको हो । आमा कृष्णदेवी कर्माचार्य र बुबा पूर्णलाल कर्माचार्यकी छोरी गङ्गा पौडेलले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । सेवानिवृत्त पौडेल हाल स्वतन्त्रलेखन, पत्रकारिता तथा 'भानु' नेपाली मासिकको सम्पादन कार्यमा सम्बद्ध छिन् । उनका 'गङ्गाका केही छालहरू' (२०३३) र 'आँधीखोलाको सम्झना' (कवितासङ्ग्रह, २०६३) 'चारआँठि चुल्ठो' (कथासङ्ग्रह, २०६७) 'ओजु र डाँफे' (२०६४), 'धौली आमा' (२०६५), 'पञ्चवली' (बालउपन्यास, २०६६), 'सुरी र भौँ भौँ' (२०६७), 'किम्मी र मिम्मी' (२०६७), 'किताबको जिल्ला' (२०६८), 'कागले किन काँकाँ भन्छ' जस्ता कथासङ्ग्रहहरू र 'कल्याण गीतिएल्बम् सिडी' समेत प्रकाशित भएका छन् । उनको 'द ट्रिकी मिकी' (२०६६) अङ्ग्रेजीमा प्रकाशित बालकथासङ्ग्रह पनि प्रकाशित छ । २०३२ सालमा 'देशान्तर'मा प्रकाशित 'विवेक' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका

पनि छन् । उनी विभिन्न सामाजिक-साहित्यिक सङ्घसंस्थासँग आबद्ध पनि रहेकी छिन् । उनी 'अपाङ्ग प्रतिभा पुरस्कार' २०६५, 'तिलाकुमारी साहित्य पुरस्कार' २०६७, 'उत्कृष्ट बालसाहित्य पुस्तक लेखन पुरस्कार' २०६७, 'सूचक पद्मादेवी बालसाहित्य पुरस्कार' २०६८, 'कालीगण्डकी कला साहित्य पुरस्कार' २०६८, 'वनिता सेवा सम्मान' २०६५, 'सुवर्ण श्री साहित्य सेवापदक' २०६६, 'आमा सम्मान' २०६७, 'केवलपुरे जनमत सम्मान' २०६८, 'बालसाहित्यकार सम्मान' २०६८, 'क.बा. सम्मान' २०६९ बाट सम्मानित एवम् पुरस्कृत भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानहरूको भ्रमण गरेकी छिन् । हाल उनी कपन, काठमाडौँमा बस्छिन् ।

## गङ्गाकुमारी राई 'सुम्निमा'

गङ्गाकुमारी राई 'सुम्निमा' को जन्म २०४४ फागुन २६ गते हलेसी-२, खोटाङमा भएको हो । आमा दुर्गालक्ष्मी राई तथा बुबा शरणबहादुर राईकी छोरी गङ्गाकुमारी राईले आई.ए. सम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'सुम्निमाको आँचल' (२०६४) शीर्षकको गजलसङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर गजल आदि विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी हलेसी साहित्य मञ्चद्वारा पुरस्कृत पनि भएकी छन् ।

## गङ्गादेवी कसजू राजभण्डारी

गङ्गादेवी कसजूको जन्म सन् १९४७ जुन १ मा बागलुङ बजार, धवलागिरि अञ्चलमा भएको हो । आमा रत्नदेवी राजभण्डारी तथा बुबा तेजबहादुर राजभण्डारीकी छोरी गङ्गादेवी कसजूले बी.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । पूर्व शिक्षिका गङ्गादेवी हाल समाजसेवा तथा पुस्तकालय सञ्चालन कार्यमा संलग्न रहेकी छिन् । विद्यामन्दिर पुस्तकालय बागलुङकी अध्यक्ष तथा अखिल नेपाल महिला सङ्गठन, पाल्पाकी पनि अध्यक्ष रहेकी उनी विभिन्न सङ्घसंस्थाहरूमा संलग्न रहेकी छिन् । उनका 'हाम्रो भोजन' (२०६८), 'खोई मेरो घर'

(२०६९), 'म केके गर्छु' (२०७०), 'हाम्रा कथा भाग-२' (कथासङ्ग्रह, २०६६) जस्ता पुस्तकाकार रचना प्रकाशित भएका छन् । विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित उनले भारत, बङ्गलादेश, श्रीलङ्का, थाइल्यान्ड, नेदरल्यान्ड, संयुक्त राज्य अमेरिका आदिको पनि भ्रमण गरेकी छिन् ।

**गङ्गा लिगल**

माता केशवलक्ष्मी श्रेष्ठ र पिता गणेशप्रसाद श्रेष्ठकी सुपुत्री गङ्गा लिगलको जन्म सन् १९४९ मई १२ मा लुम्बिनी अञ्चलको पाल्पा तानसेनमा भएको हो । रूपन्देही जिल्ला सिद्धार्थनगर (भैरहवा)मा स्थायी बसोवास गर्ने गङ्गा लिगल त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापक हुन् । विगत सन् २००५ नोभेम्बरदेखि उनी अमेरिकामा बस्दै आएकी छिन् । त्रिभुवन विश्वविद्यालयबाट संस्कृति विषयमा स्नातकोत्तर उत्तीर्ण लिगलले वि.सं. २०३२ सालमा 'मानवता' शीर्षक कविता 'तानसेन' नामक पत्रिकामा प्रकाशित गरी साहित्ययात्रा थालेकी हुन् । हालसम्म उनका कविताकृतिहरू 'बिहानी' (२०५२), 'आमा' (२०६४), 'गङ्गाका तरङ्ग' (२०६४), 'सङ्गीतको आभास' (सन् २००७), 'सागरपारि' (२०६८), 'भानु तिम्रो सम्झनामा' (२०६९), 'ममताको खास्टो' (खण्डकाव्य, २०६६), 'सखी वियोग' (खण्डकाव्य, सन् २०१०), 'ऐना' (कथासङ्ग्रह, २०६७), 'जेसिका' (कथासङ्ग्रह, २०७०), 'गङ्गाका समीक्षा' (समीक्षाकृति, २०६८), 'लालीगुराँस' (गीतसङ्ग्रह, २०६८), 'अमेरिका' (उपन्यास, २०७०), 'गङ्गाको यात्रा' (नियात्रा, २०७०), 'पत्रमन्जुषा', 'गङ्गाका गजल' (२०६७), 'गङ्गाको लहर' (कविता र लेखरचनाको सँगालो, २०५२) र 'युगज्योति' (२०५४) गरी जम्मा १८ वटा कृति प्रकाशित छन् । उनी राष्ट्रिय शिक्षापदक (२०४८), अनेसास डिसीबाट फेमस पोयट्स सम्मान (सन् २००९), अनेसास डायस्पोरा सम्मान (२०१४)का साथै नेपलिज एसोसिएसन अफ ह्युस्टन, अनेसास बोस्टन, नेवा खल: भैरहवालगायतका

विभिन्न सङ्घसंस्थाबाट सम्मानित भएकी छिन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी आजीवन सदस्य लिगल ह्युस्टन च्याप्टरकी संस्थापक अध्यक्ष हुनुका साथै वर्तमान अध्यक्षसमेत हुन् ।

**गायत्री घर्तीमगर**

गायत्री घर्तीमगरको जन्म २०३० असार २८ गते लिवाङ-६ रोल्पामा भएको हो । आमा दुर्गा आचार्य तथा बुबा छविलाल आचार्यकी छोरी एवम् राजनीतिज्ञ कृष्ण घर्तीमगरकी धर्मपत्नी गायत्री घर्तीमगरले स्नातकोत्तर गरेकी छिन् । तुलसी आवासीय माध्यमिक विद्यालय, रोल्पाकी संस्थापक एवम् प्राचार्य उनी विभिन्न सङ्घसंस्थासित पनि आबद्ध रहेकी छिन् । उनका 'जिन्दगी' (गजलसङ्ग्रह, २०६२), 'राप्तीका छालहरू' (कवितासङ्ग्रह, २०७०) प्रकाशित पुस्तकाकार रचना हुन् । 'मिलन स्मृति पुरस्कार' २०६४, 'नेपाल कला साधक सम्मान, प्रज्ञा सम्मान' २०७० आदि पुरस्कार र सम्मानबाट सम्मानित उनी राष्ट्रिय लोकनृत्य प्रतियोगिता २०४३ मा प्रथम भएकी हुन् । उनी नेपाल सरकारबाट मनोनीत भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका राप्ती अञ्चल अध्यक्ष र विश्वनारी नेपाली साहित्य सम्मेलनका राप्ती अञ्चल अध्यक्ष पनि हुन् ।

**गायत्री रोकामगर**

गायत्री रोकामगरको जन्म २०५४ सालमा राङ्कोट-४, रोल्पामा भएको हो । आमा तारा रोकामगर र बुबा मनप्रसाद रोकामगरकी छोरी गायत्री रोकामगरको 'अङ्कुराए पल्लवी' (२०६९) शीर्षकको संयुक्त गजलसङ्ग्रह प्रकाशित भएको छ ।

**गायत्री श्रेष्ठ**

गायत्री श्रेष्ठको जन्म २००७ सालमा इलाममा भएको हो । प्राध्यापन पेसामा संलग्न गायत्री हाल सेवानिवृत रहेकी छिन् । विशेषत: गीत, निबन्ध र समालोचनाको क्षेत्रमा लेखन कार्य गर्ने गायत्री श्रेष्ठका विभिन्न पत्रपत्रिकामा फुटकर गीत, निबन्ध, समालोचनाहरू

प्रकाशित भएका छन् । चितवन साहित्य परिषद्की अध्यक्ष तथा नारायणी कलामन्दिरकी पूर्व अध्यक्षसमेत रहेकी गायत्रीका 'देवकुमारी थापाको व्यक्तित्व र कृतित्व' (समालोचना, २०४६), 'बादलुको घुम्टोभित्र' (गीतिसङ्ग्रह, २०६२), 'नारायणी अञ्चलका नारी हस्ताक्षरहरू' (सहसमालोचना, २०६२), 'केही कृति : आफ्नै दृष्टि' (समालोचना, २०६७), 'सिगलको उडान र समुद्रको स्पर्श' (नियात्रासङ्ग्रह, २०७०) पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनी 'नारायण वाङ्मय पुरस्कार' २०६२, 'चिसाप प्रतिभा पुरस्कार' २०६३, 'दोभान साहित्य सम्मान' २०५९, 'अभिव्यञ्जना साहित्य सम्मान' २०६६, 'कालिका स्रष्टा सम्मान' २०६४, 'देवकुमारी थापा साहित्य पुरस्कार' २०६५ बाट समेत सम्मानित भएकी छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका नारायणी अञ्चलका अध्यक्ष पनि हुन् ।

**गार्गी शर्मा**

डा.गार्गी शर्माको जन्म २००५ फागुन २३ गते इन्द्रचोक काठमाडौँमा भएको हो । उनी नेपाली साहित्यकी प्रसिद्ध कवि गोमाकी छोरी हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. तथा बनारस हिन्दू विश्वविद्यालयबाट 'नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रयोग' विषयमा पिएच.डी. को उपाधि लिएकी छिन् । प्राध्यापन पेसामा संलग्न शर्मा मूलतः समालोचनाको क्षेत्रमा साधनारत छिन् । २०२४ सालमा 'फूलपाती' पत्रिकामा प्रकाशित 'कल्पनाका धनी : धनका गरीब देवकोटा' शीर्षकको निबन्ध नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'केही समीक्षा' (२०४१), 'चाँदनी शाहको काव्यभूमि' (२०४४), 'केही अनुसन्धनात्मक अभिव्यक्ति' (सहलेखन, २०४६), 'वाङ्देलका नारी पात्रहरू' (२०५१), 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन' (२०५१), 'गोठालेका बालपात्रहरू' (२०५३), 'केही समीक्षात्मक अभिव्यक्ति' (२०५३), 'सन्तदर्शनभित्र रुद्रराज पाण्डे'

(२०५५), 'लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना' (२०५७), 'माधव घिमिरेका गीतिनाटकमा मानवतावाद' (२०५७), 'शारदाका कवितामा विद्रोहात्मक स्वर' (२०५८) जस्ता समालोचनात्मक ग्रन्थ तथा 'गोमा' (महाकाव्य, २०६३) 'शारदाका नारीस्रष्टाहरू' (समालोचना, २०६९), 'कण्ठू राजा' (बालकथा २०७०) प्रकाशित भएका छन् । भागीरथ काफ्लेकी धर्मपत्नी गार्गी 'रत्नश्री स्वर्णपदक', 'रुद्रराज साहित्य पुरस्कार' घटराज पुरस्कार, सैन्यध्वज पुरस्कार, बाबा ओमवीरसिंह पुरस्कार आदिबाट सम्मानित भएकी छिन् । विभिन्न सङ्घसंस्थामा आबद्ध प्रा.डा.शर्मा 'विश्व नारी नेपाली साहित्य सम्मेलन'की केन्द्रीय अध्यक्ष पनि रहेकी छिन् ।

**गीता उपाध्याय**

गीता उपाध्यायको जन्म सन् १९३९ फरवरी १४ मा शोणितपुर, असम (भारत) मा भएको हो । आमा भगीरथी देवी र बुबा टङ्कनाथ उपाध्यायकी छोरी गीता उपाध्यायले राजनीतिशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनले 'एन फ्रैंकको डायरी' (सन् १९७२, अनुवाद), भानुभक्तको 'रामायण', भरत जङ्गमको 'कालो सूर्य', देवकोटाको 'मुनामदन'लाई असमिया भाषामा अनुवाद गरेकी छिन् । उनले असमिया भाषाका नाटक 'दरबारको सुसारे' र उपन्यास 'अभियात्री' तथा अङ्ग्रेजीको 'भूमिपुत्र' उपन्यासको नेपाली भाषामा अनुवाद गरेकी छिन् । उनका अन्य कृतिमा 'महापुरुष शङ्करदेव', 'नेपाली शिशुकथा', 'आमा म फस्ट भएँ' पर्दछन् । विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी 'पदमप्रसाद ढुङ्गाना पुरस्कार' गुवाहाटी, 'महाकवि शताब्दी सम्मान' सन् २०१०, 'डा. नीलिमा दत्त अनुवाद पुरस्कार' आदिबाट सम्मानित भएकी छिन् ।

**गीता कार्की**

गीता कार्कीको जन्म २०२५ साउन १२ गते टक्सार, भोजपुरमा भएको हो । आमा देवी कार्की र बुबा मीनबहादुर कार्कीकी छोरी

गीताले नेपालीमा एम.ए. उपाधि लिई प्राध्यापन पेसामा संलग्न छिन् । उनका 'मलाई अँध्यारो नै चाहिन्छ' (कवितासङ्ग्रह, २०६२), 'सालका ठुटा र एक टुक्रा घाम' (कवितासङ्ग्रह, २०६६) प्रकाशित कृति हुन् । उनी 'लाभाका बाफहरू' (२०५८) कथासङ्ग्रह तथा 'अस्तिता' र 'शब्दशिल्प'को सम्पादक पनि रहेकी छिन् । कार्की नारी साहित्य प्रतिष्ठानकी अध्यक्ष हुन् ।

**गीता केशरी**

गीता केशरीको जन्म १९९७ असार २७ गते पकनाजोल, नयाँ बजार, काठमाडौँमा भएको हो । आमा सीता पन्त तथा बुबा रामराज पन्तकी छोरी गीता केशरीले राजनीतिशास्त्रमा एम.ए. उपाधि लिएकी छिन् । पर्यटन व्यवसायबाट अवकाश प्राप्त उनका 'कसिङ्गर' (२०३४), 'सौगात' (२०४६), 'आवाज' (२०४७), 'मुक्ति' (२०४८), 'खोज, अन्तिम निम्तो' (२०५१), 'विश्वास' (२०५२), 'खुल्ला आकाश' (२०५४), 'नोकरी' (२०५५), 'निष्कर्ष' (२०६०), 'बदलिँदो क्षितिज' (२०६६), 'फक्रँदो कोपिला' शीर्षकका उपन्यासहरू तथा 'तरङ्ग' (२०५६), 'भुमरी' (२०५९), 'लहर' (२०६६) जस्ता कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । २०२१ सालमा 'अरुणोदय'मा प्रकाशित 'अपराधी को ?' शीर्षक कथा नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सामाजिक तथा साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी 'कवि धरणीधर पुरस्कार' २०४९, 'लोकप्रिय पुरस्कार' २०५०, 'राष्ट्रिय प्रतिभा पुरस्कार' २०५३, 'भानु साहित्य प्रतिष्ठान पुरस्कार' २०५९, 'गङ्की-वसुन्धरा सम्मान' २०६१, 'नारी साहित्य प्रतिष्ठान सम्मान' २०५६, 'नवरङ्ग साहित्य सम्मान' २०६१, 'कविता साहित्य सम्मान' २०६१, 'दायित्व वाङ्मय सम्मान' २०६१, 'सयपत्री युवा क्लब सम्मान' २०६१, 'हृदयचन्द्र स्मृति सिर्जना सम्मान' २०६३, 'बी.डी. त्यागी स्मृति सम्मान' २०६५, 'रुद्रराज पुरस्कार' २०६५, 'स्वर्णिम विशिष्ट नारी सम्मान तथा पुरस्कार' २०६७, 'भीमनिधि तिवारी साहित्य सम्मान' २०६८, 'राष्ट्रिय कलाश्री

पुरस्कार' २०६८ बाट सम्मानित र पुरस्कृत भएकी छिन् । गुञ्जनका अध्यक्ष उनले नेपालका अधिकांश जिल्लाहरू तथा भारत, श्रीलङ्कालगायत एसिया, युरोप, अस्ट्रेलिया तथा अमेरिकाका निकै मुलुकहरूको भ्रमण गरेकी छिन् ।

### गीता खरेल

गीता खरेलको जन्म २०१६ वैशाख ६ गते क्षेमावती, दोलखामा भएको हो । नेपालीमा एम.ए., बी.एड. गर्ने खरेल अध्यापन पेसामा संलग्न रहेकी छिन् । उनका 'सम्झना नित्य आउँछ' (शोककाव्य, २०६१), 'आधा आकाश' (२०६३), 'गीतकार किरण खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (समालोचना, २०६३) कृति प्रकाशित छन् । उनी 'राष्ट्रिय शिक्षा पुरस्कार' (२०५६), 'विशिष्ट शिक्षासेवी पुरस्कार' (२०६५) बाट सम्मानित छिन् ।

### गीता खत्री

गीता खत्रीको जन्म २०२० चैत महिनामा खड्कागाउँ, कलङ्कीस्थान, काठमाडौँमा भएको हो । आमा मखमली खड्का तथा बुबा कमलबहादुर खड्काकी छोरी गीता खत्रीले बी.ए. उत्तीर्ण गरेकी छिन् । अमेरिकामा 'चाइल्ड केयर' पेसामा संलग्न खत्रीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकामा गीत, कथा तथा समसामयिक विषयमा लेखहरू प्रकाशित भएका छन् । न्युयोर्कबाट प्रकाशित हुने 'नेपाल खबर' मा सन् २००४ मा प्रकाशित 'गीत' नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'सृजनायात्रामा गीता' (कवितासङ्ग्रह, सन् २००४), 'स्वीकृति' (गीतिएल्बम्, सन् २००७), 'सम्झनाको तरेली' (गीतिसङ्ग्रह, सन् २०१०), 'सपनाको धरहरा' (कवितासङ्ग्रह, सन् २०११) कृतिहरू प्रकाशित भएका छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी अध्यक्ष लगायत उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनी सर्वदा वाङ्मय पुरस्कार, सरस्वती सङ्गीत निकेतन पुरस्कार तथा नारी साहित्य प्रतिष्ठानबाट समेत सम्मानित भएकी छिन् । एसिया,

युरोप र अमेरिकाका विभिन्न मुलुकको भ्रमण गरेकी गीता खत्री हाल संयुक्त राज्य अमेरिकामा बस्छिन् । नेपाल सरकारबाट अमेरिकाका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत खत्री अमेरिकाका लागि नेपाली साहित्यिक दूत हुन् ।

**गीता छेत्री**

गीता छेत्रीको जन्म सन् १९६२ जुन १९ मा राङ्गभाङ्ग बस्ती, दार्जिलिङमा भएको हो । आमा पूर्णमाया छेत्री र बुबा एन.बी. छेत्रीकी छोरी गीता छेत्रीले एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'गङ्गोत्रीका छालहरू' (सन् २००८), 'गङ्गोत्रीदेखि गङ्गासम्म' (सन् २०१२) कृति प्रकाशित भएका छन् । सन् १९७६ मा प्रकाशित कविता 'धनलाई ढोग्छन् मानिसहरू' उनको प्रथम प्रकाशित रचना हो । उनले नेपाल र भारतको विभिन्न स्थानका भ्रमण गरेकी छिन् ।

**गीतादेवी शर्मा लुइटेल**

गीतादेवी शर्मा लुइटेलको जन्म २००४ साल मङ्सिर ४ गते कलैया, बारामा भएको हो । उनका 'आलुको ड्याङको पिँडालु' (२०६२) कृति प्रकाशित छ ।

**गीता निर्दोषी**

गीता निर्दोषीको जन्म २०४३ साउन २१ गते भावाङ-३, रोल्पामा भएको हो । आमा सरूपा के.सी. तथा बुबा चित्रमान के.सी.की छोरी गीता निर्दोषीले बी.एड.सम्मको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'काँडाबीचको फूल' (कवितासङ्ग्रह, २०६३), 'आह्वान' (कवितासङ्ग्रह, २०६७) का अतिरिक्त फुटकर कविता, गजल आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको प्रथम प्रकाशित रचना २०६० सालमा प्रकाशित 'असफलता' शीर्षकको कविता हो । नारी प्रतिभा पुरस्कारकी संस्थापक

गीता 'सरूपाचित्र नारी प्रतिभा पुरस्कार' लगायत विभिन्न पुरस्कारबाट समेत पुरस्कृत भएकी छिन् ।

**गीता पोखरेल लम्साल**

गीता पोखरेल लम्सालको जन्म २०३५ मङ्सिर ४ गते पुतलीबजार-१, स्याङ्जामा भएको हो । आमा टीकाराम पोखरेल र बुबा मित्रलाल पोखरेलकी छोरी गीता पोखरेल लम्सालले व्यवस्थापन विषयमा स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'आत्मघाती शङ्का' (उपन्यास, २०६७) प्रकाशित भएको छ । उनका फुटकर कविता, गजल, कथा, लघुकथा, निबन्ध राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५५ मा प्रकाशित 'किन अविवाहित र विधवा महिलामात्र राजनीतिमा' शीर्षकको निबन्ध नै उनको प्रथम प्रकाशित रचना हो । नेपालका प्रमुख स्थललगायत उनले भारत, जापानसमेतको भ्रमण गरेकी छिन् ।

**गीता रेग्मी**

गीता रेग्मीको जन्म २०२७ फागुन १९ गते लमजुङको जितामा भएको हो । आमा चन्द्रकला रेग्मी तथा बुबा तीर्थराज रेग्मीकी छोरी गीता रेग्मीले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । उनको पहिलो प्रकाशित रचना २०६३ सालमा 'एकता' पाक्षिकमा प्रकाशित 'हे लोग्नेमान्छे !' शीर्षकको कविता हो । उनका 'परिचय' (कथासङ्ग्रह, २०६५), 'पुस्तान्तर' (कथासङ्ग्रह, २०६६), 'ज्योतिको युगीन स्वरहरू' (संयुक्त कवितासङ्ग्रह, २०६७), 'पश्चिमाहरूको देशमा' (नियात्रा, २०६९) जस्ता पुस्तकाकार रचना प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेकी रेग्मी 'पिस वेभ नेपाल' २०५३ आदि पुरस्कार र सम्मानबाट सम्मानित भएकी छिन् । बेलायत, फ्रान्स, बेल्जियम, जर्मनी, नेदरल्यान्ड आदि मुलुकको भ्रमण गर्ने उनी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**गीता लिम्बू**

गीता लिम्बूको जन्म सन् १९६४ अप्रिल १४ मा गोलघाट, असम (भारत) मा भएको हो । बी.ए. उत्तीर्ण लिम्बूका 'बिहानी' (कवितासङ्ग्रह, २००८) र 'बुढवाको छाता' (कथासङ्ग्रह, सन् २००३) कृति प्रकाशित भएका छन् ।

**गीता शर्मा**

गीता शर्माको जन्म १९४० अप्रिल २५ मा रुम्तेक, सिक्किम (भारत) मा भएको हो । आमा तारादेवी नेउपाने र बुबा पं. पुण्यप्रसाद नेउपानेकी छोरी गीता शर्माले एम.एस्सी., बी.एड.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनको 'खुशबू' (लघुउपन्यास सन् १९९२), 'साहित्य, समाज र संस्कृतिमा भारतीय नेपाली नारीहरू' (सन् १९९७), 'हेलेन केलरको जीवनी' (अनुवाद) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा रचनाहरू प्रकाशित भएको पाइन्छ । उनी 'भानु पुरस्कार' सिक्किम, 'शिवकुमार राई स्मृति पुरस्कार' खरसाङ, 'पारिजात मितेरी पुरस्कार' काठमाडौँ र भारतको 'सिल्भर स्टार पदक' जस्ता पुरस्कारबाट पनि सम्मानित भएकी छिन् ।

**गीता सापकोटा**

गीता सापकोटाको जन्म २००४ साल मङ्सिर १४ गते भएको हो । बी.ए., एल.एल.बी. गर्ने उनका 'जीवनक्रम' (कवितासङ्ग्रह, २०५५), 'धरतीमाता' (बालकथासङ्ग्रह, २०५९), 'सानीनानी सुनकेस्रा' (गीतिकथा, २०६५) प्रकाशित कृति हुन् ।

**गीता सापकोटा**

गीता सापकोटाको जन्म २०३८ पुस ११ गते इलाम नगरपालिका-७ मा भएको हो । आमा विष्णुमाया सापकोटा तथा बुबा कृष्णभक्त सापकोटाकी छोरी गीता सापकोटाले नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'इलामे

चेलीका रचनाहरू' (संयुक्त सँगालो, २०५९), 'इतिहासका पानाभित्र' (गजलसङ्ग्रह, २०६१), 'नेपाली गजलमा नारी हस्ताक्षर' (संयुक्त गजलसङ्ग्रह, २०६२), 'पुरस्कार' (बालकवितासङ्ग्रह, २०६५), 'उपहार' (बालकवितासङ्ग्रह, २०६६) कृति प्रकाशित भएका छन् । उनले 'पं.कृष्णभक्त सापकोटा स्मृतिग्रन्थ' (२०६९) को सम्पादनसमेत गरेकी छिन् । विभिन्न पाठ्यपुस्तकहरूको लेखनमा पनि सक्रिय उनी विभिन्न साहित्यिक सङ्घसंस्थामा आबद्ध पनि छन् ।

**गोमा**

गोमाको जन्म १९८२ साल जेठ १५ गते पर्वतमा भएको थियो । आमा नन्दकुमारी उपाध्याय र बुबा लक्ष्मीकान्त उपाध्यायकी छोरी गोमाले एस.एल.सी. सम्मको शिक्षा आर्जन गरेकी थिइन् । सानैमा 'रामायण', 'महाभारत', 'दुर्गाकवच', 'अमरकोश'को केही ज्ञान पाएकी गोमाले युगकवि सिद्धिचरण श्रेष्ठसँग पनि केही दिन पढ्ने मौका पाएकी थिइन् । उनी निकै वर्ष शिक्षण कार्यमा सरिक रहेकी थिइन् । 'शारदा' कालीन कवयित्रीका रूपमा प्रसिद्ध गोमाका 'जलन' (२०३७), 'बाँच्ने रहर' (२०३९), 'मातृव्यथा' (२०४१) एवम् 'मानवधर्म र आस्था' (२०५०) जस्ता चारवटा कवितासङ्ग्रह; 'इन्दु' (२०४२), 'तिरस्कृत आत्मा' (२०४३), 'अञ्जु' (२०४६) तीनवटा खण्डकाव्य; 'साहित्य फूलबारीका फूलहरू (२०३७), 'चार नारी हस्ताक्षर' (२०४२), 'म.वी.वी. शाहको काव्यप्रवृत्ति' (२०४२), 'चाँदनी शाहको काव्यसंसार' (२०५१) जस्ता समालोचनात्मक कृति प्रकाशित भएका छन् । उनका 'कार्यशील महिलाको भूमिका' (२०४२), 'नेपाल र भारतका केही नारीप्रतिभा' (२०४४), 'पौराणिक नारी परिचय' (२०४८) जस्ता निबन्धात्मक कृतिहरू पनि प्रकाशित भएका छन् । उनी 'प्रबल गोरखादक्षिणबाहु', 'वीरेन्द्रऐश्वर्य सेवापदक', 'रत्नश्री स्वर्णपदक', 'मैना पुरस्कार', 'लोकप्रियादेवी पुरस्कार', 'असीम पुरस्कार', 'सिद्धिचरण पुरस्कार', 'बाबा ओमवीरसिंह पुरस्कार'बाट पुरस्कृत तथा

'बडाकाजी पुष्पराज सम्मान' र 'सरस्वती सम्मान'बाट सम्मानित पनि भएकी थिइन् । नेपाली साहित्यका त्रिनारीरत्न मध्येकी एक रत्नस्वरूप उनका सम्मानमा त्रिमूर्ति निकेतनले उनको पूर्ण कदको सालिक निर्माण गरेको छ । उनी 'नेपाली साहित्य मन्दिर' को अध्यक्ष पनि भएकी थिइन् । उनको निधन २०५९ साउन १४ गते काठमाडौँमा भएको हो ।

**गोमादेवी कटुवाल ढुङ्गाना**

गोमादेवी कटुवाल ढुङ्गानाको जन्म खाँदवारी नगरपालिका ढुङ्गेधारा, सङ्खुवासभामा भएको हो । आमा तीर्थकुमारी कटुवाल तथा बुबा कर्णबहादुर कटुवालकी छोरी गोमादेवी कटुवालले त्रिभुवन विश्वविद्यालयबाट एम.पी.ए. तथा बी.एल. उत्तीर्ण गरेकी छिन् । उनी पेसाले अधिवक्ता हुन् । उनको 'शान्ति लिएर आऊ' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । उनका केही फुटकर रचनाहरू राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकामा निरन्तर प्रकाशित भएको पाइन्छ । २०३८ सालमा 'स्काउट बुलेटिन' जेनेभामा प्रकाशित 'हामी स्काउट बनौँ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनी विभिन्न साहित्यिक संस्थामा संलग्न रहेकी छिन् । उनी नेपाल सरकारका उपसचिव शेरबहादुर ढुङ्गानाकी धर्मपत्नी हुन् । विभिन्न पुरस्कारहरूबाट सम्मानित उनले नेपालको विभिन्न स्थान तथा भारत, चीन, अमेरिका आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**गोमादेवी ढुङ्गेल**

गोमादेवी ढुङ्गेलको जन्म २०३० सालमा चारहजारे, मणिपुर (भारत) मा भएको हो । आमा मीनादेवी पोखरेल तथा बुबा देवीप्रसाद पोखरेलकी छोरी गोमादेवी पोखरेलले बाह्र कक्षासम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'वसन्त' (सन् २०१०) शीर्षकको पुस्तकाकार कृति प्रकाशित छ । उनका पचासौँ फुटकर रचनाहरू देशविदेशका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित रचना 'टुक्रे कविता' सन् २००९ मा प्रकाशित भएको छ ।

**गोमा पराजुली**

गोमा पराजुलीको जन्म २०३३ वैशाख ११ गते दर्वेसा, मोरङमा भएको हो । उनका 'विश्वेश्वर' (काव्य, २०५९), 'गिरिजा' (काव्य, २०६०), 'नोना र निवास' (काव्य, २०६०) प्रकाशित कृति हुन् ।

**गोमा शर्मा**

गोमा शर्माको जन्म सन् १९४२ मा गुवाहाटीमा भएको थियो । आमा रुक्मणी देवी र बुबा छविलाल शर्माकी छोरी यिनका दुईवटा कृति प्रकाशित छन् 'केवल तिम्रो निम्ति' (गीतिकवितासङ्ग्रह, सन् १९८६) र 'तिम्रो प्रेरणाले' (गीतिसङ्ग्रह, सन् १९८६) । उनी गीतकारका रूपमा जसरी चर्चित भइन् त्यसै गरी समाजेवाका क्षेत्रमा पनि उनले आफ्नो नाउँ अभिलिखित गरेकी छिन् । विभिन्न साहित्यिक, सांस्कृतिक सङ्घसंस्थामा संलग्न एवम् भाषासाहित्य र सामाजिक सेवामा सक्रिय उनी 'महाकवि देवकोटा शताब्दी सम्मान' (सन् २००९) बाट सम्मानित भएकी छिन् ।

**गौरा उप्रेती**

गौरा उप्रेतीको जन्म २०१० चैत १० गते आठराई पोखरी, तेह्रथुममा भएको हो । आमा जानुका उप्रेती र बुबा भुवनेश्वर उप्रेतीकी छोरी गौरा उप्रेतीले स्नातक तहको शिक्षा पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'ऊ बेचिएका रातहरू' (२०६०), 'अघोषित द्वन्द्व' (२०६५), 'युद्धोपरान्त' जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । २०२५ सालमा प्रकाशित 'आजका नारी के चाहन्छन्' शीर्षकको निबन्ध नै उनको प्रथम प्रकाशित रचना हो । उनी शिक्षा पुरस्कार २०३३ बाट सम्मानित पनि भएकी छिन् ।

**गौरा प्रसाई कोइराला**

गौरा प्रसाई कोइरालाको जन्म २०१५ चैत २१ गते हवाकु, आठराई तेह्रथुममा भएको हो । आमा टीकादेवी प्रसाई र बुबा

लक्ष्मीनारायण प्रसाईकी छोरी गौरा प्रसाईले एस.एल.सी. सम्मको शिक्षा पूरा गरेकी छिन् । संविधानसभा सदस्य उनको 'मेरा जीवनका पाना' (२०६८) पुस्तकाकार कृति साझा प्रकाशनबाट प्रकाशित भएको छ । साझा पुरस्कारबाट पुरस्कृत यो कृति नै उनको पहिलो प्रकाशित रचनाकृति पनि हो । उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत, चीन, जोर्डन आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**गौरी दाहाल**

गौरी दाहालको जन्म २०२९ फागुन ६ गते ताकुकोट-५, मैलुङ, गोरखामा भएको हो । आमा देवकुमारी देवकोटा र बुबा टीकाप्रसाद देवकोटाकी छोरी गौरी दाहालको 'स्वाधीनताको रोजाइ' (२०६३), 'मुक्तिको क्यानभासमा' (२०६८) जस्ता कृति प्रकाशित छन् । विभिन्न पत्रपत्रिकामा समेत फुटकर लेखरचनाहरू प्रकाशित हुने उनी विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत पनि भएकी छिन् । उनी विभिन्न सामाजिक, राजनीतिक संस्थासँग पनि आबद्ध छिन् ।

**गौरी तिमिल्सिना मिश्र**

गौरी तिमिल्सिना मिश्रको जन्म २०२५ माघ १० गते काठमाडौँमा भएको हो । आमा शारदा तिमिल्सिना र बुबा भैरवप्रसाद तिमिल्सिनाकी छोरी गौरी तिमिल्सिनाले नेपाली विषयमा एम.ए., बी.एड.सम्मको शिक्षा पूरा गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनको 'सौरभको बानी सुध्रियो' (बालकथासङ्ग्रह, २०६३) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचना प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित रचना २०५० सालमा 'दीपशिखा'मा प्रकाशित 'पहाडी जीवन' शीर्षकको निबन्ध हो । उनी प्रेमचन्द्र देवकुमारी पुरस्कार तथा पद्मकन्या पदक आदिबाट पनि सम्मानित रहेकी छिन् ।

**चन्द्रकलादेवी धनञ्जय**

चन्द्रकलादेवी धनञ्जयको जन्म १९७२ साल जेठ ८ गते अर्घाखाँचीको मन्द्रेमा भएको थियो । उनको प्रकाशित कृति हो– 'उपदेश चन्द्रकला' (नीतिकथा, १९९१) ।

**चन्द्रकला नेवार**

चन्द्रकला नेवारको जन्म सन् १९४२ मार्च १५ मा डिगबोई, असम (भारत) मा भएको हो । आमा कुमारी प्रधान तथा बुबा भक्तबहादुर प्रधानकी छोरी चन्द्रकला नेवारले स्नातक तहको शिक्षा पूरा गरेकी छिन् । उनका 'ममता' (कथासङ्ग्रह, २०२२) 'चक्रव्यूह' (कवितासङ्ग्रह, २०५०) साँघुरो धरातल (कथासङ्ग्रह, २०६२) 'याशिलालाई मेरो आज' (कवितासङ्ग्रह, २०६२) 'तृष्णाको लहरी' (गीतिसङ्ग्रह, २०६२) 'चन्द्रकला नेवारका नेपाली गीतहरू' (सन् १९८९) गीतिएल्बम् प्रकाशित भएको पाइन्छ । उनका फुटकर कविता, गीत, गीतिनाटक, कथा, यात्रासंस्मरण, निबन्ध, लेख आदि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका छन् । सन् १९६० मा प्रकाशित 'एक द्वीप दुई पुतली' शीर्षकको कथा नै उनको पहिलो प्रकाशित रचना हो । उनका कतिपय रचना हिन्दी, बङ्गला, असमिया, अङ्ग्रेजी भाषामा अनूदित भएका छन् । साथै उनका कतिपय रचना विश्वविद्यालयको पाठ्यक्रममा समेत राखिएका छन् । उनी 'महाकवि देवकोटा शताब्दी सम्मान' २०६६, 'विश्वपरिक्रमा सम्मान अमेरिका' सन् २०११, 'असम प्रगतिशील साहित्य कला सङ्गम सम्मान', 'इन्टरनेसनल सान अवार्ड' सन् २०१०, 'लोकप्रिया पुरस्कार' २०५३, 'भद्रकुमारी घले कृतित्व पुरस्कार' २०६९, 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सम्मान, अमेरिका' २०७०, 'नइ खरा प्रदिप्ति पुरस्कार' २०७१ बाट पनि पुरस्कृत तथा सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न स्थान एवम् भारत, बेलायत, स्विडेन, अमेरिका आदि मुलुकको भ्रमण पनि

गरेकी छिन् । मितेरी नेपालकी अध्यक्ष उनी सादा जीवन र उच्च विचारकी व्यक्तित्व हुन् । भारतमा नेपाली भाषालाई संवैधानिक भाषा बनाउन पहल गर्नेमध्ये चन्द्रकला नेवारको पनि भूमिका अग्रपङ्क्तिमा रहेको पाइन्छ ।

**चन्द्रकला शाह**

चन्द्रकला शाहको जन्म २००६ साल चैत रामनवमीमा दाङको गुर्जेसिस्नेरीमा भएको थियो । उनी नेपाली लोकगीतको सङ्कलन र गायन तथा गीत रचनाकारका रूपमा चर्चित छिन् । उनको प्रकाशित कृति 'आँधी आएर' (ताङ्का, हाइकु, २०६१) हो ।

**चन्द्रकला सुनार**

चन्द्रकला सुनारको जन्म २०४३ माघ १४ गते पाछाबाङ-२, रोल्पामा भएको हो । आमा रामप्यारी सुनार र बुबा राईबहादुर सुनारकी छोरी चन्द्रकला सुनारले बी.ए. तहसम्मको अध्ययन पूरा गरेकी छिन् । जागिरे पेसामा संलग्न उनको पहिलो प्रकाशित रचना २०५८ सालमा प्रकाशित 'कलमले लेख्छ इतिहास' शीर्षकको कविता हो । उनको 'बदलिँदो परिवेश' (२०७०) शीर्षकको कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । उनका फुटकर कविता, गजल तथा समसामयिक विषयका लेखरचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइराख्छन् । विभिन्न प्रतियोगितामा समेत पुरस्कृत भएकी चन्द्रकला सुनारले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**चन्द्रकान्तादेवी मल्ल (चन्द्रकान्ता जोशिनी)**

चन्द्रकान्तादेवी मल्ल (चन्द्रकान्ता जोशिनी) को जन्म १९५५ साल पुस शुक्ल पञ्चमीका दिन पाटनमा भएको थियो । उनी शिक्षण कार्यमा लागेकी थिइन् । उनका 'मेरो आत्मकथा' (संस्मरण, २०३६), 'गृहलक्ष्मी' (१९९२), 'गृहस्थाश्रम धर्मशिक्षा', (सन् १९३९) प्रकाशित

कृति हुन् । 'गोरखादक्षिणबाहु चौथो' आदिबाट विभूषित उनको निधन २०४३ असार ३१ गते भएको हो ।

**चन्द्र थानी**

चन्द्र थानीको जन्म २०१७ चैत १६ गते सुर्खेतमा भएको हो । आमा धुनीदेवी थानी र बुबा प्रजापति थानीकी छोरी चन्द्रा थानीको 'सङ्कल्प', 'नारी चेतना' आदि प्रकाशित कवितासङ्ग्रह हुन् । २०५१ मा प्रकाशित 'सङ्कल्प' शीर्षकको कवितासङ्ग्रह उनको प्रथम प्रकाशित रचनाकृति पनि हो । सामाजिक र राजनीतिक संस्थासँग आबद्ध उनी 'सुर्खेत प्रतिभा पुरस्कार'बाट सम्मानित छिन् । उनले भारत, बङ्गलादेश, बेलायत, स्पेन आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**चन्द्रवदना घिमिरे**

चन्द्रवदना घिमिरेको जन्म २००० साल वैशाख १८ गते लमजुङको भन्ज्याङमा भएको थियो । एम. ए., बी. एड. उत्तीर्ण घिमिरे लामो समयसम्म शिक्षण पेसामा आबद्ध भइन् । उनले भारत, थाइल्यान्ड, जापान र संयुक्त राज्य अमेरिकाको पनि भ्रमण गरिन् । उनका प्रकाशित कृति 'प्रयास' (कवितासङ्ग्रह, २०५६) र 'श्वेता' (शोककाव्य, २०५६) हुन् ।

**चरित्रा शाह भण्डारी 'आशातीत'**

चरित्रा शाहको जन्म २०४५ वैशाख ५ गते शोभा-१, रुकुममा भएको हो । आमा कल्पना शाह र बुबा सचेतकुमार शाहकी छोरी चरित्रा शाहले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. तह उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका राष्ट्रिय र स्थानीय विभिन्न पत्रपत्रिकामा फुटकर कविता, कथा, निबन्ध आदि प्रकाशित भएका छन् । २०६३ सालमा प्रकाशित 'उषा' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनको 'सुनगाभा' (२०६६) शीर्षकको पुस्तकाकार कृति पनि प्रकाशित भएको छ । नेपालका विभिन्न स्थानको भ्रमण गर्ने उनी 'विष्णुनुमा स्मृति प्रतिभा

पुरस्कार' २०६६, 'जनकलाल तथा मनकुमारी स्मृति साहित्य पुरस्कार' २०६७ बाट पनि पुरस्कृत भएकी छिन् ।

**चाँदनी के.सी.**

चाँदनी के.सी.को जन्म २०४८ वैशाख १४ गते राँङ्सी - ७, रोल्पामा भएको हो । आमा जयमाला के.सी. र बुबा चन्द्रबहादुर के.सी.की छोरी चाँदनी के.सी. बी.एड. अध्ययनरत छिन् । २०६२ सालमा प्रकाशित 'मेरो गाउँ' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । 'उद्दीप्त मन' (२०६९) गजलसङ्ग्रह प्रकाशित गराउने उनका फुटकर कविता, गजल आदि पनि विभिन्न स्थानीय र राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'सरूपाचित्र नारी प्रतिभा पुरस्कार' २०७० पुरस्कारबाट सम्मानित चाँदनी के.सी.ले नेपालका विभिन्न स्थलको भ्रमण गरेकी छिन् ।

**चाँदनी शाह**

चाँदनी शाहको जन्म २००६ साल कात्तिक २२ गते काठमाडौँको लाजिम्पाटमा भएको थियो । आमा रानी राज्यलक्ष्मी राणा तथा बुबा जनरल केन्द्रशमशेर जङ्गबहादुर राणाकी छोरी चाँदनी शाहको खास नाम ऐश्वर्यराज्यलक्ष्मी देवी शाह हो । उनी नेपाल राष्ट्रको श्री ५ बडामहारानी थिइन् । उनले स्नातक उपाधि प्राप्त गरिन् । सङ्गीतको पनि अध्ययन गरेकी उनी मूलत: गीतलेखन कार्यमा सक्रिय रहेकी थिइन् । उनका अधिकांश गीतहरू सङ्गीतबद्ध पनि भएका छन् । २०३१ बाट उनी औपचारिक रूपमा नेपाली काव्य क्षेत्रमा सक्रिय भएकी थिइन् । उनको 'चाँदनी शाहका रचना' (गीतिकवितासङ्ग्रह, २०४३) प्रकाशित भएको छ । उनका रचनाहरू विभिन्न भाषामा अनुवाद पनि भएका छन् । चाँदनी शाहको विषयमा अध्ययन र समीक्षा गरिएको 'चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश' बृहत् समालोचनात्मक ग्रन्थ २०४३ सालमा नरेन्द्रराज प्रसाईको सम्पादनमा प्रकाशित भएको थियो । शाह सामाजिक सेवा

राष्ट्रिय समन्वय परिषद्को संस्थापक अध्यक्ष, पशुपतिक्षेत्र विकास कोषको संस्थापक अध्यक्ष, नेपाल स्काउटको प्रमुख संरक्षक पनि रहेकी थिइन् । २०५८ साल जेठ १९ गते उनको गोली हानी हत्या गरिएको थियो ।

**छिन्नलता**

छिन्नलताको खास नाम तुलसीकुमारी हो । उनी नेत्रकुमारी, राधा र रमोला आदि नामले पनि प्रसिद्ध छिन् । आमा हीरामाया मानन्धर र बुबा हर्षनारायण मानन्धरकी छोरी छिन्नलताको जन्म १९८० असार शुल्क एकादशीमा भएको थियो । उनको तत्कालीन अधिराजकुमार वसुन्धरासँग १५ वर्षको उमेरमा विवाह भएको थियो । उनी विशेषत: गीतलखेनको क्षेत्रमा चर्चित छिन् । उनका 'अन्तर्भावना' (२०२८), 'अन्तरङ्ग' (२०३०), 'अन्त:स्पन्दन' (२०४३) र 'अन्तर्वेदना' (२०५१) जस्ता गीतसङ्ग्रह प्रकाशित भएका छन् । उनका केही गीतहरू अङ्ग्रेजीमा 'द हार्ट रिङ्ग' (The heart ring); हिन्दीमा 'विरह के काँटे प्यार के फूल' तथा उर्दूमा 'सोज ए - दिल' शीर्षकमा अनूदित भएका छन् । उनी 'रत्नश्री स्वर्णपदक' (२०३२), 'लोकप्रियादेवी पुरस्कार' (२०४५), 'मैना पुरस्कार' (२०५४) जस्ता पुरस्कारहरूबाट सम्मानित भएकी थिइन् । उनले आफ्नै जीवनकालमा स्थापना गरेको 'छिन्नलता गुठी'ले गीतसङ्गीत क्षेत्रका प्रतिभाहरूलाई छिन्नलता पुरस्कार प्रदान गर्छ । उनले नेपालका विभिन्न स्थान तथा एसिया, युरोप र अमेरिकाका विभिन्न देश भ्रमण गरेकी थिइन् । उनको मृत्यु २०५७ मङ्सिर १९ गते काठमाडौँमा भएको हो ।

**जमुना सायमी**

जमुना सायमीको जन्म सन् १९५८ अक्टोबर १० मा भएको हो । एम.एस्सी उत्तीर्ण गरेकी जमुनाको 'तिमी एउटा बाँसुरी हौ भने' (२०५३) कवितात्मक पुस्तकाकार रचनाकृति प्रकाशित भएको छ ।

**जयन्ता पोखरेल**

जयन्ता पोखरेलको जन्म २०२७ वैशाख १६ गते खोटाङमा भएको हो । आमा पुण्यमाता पोखरेल तथा बुबा केदार पोखरेलकी छोरी जयन्ता पोखरेलले आई.कम.सम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'मेरो अर्थमा' (कवितासङ्ग्रह, २०६२) प्रकाशित भएको छ । राष्ट्रिय तथा स्थानीयस्तरका विभिन्न पत्रपत्रिकामा सयौँ फुटकर लेखरचना प्रकाशन गराउने पोखरेलको २०४६ मा प्रकाशित 'भोलि तँ नआइज' शीर्षकको कविता नै प्रथम प्रकाशित रचना हो । उनी रिम्स निर्णायक सम्मान, धर्नासो कदरपत्र, आदि पुरस्कारबाट सम्मानित पनि भएकी छिन् । स्वदेशका अधिकांश जिल्लाको भ्रमण गर्ने उनले भारत, भुटान आदि मुलुकको पनि भ्रमण गरेकी छन् ।

**जयन्ती शर्मा**

जयन्ती शर्माको जन्म २००५ असार महिनामा महाराजगञ्ज, काठमाडौँमा भएको हो । आमा हेमकुमारी तथा बुबा दिवाकर नेपालकी छोरी जयन्ती शर्माले नेपाली विषयमा एम.ए.तहको शिक्षा पूरा गरेकी छिन् । उनको 'मृत्युदूत' (२०७०) पुस्तकाकार कृति प्रकाशित भएको छ । २०२७ सालमा 'जयन्ती' पत्रिकामा प्रकाशित 'निम्तो भयो यो आजै' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय फुटकर कविता र कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित पनि भएका छन् । शिक्षा पुरस्कार, दीर्घ सेवा पुरस्कारबाट समेत सम्मानित छन् ।

**जयन्ती 'स्पन्दन'**

जयन्ती 'स्पन्दन'को जन्म २०२९ चैत १५ गते सिन्धुलीमा भएको हो । आमा नर्मदेश्वरी सत्याल तथा बुबा डा. मदनप्रसाद सत्यालकी छोरी जयन्तीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । सरकारी सेवामा संलग्न उनका 'आमाछोरी'

(संयुक्त लेखन, कवितासङ्ग्रह, २०५८), 'वक्तृता आजको आवश्यकता' (संयुक्त लेखन, २०६२), 'दिदीबहिनी' (संयुक्त लेखन, एकाङ्की सङ्ग्रह, २०६३), 'नानी मेरी सानी' (बालकवितासङ्ग्रह, २०६९) प्रकाशित पुस्तकाकार रचनाकृति हुन् । 'गोरखापत्र'मा २०४५ सालमा प्रकाशित 'म बूढी भइछु' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका कतिपय फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विभिन्न साहित्यिक संस्थाहरूमा आबद्ध उनी शिक्षा पुरस्कार आदिबाट पनि सम्मानित भएकी छिन् । भारत, सिङ्गापुर, बेलायत आदि देशको भ्रमण गर्ने उनको हाल काठमाडौँमा बसोवास रहेको छ ।

**जया राई**

जया राईको जन्म नोभेम्बर ८ मा भएको हो । जया राईले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. को अध्ययन पूरा गरेकी छिन् । उनका 'बेकर स्ट्रिटका दुई आँखा' (कथासङ्ग्रह, सन् २०११) 'डम्बरी' (कथासङ्ग्रह, सन् २००५) प्रकाशित भएका छन् । उनी कथा, कविता, निबन्ध लेखनमा सक्रिय छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनी द्वितीय अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, सन् २०११ मा लन्डनको प्रमुख संयोजक भई महत्त्वपूर्ण भूमिका निर्वाह गरिन् । उनी अन्तर्राष्ट्रिय वाङ्मय प्रतिष्ठान बेलायतका महासचिव र बेलायतका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**जलजला रोकामगर**

जलजला रोकामगरको जन्म २०५१ जेठ ४ गते लिवाङ-६, रोल्पामा भएको हो । आमा सुशीला रोकामगर र बुबा विर्षमान रोकामगरकी छोरी जलजला रोकामगर स्नातक अध्ययनरत छिन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनको 'समर्पण' (२०६८) शीर्षकको गजलसङ्ग्रह प्रकाशित भएको छ । उनी 'सरूपाचित्र नारी प्रतिभा पुरस्कार' २०६९ बाट सम्मानित पनि भएकी छिन् ।

**जलन**

जलनको वास्तविक नाम रत्न मोक्तान ठकुरी हो । उनको जन्म सन् १९४० मार्च २३ मा भन्सोङ, भारतमा भएको थियो । आमा यमुना मोक्तान तथा बुबा रूपलाल मोक्तानकी छोरी जलनको 'जलनका कथाहरू' (सन् २००४) शीर्षकको कथासङ्ग्रह प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत फुटकर रचनाको प्रकाशन गर्ने जलनका रेडियो नाटकहरू 'वसुधा' (सन् २००२) र 'मोतीको मूल्य' रेडियो नेपालबाट प्रसारित पनि भएका छन् । सन् १९६९ मा 'धुवाँ' पत्रिकामा प्रकाशित 'मेरो व्यथा मेरो कथा' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनको मृत्यु सन् २००४ जुन ८ मा भयो ।

**जलेश्वरी श्रेष्ठ**

जलेश्वरी श्रेष्ठको जन्म २००३ सालमा वटुटोल, काठमाडौँमा भएको हो । आमा हरिदेवी श्रेष्ठ तथा बुबा शरणलाल श्रेष्ठकी छोरी एवम् वरिष्ठ कवि द्वारिका श्रेष्ठकी धर्मपत्नी जलेश्वरी श्रेष्ठले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'लाभाका बाफहरू' (कथासङ्ग्रह, २०५८), 'मौन विद्रोह' (कथासङ्ग्रह, २०६०), 'परीको घर' (बालकथासङ्ग्रह, २०६०), 'निसाको जन्मदिन' (बालकथासङ्ग्रह), 'मिहिनेती गौरी' (बालउपन्यास, २०६१), 'नियति चक्र' (उपन्यास, २०६९) आदि पुस्तकाकार कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा पनि उनका फुटकर रचनाहरूको प्रकाशन भएको पाइन्छ । उनको पहिलो प्रकाशित रचना २०५७ मा 'गोरखापत्र'मा प्रकाशित 'भगवती' शीर्षकको कथा हो । 'गंकी-वसुन्धरा धुस्वाँ पुरस्कार' २०७०, 'बालसाहित्य प्रतिष्ठान सम्मान', 'नेपाली साहित्य मन्दिर पुरस्कार', 'निष्ठा सम्मान' आदिबाट सम्मानित उनले भारत, बर्मा, सिङ्गापुर, थाइल्यान्ड, अमेरिका आदि मुलुकको पनि भ्रमण गरेकी छन् ।

**जानकी पन्त**

जानकी पन्तको जन्म सन् १९७४ मे २३ मा दाङमा भएको हो । कम्प्युटर इन्जिनियर जानकी पन्तको 'जून तिम्रै आकाशको' (गीत, २०५९) कृति प्रकाशित भएको छ ।

**जानुका अनजान**

जानुका अनजानको खास नाम जीतमाया गुरुङ हो । उनको जन्म २०३२ मङ्सिर २२ गते तीनकन्या-८, सिन्धुलीमा भएको हो । आमा इन्द्रमाया गुरुङ तथा बुबा तीर्थबहादुर गुरुङकी छोरी जानुका अनजानले प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'कुहिरोको घुम्टो' (गजलसङ्ग्रह, २०६९) प्रकाशित भएको छ । उनको 'सिन्धुलियन' गीतिएल्बम् २०६९ पनि प्रकाशमा आएको छ । २०४८ सालमा प्रकाशित 'नारी आह्वान' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**जिन्दा राई 'अज्ञात'**

जिन्दा राई 'अज्ञात' को जन्म २०३९ असोज २८ गते सल्यान-१, सोलुखुम्बुमा भएको हो । बी.एड.सम्मको शिक्षा पूरा गरेकी राई शिक्षण पेसामा आबद्ध छिन् । उनको 'सोलुखुम्बु गजल सँगालो' (२०६९, सहलेखन) प्रकाशित भएको छ ।

**जुनुदेवी पौडेल**

जुनुदेवी पौडेलको जन्म १९८३ असार १४ गते दुराडाँडा, लमजुङमा भएको हो । उनको 'व्यास-विरह' शोककाव्य प्रकाशित छ ।

**जुनु क्षेत्री**

जुनु क्षेत्रीको पूरा नाम जमुनाकुमारी क्षेत्री हो । उनको जन्म २०२७ मङ्सिर १ गते कलैया, बारामा भएको हो । आमा मायादेवी क्षेत्री तथा बुबा नयनबहादुर क्षेत्रीकी छोरी जुनु क्षेत्री मूलत: कविता, हाइकु, कथा, नियात्रालेखनमा सक्रिय स्रष्टा हुन् । उनको 'जूनका

पाइला' शीर्षकको नियात्रासङ्ग्रह प्रकाशित भएको छ । 'उत्कृष्ट भोजपुरी काव्य पुरस्कार' २०४८, 'सगर काव्य पुरस्कार' २०४९, 'राष्ट्रिय कविता महोत्सव पुरस्कार' २०६२, 'सृजना सम्मान' २०६२, 'राष्ट्रिय गजल महोत्सव पुरस्कार' २०६२ आदिबाट पुरस्कृत उनी हाल यसम-९, मझुवा, ओखलढुङ्गामा बसोवास गर्दछिन् ।

**ज्योति अधिकारी**

ज्योति अधिकारीको जन्म २०१६ सालमा भएको हो । उनले एम.फिल. को अध्ययन पूरा गरेकी छन् । उनका थुप्रै कृति रहेका छन् । 'सेवा नै धर्म हो' (२०५९), 'काम गर्ने कालु मकै खाने भालु' (२०५९), 'आमाको माया' (२०५९), 'पखेटे भाँडो' (२०६१), 'फुच्चे' (२०६१), 'बुद्धिमान् झिँगा' (२०६१), 'जङ्गलमा मङ्गल' (२०६४), 'फुर्के बाँदर र हर्के सिंह' (२०६५), 'रबर्ट र सुनामी' (२०६५), 'अटेरी डल्फिन' (२०६५), 'रामसिंहको फार्म हाउस' (२०६५), 'अचम्मको बाँदर' (२०६५) जस्ता बाल साहित्यिक कृति लगायत 'शिक्षा मानवीय मूल्य' (२०५९), 'रिदम इन थेम' (२०५९) जस्ता कृति पनि प्रकाशित छन् ।

**ज्योति जङ्गल**

ज्योति जङ्गलको जन्म २०२९ साल फागुन २ गते शान्तिपुर, इलाममा भएको हो । व्यवस्थापनमा स्नातकोत्तर तह उत्तीर्ण उनका 'पहाडको मन' (२०६२), 'अक्षरमा तिमी' (गजल, २०६५) जस्ता कृति प्रकाशित छन् । उनले 'मोनालिया' (२०६७) को सम्पादन पनि गरेकी छिन् । उनी 'मोतीराम राष्ट्रिय साहित्य प्रतिष्ठान'की अध्यक्ष पनि हुन् ।

**ज्योति पौडेल**

ज्योति पौडेलको जन्म काठमाडौँमा भएको हो । अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण उनका 'ज्योतिका गीतहरू' (गीतिसङ्ग्रह, सन् २००७) तथा 'मन त मेरो स्वदेशमै' (सन् २००५) गीतिएल्बम् पनि प्रकाशमा आएको छ । साथै उनका थुप्रै फुटकर

कविता, कथा आदिको पनि पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्युयोर्क च्याप्टरकी पूर्व अध्यक्ष पौडेल हाल न्युयोर्क अमेरिकामा रहेकी छिन् ।

**ज्योतिबाला लामा**

ज्योतिबाला लामाको जन्म सन् १९६८ रामपुरे बस्ती, तकदाह दार्जिलिङमा भएको हो । आमा इन्द्रवती लामा र बुबा इन्द्रकिशोर लामा (बमजन) की छोरी ज्योतिबाला लामाले विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'समाजको उदाङ्गो मानचित्र' (कवितासङ्ग्रह, सन् २००३), 'श्रद्धाञ्जली' (कवितासङ्ग्रह, सन् २०१३) प्रकाशित कृति हुन् । उनको विभिन्न पत्रपत्रिकामा फुटकर कविता, कथाको प्रकाशन पनि भएको छ । सन् १९८९ मा प्रकाशित 'बलिदान' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**झमक घिमिरे**

झमक घिमिरेको जन्म २०३७ साल असार २१ गते कचिडे, धनकुटामा भएको हो । झमक घिमिरेकी आमा आशादेवी र बुबा कृष्णबहादुर घिमिरे हुन् । स्वाध्ययन गर्ने घिमिरेका 'सङ्कल्प' (२०५५), 'मान्छेभित्रका योद्धाहरू' (२०५७), 'आफ्नै चिता अग्निशिखातिर' (२०५७), 'नौलो प्रतिविम्ब' (२०६०) जस्ता कवितासङ्ग्रह र 'पर्दा-समय र मान्छेहरू' (कथासङ्ग्रह, २०६२), 'सम्झनाहरू बाछिटाहरू' (२०५७), 'बेमौसमका आस्थाहरू' (२०६३), 'जीवन काँडा कि फूल' (२०६७), 'रात र भूतप्रेतहरूको कथा' (२०६८) जस्ता निबन्धात्मक कृतिहरू तथा 'अवशानपछिको आगमन' (२०५७) कृति प्रकाशित छन् । उनको 'जीवन काँडा कि फूल' 'मदन पुरस्कार' (२०६७) बाट पुरस्कृत भएको छ । जन्मजात अपाङ्ग झमक घिमिरे खुट्टाका औँलाका सहायताले लेखन कार्यमा समर्पित छिन् । उनी 'प्रबल गोरखादक्षिणबाहु चौथो' (२०५७), 'क्षेत्रीय प्रतिभा

पुरस्कार' (२०६५), 'उत्तम शान्ति पुरस्कार' (२०६७), 'पद्मश्री साहित्य सम्मान' (२०६७) जस्ता दर्जनौं पुरस्कारबाट सम्मानित भएकी छन् ।

**टीका आत्रेय**

टीका आत्रेयको खास नाम टीकादेवी पौडेल हो । उनको जन्म इलामको फुएतप्पा गाविस - ५मा भएको हो । आमा पुण्यप्रभा पौडेल तथा बुबा नरेन्द्रकान्त पौडेलकी छोरी टीका आत्रेयले त्रिभुवन विश्वविद्यालयबाट जनसङ्ख्या शिक्षामा एम.ए., बी.एड.को उपाधि लिएकी छिन् । प्राध्यापन पेसामा संलग्न उनी फुटकर कविता, गजल आदि लेखनकार्यमा पनि संलग्न रहेकी छिन् । २०५४ सालमा प्रकाशित 'आधुनिक समाजभित्र' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । विभिन्न सामाजिक, प्राज्ञिक, राजनीतिक सङ्घसंस्थाहरूमा समेत आबद्ध उनको 'मनको क्षितिज' (गजलसङ्ग्रह, २०६८) प्रकाशित भएको छ । 'जुही गजल रत्न सम्मान' २०६८, 'नारायणीदेवी शैक्षिक अवार्ड' सन् २००९, 'नरेन्द्र चापागाई स्मृति प्रतिष्ठान सम्मान' २०६८, 'तुलसास्मृति वाणी गजल सम्मान' २०६९ आदिबाट पुरस्कृत र सम्मानित उनले भारत र नेपालका विभिन्न स्थानको भ्रमण गरेकी छन् ।

**तारा के.सी.**

तारा के.सी.को जन्म २०३२ भदौ १३ गते, पनौती-१, काभ्रेमा भएको हो । आमा मखमली के.सी. तथा बुबा मोहनबहादुर के.सी.की छोरी तारा के.सी.ले प्रमाणपत्र तहको अध्ययन पूरा गरेकी छिन् । उनको 'तारापुञ्ज' (२०६७) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर कविता, कथा आदि विभिन्न साहित्यिक पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५० सालमा प्रकाशित 'बिस्कुन' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**तारा चापागाईं**

तारा चापागाईंको जन्म २०३२ मङ्सिर १३ गते दिङ्गला, भोजपुरमा भएको हो । आमा गङ्गा चापागाईं तथा बुबा उद्धव

चापागाईंकी छोरी तारा चापागाईंले त्रिभुवन विश्वविद्यालयबाट जनसङ्ख्या शिक्षा, ग्रामीण विकास तथा समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनी विशेषत: बालसाहित्यको क्षेत्रमा सक्रिय रहेकी छिन् । उनको पहिलो प्रकाशित रचना 'सहयोगी हातहरू' शीर्षकको बालकथा हो, जुन बालकथा 'मुना' (२०६९) पत्रिकामा प्रकाशित भएको थियो । उनको 'सहयोगी हातहरू' शीर्षककै बालकथासङ्ग्रह २०७० सालमा प्रकाशित भएको छ ।

**तारादेवी रेग्मी**

तारादेवी रेग्मीको जन्म १९६९ सालमा भएको हो । म्याट्रिक पास गर्ने उनका 'मनोरमा शिक्षा' (भाग–१ र २ : प्रबन्ध २००४), 'ग्रामविकास योजना' (२००६), 'अर्जुनगीता' (काव्य, २०१०) र 'नेपाल विवाह बिल' (२०११) गरी चारवटा कृति प्रकाशनमा आए । तत्कालीन समयमा उनी क्रान्तिकारी थिइन् । यिनले राणाकालमा नै म्याट्रिक उत्तीर्ण गरेकी थिइन् । यिनी आफू बीस वर्षकी भएपछि नारीहित, नारीजागरण र नारीशिक्षाका लागि कलैया र बारामा निक्कै सक्रिय भएर लागेकी थिइन् । यिनी अखिल नेपाल महिला सङ्घकी अध्यक्ष पनि भइन् । २०५४ सालमा यिनको स्वर्गारोहण भयो ।

**तारा पुन 'निसानी'**

तारा पुन 'निसानी' को जन्म २०४२ कात्तिक १ गते ह्वामा-९, निस्वाङ, रोल्पामा भएको हो । आमा धनसरा पुन र बुबा सन्तवीर पुनकी छोरी तारा पुनको 'जिन्दगी' (२०६०) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ ।

**तारावदन श्रेष्ठ**

तारावदन श्रेष्ठको जन्म २०११ माघ १ गते शोणितपुर, चुनिखेल, थानकोट (काठमाडौँ) मा भएको हो । आमा तेजकुमारी श्रेष्ठ तथा बुबा रामबहादुर श्रेष्ठकी छोरी तारावदनले बी.ए.को शिक्षा पूरा गरेकी छिन् । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेखरचना प्रकाशित

गराइराख्ने श्रेष्ठको प्रथम प्रकाशित रचनाचाहिँ २०६५ सालमा 'शशाङ्क' पत्रिकामा प्रकाशित 'मुक्तिनाथको यात्रा' शीर्षकको नियात्रा हो । 'रामबहादुर तथा तेजकुमारी श्रेष्ठ स्मृति कोष' नामक सङ्घसंस्थासँग आबद्ध श्रेष्ठको बालसाहित्यसँग सम्बन्धी 'माकुराको जुत्ता' (२०६८) शीर्षकको ग्रन्थ प्रकाशित छ । उनले नेपाल र भारतका विभिन्न स्थानहरूको भ्रमण गरेकी छन् ।

**तारा लोहार लेप्चा**

तारा लोहार लेप्चाको जन्म १९६० अगस्त २१ मा मङ्पू सिन्कोना बगान, भारतमा भएको हो । आमा निरमाया लोहार र बुबा डम्बरसिंह लोहारकी छोरी तारा लोहार लेप्चाले नेपाली विषयमा एम.ए., बी.एड.को शिक्षा पूरा गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'शरद्चन्द्र व्यक्ति औं कलाकार' (अनुवाद, सन् २००२), 'विद्रोहमा उठेका आवाजहरू' (कविता र लेखसङ्ग्रह, सन् २०१०) प्रकाशित कृति हुन् । अन्य समसामयिक पत्रिकाहरूमा पनि उनका कविता, समालोचना आदिको प्रकाशन भएको पाइन्छ । रेडियो खरसाङबाट उनका पचासभन्दा बढी वार्ताहरू प्रसारित भएका छन् । विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध उनी मङ्पू महत् सम्मेलनमा सम्मानित भएकी छिन् ।

**तीर्थकुमारी वाइबा**

तीर्थकुमारी वाइबाको जन्म २०४३ माघ १८ गते अमरपुर ५, पाँचथरमा भएको हो । आमा वीरमाया वाइबा (थिङ)र बुबा डिलबहादुर वाइबाकी छोरी तीर्थकुमारी वाइबाले एम.एड.को शिक्षा आर्जन गरेकी छिन् । अध्यापन पेसामा संलग्न उनको 'दुखाइभित्रका कथाहरू' (गजलसङ्ग्रह, २०६४) प्रकाशित भएको छ । उनका फुटकर लेखरचनाहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी पाँचथर गजलमञ्चद्वारा सम्मानित पनि भएकी छिन् ।

**तीर्थदेवी सिलवाल**

आमा रिबकुमारी सिलवाल तथा बुबा खडकबहादुर सिलवालकी छोरी तीर्थदेवीको जन्म २००५ मङ्सिर १६ गते सेलाङ, सिन्धुपाल्चोकमा भएको हो । उनको 'आदिम यात्रा' (२०५१), 'खोज्दै जाँदा तिमीलाई' (२०५३, सहलेखन) कृति प्रकाशित भएका छन् । २०४९ सालमा प्रकाशित 'रहरले मात्र फुल्दैन' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । विभिन्न पुरस्कारबाट सम्मानित उनको हेटौँडामा बसोवास रहेको छ ।

**तुलसा आचार्य**

तुलसा आचार्यको जन्म २०२१ फागुन १९ गते हलवार गाविस-५, घोरानेटी, दाङमा भएको हो । आमा भुमादेवी गौतम र बुबा हरिप्रसाद गौतमकी छोरी तुलसा आचार्यले एस.एल.सी. सम्मको शिक्षा पूरा गरेकी छिन् । उनको 'मातृवियोग' (२०७०) शीर्षकको शोककाव्य प्रकाशित भएको छ । उनका केही फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**तुलसी शर्मा**

तुलसी शर्माको जन्म २०३८ कात्तिक ५ गते मुडभरा गाविस, डोटीमा भएको हो । आमा यशोदादेवी शर्मा र बुबा प्रजापति शर्माकी छोरी तुलसाले एम.ए., बी.एड. उत्तीर्ण गरेकी छन् । शिक्षण पेसामा संलग्न उनको 'भाउजू' (उपन्यास,२०५९) प्रकाशित छ ।

**तृष्णाराज्यश्री कुँवर**

तृष्णाराज्यश्री कुँवरको जन्म २०३२ मङ्सिर २० गते सुकैली, नवलपरासीमा भएको हो । स्नातकोत्तर तह उत्तीर्ण गर्ने कुँवर स्वतन्त्र पत्रकारितामा संलग्न रहेकी छिन् । उनका 'सेराज अहमद' (कथासङ्ग्रह, २०६६), 'प्रारम्भ' (उपन्यास, २०५९) प्रकाशित छन् । उनी 'नेपाली

माटो साहित्य सम्मान' (२०६५), 'प्रहरी साहित्य पुरस्कार' (२०६५) बाट सम्मानित भएकी छिन् ।

### तोया गुरुङ

तोया गुरुङको जन्म २००४ साल चैत ५ गते सिन्धुपाल्चोकको तातोपानी कोदारीमा भएको हो । आमा पदमकुमारी र बुबा पूर्णबहादुर गुरुङकी छोरी तोया गुरुङले एम.ए., बी.एल.सम्मको अध्ययन पूरा गरेकी छिन् । बैङ्कको जागिरबाट उनले अवकाशप्राप्त गरेकी छिन् । उनका 'सूर्योदय' (कवितासङ्ग्रह, २०४२), 'धूपी' (लामो कविता, २०५२), 'देवल घुमेपछि' (कवितासङ्ग्रह, २०५२) जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । २०१९ सालमा 'स्वास्नीमान्छे' द्वैमासिक पत्रिकामा 'मेरो इतिहास बन्नेछ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका दुई सय जति फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी 'प्रतिभा पुरस्कार' २०४३, 'व्यथित काव्य पुरस्कार' २०४५, 'रत्नश्री स्वर्णपदक' २०४६, 'देवकोटा काव्य पुरस्कार' आदिबाट पनि सम्मानित भएकी छिन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानकी प्रथम महिला सदस्य तोया गुरुङले नेपालका विभिन्न जिल्ला तथा भारत, श्रीलङ्का, हङकङ, थाइल्यान्ड आदि देशको पनि भ्रमण गरेकी छिन् ।

### दिपिसा कैजी

दिपिसा कैजीको जन्म २०४५ साल असोज २० गते पाखा, कालीकोटमा भएको हो । आमा जानकी विष्ट तथा बुबा कृष्ण विष्टकी छोरी दिपिसाको 'अश्रु दोभान' (हाइकुसङ्ग्रह, २०६०) प्रकाशित छ ।

### दिलकुमारी बुढामगर (दिलु)

दिलकुमारी बुढामगरको जन्म २०४३ फागुन ११ गते इरिबाङ-४, चाबाङ, रोल्पामा भएको हो । आमा बिरमाली बुढा र बुबा बिरु बुढाकी छोरी दिलकुमारी बुढा हाल स्नातक तहमा अध्यनरत छिन् ।

व्यापार पेसामा संलग्न उनको पहिलो प्रकाशित रचना २०६९ सालमा 'शितबिन्दु' पत्रिकामा प्रकाशित 'गजल' विधाको रचना रहेको छ । उनको 'स्मृतिका पानाहरू' (२०६९) शीर्षकको गजलसङ्ग्रह पनि प्रकाशित भएको छ । विभिन्न प्रतियोगितामा पुरस्कृत हुने उनका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् ।

**दिव्यप्रभा खनाल**

दिव्यप्रभा खनालको जन्म १९८३ असारमा डिल्लीबजार, काठमाडौँमा भएको हो । उनका 'प्रभुस्तुति' (२०४०), 'कृष्णकन्हैया' (काव्य, २०६८), 'श्रीरामगाथा' जस्ता कवितात्मक पुस्तकाकार कृति प्रकाशित छन् ।

**दिव्यलक्ष्मी पोखरेल**

दिव्यलक्ष्मी पोखरेलको जन्म २०१४ असोज २८ गते सिन्धुली जिल्लामा भएको हो । आमा रमादेवी मिश्र तथा बुबा लक्ष्मीप्रसाद मिश्रकी छोरी दिव्यलक्ष्मीको 'आमाको स्नेह' (कवितासङ्ग्रह, २०६५) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा उनका लेखरचना तथा अन्तर्वार्तासमेत प्रकाशित भएका छन् ।

**दीपशिखा विष्ट**

दीपशिखा विष्टको वास्तविक नाम धनमाला विष्ट हो । उनको जन्म २०५१ मङ्सिर २९ गते मिझिङ १, रोल्पामा भएको हो । आमा भिमलादेवी विष्ट तथा बुबा गजबहादुर विष्टकी छोरी दीपशिखा विष्टको 'क्रान्तिकारी हातहरू' (२०७०) संयुक्त गजलसङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

**दीपा एवाई राई**

दीपा एवाई राईको जन्म सन् १९७४ जुन २६ मा इलाममा भएको हो । आमा प्रेमकुमारी राई तथा बुबा गङ्गाप्रसाद राईकी

छोरी दीपा एवाई राईले बी.ए. उत्तीर्ण गरेकी छन् । उनको 'अर्धवृत्त' (२०६६) कवितासङ्ग्रह प्रकाशित भएको छ । उनी समुच्च विचार साहित्यको प्रवर्तक, हङ्कङ साहित्य साझा शृङ्खलाको संयोजक रहेकी छन् । हाल उनी हङकङमा रहेकी छिन् ।

**दीपा ऐर उदासी**

दीपा ऐर उदासीको जन्म २०४० सालमा भएको हो । आमा हीरादेवी ऐर र बुबा गगनसिंह ऐरकी छोरी दीपा ऐर एम.ए. मा अध्ययनरत छिन् । उनका 'घामछाया' (गजलसङ्ग्रह, २०६६), 'आँखामा राखी हेर' (कवितासङ्ग्रह, २०६६), 'तिम्रो आकृति' (गीतसङ्ग्रह, २०६६) प्रकाशित छन् । उनी विभिन्न साहित्यिक संस्थाबाट पुरस्कृत भएकी छन् ।

**दीपा चौलागाई खनाल**

दीपा चौलागाई खनालको जन्म २०४२ माघ ३ गते कान्तिके देउराली-९ काभ्रेपलाञ्चोकमा भएको हो । आमा गीता चौलागाई तथा बुबा द्वारिका चौलागाईकी छोरी दीपा चौलागाईले बी.एड.को शिक्षाआर्जन गरेकी छिन् । उनको 'क्षितिजलाई नियाल्दै जाँदा' (२०६६) पुस्तकाकारकृति प्रकाशित भएको छ । उनका कतिपय रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् ।

**दीपा ढकाल आँसु**

दीपा ढकाल आँसुको जन्म २०४७सालमा पहलमानपुर गाविस, कैलालीमा भएको हो । आमा चन्द्रकला र बुबा कमल ढकालकी छोरी दीपा ढकालको चौध वर्षकै उमेरमा गजलसङ्ग्रह 'शान्तिको बिगुल' प्रकाशित भएको छ । उनले कलिलै उमेरमा पुस्तकाकार कृति प्रकाशित गराएकी छन् ।

**दीपा राई**

दीपा राईको जन्म सन् १९७३ सेप्टेम्बर २९ मा भारतको मिरिकमा भएको हो । आमा रेन्जु राई र बुबा लक्ष्मण राईकी छोरी

दीपा राईले 'ब्रिटिस इन्स्टिच्युट', मुम्बईबाट एस.डी.एफ.ए.को शिक्षा प्राप्त गरेकी छिन् । चित्रकला आदिमा राम्रो दख्खल भएकी राईले पटकपटक कला प्रदर्शनीसमेत गरेकी छिन् । विभिन्न सम्मेलन, समारोहमा उपस्थित हुने राई विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित पनि भएकी छिन् । 'सुनचरी' नेपाली पत्रिकामा प्रकाशित 'जिन्दगी' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनको 'दीपाको भ्रम' (सन् २००६) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । 'ओभिया आर्ट सर्किल', सिक्किमकी अध्यक्ष दीपा राई 'नेपाली साहित्य परिषद्', सिक्किममा पनि आबद्ध रहेकी छिन् । हाल उनी गान्तोक, सिक्किममा बसोवास गर्दछिन् ।

**दीप्स शाह**

दीप्स शाहको जन्म २०३८ सालमा थाक्रे गाविस-८, जुगेखोला, धादिङमा भएको हो । आमा शर्मिला सुवेदी र हरिप्रसाद सुवेदीकी छोरी दीप्स शाहले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनका फुटकर कविता, गजल, मुक्तक, कथा, निबन्ध, समसामयिक विषयका लेखहरू विभिन्न पत्रपत्रिकामा निरन्तर प्रकाशित भइराखेका छन् । २०५८ सालमा प्रकाशित कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनको 'प्रसून' (साहित्यिक सँगालो, २०६२), 'आगो' (कवितासङ्ग्रह, २०६७), 'मुस्कानी फूलहरू' (कवितासङ्ग्रह, २०६९) जस्ता कृति पनि प्रकाशित भएका छन् । 'नइ गणेशदुर्गा पुरस्कार'बाट समेत सम्मानित उनले भारत, प्यालिस्टाइन आदिको भ्रमण गरेकी छिन् । उनी इजरायलका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**दुर्गा घिमिरे**

दुर्गा घिमिरे २००५ साल वैशाख ३० गते धरानमा जन्मेकी हुन् । एम.ए., बी.एल.को शैक्षिक उपाधि ग्रहण गर्ने घिमिरेले जीवनको अधिकांश भाग समाजसेवामा बिताइन् । उनी नारी जागरणमुखी विभिन्न सङ्घसंस्थामा पनि सक्रिय भइन् । सुरुमा राजनीतिमा लाग्दा

उनी जेल पनि बसिन् । पछि उनी पूर्व बडामहारानी ऐश्वर्यबाट 'नारीसेवा समन्वय समितिको सभापति'मा पनि मनोनित भइन् । ए.बी.सी. नेपालको स्थापना गरेर उनले नारीहितका काम पनि प्रशस्तै गरिन् । उनले 'जेलको सम्झना' (२०५०) लेखेर 'उत्तम शान्ति पुरस्कार' पनि पाइन् । साथै उनले 'चेलीको कथा र व्यथा' (निबन्धसङ्ग्रह, २०६१) पनि लेखिन् । उनले विश्वका अठ्ठाईस मुलुकको भ्रमण गरेकी छिन् । साहित्यकार जगदीश घिमिरेकी धर्मपत्नी दुर्गा घिमिरे नेपाली राजनीति र सामाजिक पृष्ठभूमिमा अत्यन्त चर्चित नाउँ हो ।

**दुर्गादेवी आचार्याणी**

दुर्गादेवी आचार्याणीको जन्म १९५४ मा काठमाडौँमा भएको थियो । उनका 'अनसूयासीतासंवाद' (कथा, १९६५), 'भार्याकर्तव्य' (निबन्ध, १९७०) जस्ता कृति प्रकाशित छन् । उनको मृत्यु १९८५ मा भएको थियो ।

**दुर्गादेवी नेपाल**

दुर्गादेवी नेपालको जन्म १९९५ असोज १६ गते लिम्बा, पाँचथरमा भएको हो । आमा चित्ररेखा तथा बुबा पद्मलाल घिमिरेकी छोरी दुर्गादेवी नेपालले साधारण लेखपढ गर्न जानेकी छिन् । उनका 'उनैको माया' (बिलौनाकाव्य), 'बगेको खोला' (आत्मकथा) प्रकाशित भएका छन् । गणेशप्रसाद शर्मा नेपालकी धर्मपत्नी दुर्गादेवी 'गद्दी आरोहण रजत पदक'बाट सम्मानित हुनुका साथै उनी नइ प्रकाशनको संरक्षक पनि हुन् । उनको सम्मानमा नइ प्रकाशनले नइ गणेशदुर्गा पुरस्कारको स्थापना गरेको छ । उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत र अमेरिकाको पनि भ्रमण गरेकी छिन् ।

**दुर्गा पौड्याल**

दुर्गा पौड्यालको पूरा नाम दुर्गादेवी पौड्याल हो । उनको जन्म २०१८ चैत २ गते दिगाम गाविस– ६, बोहा, गुल्मीमा भएको

हो । आमा कुन्तादेवी ज्ञवाली तथा बुबा ऋषिराम ज्ञवालीकी छोरी दुर्गा पौड्यालले आई.ए., आई.एड.सम्मको शिक्षा पूरा गरेकी छिन् । शिक्षण पेसाबाट सेवानिवृत्त उनको 'काउ ब्वाएको देशमा' (संयुक्त नियात्रा, २०७०) प्रकाशित भएको छ । २०४८ सालबाटै निरन्तर रूपमा स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिकामा कविता, गीत, कथा, लेख, तथा बालसाहित्यिक रचनाको प्रकाशन गराउने उनको प्रथम प्रकाशित रचना प्रकाशित 'खुशी हुँदै बाँच्न देऊ' (२०५४) शीर्षकको कविता हो । उनले भारत र संयुक्त राज्य अमेरिकाको भ्रमण पनि गरेकी छिन् ।

### दुर्गा रिमाल अधिकारी

दुर्गा रिमाल अधिकारीको जन्म बैरेनी-८, गल्छी, धादिङ जिल्लामा भएको हो । आमा माया रिमाल र बुबा कृष्णप्रसाद रिमालकी छोरी दुर्गा रिमालले त्रिभुवन विश्वविद्यालयबाट एम.एड.सम्मको अध्ययन पूरा गरेकी छिन् । हाल अध्यापन कार्यमा संलग्न उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । उनको 'सृजनाका रहरहरू' शीर्षकको कृति पनि २०६८ सालमै प्रकाशित भएको छ । नेपालका विभिन्न स्थानको भ्रमण गर्ने रिमाल हाल काठमाडौँमा बसोवास गर्छिन् ।

### दुर्गा 'वनवासी'

दुर्गा वनवासीको खास नाम दुर्गा शिवाकोटी हो । उनको जन्म २०२८ असोज १७ गते बुधबारे-६, झापामा भएको हो । आमा हरिप्रिया शिवाकोटी तथा बुबा नन्दलाल शिवाकोटीकी छोरी दुर्गा 'वनवासी'ले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । 'भद्र घले सेवासदन', बानेश्वरमा कार्यरत उनका कविता, गजल, कथा आदि फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०७० सालमा

प्रकाशित 'सार्थक नाम' शीर्षकको जीवनी कृति उनको पहिलो प्रकाशित रचना कृति पनि हो । नेपाल र भारतका विभिन्न स्थानहरूको भ्रमण गर्ने उनी हाल बत्तीसपुतली, काठमाडौँमा बसोवास गर्छिन् ।

**देवकुमारी थापा**

देवकुमारी थापाको जन्म १९८४ साल चैत २ गते गिद्धेपहाड, खरसाङ, दार्जिलिङमा भएको हो । आमा रमादेवीसिंह कटुवाल तथा बुबा हस्तबहादुरसिंह कटुवालकी छोरी तथा मेजर बबरसिंह थापाकी धर्मपत्नी देवकुमारी थापाले स्कुलकालमै 'टुपेडो' शीर्षकको रचनाकृति लेखे पनि २००३ सालमा 'गोर्खा' पत्रिकामा पहिलो कथा 'पतन' प्रकाशित भएपछि मात्र उनको साहित्यिक जीवनको सुरुवात भएको हो । उनका 'एकादशी' (२०११), 'फुल्को' (२०१५), 'सेतो बिरालो' (२०२१), 'टपरी' (सन् १९६५), 'भोकतृप्ति' (२०४१), 'प्रलय प्रतीक्षा' (२०४४), 'देवकुमारी थापाका प्रतिनिधि कथा' (२०५१) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् । उनका 'रामको कथा' (२०३१), 'हुतारा ओरपरबाट' (२०३३), 'कथाको बटुलो' (२०३६), 'जङ्गलको कथा' (२०३७) 'सुनपखेरी चरी' (२०४२) जस्ता बालकथासङ्ग्रह प्रकाशित भएका छन् । उनका 'क्षण, विचार र स्मृतिहरू' (२०४९), 'पुण्यात्मा आमा' (शारदादेवीको जीवनी, सन् १९५२), 'छ तारा' (सन् १९५३) जस्ता निबन्धात्मक कृति पनि प्रकाशित भएका छन् । उनले 'नेपाली साहित्य : आजको सन्दर्भमा' कृतिको सम्पदान पनि गरेकी छिन् । जैविक रूपले नि:सन्तान उनले गहकिलो धन राशि राखेर आफैँले 'बबरसिंह थापा गुठी'को स्थापना गरिन् । उनी 'प्रबल गोरखादक्षिणबाहु', 'महेन्द्ररत्न भूषण', 'उत्तम कुँवर पुरस्कार', 'प्रतिभा पुरस्कार', 'रत्नश्री स्वर्णपदक', 'नूरगङ्गा पुरस्कार'बाट पनि सम्मानित बनेकी छिन् । उनको मृत्यु २०६८ साल वैशाख २२ गते आफ्नै निवास विराटनगर, मोरङमा भएको हो ।

**देवा पुन सानुनय**

देवा सानुनयको जन्म २०४४ कात्तिक १७ गते बुढागाउँ-३, लिङदुङ, रोल्पामा भएको हो । आमा नौरती पुन र बुबा रघुवीर पुनकी छोरी देवा सानुनय त्रिभुवन विश्वविद्यालय शिक्षा सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा अध्ययनरत छिन् । अध्यापन पेसामा संलग्न सानुनयको 'जिन्दगीको अभ्युदय' (२०६९) गीतिसङ्ग्रह प्रकाशित भएको छ ।

**देविका श्रेष्ठ**

देविका श्रेष्ठको जन्म २०४१ चैत १७ गते याम्खा-९, खोटाङमा भएको हो । देविका श्रेष्ठले नेपाली विषयमा बी.एड. उत्तीर्ण गरेकी छिन् । व्यापार पेसामा संलग्न उनको 'आजाद मनका सुसेलीहरू' (गजलसङ्ग्रह, २०६२) प्रकाशित भएको छ । हाल उनी दिक्तेल-१, खोटाङमा बसोवास गर्छिन् ।

**देवी शर्मा**

देवी शर्माको जन्म २००० जेठ १९ गते काठमाडौँ-३, जोरपाटीमा भएको हो । आमा रमादेवी लामिछाने र बुबा जगन्नाथ लामिछानेकी छोरी देवी शर्माले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. को उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी उनका विभिन्न पत्रपत्रिकामा दर्जनौँ फुटकर रचना, समीक्षा, समालोचना आदि प्रकाशित हुनुका अतिरिक्त 'शोध र समीक्षा' (समालोचनात्मक ग्रन्थ, २०४५), 'कटुसका फूलहरू' (कवितासङ्ग्रह, २०६२) प्रकाशित भएका छन् । 'कर्मिका' र 'युगश्री' पत्रिकाको सम्पादन कार्यमा संलग्न उनी विभिन्न सङ्घसंस्थासँग पनि जोडिएकी छिन् । उनी 'रत्नश्री स्वर्णपदक' (२०४४), 'भारती खरेल व्याख्यान पुरस्कार' (२०५४) आदि पुरस्कार र सम्मानबाट सम्मानित भएकी छिन् ।

**द्वारिका कुइकेल थापा**

द्वारिका कुइकेल थापाको जन्म २०२४ चैत २ गते नुवाकोटमा भएको हो । आमा गङ्गादेवी थापा र नरेन्द्रराज

थापाकी छोरी द्वारिका कुइकेलले आई.ए.को अध्ययन पूरा गरेकी छिन् । उनका 'विवशताका आँसु' (२०५८), 'अल्छी' (२०६०), 'ब्लफ कल' (२०६३), 'प्रेमपत्र' जस्ता कृति प्रकाशित भएका छन् । २०५८ सालमा प्रकाशित 'विवशताका आँसु' शीर्षकको आत्मकथा उनको प्रथम प्रकाशित रचना हो । विभिन्न पुरस्कारबाट सम्मानित उनले नेपालका निकै जिल्ला तथा भारत आदि देशको भ्रमण पनि गरेकी छिन् ।

**धनमाया तामाङ**

धनमाया तामाङको जन्म १९८७ फागुन २० गते काफलस्वाँरा, लमजुङमा भएको थियो । गायन कलामा निपुण उनको 'धन' (संस्मरण, २०६३) प्रकाशित भएको छ । उनी 'मधुरिमा फूलकुमारी महतो सम्मान' (२०५८) बाट सम्मानित भएकी छिन् । उनको निधन २०६१ पुस ५ गते भएको थियो ।

**धनुका राई**

धनुका राईको जन्म सन् १९७४ नोभेम्बर २८ मा धरारानी, सिम्पानी, खोटाङमा भएको हो । आमा लक्ष्मी राई तथा बुबा काशी राईकी छोरी धनुका राईले बी.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । व्यापार पेसामा संलग्न उनको 'बेमौसमी फूलहरू' (२०६८) गीतिसङ्ग्रह प्रकाशित छ । २०६१ मा प्रकाशित 'प्रेम र युद्ध' शीर्षकको रचना नै उनको पहिलो प्रकाशित रचना हो । उनका कतिपय रचनाहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् ।

**नन्दमाया नकर्मी**

डा.नन्दमाया नकर्मीको जन्म २०११ साल माघ २ गते क्षेत्रपाटी, काठमाडौँमा भएको थियो । उनले नेपालीमा पिएच्.डी. गरिन् । उनको प्रकाशित कृति 'नेपाली नाटकमा नारीसमस्या' (समालोचना : २०६३) हो । उनी पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापन गर्छिन् ।

**नमुना शर्मा**

नमुना शर्माले नेपालीमा एम.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'गजलपथका यात्रीहरू' (सहलेखन, गजलसङ्ग्रह, २०६१), 'कुरीतिलाई फालौँ' भाग- १ (तीज गीतसङ्ग्रह, २०६१), 'कुरीतिलाई फालौँ' भाग-२ (तीज गीतसङ्ग्रह, २०६२), 'कोसेली' (तीज गीतसङ्ग्रह, २०६४), 'उन्मुक्तिका पाइलाहरू' (कवितासङ्ग्रह, २०६७) प्रकाशित भएका छन् ।

**नम्रता गुरागाईं**

नम्रता गुरागाईंको जन्म सन् १९७१ जनवरी ९ मा सुन्दरपुर-६, तिरपैनी, मोरङमा भएको हो । आमा गोमादेवी गुरागाई तथा बुबा चन्द्रमणि गुरागाईंकी छोरी नम्रता गुरागाईंले त्रिभुवन विश्वविद्यालयबाट भूगोल विषयमा एम.ए.को उपाधि लिएकी छिन् । उनका कतिपय लेखरचनाहरू विभिन्न पत्रपत्रिका तथा वेभसाइटमा प्रकाशित भएको पाइन्छ । उनको पहिलो प्रकाशित रचना २०४८ सालमा 'चट्याङ' पत्रिकामा प्रकाशित 'नयाँ वर्ष' शीर्षकको कविता हो । उनको 'परिवेश र म' (कवितासङ्ग्रह, २०५५) प्रकाशित भएको छ । भानुमोती पुरस्कार, समालोचना पुरस्कार, सन् २०११ आदिबाट सम्मानित नम्रता हाल अमेरिकामा रहेकी छिन् ।

**नम्रता संस्कार शर्मा**

नम्रता संस्कार शर्माको जन्म सन् १९८० दिसेम्बर ५ मा छोटा पुमोङ, दार्जिलिङमा भएको हो । आमा ममता शर्मा तथा बुबा बालकृष्ण शर्माकी छोरी नम्रता शर्माले बी.ए.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'संस्कार' (कथासङ्ग्रह, सन् २०११) प्रकाशित छ । पत्रपत्रिकामा कविता, गजल, कथा आदि पनि प्रकाशित हुने नम्रता शर्माको पहिलो प्रकाशित रचना २००७ मा प्रकाशित 'शुभकामना प्रशान्तलाई' शीर्षकको कविता हो । उनी 'तोया सापकोटा स्मृति पुरस्कार'बाट पनि सम्मानित भएकी छन् ।

**नयना प्रधान**

नयना प्रधानको जन्म २०१२ सालमा भोजपुर बजारमा भएको हो । नेपालीमा पिएच.डी.को उपाधि लिने प्रधान प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनको 'पारिजात : परिचय र अस्तित्ववाद' (समालोचना : २०६६) कृति प्रकाशित भएको छ ।

**नयादेवी**

नयादेवीको जन्म सन् १९४२ मे १ मा बिहाली, असम (भारत) मा भएको हो । बी.ए. उत्तीर्ण गर्ने नयादेवी अध्यापन पेसामा संलग्न रहेकी थिइन् । उनका 'युगसन्धि' (उपन्यास, सन् २००२), 'कौशल्या' (उपन्यास, सन् २००६), 'कथामञ्जरी' (कथासङ्ग्रह, सन् २०११), 'अन्नपूर्णादिवी' (जीवनी, सन् २०११), 'चन्द्रप्रभा शईकीयानी' (जीवनी, सन् २०११) जस्ता कृति प्रकाशित भएका छन् ।

**नरदेवी राई**

नरदेवी राईको जन्म २००४ फागुन २२ गते छिनामखु, भोजपुरमा भएको हो । आमा कृष्णकुमारी राई तथा बुबा कुलमर्दन राईकी छोरी नरदेवी राई शिक्षामा स्नातक रहेकी छिन् । विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा लेखरचना प्रकाशित हुने राई स्वयम् पनि 'नव सञ्जीवनी' राष्ट्रिय द्वैमासिककी सम्पादक रहेकी छिन् । उनको पहिलो प्रकाशित रचना २०२६ सालमा प्रकाशित 'प्रतिमूर्ति' शीर्षकको कथा हो । उनको 'नेपथ्यका कुरा' (२०६९) शीर्षकको संस्मरण कृति प्रकाशित भएको छ । समाजसेवा, अध्ययन र लेखनकार्यमा सक्रिय राई 'नेपाल रेडक्रस सोसाइटी'सँग आबद्ध रहेकी छिन् । उनी 'नेपाल राष्ट्रिय शिक्षक सङ्गठन', भोजपुरबाट २०६४ मा सम्मानित भएकी छिन् । भारत, हङकङ, अस्ट्रेलियाको भ्रमण गर्ने राई हाल काठमाडौँमा बस्छिन् ।

**नर्मदेश्वरी सत्याल**

नर्मदेश्वरी सत्यालको जन्म २०१२ असार १४ गते सङ्खुवासभामा भएको हो । आमा वेदकुमारी घिमिरे तथा बुबा

षडानन्द घिमिरेकी छोरी नर्मदेश्वरी सत्यालले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । प्राचार्य पदमा रही कार्य गर्ने उनका 'आमाछोरी' (सहलेखन, कवितासङ्ग्रह, २०५८); 'वक्तृता आजको आवश्यकता' (सहलेखन, २०६२), 'छुनुमुनु-छुनुमुनु' (बालकवितासङ्ग्रह, २०६१); 'काकाकुल सहरमा रोएको आत्मा' (निबन्धसङ्ग्रह, २०६३), 'शान्ता मानवीको सङ्क्षिप्त जीवनवृत्त' (जीवनी, २०६६) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । २०५६ मा प्रकाशित 'गुरुको मति कति' शीर्षकको लघुकथा नै उनको पहिलो प्रकाशित रचना हो । उनका दर्जनौँ लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'शिक्षा पुरस्कार' आदिबाट सम्मानित नर्मदेश्वरी सत्याल विभिन्न साहित्यिक संस्थाहरूमा समेत आबद्ध रहेकी छिन् । भारत, चीन, बेलायत आदि मुलुकको भ्रमणसमेत गर्ने उनी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**नलिना भुजेल**

नलिना भुजेलको जन्म २०४६ मङ्सिर ११ गते दोलखामा भएको हो । आमा नरकुमारी भुजेल तथा बुबा विष्णुबहादुर भुजेलकी छोरी नलिना भुजेल स्नातक तहमा अध्ययनरत छिन् । शिक्षण पेसामा संलग्न उनको 'उर्लिएका आवाज' (२०६५) उपन्यास प्रकाशित भएको छ ।

**नवीना श्रेष्ठ**

नवीना श्रेष्ठको जन्म २०११ पुस महिनामा इखाछेँटोल, ललितपुरमा भएको हो । आमा आशादेवी श्रेष्ठ र बुबा किलबहादुर भुँजी श्रेष्ठकी छोरी नवीना श्रेष्ठले एम्.ए.; एम्.पी.ए. उत्तीर्ण गरेकी छिन् । साथै उनी हालसालै नेपाल बैङ्क लिमिटेडको प्रबन्धकबाट सेवानिवृत्त भएकी छिन् । उनका 'बाँडिएको सपना' (कथासङ्ग्रह, २०६२), 'मातृविलाप' (शोककविता), 'स्मृतिमा मेरो बुबा' (शोककाव्य,

२०७०) जस्ता कृति प्रकाशित छन् । उनका कतिपय फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी 'नेपाल चलचित्र महोत्सव उत्कृष्ट पुरस्कार' (२०५७), जस्ता पुरस्कारबाट सम्मानित पनि भएकी छिन् । साथै उनले भारत, अमेरिका आदि देशको भ्रमणसमेत गरेकी छिन् ।

**नारा जोशी**

नारा जोशीको जन्म २०१३ जेठ २ गते खिरकोट, दार्चुलामा भएको हो । आमा तुलसीदेवी अवस्थी तथा बुबा खिमानन्द अवस्थीकी छोरी नारा जोशीले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनी 'महाकाली साहित्य सङ्गम', 'सुजित स्मृति पुस्तकालय' आदिसँग आबद्ध रहेकी छिन् । उनका फुटकर लेखरचनाहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भइराख्छन् । उनका 'भीडमा एक्लो मान्छे' (लघुकथासङ्ग्रह), 'मैले देखेको जीवन' (संस्मरणसङ्ग्रह) आदि प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकाको सम्पादक एवम् सम्पादन सहयोगी भएर पनि उनले कार्य गरेकी छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका महाकाली अञ्चलका अध्यक्ष पनि हुन् ।

**निभा शाह**

निभा शाहको जन्म २०२८ असोज १० गते अछाममा भएको हो । आमा सुशीला शाह तथा बुबा तेजबहादुर शाहकी छोरी निभा शाहका 'इनक्लाब !' (२०६३), 'कालापानीकी द्रौपती' (२०६४) जस्ता कृति प्रकाशित भएका छन् । २०५० सालमा प्रकाशित 'मैले नजन्माएकी छोरी' कविता उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सामाजिक-राजनीतिक संस्थासँग आबद्ध उनी 'पारिजात सृजनशील पुरस्कार', 'कृष्णसेन पुरस्कार', 'नागार्जुन साहित्य पुरस्कार'बाट पनि सम्मानित भएकी छिन् ।

**निरु शर्मा पराजुली**

निरु शर्मा पराजुलीको जन्म सन् १९६८ अप्रिल १५ मा भएको हो । असमिया भाषामा एम.ए., एल.एल.बी. तथा हिन्दी विशारद गरेकी पराजुली गुवाहटी हाइकोर्टमा अधिवक्ता रहेकी छिन् । उनका 'भोकमा कोरिएका शब्दहरू' (कवितासङ्ग्रह, सन् २००८), 'चेतना' (कथासङ्ग्रह, सन् २०१०) कृति प्रकाशित भएका छन् । उनले 'शरद क्षेत्रीका तरल कथाहरू' लाई नेपालीबाट असमिया भाषामा अनुवाद पनि गरेकी छिन् । उनका अन्य अनूदित कृति पनि प्रकाशित छन् । उनी 'पूर्वाङ्गना' को सम्पादन कार्यमा संलग्न रहेकी छिन् ।

**निरूपा प्रसून**

निरूपा प्रसूनको जन्म २०४१ कात्तिक १९ गते भरतपुर, चितवनमा भएको हो । आमा शान्ति ढुङ्गाना र बुबा हरिबहादुर ढुङ्गानाकी छोरी निरूपा प्रसूनले स्नातकको अध्ययन पूरा गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न प्रसूनका कविता, गजल, हाइकु, कथा, समीक्षा, जीवनी आदि विधाका साहित्यिक लेखरचना आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइराख्छन् । उनका 'अभिलाषा' (कवितासङ्ग्रह, २०६३), 'अभिषेक' (उपन्यास, २०६६) प्रकाशित भएका छन् । विभिन्न प्रतियोगितामा पुरस्कृत उनी हाल काठमाडौँमा बस्छिन् ।

**निर्मला राई परिवेश**

निर्मला राई परिवेशको जन्म २०३५ साउन १९ गते खोटाङको दिक्तेल, सुङ्देलमा भएको हो । आमा दुर्पा शोभा राई तथा बुबा पत्रबहादुर राईकी छोरी निर्मला राई परिवेशले आई.ए.को शिक्षा लिएकी छिन् । उनको 'परिवेश' शीर्षकको गीतिकवितासङ्ग्रह प्रकाशित भएको छ । उनको 'निर्विरोध' गीतिएल्बम् पनि प्रकाशित छ । उनका कतिपय रचनाहरू पत्रपत्रिकामा पनि छापिएका छन् । उनी विभिन्न प्रतियोगितामा पुरस्कृतसमेत भएकी छिन् । संयुक्त अरब इमिरेट्स,

मलेसिया, ब्रुनाई, कतार, सिङ्गापुर, बेलायत आदि देशहरूको भ्रमण गरेकी उनी हाल ब्रुनाईमा रहेकी छिन् ।

**निशा पाण्डे**

निशा पाण्डेको जन्म २०५८ साउन १६ गते परेवाडाँडा-६, लमजुङमा भएको हो । कक्षा ८ सम्मको शिक्षा आर्जन गर्ने उनको 'झिलिमिली ढोका' (बालकवितासङ्ग्रह, २०६९) प्रकाशित कृति हो । उनका फुटकर बालरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

**'निहारिका' लक्ष्मी शाही**

'निहारिका' लक्ष्मी शाही २०२७ जेठ २८ गते टीकापुर, कैलालीमा जन्मिएकी हुन् । आमा सुरजादेवी शाह तथा बुबा शेरबहादुर शाहकी छोरी शाहीले प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकी छिन् । २०५० सालतिरबाटै कवितालेखनमा प्रवृत्त उनको 'पाइलाका डोबहरू' (गीतिकवितासङ्ग्रह, २०६६) प्रकाशित भएको छ । उनका 'ताराहरूको सहर', 'निहारिका' जस्ता एल्बम् पनि प्रकाशमा आएका छन् । उनी 'नेपालजापान नागरिक समाज'की संस्थापक उपाध्यक्ष, 'वुमन विन् नेपाल'की संस्थापक अध्यक्ष, 'निभरान्चु' जापानको चेयरपर्सन, 'अग्निमा ट्राभल एन्ड टुर्स'की कार्यकारी अध्यक्ष, 'निप्पोन एकेडेमी'की कार्यकारी अध्यक्ष रहेकी छिन् । उनले नेपालका विभिन्न जिल्लाहरू तथा एसिया र युरोपका विभिन्न मुलुकको भ्रमण पनि गरेकी छिन् । उनी जापानका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**नीना राई**

नीना राईको जन्म दार्जिलिङ, भारतमा भएको हो । आमा विरमफूल राई तथा बुबा पहलमान राईकी छोरी नीना राईले उत्तरबङ्ग विश्वविद्यालयबाट एम.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न राईका 'निर्मुक्त चिन्तना', 'अन्तर्दृष्टिका रङ्गहरू', 'इन्द्र सुन्दासको जीवनी' जस्ता पुस्तकाकार कृति प्रकाशित भएका

छन् । नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचना प्रकाशित भइराखेको पाइन्छ । सन् १९८३ मा प्रकाशित 'पाइलाहरू' शीर्षकको कथा नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध राई 'नइ गणेशदुर्गा पुरस्कार', 'सिक्किम साहित्य परिषद् सम्मान', 'नेपाली साहित्य सम्मेलन दार्जिलिङ सम्मान'बाट पनि सम्मानित भएकी छिन् । उनले भारतका विभिन्न स्थान तथा नेपाललगायत भुटानको पनि भ्रमण गरेकी छिन् ।

**नीलम कार्की 'निहारिका'**

नीलम कार्की 'निहारिका' को जन्म २०३१ असार २३ गते गोठादी, पाल्पामा भएको हो । नेपालीमा एम.ए. गर्ने कार्की स्वास्थ्य शिक्षामा एम.एड. पनि उत्तीर्ण छिन् । प्राध्यापन पेसामा संलग्न रहने उनी रेडियो कार्यक्रम प्रस्तोता पनि रहेकी थिइन् । उनका 'नीलम कार्की 'निहारिका'का कविता' (कवितासङ्ग्रह, २०६३), 'ब्रेन फिभर' (लामो कविता, २०६३), 'हवन' (कथासङ्ग्रह, २०६२), 'कागजमा दस्तखत' (कथासङ्ग्रह, २०६४), 'बेली' (कथासङ्ग्रह, २०६८), 'मौन जीवन' (उपन्यास, २०५१), 'नियतिको खेल' (उपन्यास, २०५३), 'तिमी, म र उनी' (उपन्यास, २०५८), 'अर्की आइमाई' (उपन्यास, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । नइ गणेशदुर्गा पुरस्कार २०७० द्वारा सम्मानित उनी विभिन्न प्रतियोगितामा पुरस्कृत हुनुका अतिरिक्त 'मानचित्र सम्मान' (२०६३), 'युवावर्ष साहित्य सम्मान' (२०६३), 'गुराँस साहित्य सम्मान' (२०६३) बाट पनि सम्मानित भएकी छिन् । हाल उनी संयुक्त राज्य अमेरिकामा बसोवास गर्दछिन् । उनी अमेरिकाका लागि नेपाली साहित्यिक दूत पनि रहेकी छिन् ।

**नेलिदा राई 'आकाङ्क्षा'**

नेलिदा राई 'आकाङ्क्षा'को जन्म २०४८ भदौ २३ गते सल्यान-४, सोलुखुम्बुमा भएको हो । बी.एड. तहमा अध्ययनरत राईको 'सोलुखुम्बु गजल सँगालो' (२०६९, सहलेखन) कृति प्रकाशित भएको छ ।

**नैना ढकाल नेपाल**

नैना ढकालको जन्म २०१४ साल मङ्सिर १७ गते मेहलधारा, तानसेन, पाल्पामा भएको हो । आमा खुन्धरादेवी नेपाल र बुबा त्रैलोक्यनाथ नेपालकी छोरी नैना ढकालले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा एम.ए. उपाधि आर्जन गरेकी छिन् । उनले फिलिपिन्सबाट खाद्य तथा पोषण योजनामा एम.पी.एस.को उपाधि पनि ग्रहण गरेकी छिन् । वरिष्ठ कृषि अर्थविज्ञका रूपमा कार्यरत ढकालका 'अप्रत्यासित प्रहार' (२०६०) तथा 'सन्तुलित जीवनको लागि पोषणयुक्त आहार' शीर्षकका कृति प्रकाशित छन् । उनको पहिलो प्रकाशित रचना २०३१ सालमा प्रकाशित 'नेपालको हिमचुली' शीर्षकको कविता हो । विभिन्न पत्रपत्रिकाहरूमा नेपाली र अङ्ग्रेजी भाषामा उनका कविता, बालकथा, निबन्धलगायतका फुटकर लेखरचना प्रकाशित भएको पाइन्छ । विभिन्न सामाजिक-साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न पुरस्कारबाट सम्मानित पनि भएकी छिन् । नेपालको अधिकांश जिल्लाहरूको भ्रमण गर्रे उनले भारत, चीन, थाइल्यान्ड, सिङ्गापुर, कोरिया, फिलिपिन्स, बहराइन, साइप्रस आदि मुलुकको भ्रमण समेत गरेकी छिन् ।

**पञ्चकुमारी परियार**

पञ्चकुमारी परियारको जन्म २०३८ मङ्सिर २५ गते बुइपा-६, दिक्तेल, खोटाङमा भएको हो । आमा पम्फामाया परियार र बुबा सर्वजित परियारकी छोरी पञ्चकुमारी परियारले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'सपना र आँखाहरू' (कवितासङ्ग्रह, २०६२), 'जुठी' (कवितासङ्ग्रह, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । उनको राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता, कथा, निबन्ध आदि पनि प्रकाशित भएका छन् । २०५४ सालमा 'रङ्गीन' मासिकमा प्रकाशित 'रित्तो हात फिर्दै छु' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न

सामाजिक-सांस्कृतिक सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न प्रतियोगिताहरूमा समेत पुरस्कृत भएकी छिन् । उनले नेपाललगायत भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**पद्मा अर्याल ढकाल**

पद्मा अर्याल ढकालको जन्म २०२४ असार १५ गते जोरपाटी, काठमाडौँमा भएको हो । आमा दुर्गादेवी अर्याल र बुबा मुकुन्दप्रसाद अर्यालकी छोरी पद्मा अर्याललले नेपाली विषयमा एम.ए., बी.एड.सम्मको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'मनबहादुर मुखियाको नाट्यशिल्प' (२०५८) कृति प्रकाशित भएको छ । उनका अनुसन्धानात्मक लेखरचना तथा सिर्जनात्मक रचनाहरू विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा प्रकाशित भएका छन् ।

**पद्मावती सिंह**

पद्मावती सिंहको जन्म २००५ वैशाख १९ गते ॐबहालटोल, काठमाडौँमा भएको हो । आमा चन्द्रभुवनेश्वरी माथेमा तथा बुबा परशुरामभक्त माथेमाकी छोरी पद्मावती सिंहले स्नातक तहको शिक्षा पूरा गरेकी छिन् । गायन, लेखन, अध्ययन, भ्रमणजस्ता कार्यमा विशेष अभिरुचि राख्ने उनका 'कथादि' (२०३८), 'कथायाम' (२०३९), 'कथाकार' (२०४४), 'पद्मावती सिंहका कथाहरू' (२०५७), 'मौन स्वीकृति' (२०६२), 'समयदंश' (२०६८) जस्ता कथासङ्ग्रह तथा 'समानान्तर आकाश' (उपन्यास, २०६२) प्रकाशित भएका छन् । उनीद्वारा 'नियोजन' 'गुञ्जन' जस्ता पत्रिका एवम् 'नारी साहित्यकारहरूको विधागत इतिहास', 'वियोन्ड द फ्रन्टियर्स', 'डटर अफ द अर्थ' जस्ता कृतिको सम्पादनकार्य सम्पन्न भएको छ । २०२२ सालमा 'आरती' साप्ताहिकमा प्रकाशित 'पत्थरको हृदय' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'जीवनका गीतहरू', 'धेरै दिनपछि' जस्ता गीतिएल्बम् पनि निस्किएका छन् । 'गुञ्जन नारी साहित्यिक सङ्घ'की संस्थापक अध्यक्षसमेत रहेकी सिंह विभिन्न

कला तथा साहित्यिक सङ्घसंस्थासँग आबद्ध रहेकी छिन् । उनी हाल गुञ्जन र महिला गीतकार सङ्घकी सल्लाहकार पनि छिन् । महिला स्वास्थ्य, शिक्षा तथा सशक्तीकरणको क्षेत्रमा तथा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाहरूमा विभिन्न पदमा रही कार्यसम्पादन गर्ने सिंह 'रत्नश्री स्वर्णपदक' (२०३९), 'मैनाली कथा पुरस्कार' (२०४७), 'राष्ट्रिय प्रतिभा पुरस्कार' (२०५९), 'वीरेन्द्रऐश्वर्य सेवा पदक' (२०५९), 'साझा पुरस्कार' (२०६२), 'वनिता सम्मान' (२०६३), 'मानचित्र सम्मान' (२०६३), 'धनर्षि साहित्य सम्मान' (२०६४), 'देवकोटा शताब्दी स्वर्णपदक' (२०६७), 'उत्कृष्ट नारीस्रष्टा पुरस्कार' (२०६९) बाट पनि सम्मानित रहेकी छिन् । उनले भारत, बङ्गलादेश, कम्बोडिया, थाइल्यान्ड, सिङ्गापुर, क्यानडा, अमेरिका आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**पवनकुमारीदेवी**

पवनकुमारीदेवीको जन्म १९६९ साल साउन १७ गते पाल्पास्थित मेलधारामा भएको हो । उनी आमा मुनीन्द्रकुमारी देवी श्रेष्ठ र बुबा शेषनारायण श्रेष्ठकी छोरी थिइन् । उनले अनौपचारिक ढङ्गबाट शिक्षा आर्जन गरेकी थिइन् । उनी गीत तथा भजनलेखनका अतिरिक्त गायन र नृत्यमा पनि पोख्त थिइन् । उनले कविता, कथा, उपन्यास, निबन्ध आदि विविध विधामा रचना गरेकी छिन् । उनका 'प्रतिज्ञा' (उपन्यास, २०१७), 'बिन्दु भजनमाला' (भजनसङ्ग्रह, २०४६) जस्ता कृति प्रकाशित रहेका छन् । उनी नेपाली भूमिमा बसेर उपन्यास लेख्ने प्रथम नारी हुन् । उनको मृत्यु २०४७ साल असार ६ गते भएको हो ।

**पवित्रादेवी रायमाझी**

पवित्रादेवी रायमाझीको जन्म १९९३ साल असोज २० गते धनकुटामा भएको हो । उनको 'सत्सङ्गको फल' (लेख तथा भजन, २०६६) प्रकाशित कृति हो ।

**पवित्रा पौडेल**

पवित्रा पौडेलको जन्म २०१६ मङ्सिर २८ गते मादी, सङ्खुवासभामा भएको हो । उनको 'परिवर्तनको ज्वाला' (कवितासङ्ग्रह, २०६६) प्रकाशित भएको छ ।

**पवित्रा रेग्मी अधिकारी**

पवित्रा रेग्मी अधिकारीको जन्म सन् १९४८ मे १८ मा दार्जिलिङ (भारत)मा भएको हो । आमा धनमाया रेग्मी र बुबा मणिराज रेग्मीकी छोरी पवित्राले नेपाली विषयमा एम.ए. उपाधि आर्जन गरेकी छिन् । उनका 'धनमती' (काव्य, सन् २०१०), 'नारी अवधारणा' (निबन्धसङ्ग्रह, सन् २०००), 'साहित्य अकादमी अनि पच्चीस वर्षका पुरस्कृत नेपाली साहित्य' (समालोचना, सन् २००३), 'नेपाली साहित्यको निर्माता रामलाल अधिकारी' (समालोचना, सन् २००९) आदि प्रकाशित कृति हुन् । उनका निकै वार्ताहरू रेडियाबाट प्रसारित पनि भएका छन् । नाटकमा अभिनयसमेत गर्ने उनका फुटकर लेखरचनाहरू भारतका विभिन्न पत्रपत्रिकाबाट पनि प्रकाशित भएको पाइन्छ ।

**पारिजात**

पारिजातको खास नाम विष्णुकुमारी वाइबा हो । उनको जन्म वि.सं. १९९४ वैशाखमा दार्जिलिङको लिङ्गिया बगानमा भएको हो । आमा अमृत मोक्तान तथा बुबा डा. के.एस. वाइबाकी छोरी पारिजातले बी.ए.को शिक्षा पूरा गरेकी छिन् । उनले अङ्ग्रेजी विषयमा एम.ए.को अध्ययन पनि गरेकी छिन् । २०१३ सालमा 'धरती' पत्रिकामा प्रकाशित कविता नै उनको प्रथम प्रकाशित रचना थियो । उनका 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५), 'बैंसको मान्छे' (२०२९), 'तोरीबारी बाटा र सपनाहरू' (२०३३), 'पर्खालभित्र र बाहिर' (२०३४), 'उसले रोजेको बाटो' (२०३४-३५), 'अन्तर्मुखी' (२०३५), 'अनिँदो पहाडसित' (२०३९), 'परिभाषित आँखाहरू' (२०४६),

'बोनी' (२०४८) जस्ता औपन्यासिक कृति प्रकाशित छन् । उनका प्रकाशित कथासङ्ग्रहहरू 'आदिम देश' (२०२५), 'सडक र प्रतिभा' (२०३२), 'साल्गीको बलात्कृत आँसु' (२०४३), 'वधशाला जाँदाआउँदा' (२०४९) हुन् । पारिजातका 'आकाङ्क्षा' (२०१४), 'पारिजातका कविता' (२०४४), 'बैंसालु वर्तमान' (२०५०) जस्ता कवितासङ्ग्रह तथा 'धूपीसल्ला र लालीगुराँसको फेदमा' (२०४३), 'एउटा चित्रमय सुरुवात' (२०४५), 'आधी आकाश' (२०४८), 'अध्ययन र सङ्घर्ष' (२०५०), 'पारिजातका फुटकर लेखहरू' (२०५४) जस्ता पुस्तकाकार कृति पनि प्रकाशित भएका छन् । उनको 'अन्तर्वार्ताहरू' (२०५४) पनि प्रकाशित भएको छ । उनको सम्मानस्वरूप सिक्किम, भारतको निर्वाण प्रकाशनले छ खण्डमा विभाजित उनका सम्पूर्ण कृतिहरूको प्रकाशन 'पारिजातका सङ्कलित रचनाहरू' (२०५४) का नाउँमा गरेको छ । यसका साथै नरेन्द्रराज प्रसाईद्वारा लेखिएको पारिजातको जीवनकथा (२०५७) प्रकाशित भएको छ । त्रिमूर्ति निकेतनले नेपाली साहित्यका त्रिनारी रत्नमध्येका एक रत्नको रूपमा पारिजातको पूर्णकदको सालिक निर्माण गरेको छ । २०२२ सालमा 'शिरीषको फूल' उपन्यासका लागि 'मदन पुरस्कार' बाट पुरस्कृत उनी 'गंकी-वसुन्धरा पुरस्कार' (२०४९), 'सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार' (२०५०) आदिबाट समेत सम्मानित भएकी छिन् । उनको मृत्यु २०५० वैशाख ५ गते भएको हो ।

**पार्वता पोमू 'जिज्ञासू'**

पार्वता पोमूको जन्म जन्म २०४० भदौ ११ गते भएको हो । उनी आमा मनमाया पोमू तथा बुबा गङ्गाबहादुर पोमूकी छोरी हुन् । विभिन्न सङ्घसंस्थामा समेत संलग्न उनको 'प्रतिद्वन्द्वित कलम' शीर्षकको सवालजवाफमा आधारित कृति प्रकाशित भएको छ ।

**पार्वती उप्रेती**

पार्वती उप्रेतीको जन्म १९९६ साल साउन ९ गते काभ्रेको खरेलथोकमा भएको थियो । सामाजिक तथा धार्मिक जागरणमा समर्पित

श्रीमती उप्रेतीको प्रकाशित कृति 'श्रद्धार्चना' (कवितासङ्ग्रह, २०५९) हो । उनी 'भारती खरेल सम्मान' लगायत अन्य केही अलङ्कारबाट समेत विभूषित छिन् ।

**पार्वतीकुमारी राउत थापा**

पार्वतीकुमारी राउतको जन्म २०२६ भदौ ८ गते भलायडाँडा गाविस-२, सरुने, उदयपुरमा भएको हो । आमा श्रीकृष्णादेवी राउत तथा बुबा डम्बरबहादुर राउतकी छोरी पार्वतीकुमारी राउतले एम.एड., एल.एल.बी. को उपाधि लिएकी छिन् । शिक्षण तथा कानुन व्यवसायमा संलग्न उनको 'भनसुनको देश' (२०६७) कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर कविता, कथा आदि पनि राष्ट्रिय तथा स्थानीय तहका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०६३ सालमा प्रकाशित 'तिमी कहाँ गएकी थियौ ?' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनी 'जिल्ला शिक्षा पुरस्कार' (२०६२), 'दीर्घ सेवा पदक' २०६२, 'नेपाल स्काउट सम्मान' आदिबाट सम्मानित भएकी छिन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छन् ।

**पीताम्बरा उपाध्याय 'पीयूष'**

पीताम्बरा उपाध्याय 'पीयूष' को जन्म १९९४ साल कात्तिकको धन्वन्तरीजयन्तीका दिन बनारसस्थित देवशमशेरको नेपाली कोठीमा भएको थियो । आमा सुभद्रा शर्मा तथा बुबा कोशराज शर्माकी छोरी पीताम्बर पीयूषले बी.ए., बी.एड. तथा साहित्यरत्नजस्ता शैक्षिक तहको शिक्षा आर्जन गरेकी छिन् । उनले विभिन्न सङ्घसंस्थाहरूबाट विभिन्न किसिमका तालिम पनि लिएकी छिन् । उनका 'तिमी केवल तिमी' (२०५८), 'युगको प्रतीक्षा' (२०६०) जस्ता कवितासङ्ग्रहहरू तथा 'सम्झना' (२०६०) शोककाव्य प्रकाशित छन् । उनका 'सन्तेको सपना' (खण्डकाव्य, २०६६), 'अंशुल' (बालकवितासङ्ग्रह, २०५८), 'अनन्य' (बालकवितासङ्ग्रह, २०६५), 'अणिमा' (बालकवितासङ्ग्रह,

२०६९), 'साँझको घाम' (कथासङ्ग्रह, २०६१) 'अप्रत्यासित' (कथासङ्ग्रह, २०६५), 'बाटोमा बसेको बाघ' (उपन्यास, २०६०), 'दिव्य चेतना' (२०६४) आध्यात्मिक गीतिएल्बम् आदि कृतिहरू पनि प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित रचना २००६ सालमा 'युगवाणी'मा प्रकाशित 'स्वतन्त्रताको भानु चम्कियो' शीर्षकको कविता हो । उनका फुटकर लेखरचनाहरू देशविदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको छ । उनी विभिन्न सङ्घसंस्थाहरूबाट सम्मानित हुनुका अतिरिक्त 'महाकवि देवकोटा शताब्दी सम्मान', 'रामराज स्मृति सम्मान तथा पुरस्कार' (२०६०)बाट समेत पुरस्कृत भएकी छिन् । नेपालका अधिकांश जिल्लाहरूको भ्रमण गर्ने उनले भारत, कोरिया, थाइल्यान्ड, रूस, अमेरिका आदि मुलुकको पनि भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**पुण्यमतीदेवी**

पुण्यमतीदेवीको जन्म १९६६ साल पुस १९ गते धनकुटाको छथरमा भएको थियो । पतिको स्वर्गारोहण भएपछि ६ वर्षीय बालक काखी च्यापेर उनी बनारसतिर लागिन् । त्यहीँ उनी वैष्णव सम्प्रदायमा दीक्षित भइन् । २० वर्ष बनारस बसेपछि छोरा लिएर उनी फेरि नेपाल फर्किन् र धरानमा बसिन् । उनले वार्णिक छन्दमा कविता लेखिन् । उनको प्रकाशित कृति 'प्रदक्षिणा' (खण्डकाव्य, २०२६) हो । उनले केही फुटकर लेखरचनाहरू पनि लेखिन् । उनका छोरा टीकाप्रसाद वस्तीले पनि संस्कृत साहित्यमा प्रसिद्धि कमाए । पुण्यमतीदेवी २०२४ साल फागुन कृष्ण तृतीयाका दिन बनारसमा नै स्वर्गीय भइन् ।

**पुण्यरश्मि खतिवडा**

पुण्यरश्मि खतिवडाको जन्म १९८० जेठ ५ गते काठमाडौँको डिल्लीबजारमा भएको हो । आमा हेमप्रभा दीक्षित तथा बुबा डा. सिद्धिमणि दीक्षितकी छोरी पुण्यरश्मि खतिवडाले काशी हिन्दू विश्वविद्यालय, बनारसबाट अङ्ग्रेजी विषयमा एम.ए. उपाधि आर्जन

गरेकी छिन् । प्राध्यापन कार्यमा संलग्न उनका 'शब्दसागर' (अङ्ग्रेजीमा अनुवाद), 'केही लघुनाटक', 'अक्लान्त', 'अपूरो अभिलाषा', 'जयन्तु जुनु', 'तरङ्गदित', 'मेरी वृन्दा यस्तै भई', 'अप्रत्याशित सत्य' आदि कृति प्रकाशित भएका छन् । २०४४ सालमा प्रकाशित 'केही लघुनाटक' नै उनको प्रथम प्रकाशित रचना पनि हो । उनका केही फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित पनि भएको पाइन्छ । 'सीताराम पुरस्कार', 'पुण्यप्रभा पुरस्कार', 'नवप्रतिभा पुरस्कार', 'भावा मुद्रणालय पुरस्कार' आदिबाट सम्मानित रहेकी खतिवडाले भारतको भ्रमण गरेकी छिन् ।

**पुनम काफ्ले**

पुनम काफ्लेको जन्म काठमाडौँमा भएको हो । स्नातक तहको शिक्षा आर्जन गर्ने काफ्लेका 'भावना', 'छायाछवि', 'परदेशका पाइलाहरू' जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज' न्युयोर्क च्याप्टरकी अध्यक्षसमेत रहेकी उनी हाल अमेरिकामा छिन् ।

**पुनम शर्मा**

पुनम शर्माको जन्म २०४७ फागुन ४ गते नेचा बेतघारी-३, सोलुखुम्बुमा भएको हो । आमा होमकुमारी शर्मा तथा बुबा लोचनकुमार शर्माकी छोरी पुनम शर्माले बी.एड.को अध्ययन पूरा गरेकी छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध शर्माको 'सोलुखुम्बु गजलसङ्ग्रह' (२०६९, सहलेखन) कृति प्रकाशित भएको छ ।

**पुनम क्षेत्री**

पुनम क्षेत्रीको जन्म मोगोक, म्यान्मामा भएको हो । ग्लोबल स्टडिजमा एम.ए.मा अध्ययनरत उनका 'अविरल आस्था' (भक्तिगीतसङ्ग्रह), 'मानवअधिकारका लागि नेपाली कविता' (सहसम्पादन), 'म्यान्मामा नेपाली भाषा, साहित्य र संस्कृति' (सहलेखन), 'जापानमा नेपाली भाषा र साहित्य' (सहलेखन), 'नेपाली हाइकु'

(सम्पादन) जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । अन्तर्राष्ट्रिय नेपाल साहित्य समाज, जापान च्याप्टरकी मानार्थ अध्यक्ष क्षेत्री हाल बहराइनमा छिन् ।

**पुष्प राई**

पुष्प राईको जन्म सन् १९४० जुलाई २ मा धिरधाम, विलम्बर स्टेट, दार्जिलिङ (भारत) मा भएको हो । आमा विमलाबाबा राई र बुबा डा. जे.बी. राईकी छोरी पुष्पा राईले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनका 'भोलिको प्रतीक्षामा' (उपन्यास, सन् १९९०), 'मध्यान्तर' (उपन्यास, सन् २००७) प्रकाशित कृति हुन् । सन् १९७० मा 'दियालो' मा प्रकाशित 'शिलाको पत्र' उनको प्रथम प्रकाशित रचना हो ।

**पुष्पलता आचार्य**

पुष्पलता आचार्यको जन्म २०१५ साल चैत ११ गते लमजुङको रम्घामा भएको हो । आमा देवी न्यौपाने तथा बुबा रघुनाथ न्यौपानेकी छोरी पुष्पलता आचार्यले आई.ए. उत्तीर्ण गरेकी छिन् । २०३९ सालमा 'सपना' मासिकमा प्रकाशित 'जिन्दगी कस्तो कस्तो' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनलाई विषय बनाई विभिन्न शोधकार्य भएका छन् भने दर्जनौँ कृतिहरूको पनि रचना र प्रकाशन भएको पाइन्छ । उनका 'सागरसन्ध्या' (गीतिसङ्ग्रह, २०५१), 'अञ्जुली' (भजनसङ्ग्रह, २०५१), 'रित्तो वर्तमान' (कथासङ्ग्रह, २०५१), 'गाउँको माया आमाको काख' (लोकगीतसङ्ग्रह, २०५२), 'समयको हुरी' (गीतिसङ्ग्रह, २०५२), 'सपनाका बोझहरू' (कवितासङ्ग्रह, २०५३), 'दोहोरी गीत सँगालो' (लोकगीतसङ्ग्रह, २०५३), 'यात्रा र ठेसहरू' (गीतिसङ्ग्रह, २०५३), 'शुरूहीन अन्त्य' (कथासङ्ग्रह, २०५३), 'म, मृत्यु र आकाश' (कवितासङ्ग्रह, २०५४), 'मनको घाउ' (गीतसङ्ग्रह, २०५५), 'बगलामुखी स्तोत्र' (भजन, २०५५), 'हरिद्वार' (भजनसङ्ग्रह, २०५६), 'एक्लो यात्री' (कवितासङ्ग्रह, २०५६), 'मनका छालहरू'

(सूत्रकाव्य, २०५६), 'अर्को किनारसम्म' (कथासङ्ग्रह, २०५८), 'श्रद्धाञ्जलि' (खण्डकाव्य, २०५८), 'लोकसुसेली' (गीतिकवितासङ्ग्रह, २०५८), 'जिगर के टुकडे' (मनका छालहरूको हिन्दी रूपान्तरण, २०५९), 'मादीका पूर्णिमा' (उपन्यास, २०५९), 'पुष्पकलश' (शेयर शायरी रूपान्तरण, २०६०), 'पुष्पलताको असमयात्रा' (नियात्रा, २०६०), 'लामो अन्तरालपछि' (उपन्यास, २०६०), 'रोजी' (उपन्यास, २०६१), 'भीरमाया' (उपन्यास, २०६९), 'फट्याङ्ग्राको कविगोष्ठी' (बालकथासङ्ग्रह, २०६१), 'अर्को घाउ' (गीतसङ्ग्रह, २०६२), 'साई पुष्पाञ्जलि (भजनसङ्ग्रह, २०६३), 'प्रेमवस्ती' (कथासङ्ग्रह, २०६३), 'गहिरो घाउ' (काव्य, २०६३) लगायत बालसाहित्यका 'दिदीका कविता', 'ज्ञानी छोरी', 'दिदीभाइ', 'आमाछोरा', 'फूल', 'सानो बाबू', 'चरी' लगायत अन्य कृतिहरू प्रकाशित भएका छन् । उनका दर्जनौं गीति क्यासेट एल्बम् पनि प्रकाशमा आएका छन् । साथै उनले २०६१ सालमा 'गङ्गा' र 'वज्रपात' नामक दुई चलचित्रको निर्माण गरेकी छिन् । नइ रेखा पुरस्कारबाट सम्मानित उनले नेपालका विभिन्न स्थानको भ्रमण गर्नुका अतिरिक्त एसियाका निकै मुलुकको भ्रमण-अवलोकन पनि गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**पुष्प शर्मा**

डा. पुष्प शर्माको जन्म सन् १९५८ जनवरी १५ मा सिन्देबुङ, कालेबुङ, पश्चिम बङ्गाल (भारत)मा भएको हो । आमा कौशल्या पराजुली र बुबा रामभक्त पराजुलीकी छोरी तथा ईञ्जिनियर घनश्याम नेपालकी धर्मपत्नी प्रा.डा. पुष्प शर्माले एम्.ए., पिएच.डी. को उपाधि लिएकी छिन् । उनी सिक्किम सरकारी महाविद्यालय, गान्तोक, सिक्किम (भारत)को नेपाली विभाग प्रमुख पदमा कार्यरत थिइन् । हाल उनी सिक्किम विश्वविद्यालयकी प्राध्यापक हुन् । उनका 'भाषासाहित्य परिचय' (समालोचना, सन् २००६), 'भाषासाहित्य विवरण' (समालोचना, सन् २००८), 'आजका कविता' (सम्पादन, सन् २००९),

'सिक्किमका नेपाली कविता : विश्लेषण र मूल्याङ्कन' (समालोचना, सन् २०१२) जस्ता कृति प्रकाशित छन् । उनी 'सिक्किम साहित्य सम्मान' आदिबाट सम्मानित पनि भएकी छिन् । उनी भारतका लागि नेपाली साहित्यिक दूत हुन् ।

**पुष्पा खनाल**

पुष्पा खनालको जन्म २०३० कात्तिक ८ गते एकतप्पा, इलाममा भएको हो । आमा दमन्ता खनाल तथा बुबा अम्बिकाप्रसाद खनालकी छोरी पुष्पा खनालले बी.ए. सम्मको शिक्षा ग्रहण गरेकी छिन् । विभिन्न संस्थासँग आबद्ध खनालको 'पोखिएँ यसरी' (२०६९) पुस्तकाकार कृति प्रकाशित भएको छ । २०५८ मा प्रकाशित 'सिपाही' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका विविध शीर्षकका लेखहरू विभिन्न राष्ट्रिय एवम् स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले नेपालका अधिकांश जिल्लाहरू तथा भारत, चीन, यु.ए.ई. आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् ।

**पुष्पा जोशी**

पुष्पा जोशीको जन्म २०४५ सालमा भएको हो । उनले आई. एड. उत्तीर्ण गरेकी थिइन् । १८ वर्षकै उमेरमै उनको 'पवित्रा' (२०६३) उपन्यास प्रकाशित भएको छ । उनको २०६२ सालमा निधन भएको छ ।

**पुष्पा राई**

पुष्पा राईको जन्म सन् १९४० जुलाई २ मा दार्जिलिङको खरसाङमा भएको थियो । एम.ए. उत्तीर्ण गर्ने राईले 'भोलिको प्रतीक्षामा' (उपन्यास, सन् १९९०) लेखेकी छिन् ।

**पूर्णिमा जी शाह**

पूर्णिमा जी शाहको जन्म २०२६ चैत २० गते काठमाडौँमा भएको हो । आमा मनदेवी तथा बुबा ध्रुव शाहकी छोरी पूर्णिमाले आई.ए. उत्तीर्ण गरेकी छिन् । 'सुटिङ' खेलमा राष्ट्रियस्तरकी खेलाडी

पूर्णिमाका कविता, गीत, कथा आदि देशविदेशका विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् । उनको 'लम्कँदै छु युद्ध गर्न' (कवितासङ्ग्रह, २०७०) हङकङबाट प्रकाशित भएको छ । हाल हङकङमा बसोवास गर्ने उनी ओभरसिज नेपाली वर्कर्स युनियन, 'ठकुरी समाज', हङकङ', 'मूलबाटो डट कम' आदिसँग आबद्ध रहेकी छिन् । पूर्णिमाले भारत, चीन, हङकङ, दक्षिण कोरिया, सिङ्गापुर, थाइल्यान्ड, कुवेत आदि मुलुकको भ्रमणसमेत गरेकी छन् । उनी चीनका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**प्रकाश प्रधानाङ्ग**

प्रकाश प्रधानाङ्गको जन्म १९९८ सालको रामनवमीमा पाल्पा, तानसेनमा भएको थियो । आई.एड. उत्तीर्ण उनको प्रकाशित कृति 'अपवाद' (कथासङ्ग्रह, २०६३) हो । उनले यस कृतिलाई नेपालभाषा (नेवारी) बाट नेपाली भाषामा अनुवाद गरेर आफूले लेखेका दुईओटा नेपाली भाषाका कथा पनि यसै कृतिमा समावेश गरेकी छिन् ।

**प्रगति राई**

प्रगति राईको जन्म सन् १९७८ मे २५ मा खोटाङ जिल्लामा भएको हो । उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'वादी विज्ञप्ति' (कवितासङ्ग्रह, सन् २००८), 'लेखककी स्वास्नी' (उपन्यास), 'कोरियामा जन्मेका नेपाली कथाहरू' (कथासङ्ग्रह) प्रकाशित भएका छन् । विभिन्न साहित्यिक संस्थासँग गाँसिएकी उनी 'साहित्य समाज', दक्षिण कोरियाकी संयोजक पनि रहेकी छिन् । उनी 'विमल स्मृति युवा राष्ट्रिय कविता पुरस्कार' (सन् २००६), 'कुलदीप सुनुवार स्मृति पुरस्कार' (सन् २००८), 'अनलाइन सृजनात्मक कविता पुरस्कार' (सन् २००८) जस्ता पुरस्कार आदिबाट सम्मानित पनि भएकी छिन् । हाल उनी सिउल, दक्षिण कोरियामा रहेकी छिन् । उनी द.कोरियाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**प्रतिमा न्यौपाने**

प्रतिमा न्यौपानेको जन्म २०४८ असोज १६ गते हुवास-८, पर्वतमा भएको हो । आमा कमला न्यौपाने र बुबा छायादत्त न्यौपानेकी छोरी प्रतिमा न्यौपानेले स्नातक तहको शिक्षा लिएकी छिन् । २०६० सालमा प्रकाशित 'रहर' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका 'न्यानो घाम' (२०६२), 'गाउँखाने कथा' (२०६७) जस्ता कृति प्रकाशित भएका छन् । नेपालका विभिन्न स्थानको भ्रमण गर्ने न्यौपाने हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**प्रतिसरा सायमि**

प्रतिसरा सायमिको जन्म २०१२ साल असार १६ गते भक्तपुरको क्वाठडौँटोलमा भएको हो । आमा वसुन्धरा मानन्धर तथा बुबा काकाभाइ मानन्धरकी छोरी प्रतिसरा सायमिले त्रिभुवन विश्वविद्यालयबाट नेपालभाषामा प्रथम श्रेणीमा प्रथम भई स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । नेपाल वायुसेवा निगमको जागिरे भएर पनि प्रतिसराले नेपाली र नेपालभाषामा साहित्य सिर्जना गरेकी छिन् । उनी कविता, निबन्धका क्षेत्रमा साहित्य साधनारत रहेकी छिन् । उनको 'पाइलाहरूमै सडक' (कवितासङ्ग्रह, २०६३) प्रकाशित भएको छ । उनको नेवारी भाषामा 'जि छकू नालिस भों' (२०४२), 'तिकिनंमु मि' (२०५७) जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । उर्दू लेखक इन्तिजार हुसेनको अङ्ग्रेजी भाषामा रहेको 'द लिभ्स एन्ड अदर स्टोरिज' शीर्षक कृतिलाई उनले नेपालभाषामा 'सिमा हः व मेमेगु बाखंत' (२०५५) शीर्षक दिई अनुवाद गरेकी छिन् । उनले नेवारीमा रहेका आफ्ना कविताहरूको नेपाली भाषामा अनुवाद पनि गरेकी छिन् । उनी 'राष्ट्रिय प्रतिभा पुरस्कार' (२०५३), 'दीपा जनमत पुरस्कार' (२०५४), 'गोपालप्रसाद रिमाल पुरस्कार' (२०६३), 'चैन लाकैंल सिरपा', 'मोतीलक्ष्मी', 'जरीमैया लुमन्ति सिरपाः,' 'महेन्द्र विद्याभूषण'

आदिबाट सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न स्थानको भ्रमण गर्नुका अतिरिक्त भारत, बङ्गलादेश, श्रीलङ्का, थाइल्यान्ड, हङकङ, मलेसिया, सिङ्गापुर, जापान, अस्ट्रेलिया, इटली, फ्रान्स, अमेरिकाको पनि भ्रमण गरेकी छिन् ।

**प्रभा कैनी**

प्रभा कैनीको जन्म २००८ मङ्सिर २५ गते भएको हो । डा. प्रभा कैनी आमा विद्यादेवी देवकोटा तथा बुबा दुर्गाप्रसाद देवकोटाकी छोरी हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तह तथा जवाहरलाल नेहरू विश्वविद्यालय, दिल्ली, भारतबाट विद्यावारिधिको उपाधि लिएकी छिन् । अध्यापन पेसामा संलग्न उनको 'अनावृत्त' (२०६७) शीर्षकको कृति प्रकाशित भएको छ । स्वदेश र विदेशका विभिन्न पत्रपत्रिकाहरूमा समेत उनका अनुसन्धानात्मक प्रकृतिका लेख तथा अन्य रचनाहरू बेलाबेलामा प्रकाशित भएका छन् । २०५१ मा 'विमोचन' मा प्रकाशित 'नारी स्वतन्त्रताका उद्देश्य' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' (२०६९) बाट सम्मानित उनले भारत, इटाली, अमेरिका, केन्या, युगान्डा आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् ।

**प्रभा बराल**

प्रभा बरालको जन्म २०३४ असार ४ गते मासबारी, पोखरा-७, कास्कीमा भएको हो । आमा धनमाया बराल तथा बुबा उमानाथ बरालकी छोरी प्रभा बरालले नेपाली विषयमा एम.ए., बी.एड.को शिक्षा लिएकी छिन् । शिक्षण पेसामा संलग्न उनका १५० भन्दा बढी फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५३ सालमा 'मातृभूमि' साप्ताहिकमा प्रकाशित 'एउटा बाँच्ने रहर' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका 'शब्दहरू अविराम यात्रामा' (संयुक्त कवितासङ्ग्रह, २०५७), 'तृष्णाको

पहाड' (गजलसङ्ग्रह, २०७०) प्रकाशित कृति हुन् । उनी विभिन्न पत्रपत्रिकाको सम्पादन कार्यमा समेत संलग्न रहेकी छिन् । भारत, जापान आदि मुलुकको भ्रमण गर्ने बरालले नेपालका केही जिल्लाहरूको पनि भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्दछिन् ।

**प्रभा भट्टराई**

प्रभा भट्टराईको जन्म २०२२ साल कात्तिक १६ गते चुँदी रम्घा, तनहुँमा भएको हो । आमा मिठ्ठू आचार्य र बुबा नारायणदत्त शास्त्रीकी छोरी प्रभा भट्टराईले नेपाली विषयमा एम. ए., एम. फिल.को उपाधि लिएकी छन् । प्राध्यापन पेसामा संलग्न उनका 'पोसिला कविता' (बालकवितासङ्ग्रह, २०६०), 'मेरो सानो भाइ' (बालकवितासङ्ग्रह, २०६०), 'सन्तु र सुगा' (बालकथासङ्ग्रह, २०६१), 'गीता पापा' (बालकाव्य, २०६४), 'शारदा अधिकारी' (जीवनी, २०६७), 'सरित्सङ्गम' (कवितासङ्ग्रह, २०६८), 'सुनकेशरी मैया' (बालकाव्य, २०६९), 'करेसाबारीमा कमल' (बालचित्रकथा, २०७०) जस्ता कृति प्रकाशित छन् । उनले 'वाङ्मय समालोचना', 'भानुदर्शन', 'पद्यप्रवाह' को सम्पादन पनि गरेकी छन् । उनी ' अर्जुन स्वर्णपदक', 'लेखनाथ काव्य पुरस्कार', 'पद्महरि पुरस्कार' आदि विभिन्न पुरस्कारबाट सम्मानित भएकी छन् ।

**प्रमिला उप्रेती**

प्रमिला उप्रेतीको जन्म २०१२ साल माघ २९ गते काभ्रेपलान्चोकमा भएको थियो । आमा सतीदेवी तथा बुबा टीकाप्रसाद उप्रेतीकी छोरी प्रमिलाले हिन्दी विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छन् । साहित्यरचनाका अतिरिक्त गायनमा पनि लागेकी उनी रेडियो नेपालमा हिन्दी र नेपाली भाषामा समाचार वाचन पनि गर्थिन् । उनका प्रकाशित कृति 'डढेलो' (कवितासङ्ग्रह, २०६२), 'अकथा' (कथासङ्ग्रह, २०६८) हुन् । उनी 'भानुमोती पुरस्कार', 'महाकवि देवकोटा शताब्दी स्वर्णपदक' (२०६६), 'भानु पुरस्कार'बाट पुरस्कृत

भएकी छिन् । उनी कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका नाउँमा स्थापित 'त्रिमूर्ति निकेतन' की संस्थापक सदस्य हुन् । हाल उनी अमेरिकामा बसोबास गर्छिन् ।

**प्रमिला शर्मा**

प्रमिला शर्माको जन्म सन् १९५२ जनवरी १ मा मनरा, महोत्तरीमा भएको हो । मनोविज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण उनको 'प्रेमको खोजीमा' (कथासङ्ग्रह, सन् २००४), 'सम्झनाको झरी अमेरिकामा घरिघरी' (नियात्रासङ्ग्रह, सन् २००५) प्रकाशित भएका छन् । उनी 'अनेसास' द्वारा 'सर्वोत्कृष्ट पुस्तक पुरस्कार' तथा 'अनेसास'को ठाकुरप्रसाद रेग्मी, जनकपुर अञ्चल सर्वोत्कृष्ट पुस्तक पुरस्कार' बाट पनि सम्मानित भएकी छिन् । हाल उनी अमेरिकामा बसोवास गर्छिन् ।

**प्रसिद्धा शर्मा**

प्रसिद्धा शर्माको जन्म २०२७ जेठ २२ गते कमलामाई नगरपालिका-४ गैयाँटार, सिन्धुलीमा भएको हो । आमा लालित्यदेवी अधिकारी र बुबा उमानाथ शास्त्री 'सिन्धुलीय' की छोरी प्रसिद्धा शर्माले एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'बुढो रुखको प्रतिबिम्ब' (कवितासङ्ग्रह, २०६५) प्रकाशित भएको छ । फुटकर रूपमा कविता, समालोचनासमेत प्रकाशित हुने उनको प्रथम प्रकाशित रचना २०५५ सालमा प्रकाशित 'नारी' शीर्षकको कविता हो । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**प्रीति कौर**

प्रीति कौरको जन्म २०४२ असार २४ गते इन्द्रचोक, काठमाडौँमा भएको हो । आमा रोजी कौर तथा बुबा रवि सिंहकी छोरी प्रीति कौरले व्यवस्थापनमा स्नातक तह उत्तीर्ण गरेकी छिन् ।

उनको 'मौन तस्बिर' (कवितासङ्ग्रह, २०६७) प्रकाशित भएको छ । 'मधुपर्क' आदि साहित्यिक पत्रपत्रिकामा समेत फुटकर रचना प्रकाशित गराउने उनको २०६० सालमा प्रकाशित 'स्कुल जाने रहर' शीर्षकको बालरचना नै प्रथम प्रकाशित रचना हो । उनी सिख समुदायकी पहिलो नेपाली नारी कविको रूपमा समेत परिचित रहेकी छिन् । विभिन्न प्रतियोगिता आदिमा पुरस्कृत कौरले भारतलगायत नेपालका विभिन्न भागको भ्रमण, अवलोकन गरेकी छिन् ।

**प्रेमराजेश्वरी थापा**

प्रेमराजेश्वरी थापाको जन्म १९७२ फागुन १७ गते काठमाडौँको हात्तीसारमा भएको थियो । आमा भीमकुमारी तथा बुबा कमान्डिङ कर्नेल डम्बरशमशेर थापाकी छोरी प्रेमराजेश्वरी थापा छायावादी कवयित्रीको रूपमा प्रसिद्ध रहेकी छिन् । उनले कानपुर, भारतबाट म्याट्रिक पास गरेकी हुन् । गायन, सङ्गीत, पेन्टिङ आदिमा पनि विशेष: अभिरुचि हुने उनले हिन्दी भाषामा पनि केही कविता लेखेकी थिइन् । १९९७ मा 'शारदा' पत्रिकामा प्रकाशित 'किन ?' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित कविता हो । उनका 'अनुभूति' (२०३१), 'तिम्रो याद वर्षा' (२०६३, मृत्युपश्चात्) जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । त्रिमूर्ति निकेतनले नेपाली साहित्यका त्रिनारी रत्नमध्येका एक रत्न प्रेमराजेश्वरी थापाको सम्मानस्वरूप पूर्णकदको सालिक निर्माण पनि गरेको छ । उनको मृत्यु भारतको कानपुरमा २०५८ असार ३१ गते भएको हो ।

**प्रेमशान्ति तुलाधर**

प्रा. प्रेमशान्ति तुलाधरको जन्म सन् १९५१ जुन २१ मा काठमाडौँको भोटाहिटीमा भएको हो । आमा ज्ञानदेवी स्थापित तथा बुबा मणिरत्न स्थापितकी छोरी प्रेमशान्ति तुलाधरले अर्थशास्त्र तथा नेपालभाषा गरी दुई विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । त्रिभुवन विश्वविद्यालय, नेपालभाषा केन्द्रीय विभागमा प्राध्यापनरत

तुलाधरको पहिलो प्रकाशित रचना 'जीवन व सङ्घर्ष' शीर्षकको निबन्ध हो । यसको प्रकाशन २०२४ सालमा 'सितु' पत्रिकामा भएको थियो । सामाजिक तथा प्राज्ञिक कार्यमा समेत संलग्न रहेकी तुलाधरका विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा लेखरचना प्रकाशित भइराखेका छन् । उनका प्रकाशित कृतिहरूमा 'नेवार जातिको चिनारी' (२०६७), 'नेपालभाषा साहित्यया इतिहास' (२०७०), 'नेवार जातिको अभौतिक संस्कृति' (२०७०) मुख्य रहेका छन् । 'महेन्द्र विद्याभूषण द्वितीय श्रेणी', 'शिक्षा पुरस्कार', 'श्रेष्ठ सिरपा:', 'चैन लाकौल पुरस्कार', 'जरिमैँया पुरस्कार', 'दीर्घ सेवा पदक' आदिबाट पुरस्कृत र सम्मानित तुलाधर लोकसाहित्य परिषद्की अध्यक्ष रहेकी छिन् । नेपालभाषा एकेडेमी नेपाल भाषा मिसाखल:सँग पनि आबद्ध रहेकी उनले भारतलगायत युरोपका कतिपय देशको समेत भ्रमण गरेकी छन् ।

**प्रेमा शाह**

प्रेमा शाहको जन्म २००२ असार १६ गते वीरगञ्जको श्रीपुरमा भएको हो । आमा अरुणा शाह र बुबा पूर्णेन्द्रविक्रम शाहकी छोरी प्रेमा शाहको चिनाको नाउँ गिरिराजलक्ष्मी शाह हो । उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनले बनारस हिन्दू विश्वविद्यालयबाट 'बाटिक पेन्टिङ' मा डिप्लोमा गर्नुका अतिरिक्त जापानमा गई कलासम्बन्धी अध्ययन पनि गरेकी छिन् । उनले 'शारदा' पत्रिकाका माध्यमबाट साहित्यिक रचना प्रकाशन गर्न थालेकी हुन् । उनले कविता, कथा, उपन्यास, बालसाहित्यको क्षेत्रमा योगदान दिएकी छिन् । उनका 'पहेँलो गुलाफ' (कथासङ्ग्रह, २०२३), 'विषयान्तर' (कथासङ्ग्रह, २०२८), 'ममी' (उपन्यास), 'आकाश विभाजित छ' (उपन्यास, सहलेखन, २०३२) जस्ता कृति प्रकाशित भएका छन् । उनका 'रामेको कथा' (२०४२), 'आनन्दको आविष्कार' (२०४३), 'मनु र भँगेरा' (२०४३) जस्ता बालउपन्यास; 'जिन्की र जोकर' (२०४०), 'मन्टुकी बज्यैको कथाको

पेटारो' (२०४०), 'इन्द्रधनुष' (२०४२), 'रङ्गीचङ्गी कथाहरू' (२०४५), 'राम्रो काम' (२०५१), 'रेका केही कथा' (२०५१) जस्ता बालकथासङ्ग्रहलगायत दुईओटा बालगीतसङ्ग्रह पनि प्रकाशित भएका छन् । 'उज्यालो' बालपत्रिका तथा 'देउराली' पत्रिकाको सम्पादन गर्नुका अतिरिक्त उनले 'बिहान' र 'हिमानी' पत्रिकाको सम्पादक मण्डलमा रही कार्य गरेकी छिन् । उनी 'नारायणी वाङ्मय प्रतिष्ठान' को संस्थापक अध्यक्ष पनि रहेकी छिन् । उनी 'मैनाली कथा पुरस्कार', 'मैना पुरस्कार'बाट पनि सम्मानित भएकी छिन् । उनले नेपालको विभिन्न स्थानको भ्रमण गर्नुका साथै भारत, हङकङ, थाइल्यान्ड, जापान, कतार, अमेरिका आदि देशको पनि भ्रमण गरेकी छिन् । हाल उनी अमेरिकामा उनकी छोरी चलचित्र अभिनेत्री जल शाहका साथमा बसोवास गर्छिन् ।

**फलेन्द्र जगतकुमारी राणा**

फलेन्द्र जगतकुमारी राणा मूलत: कथाकार हुन् । कविता र निबन्धलाई पनि समेटेर २०१२ सालमा उनको 'दिदीबैनीहरूमा भेट' शीर्षकको कथासङ्ग्रह प्रकाशित छ ।

**फाल्गुना दाहाल**

फाल्गुना दाहालको जन्म २०१८ सालमा बुधबारे-४, झापामा भएको हो । आमा पवित्रा निरौला तथा बुबा प्रभाकर निरौलाकी छोरी फाल्गुना दाहाल शिक्षण पेसामा संलग्न रहेकी छन् । उनको 'पीडाका सुस्केरा' (कवितासङ्ग्रह, २०६९) प्रकाशित छ । उनी विभिन्न पुरस्कारबाट सम्मानित पनि भएकी छन् ।

**फुर्बा खान्डु शेर्पा गुरुङ**

फुर्बा खान्डु शेर्पा (गुरुङ) को जन्म सन् १९६७ अक्टोबर ५ गते ढिउ दामथाङ, नाम्ची दक्षिण सिक्किममा भएको हो । आमा पेमा थाङ्जी शेर्पा तथा बुबा दासाङ छिरिङ शेर्पा लामाकी छोरी फुर्बा खान्डु शेर्पाले बी.ए.को शिक्षा हासिल गरेकी छिन् । शिक्षण पेसामा

संलग्न उनको 'अतीत अनि वर्तमान' (कवितासङ्ग्रह, सन् २००५) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा फुटकर रचनाको प्रकाशनसमेत गराउने शेर्पाको पहिलो प्रकाशित रचना सन् १९९७ मा 'हिमगिरि' पत्रिकामा प्रकाशित 'नारीप्रति' शीर्षकको कविता हो । विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न साहित्यिक कार्यक्रम र समारोहमा पुरस्कृत भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थलको भ्रमण पनि गरेकी छिन् ।

**बन्या ञा**

बन्या ञाको जन्म सन् १९९० डिसेम्बर १२ मा सिक्किम (भारत) मा भएको हो । उनको 'सम्पन्न मुलुक र अन्य कथाहरू' नामक कथासङ्ग्रह प्रकाशित भएको छ । उनी 'डिल्लीराम तिम्सिना स्मृति, अनेसास पुस्तक पुरस्कार' (सन् २००५) बाट सम्मानित रहेकी छिन् ।

**बबगुनी गुरुङ**

बबगुनी गुरुङ प्राथमिककालीन नेपाली कवियित्री हुन् । 'ब्रह्मतत्त्वको सवाई' (सन् १८८३ तिर) उनको प्रकाशित कृति हो ।

**बाबा घिमिरे भण्डारी**

आमा अम्बिका घिमिरे तथा बुबा छविलाल घिमिरेकी छोरी बाबा घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट एम.बी.ए. तह उत्तीर्ण गरेकी छिन् । बैङ्कमा जागिरे बाबा घिमिरेको फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०३७ सालमा 'छहरा' त्रैमासिकमा प्रकाशित 'नारी एक हौँ' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका 'बुढेरको बैंस' (कवितासङ्ग्रह, २०५९), 'देश तबमात्र सप्रनेछ' (कथासङ्ग्रह, २०६६) शीर्षकका कृतिहरू पनि प्रकाशित भएका छन् । सामाजिक कार्यमा समेत संलग्न रहने उनले पाकिस्तान, हङकङ जस्ता मुलुकको पनि भ्रमण गरेकी छिन् । उनी विभिन्न सङ्घसंस्थासित पनि आबद्ध रहेकी छिन् ।

**बाबा बस्नेत**

बाबा बस्नेतको जन्म सन् १९६६ अप्रिल ९ मा पाङ्ग्रेटार गाविस, स्वाँरा, सिन्धुपाल्चोकमा भएको हो । आमा शोभा बस्नेत तथा बुबा सुदर्शन बस्नेतकी छोरी बाबा बस्नेतले बी.ए. उत्तीर्ण गरेकी छिन् । सरकारी सेवा तथा शिक्षण कार्यको समेत अनुभव लिएकी बाबा बस्नेतले रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन, रेडियो नाटक, चलचित्रमा अभिनय, गायनका क्षेत्रमा समेत निकै कार्य गरेकी छिन् । गुल्मीबाट प्रकाशित 'शैल सन्देश' पत्रिकामा २०४० सालमा छापिएको 'नव वर्ष' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'धर्तीको सुसेली' (कवितासङ्ग्रह, २०४७), 'किनारा भेट्न खोज्दा' (सम्पादन, गीतसङ्ग्रह, २०४७), 'जब दिन ढल्छ-चखेवा रुन्छ' (गीतसङ्ग्रह, २०५१), 'योद्धा' (नाटक, २०५३), 'गन्तव्य' (कथासङ्ग्रह, २०५४), 'बालुवाको घर' (कवितासङ्ग्रह, २०६०), 'सुदर्शन' (शोककाव्य, २०६०), 'उन्यू फुलेपछि' (कथासङ्ग्रह, २०६१), 'नारी प्रश्नै प्रश्न' (लेखसङ्ग्रह, २०६३), 'रातकी रानी' (उपन्यास, २०६६), 'जलपरी' (बालकथासङ्ग्रह, २०६९), 'उरालु' (कथासङ्ग्रह, २०७०) जस्ता रचना प्रकाशित भएका छन् । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा पनि प्रकाशित भएका छन् । उनी विभिन्न सङ्घसंस्थामा आबद्ध पनि रहेकी छिन् । 'राष्ट्रिय नाटक प्रतियोगितामा उत्कृष्ट अभिनेत्री पुरस्कार' २०४३, 'राष्ट्रिय युवा स्वर्णपदक' २०४५, 'रेडियो नाटक प्रतियोगितामा लेखन तथा निर्देशन पुरस्कार' (२०४९), 'दायित्व पुरस्कार' (२०४९), 'ललिता काव्य पुरस्कार' (२०४९ र २०५०), 'स्वयम्सेवी शान्ति सम्मान' (सन् २०१०), 'शान्तिदूत महिला सामाजिक सेवा सम्मान' (२०६२), 'लालीगुराँस साहित्य सम्मान' (२०६४), 'नइ रेखा पुरस्कार' (२०६७), 'व्यथित काव्यसम्मान' (२०६४), 'नेपाल आसम मितेरी साहित्य सम्मान' (२०६९) जस्ता थुप्रै पुरस्कार र सम्मानबाट समेत उनी सम्मानित

भएकी छिन् । नेपालका अधिकांश जिल्ला तथा भारत, पाकिस्तानको भ्रमण गर्ने उनी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**बबिता बस्नेत**

बबिता बस्नेतको जन्म सन् १९७१ अप्रिल २९ मा खोटाङमा भएको हो । स्नातक तहको अध्ययन पूरा गर्ने उनको 'सम्बन्धहीन सम्बन्धहरू' (कथासङ्ग्रह, २०६५) प्रकाशित छ । 'घटना र विचार' साप्ताहिकको सम्पादन गर्ने बस्नेत 'सञ्चारिका समूह नेपाल'को अध्यक्ष रहेकी छिन् । उनी 'श्रीधर पत्रकारिकता राष्ट्रिय पुरस्कार' (सन् २००९) बाट सम्मानित रहेकी छिन् । उनले नेपालका अधिकांश जिल्ला तथा भारत, पाकिस्तान, अमेरिका आदि धेरै देशहरूको भ्रमण गरेकी छन् ।

**बमकुमारी बुढामगर**

बमकुमारी बुढामगरको जन्म २००७ फागुन १८ गते कोर्चावाङ-४, धापा, रोल्पामा भएको हो । आमा नन्दसरा घर्ती मगर तथा बुबा हस्तवीर बुढामगरकी छोरी बमकुमारी बुढामगरले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । 'नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालय', काठमाडौँकी अध्यक्ष, 'सामाजिक लोकतान्त्रिक पार्टी'की अध्यक्षमण्डलको सदस्यका रूपमा कार्यरत बुढामगरको पहिलो प्रकाशित रचना 'म होइन' (२०२८) शीर्षकको कविता हो । उनका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गर्दछन् । उनका पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू 'पो ओल्ज छेङा' (ठाउँ आफैँ बोल्छ) (२०५५), 'जीतहार' (कवितासङ्ग्रह, २०५५), 'जिउँदो लास' (अनुवादित, कवितासङ्ग्रह, २०५९), 'भूम्या पुस्तिका' (२०५९), 'गे येन् गे स्' (२०६४), 'चाउ रो ङमुउ छेन् गुस्ती गेदो', (मगर पाङ व्याकरण, २०६४), 'जोरा स्याई' (२०६५), 'माघे सङ्कराई' (२०६५), 'मङ्ङर पाङ लन् पो ल मीन्' (२०६५, मगर भाषामा ठाउँको नाम), 'मगर पोङ' (भाषा) औपचारिक शिक्षा (कक्षा

१ र २ को पुस्तक लेखन) २०६७ र २०६८ हुन् । उनको सम्पादकत्वमा '८७ औं अन्तर्राष्ट्रिय नारी वर्ष कार्यक्रम स्मारिका, रोल्पा' (२०५३), 'कोन्जा-मारुम' त्रैमासिक काठमाडौँबाट २०५६ देखि प्रकाशित हुँदै आएको छ । राजनीतिमा समेत सक्रिय बुढामगर २०६२ सालमा सहायक मन्त्री भएकी थिइन् । एसिया, युरोप र अमेरिकाका विभिन्न मुलुकको भ्रमण र अवलोकन गर्ने उनी विभिन्न सामाजिक, प्राज्ञिक, राजनीतिक सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनी नेपालका विभिन्न प्रतिष्ठित पुरस्कार र सम्मानबाट समेत सम्मानित भएकी छिन् ।

**बालिका पन्त**

बालिका पन्तको जन्म २००१ मङ्सिर २५ गते हापुर गाविस, पतेनी, दाङमा भएको हो । आमा खगादेवी भुसाल र बुबा भोलाप्रसाद भुसालकी छोरी बालिका पन्त सामान्य पढलेख गर्न जान्दछिन् । उनको पहिलो प्रकाशित रचना 'बालक छोरा र आमाको बिछोडको पीडा' शीर्षकको रचना हो । उनको 'आमाको माया' (२०६९) शीर्षकको पुस्तकाकार कृति पनि प्रकाशित भएको छ । उनका विभिन्न रचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित पनि भएका छन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छन् ।

**बिन्दु कोइराला**

बिन्दु कोइरालाको जन्म २००० सालमा सिन्धुलीको दुम्जामा भएको हो । उनी नेपालीमा एम.ए. उत्तीर्ण गरी प्राध्यापन पेसामा संलग्न भइन् । उनी समालोचनाको फाँटमा सक्रिय रहिन् । त्यसैले उनका प्रकाशित कृतिमध्ये दुईवटाचाहिँ समालोचनामा नै आधारित छन् । ती कृति हुन् : 'धरणीधरदेखि शङ्करसम्म' (२०५५), 'नेपाली कथा, उपन्यास र कविता' (२०५५) । साथै उनका कवितासङ्ग्रह 'केही तुनेका थाङ्नाहरू' (२०५७) तथा 'उक्ली भन्ज्याङमा पुग्दा' (नियात्रा, २०६४) पनि प्रकाशित छन् ।

**बिन्दु शर्मा**

डा. बिन्दु शर्माको जन्म २०३३ वैशाख १८ गते दाङको उरहरी गाविस-२, कचिलीमा भएको हो । आमा यज्ञकुमारी शर्मा तथा बुबा बलदेव शर्माकी छोरी बिन्दु शर्माले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । उनले नेपाल संस्कृत विश्वविद्यालय, दाङबाट 'नेपाली गीतिनाटकका प्रवृत्ति' शीर्षकमा बद्ध भई पिएच.डी.को उपाधि पनि लिएकी छिन् । प्राध्यापन पेसामा संलग्न डा. शर्माका विभिन्न पत्रपत्रिकामा फुटकर कविता, गीत, गजल, कथा, निबन्ध, समालोचना प्रकाशित भएको पाइन्छ । २०५६ सालमा 'मिर्मिरे' मासिकमा छापिएको 'पूर्णिमा र जून' शीर्षकको गीत नै उनको पहिलो प्रकाशित रचना हो । उनको 'गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे' (२०६२), 'आधारभूत नेपाली समालोचना' (२०६५) जस्ता कृति पनि प्रकाशित भएका छन् । 'तन्नेरी', 'दोभान' जस्ता पत्रिका र 'जनसाहित्य मञ्च', नेपालसँग पनि उनी आबद्ध रहेकी छिन् । नेपालका विभिन्न जिल्लाको भ्रमण गर्ने डा.शर्मा हाल काठमाडौँ, बल्खुमा बसोवास गर्छिन् ।

**बिन्दु सिग्देल**

बिन्दु सिग्देलको जन्म २०१५ जेठ २७ गते कपिलवस्तुमा भएको हो । आमा हरिकला पन्थी तथा बुबा देवकीनन्दन पन्थीकी छोरी बिन्दु सिग्देल शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनले प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा गरेकी छिन् । विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरूको प्रकाशन गराउने बिन्दु सिग्देलको २०५४ सालमा प्रकाशित 'मेरो देश' शीर्षकको कविता नै प्रथम प्रकाशित रचना हो । उनको 'भावतरङ्ग' (२०६६) शीर्षकको कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । 'हिन्दू नारीजागरण समिति', 'कपिलवस्तु साहित्यिक समाज', 'नेपाल शिक्षक सङ्घ' आदि संस्थासँग आबद्ध रहेकी सिग्देल हाल कपिलवस्तु नगरपालिकामा बसोवास गर्दछिन् ।

**बिन्दु सुवेदी**

आमा यदुलक्ष्मी रिमाल र बुबा शिवहरि रिमालकी छोरी बिन्दु सुवेदीको जन्म २०१२ सालमा भएको हो । उनले बी.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । बिन्दु सुवेदीका 'जापानमा एक वर्ष' (संस्मरण, २०५९), 'कुइराको घर' (बालकथासङ्ग्रह, २०६१), 'अंशुको यात्रा' (बालउपन्यास, २०६३), 'मेरी दिदी र ऊ' (कथासङ्ग्रह) आदि प्रकाशित भएका छन् । अङ्ग्रेजी भाषाका विद्वान् समालोचक एवम् प्राध्यापक अभिनारायण सुवेदीकी धर्मपत्नी बिन्दुको 'युज् अफ ल्याङ्ग्वेज इन द नेपाली प्रेस' (सहलेखन, सन् १९९९) अनुसन्धानात्मक ग्रन्थ अङ्ग्रेजी भाषामा लेखिएको छ । देशविदेशका पत्रपत्रिकामा समेत फुटकर लेखरचना प्रकाशित गर्ने सुवेदीको पहिलो प्रकाशित रचना २०२९ सालमा प्रकाशित 'साङ्कल्पिक आयाम' शीर्षकको कथा हो । उनी 'शारदा कोइराला स्मृति बालसाहित्य सम्मान'बाट सम्मानित पनि भएकी छिन् । उनले नेपालका विभिन्न जिल्लाहरू तथा भारत, हङकङ, जापान आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् ।

**बिन्द्या सुब्बा**

बिन्द्या सुब्बाको जन्म सन् १९५५ जुलाई १३ मा तीनधारे, दार्जिलिङ (भारत) मा भएको हो । आमा मन्दरा सुब्बा तथा बुबा पद्मध्वज सुब्बाकी छोरी बिन्द्या सुब्बाले नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनले बी.एड., बी.एस्सी (अनर्स), विशारद (हिन्दी), नर्सिङमा डिप्लोमा जस्ता अन्य शैक्षिक उपाधि पनि ग्रहण गरेकी छिन् । १९७६ देखि नर्सिङ सेवामा प्रवेश गर्ने उनका 'त्यागपत्र' (उपन्यास, सन् १९७८, अनुवादित), 'कथाक्रम' (कथासङ्कलन, सन् १९८४), 'फूलहरू, पहाडहरू, धर्साहरू' (उपन्यास, सन् १९८६), 'अथाह' (उपन्यास, सन् १९९९), 'हस्पिस' (कथासङ्ग्रह, सन् २००३), 'अन्तर्निहित' (कवितासङ्ग्रह, सन् २००४), 'निर्गमन' (उपन्यास, सन् २००६), 'तिम्रा अक्षरहरूको आयाम' (संस्मरण लेखसङ्ग्रह, सन् २००७),

‘अरब सागरको किनारामा’ (नियात्रा, सन् २००८), ‘हृदयम्’ (आध्यात्मिक लेखसङ्ग्रह, सन् २००९), द्रौपदी (अनुवाद) जस्ता कृति प्रकाशित छन् । यसबाहेक पनि उनका कैयौँ कविता, कथा आदि नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका कतिपय रचनाहरू मैथिली, हिन्दी, बङ्गला, उडिया, तेलगू, अङ्ग्रेजी आदि भाषामा अनूदित भएका छन् भने केही रेडियोबाट प्रसारण पनि भएका छन् । सन् १९६८ सालमा ‘सागर’ पत्रिकामा प्रकाशित ‘जीवनफूल’ शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सङ्घसंस्थामा समेत आबद्ध उनी ‘वसुधा’, दार्जिलिङको अध्यक्ष पनि रहेकी छिन् । उनी ‘विजयश्री पुरस्कार’ (सन् १९९७), ‘दियालो पुरस्कार’ (सन् १९७८), ‘स्रष्टा पुरस्कार’ (सन् १९९८), ‘रामराज पन्त स्मृति सम्मान पुरस्कार’, ‘राधेय कविता पुरस्कार’ (सन् २००५) बाट पनि सम्मानित भएकी छिन् । सन् २००३ मा ‘अथाह’ उपन्यासका लागि प्रतिष्ठित ‘साहित्य अकादमी पुरस्कार’बाट पनि उनी सम्मानित भएकी छिन् । विभिन्न सङ्घसंस्थाहरूबाट अभिनन्दित एवम् सम्मानित बिन्द्या सुब्बा भारतका लागि नेपाली साहित्यिक दूत हुन् ।

**बुनु लामिछाने**

बुनु लामिछानेको जन्म २०३१ भदौ महिनामा तुलसीपुर-६, गोलौरा, दाङमा भएको हो । आमा शुभद्रादेवी लामिछाने र बुबा अशोककुमार लामिछानेकी छोरी बुनु लामिछानेले त्रिभुवन विश्वविद्यालयबाट नेपाली र संस्कृति विषयमा स्नातकोत्तर तहको शिक्षा आर्जन गरेकी छिन् । उनको ‘बिहानीका पाइलाहरू’ (२०५८), ‘याचना’ (महाकाव्य, २०६०), ‘सुलोचना महाकाव्यको विश्लेषण’ (२०५८), ‘विद्रोही इन्द्रकुमारी’ (महाकाव्य, २०६४) जस्ता कृति प्रकाशित भएका छन् । उनका कतिपय फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५५ सालमा प्रकाशित ‘शुभकामना’ शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

उनी डेढ दर्जन जति पुरस्कार र सम्मानबाट पनि सम्मानित भएकी छिन् ।

**बुलु शर्मा**

बुलु शर्माको जन्म १९८५ भदौ २२ गते बनारसको रामपुरमा भएको हो । आमा सुशीला उपाध्याय र बुबा शारदाप्रसाद उपाध्यायकी छोरी बुलु शर्माले बी.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । 'समाज र प्रेमी' शीर्षकको उनको प्रथम रूपक रेडियो नेपालको स्थापनापछि प्रसारित भएको थियो । उनका कविता, कथा, निबन्धका अतिरिक्त गृहविज्ञानसम्बन्धी पुस्तक पनि प्रकाशित छन् । उनका 'गृहविज्ञान', 'स्वादिष्ट भोजन', 'सजिलो सिउनेकाट्ने कला', 'सजिलो बुनाइ र काट्ने कला', 'के तपाईंलाई थाहा छ' तथा अङ्ग्रेजीमा 'एक्सक्लुसिभ नेप्लिज क्युसिन' शीर्षकका गृहविज्ञानसम्बन्धी कृतिहरू प्रकाशित भएका छन् । साथै उनका 'जीवन, आनन्द र पीडा' र 'छुटेका पाइला' (२०६०) निबन्धात्मक कृति पनि प्रकाशित भएका छन् । 'छुटेका पाइला' फ्रेञ्च भाषामा अनूदित पनि रहेको छ । उनी 'भूपालमानसिंह कार्की कृति पुरस्कार' २०६० बाट पुरस्कृत पनि भएकी छिन् ।

**बेञ्जु शर्मा**

बेञ्जु शर्माको जन्म २००४ पुस १५ गते काठमाडौँको डिल्लीबजारमा भएको हो । आमा भुवनेश्वरी तिवारी र बुबा भीमनिधि तिवारीकी छोरी बेञ्जु शर्माले त्रिभुवन विश्वविद्यालयबाट संस्कृति र नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनले बनारस हिन्दू विश्वविद्यालयबाट 'मल्लकालीन समाज र संस्कृति' विषयमा पिएच.डी.को उपाधि लिएकी छिन् । प्राध्यापन पेसामा संलग्न डा.शर्माले कविता, नाटक, कथा, उपन्यास, निबन्धका क्षेत्रमा उल्लेख्य योगदान दिएकी छिन् । उनका 'विसङ्गत' (कथासङ्ग्रह, २०४९), 'आन्दोलनपूर्वका बन्द अभिव्यक्तिहरू' (कवितासङ्ग्रह, २०५०), 'सम्बन्ध

प्रदूषण' (कवितासङ्ग्रह, २०५९), 'टु सिस्टर' (सहलेखन, अङ्ग्रेजी भाषामा कवितासङ्ग्रह, सन् १९९७), 'देहमुक्त' (उपन्यास, सहलेखन, २०४४), 'हाम्रो सवाल : दाइदाइको जवाफ' (अन्तर्वार्ता, २०५०) जस्ता कृति प्रकाशित भएका छन् । साथै उनले 'तिवारी नाट्यसाहित्यको विश्लेषणात्मक अध्ययन' (२०५४), 'इतर किनाराको वरिपरि' (२०६२) को सम्पादन गरेकी छिन् । उनका झन्डै दुई सयजति कविता, कथा, एकाङ्की आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न सङ्घसंस्थासित समेत आबद्ध उनी नेपाल टेलिभिजनकी अध्यक्ष पनि भएकी थिइन् । नेपाल प्रज्ञाप्रतिष्ठानकी सदस्य बेञ्जु तिवारी साहित्य प्रतिष्ठानकी संस्थापक हुन् । उनले भारतलगायत युरोपका विभिन्न मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**बेटी बज्राचार्य**

बेटी बज्राचर्याको जन्म २००७ वैशाख २० गते तानसेन, पाल्पामा भएको हो । आमा अष्टमाया शाक्य तथा बुबा गणेशमान शाक्यकी छोरी बेटी बज्राचार्यले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनले एम.एस. युनिभर्सिटी, बरौदा, भारतबाट एम.म्युज तथा नृत्यको उपाधि पनि लिएकी छिन् । प्राध्यापन पेसाबाट अवकास प्राप्त उनका 'नृत्यकला' (२०३७), 'नपोखिएका व्यथाहरू' (कवितासङ्ग्रह, २०४५) प्रकाशित भएका छन् । उनका निकै फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । २०१८ सालमा प्रकाशित 'प्रार्थना' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनी 'शुभराज्याभिषेक पदक', 'रत्नसेवापदक', 'गोरखादक्षिणबाहु चौथो' आदि सम्मानबाट सम्मानित भएकी छिन् । उनी 'नेपाल महिला साहित्यकार सङ्घ' र 'नेपाल महिला बौद्ध सङ्घ'की अध्यक्ष पनि रहेकी छिन् । अन्य सङ्घसंस्थासँग पनि आबद्ध उनले नेपालका निकै जिल्लाहरू तथा भारत, थाइल्यान्ड, हङकङ आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**बेनी जङ्गम रावल**

बेनी जङ्गम रावलको जन्म २०१५ असार ३ गते भक्तपुरमा भएको हो । आमा वसुन्धरा मानन्धर तथा बुबा काकाभाइ मानन्धरकी छोरी बेनी जङ्गम रावलले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., पिएच.डी.को उपाधि लिएकी छिन् । उनले इलाहावादबाट सङ्गीत प्रवीण तथा त्रिभुवन विश्वविद्यालयबाट एम.एफ.ए.को शिक्षा आर्जनसमेत गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'सङ्गीत सुरभि भाग-१' (२०५७), 'सङ्गीत सुरभि- भाग दुई' (२०५९) जस्ता कृति उनका पति दीपक जङ्गमको सहकार्यमा प्रकाशित भएका छन् । यसका साथै उनका 'सन्दर्भ : लोकगीतका' (२०६३), 'सङ्गीत रश्मि' (२०६८) जस्ता कृतिसमेत प्रकाशित छन् । उनको प्रथम प्रकाशित रचनाचाहिँ २०४८ सालमा प्रकाशित 'आजको समृद्ध विश्वसङ्गीतकी जननी' शीर्षकको लोकसङ्गीत विधाको रचना हो । उनका विविध विधासँग सम्बन्धित फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् । 'रत्नराज्यलक्ष्मी क्याम्पस कदरपत्र' (२०६७), 'दीर्घ सेवा पदक' (२०६७)बाट समेत उनी सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न स्थान तथा भारत, थाइल्यान्डजस्ता मुलुकको समेत भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**भक्ति शर्मा**

भक्ति शर्माको जन्म सन् १९७६ डिसेम्बर २५ मा गेजिङ, पश्चिम सिक्किममा भएको हो । आमा दीर्घमाया बस्नेत तथा बुबा खडकबहादुर बस्नेतकी छोरी भक्ति शर्माले कक्षा १२ को अध्ययन पूरा गरेकी छिन् । सरकारी सेवामा संलग्न उनका 'गीतका अनुभूतिहरू' (गीतिसङ्ग्रह, सन् २००५), 'प्राप्ति-अप्राप्ति' (कथासङ्ग्रह, सन् २००७), 'उमङ्ग' (गीतिएल्बम्, सन् २००५) प्रकाशित कृति हुन् । रेडियो तथा टेलिभिजनबाट प्रसारित विभिन्न कार्यक्रममा समेत कलाकारको

भूमिका निर्वाह गर्ने उनका भारतका विभिन्न पत्रपत्रिकामा फुटकर रचना आदि प्रकाशित भएका छन् । रेडियोनाटक लेखनमा समेत सक्रिय उनको पहिलो प्रकाशित रचना सन् २००५ मा प्रकाशित गीतिसङ्ग्रह 'गीतका अनुभूतिहरू' नै हो । उनले भारतका विभिन्न स्थानको भ्रमण गरेकी छन् ।

**भगवत्कुमारी पाण्डे**

भगवत्कुमारी पाण्डेको जन्म १९५८ सालमा काठमाडौँको कालिकास्थानमा भएको थियो । उनका प्रकाशित कृति 'भक्तितिलक' (काव्य, १९७६) र 'भगवत्पुष्पाञ्जलि' (काव्य, २०२९) हुन् । पाण्डेले सानै उमेरदेखि साहित्यरचना गर्न थालिन् । कविता लेख्ता र समाजसेवा गर्दा तत्कालीन सामन्ती समाज उनलाई गालीगलोज गर्न पछि परेको थिएन । वास्तवमै उनी बहुआयामिक व्यक्तित्वकी धनी थिइन् । उनी नारीजागरणमा समेत समर्पित थिइन् । त्यस बेला उनी निर्भीक र जागरुक स्रष्टाका रूपमा परिचित भइन् । त्यतिमात्र होइन; भनिन्छ मोतीराम भट्टले सुरु गरेको शृङ्गारिक कवितालेखन परम्परामा उनी प्रथम कवयित्री थिइन् । आफ्नो चञ्चले स्वभावका कारण उनले कवितामा पनि आफ्नो प्रतिविम्ब दिइन् । साहित्यकार पोषण पाण्डे यिनैका छोरा हुन् । पोषण पाण्डेकी छोरी समालोचक डा. ज्ञानू पाण्डेका अनुसार भगवत्कुमारी पाण्डेको २०२८ साल चैत १८ गते स्वर्गारोहण भयो ।

**भगवती अर्याल पाण्डे**

भगवती अर्याल पाण्डेको जन्म २०२८ पुस ३ गते भिमाद गाविस-९, राङरुङ चारघरे, तनहुँमा भएको हो । आमा कृष्णमाया अर्याल तथा बुबा बोधराज अर्यालकी छोरी भगवती अर्यालले नेपाली र अङ्ग्रेजी विषयमा एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न रहेकी भगवतीका फुटकर कविता, गीत, गजल, मुक्तक, कथा, लघुकथा, नियात्रा, समालोचना आदि विभिन्न नेपाली

पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको कृति 'तीजको चटनी' शीर्षकको गीतसङ्ग्रह, २०५१ सालमा प्रकाशित भएको हो । उनका प्रकाशित पुस्तकाकार कृति 'नवलपरासीको साहित्यिक गतिविधि' (समालोचना, २०६३), 'गाउँसहरमा तीज' (भाषासम्पादन, २०६७), 'साहित्यिक यात्रामा लीला' (सम्पादन, २०६७), 'मञ्जरी' (गजलसङ्ग्रह, २०६९) हुन् । विभिन्न सामाजिक, प्रशासनिक, प्राज्ञिक, राजनीतिक, साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी नारी तथा 'बालविकास समाज' (२०६५) एवम् 'हातेमालो महिला समूह, गुञ्जनगर, चितवन (२०६४) की अध्यक्ष पनि रहेकी थिइन् । 'लालीगुराँस स्रष्टा सम्मान' (२०६४), 'नवलपरासी स्रष्टा सम्मान' (२०६७), 'लक्ष्मी स्मृति स्रष्टा सम्मान' (२०६९) जस्ता विविधि पुरस्कार र सम्मान आदिबाट सम्मानित भएकी छिन् । नेपाल र भारतका विभिन्न स्थानहरूको भ्रमण गर्ने उनी हाल चितवनमा बसोवास गर्छिन् ।

**भगवती पौडेल**

भगवती पौडेलको जन्म २०१३ असार १४ गते फलेबास, पर्वतमा भएको हो । आमा बालिका घिमिरे र बुबा जीवनाथ घिमिरेकी छोरी भगवती पौडेलले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनका फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा बेलाबेलामा प्रकाशित भएका छन् । उनका 'पराक्रमी कलम' (२०६४), 'आमा मलाई जून छुन देऊ' (२०६५), 'तारामण्डल छानो' (२०६९), 'मरेको बालक घर आयो' (२०६९), 'बाँदरहरूले पनि घर बनाए' (२०६९) जस्ता कृति प्रकाशित भएका छन् । भारत, बेलायत, संयुक्त राज्य अमेरिकाको भ्रमण गर्ने पौडेल हाल सामाखुशी, काठमाडौँमा बसोवास गर्छिन् ।

**भगवती बस्नेत**

भगवती बस्नेतको जन्म २०२९ सालमा कुमरोज-३, चितवनमा भएको हो । आमा रुक्मकुमारी बस्नेत तथा बुबा रामबहादुर बस्नेतकी छोरी भगवती बस्नेतले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहको

शिक्षा आर्जन गरेकी छिन् । उनको पहिलो रचना २०६८ सालमा प्रकाशित भएको थियो । इजरायलमा कार्यरत उनको 'रहर भो जिन्दगी' (गजलसङ्ग्रह : २०६८) र 'प्रेमदह' (मुक्तकसङ्ग्रह : २०७०) प्रकाशित भएका छन् । 'इजरायली भूमिमा नेपाली कलमहरू' संयुक्त सङ्ग्रहलगायत विभिन्न साहित्यिक वेभपत्रिकाहरूमा पनि उनका रचना प्रकाशित भएका छन् । 'पत्थर गजल साधना सम्मान' (२०६८) बाट सम्मानित उनी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, इजरायल च्याप्टरसँग पनि आबद्ध रहेकी छिन् । भारत, सिङ्गापुर, इजरायलको भ्रमण गरेकी छिन् । उनी कथा, कविता, निबन्ध, प्रबन्ध, समालोचना आदिमा बराबर कलम चलाउँछिन् । नेपाल सरकारबाट इजरायलका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत भगवती इजरायलका लागि नेपाली साहित्यिक दूत पनि रहेकी छिन् ।

**भगवती बुढामगर**

भगवती बुढामगरको जन्म २०३५ पुस १६ गते नुवागाउँ-८, रोल्पामा भएको हो । आमा यामसरी बुढा र बुबा भीमराज बुढाकी छोरी भगवती बुढामगर त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छिन् । समाजसेवा कार्यमा संलग्न रहेकी भगवती बुढाको प्रथम प्रकाशित रचना २०६० मा प्रकाशित 'जलजला' शीर्षकको कविता हो । उनको 'सम्प्रति' (गजलसङ्ग्रह, २०७०) प्रकाशित भएको छ । उनका गीत, गजलका अतिरिक्त समसामयिक विषयमा आधारित फुटकर लेखहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् । हाल उनी रोल्पामा बसोवास गर्छिन् ।

**भगवती रोका 'भूमिका'**

भगवती रोका 'भूमिका' को जन्म २०२३ फागुन २८ गते चुइचुम्मा, खुतुम्बु-८, दिक्तेल, खोटाङमा भएको हो । आमा वसुन्धरा रोका तथा बुबा गणेश रोकाकी छोरी भगवती रोकाले त्रिभुवन विश्वविद्यालयबाट 'नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व' विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध रहेकी रोका जागिरे पेसामा संलग्न रहेकी छिन् । उनका पनि निकै कविता, गीत, भजन, संस्मरण आदि विभिन्न पत्रपत्रिकामा बेलाबेलामा प्रकाशित भएका छन् । उनको 'दर्पण' (२०६८) शीर्षकको गीतिसङ्ग्रह पनि प्रकाशित भएको छ । लोकगायनको क्षेत्रमा समेत सक्रिय उनको 'भूमिका' आधुनिक गीतिएल्बम् प्रकाशित भएको छ । नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गरेकी भगवती रोका हाल भक्तपुरमा बस्छिन् ।

**भद्रकुमारी घले**

भद्रकुमारी घलेको जन्म १९८८ फागुन १९ गते डिल्लीबजार, काठमाडौँमा भएको हो । आमा भक्तकुमारी घले तथा बुबा कृष्णबहादुर घलेकी छोरी भद्रकुमारी घलेले नेपाली वाङ्मयमा कविता, कथा, निबन्ध, जीवनी, दर्शन आदि विभिन्न विधामा सिर्जनात्मक कार्य गरेकी छिन् । उनका भद्रकुमारी घलेका 'नारीको व्यथाको कथा', 'शक्तिरूपमा नारी', 'मेरा सहयात्री' जस्ता कथासङ्ग्रह; 'भावना', 'कल्पना', 'उपहार', 'मेरा जीवन्त कविता', 'केही गीति-नृत्य-नाटिका', 'अस्तित्व', 'ऐँजेरु', 'भद्रकुमारी घलेका हिन्दी कविता' जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका 'मनमन्थन' (दैनिकी काव्य), 'युगबोध' (काव्यकृति), 'आमा' (काव्यकृति), 'देशको नशा' (मुक्तकसङ्ग्रह), '२०७ गजल' (गजलसङ्ग्रह) पनि प्रकाशित भएका छन् । उनका 'राष्ट्रिय चिन्तन', 'समय दृष्टि', 'राजसंस्थाप्रति नेपालीको आस्था', 'सृष्टिका धरोहर नारी', 'राष्ट्रिय चाड दशैँ', 'आइमाई हिजो-आज-

भोलि', 'आजको मेरो मन', 'अहिलेको परिस्थिति', 'राष्ट्र र राष्ट्रियता', 'जीवन र समाजसेवा', 'नेपाल र आजको स्थिति', 'मेरो जीवनयात्रा', 'आजको माहोल', 'मान्छे मान्छे बनौँ', 'म', 'राष्ट्रिय सम्पदा' जस्ता निबन्धसङ्ग्रह पनि प्रकाशित भएका छन् । उनका 'मेरो आँखामा म' (जीवनी), 'घलेको इतिहास, कला र जीवन' (चित्रकला र साहित्य सृजना), 'आदिवासी तमूँ के' (आदिवासी तमूँको वेद) जस्ता पुस्तक पनि प्रकाशित छन् । घले 'गोरखादक्षिणबाहु', 'दैवी प्रकोप पीडितोद्धार पदक', 'रत्नश्री हिरकपदक', 'वीरेन्द्र-ऐश्वर्य सेवा पदक', 'स्वर्ण जयन्ती पदक' जस्ता अनेकौँ पदक, पुरस्कार र सम्मानबाट सम्मानित भएकी छिन् । भद्रघले सेवा समितिकी संस्थापक उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध छिन् ।

**भवानी पाण्डे**

भवानी पाण्डेको जन्म २०३० माघ १४ गते ठूलो पर्सेल २ काभ्रेमा भएको हो । आमा धुमा भगवती पाण्डे तथा बुबा सानुरत्नप्रसाद पाण्डेकी छोरी भवानी पाण्डेले नेपाली विषयमा एम.एड.को उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'थरीथरी फूल' (बालकवितासङ्ग्रह, २०६७) प्रकाशित भएको छ । २०६१ मा प्रकाशित 'तिम्रो प्राणपखेरु' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनका फुटकर कविता आदि विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् ।

**भवानी क्षेत्री**

भवानी क्षेत्रीको जन्म २०१७ साउन २० गते टक्सार, खिकामाछा, भोजपुरमा भएको हो । आमा उमादेवी कार्की तथा बुबा चन्द्रबहादुर कार्कीकी छोरी भवानी क्षेत्रीले संस्कृतको 'साहित्यअलङ्कार' शिक्षा लिएकी छिन् । व्यापार पेसामा संलग्न उनका 'सुनामी' (कवितासङ्ग्रह, २०५६), 'उजेलीहरू' (कथासङ्ग्रह, २०६०), 'आमाहरू' (निबन्धसङ्ग्रह, २०५९) जस्ता कृतिहरू प्रकाशित छन् । २०४७ सालमा 'कविता

दृष्टि'मा प्रकाशित 'तिम्रो सपना अब हाम्रो सपना बनेको छ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । 'प्रगतिशील लेखक सङ्घ', झापाकी अध्यक्षसमेत रहेकी भवानी क्षेत्री विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेकी छिन् । विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कृत एवम् सम्मानित उनी 'अस्वीकृत विचार-साहित्य पुरस्कार' (२०६५) बाटसमेत सम्मानित भएकी छिन् । उनका कतिपय कृतिहरूले पनि उत्कृष्ट कृतिको पुरस्कार पाएका छन् । नेपाल सरकारबाट मेची अञ्चलका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी सोही अञ्चलमा विश्व नारी नेपाली साहित्य सम्मेलनका अध्यक्ष पनि रहेकी छिन् ।

**भागीरथी श्रेष्ठ**

भागीरथी श्रेष्ठको जन्म सन् १९४८ सेप्टेम्बर २ मा रिडीबजार, गुल्मीमा भएको हो । आमा जानकी बजिमय र बुबा राजकुमार बजिमयकी छोरी भागीरथी श्रेष्ठले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका फुटकर कविता र कथा विभिन्न स्थानीय र राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध श्रेष्ठको पहिलो प्रकाशित रचना २०२३ मा 'रुरु' पत्रिकामा प्रकाशित 'प्रबल इच्छा' शीर्षकको कथा हो । उनका 'क्रमश:' (२०४२), 'मोहदंश' (२०४४), 'विभ्रम' (२०५०), 'रङ्गीन पोखरी' (२०५०), 'भूमिगत' (२०६२) जस्ता कथासङ्ग्रह तथा 'मालती' (२०३४) र 'यस्तो एउटा आकाश' (२०४६) जस्ता उपन्यासहरू प्रकाशित भएका छन् । उनी अनुवाद कार्यमा पनि सक्रिय रहेकी छिन् । उनका अनूदित रचना भारतका 'कादम्बिनी', 'शान्तिदूत'मा पनि प्रकाशित भएका छन् । 'रत्नश्री स्वर्णपदक', 'मैनाली कथा पुरस्कार', 'प्रतिभा पुरस्कार', 'नूर गङ्गा पुरस्कार', 'शङ्कर लामिछाने पुरस्कार', 'रमेश विकल वाङ्मय पुरस्कार', 'गरिमा पुरस्कार', 'गोमा साहित्य पुरस्कार', 'भद्रघले साहित्य पुरस्कार' लगायत

विभिन्न सम्मानबाट सम्मानित भागीरथी श्रेष्ठले भारत आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी चपली, काठमाडौँमा बसोवास गर्छिन् ।

**भाभा शर्मा**

भाभा शर्माको जन्म २०४३ सालमा चाबहिल, काठमाडौँमा भएको हो । आमा कमला नेपाल तथा बुबा विनयकुमार नेपालकी छोरी भाभा शर्माले समाजशास्त्रमा एम.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'नेपाली-अङ्ग्रेजी-नेपाली शब्दसागर' (सहसम्पादन, २०६३), 'अङ्ग्रेजी-नेपाली-अङ्ग्रेजी शब्दसागर' (सहसम्पादन, २०६८), 'रमाइलो शनिबार' (बालकथासङ्ग्रह, २०७०) का अतिरिक्त अङ्ग्रेजी भाषामा 'अल इन वान' (२०६२), 'अल इन वा बिग' (२०६३), 'न्यु इङ्लिस ग्रामर (जुनियर)' (सम्पादन, २०६५), 'न्यु इङ्लिस ग्रामर हायर' (सम्पादन, २०६५), 'कन्ट्रीज प्राइड' (बालकथासङ्ग्रह, २०६७), 'रिसेन्ट इङ्लिस ग्रामर (हाइयर)' (सम्पादन, २०६८) जस्ता कृति प्रकाशित भएका छन् । २०६६ सालमा प्रकाशित 'प्रेमको कला' शीर्षकको कथा नेपाली भाषामा प्रकाशित उनको प्रथम रचना हो । उनी 'शब्दार्थ सम्मान'बाट सम्मानित रहेकी छिन् । उनका रचनाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् ।

**भारती खरेल**

भारती खरेलको जन्म १९९५ साल मङ्सिर १६ गते काभ्रेको भुम्लुस्थित हलीदेवमा भएको हो । आमा अनन्तकुमारी उप्रेती र मीरसुब्बा लीलानाथ उप्रेतीकी छोरी भारती खरेलले औपचारिक रूपमा कक्षा दसको शिक्षा आर्जन गरेकी छिन् । नेपाली कविता, नाटक, कथा, उपन्यास, निबन्धका क्षेत्रमा उनको योगदान रहेको छ । उनका 'एउटी आमाको कथा' (उपन्यास, २०४६), 'गङ्गाजमुना' (उपन्यास, २०४६), 'कुमारी आमा' (उपन्यास, २०५१), 'लाहुरे' (उपन्यास, २०५२), 'भजन भारती' (कवितासङ्ग्रह, २०४६), 'श्रद्धासुमन'

(कवितासङ्ग्रह, २०४९), 'भाइटीका' (नाटक, २०४९), 'नवरत्न' (आध्यात्मिक निबन्धसङ्ग्रह, २०४९) कृति प्रकाशित भएका छन् । उनको सम्झनामा नइ प्रसाईको सम्पादकत्वमा 'भारती खरेल : सृजना र समीक्षा' (बृहत् समालोचनात्मक ग्रन्थ, २०५१) पनि प्रकाशित भएको छ । उनको नाममा 'भारती खरेल प्रतिष्ठान'को पनि स्थापना भएको छ । उनको देहान्त २०४९ साल साउन ४गते भएको हो ।

**भारती गौतम**

भारती गौतमको जन्म २०१२ फागुन ८ गते धनकुटामा भएको हो । आमा चन्द्रकला पोखरेल तथा बुबा हेमचन्द्र पोखरेलकी छोरी तथा डा.शिव गौतमकी धर्मपत्नी भारती गौतमले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । अध्यापन, पत्रकारिता, समाजसेवा तथा लेखन कार्यमा सक्रिय गौतमका विभिन्न समयमा राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिकामा कविता, कथा, निबन्ध, समीक्षा आदिको प्रकाशन भएको छ । उनी कतिपय पत्रिकाको स्तम्भकार पनि रहेकी छिन् । 'रत्नश्री' पत्रिकामा २०३० सालमा प्रकाशित 'तिम्रो सम्झना' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनको 'आकाशमाथिको सहर' (कवितासङ्ग्रह, २०६३), 'स्मृतिमा भीमू' (संस्मारणात्मक ग्रन्थ, २०६७) शीर्षकका कृति प्रकाशित भएका छन् । स्वदेशका विभिन्न स्थान तथा भारत, बेलायत, फ्रान्स, जर्मनी, स्विट्जरल्यान्ड आदिको भ्रमण गर्ने गौतम 'उत्कृष्ट नारी हस्ताक्षर डिल्लीराम तिम्सिना पुरस्कार, अनेसास', 'व्यथित-वनिता काव्य पुरस्कार', 'देवकोटा शतवार्षिकी सम्मान', 'साहित्य सेवा सम्मान', 'मितेरी सम्मान' आदिबाट समेत सम्मानित भएकी छिन् । हाल उनी अमेरिकामा बसोवास गर्दछिन् ।

**भारती श्रेष्ठ**

भारती श्रेष्ठको जन्म २०१२ सालमा ठैब, ललितपुरमा भएको हो । आमा रुक्मिनी श्रेष्ठ तथा बुबा दिलबहादुर श्रेष्ठकी छोरी भारती

श्रेष्ठले आई.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा आबद्ध उनको 'विविधा' (२०६९) विविध विधाका रचनाहरू सङ्कलन गरी प्रकाशित कृति हो । २०४४ सालमा 'अठोट' पत्रिकामा प्रकाशित 'यहाँको चलन' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर लेखरचनाहरू राष्ट्रिय र स्थानीयस्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'जनमत' मासिकको सम्पादन कार्यमा समेत संलग्न रहेकी छिन् । नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गर्ने उनी हाल काभ्रेमा बस्छिन् ।

**भीमकुमारी श्रेष्ठ**

भीमकुमारी श्रेष्ठको जन्म २००५ भदौ ७ गते स्याँलापाखा, रुकुममा भएको हो । आमा जयकुमारी गौतम तथा बुबा भीमबहादुर गौतमकी छोरी भीमकुमारी श्रेष्ठले दस कक्षाको अध्ययन पूरा गरेकी छिन् । सामाजिक कार्यमा समेत संलग्न उनका 'मान्छेको शिला' (२०५९), 'सङ्घर्षशील पाइलाहरू' (२०६२), 'आजको इतिहास' (२०६४) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । २०५९ सालमा प्रसारित रेडियो नाटक नै उनको प्रथम प्रसारित रचना हो । विभिन्न समयमा उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् । 'राष्ट्रिय धर्मसभा', 'नरहरिनाथ ट्रस्ट', 'विश्व हिन्दू महासङ्घ' आदिबाट समेत सम्मानित भएकी श्रेष्ठले नेपालका अधिकांश जिल्लाहरू एवम् भारत, हङकङ, थाइल्यान्ड, अमेरिका आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**भीमा राई 'तोलाछा'**

भीमा राईको जन्म सन् १९७७ नोभेम्बर १० मा बडा फागु, गोरुबथान, दार्जिलिङ (भारत) मा भएको हो । आमा चन्द्रकुमारी राई तथा बुबा गुमानसिंह राईकी छोरी भीमा राईले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'हिउँ फुलेको देशमा तिम्रो हाम्रो मान्छे' (सन् २००१)

शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । उनको प्रथम प्रकाशित रचना सन् १९९२ मा प्रकाशित 'हाम्रो अस्तित्व' शीर्षकको कविता हो । उनले 'प्रतिकार', 'बिहान', 'मजदुर', 'आवाज' जस्ता पत्रपत्रिकाको सम्पादन पनि गरेकी छिन् । उनले भारत, नेपाल, भुटान आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**भुवन ढुङ्गाना**

भुवन ढुङ्गानाको जन्म २००३ साल जेठ ३ गते विराटनगरस्थित गहेलीटोलमा भएको हो । आमा नन्दकुमारी कोइराला तथा बुबा विष्णुप्रसाद कोइरालाकी छोरी भुवन ढुङ्गानाको चिनाको नाम भुवनमञ्जरी कोइराला हो । उनी वरिष्ठ अधिवक्ता एवम् पूर्वसभामुख दमननाथ ढुङ्गानाकी धर्मपत्नी हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., बी.एल. तथा विश्वभारती विश्वविद्यालयबाट सङ्गीत तथा नृत्यमा स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनी गायन तथा नाट्याभिनयमा पनि निपुण छिन् । २०२५ सालमा 'मधुपर्क' मा प्रकाशित 'शब्दकोशको अ ऊँ' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । उनको प्रथम कथा चाहिँ २०२७ सालमा 'मधुपर्क'मा छापिएको थियो । उनका 'युद्धको घोषणा गर्नुभन्दा अघि' (कथासङ्ग्रह, सन् १९९२), 'धर्मबिम्ब' (कथासङ्ग्रह, २०६४) जस्ता कृति प्रकाशित छन् । उनले 'ईश्वरनिन्दा' र 'तिमी मलाई चिन्नेछौ' जस्ता पाकिस्तानी कृतिहरूको अनुवाद पनि गरेकी छिन् । उनका सयौँ फुटकर कविता, दर्जनौँ मुक्तक, निकै कथा र निबन्ध पनि प्रकाशित रहेका छन् । उनले 'सिउँडी' पत्रिकाको सम्पादन पनि गरेकी छिन् । 'रत्नश्री स्वर्णपदक', 'शिक्षा पुरस्कार', 'गरिमा सम्मान', 'लोकप्रियादेवी पुरस्कार', 'वनिता पुरस्कार', 'हिमशिखर सम्मान' 'देवकोटा काव्य सम्मान' आदिबाट पुरस्कृत उनले भारत, श्रीलङ्का, बङ्गलादेश, चीन, जापान, स्पेन, बेलायत अमेरिका,

सेनेगल आदि देशको पनि भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**भुवन सुब्बा**

भुवन सुब्बाको जन्म २०१५ कात्तिक ११ गते म्यानमामा भएको हो । आमा कलावती सुब्बा र बुबा नारायणध्वज सुब्बाकी छोरी भुवन सुब्बाले त्रिभुवन विश्वविद्यालयबाट बी.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी उनको 'सेती नदी' (कथासङ्ग्रह, २०६७) प्रकाशित भएको छ । राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचना प्रकाशित भएका छन् । २०५३ सालमा प्रकाशित 'परिकल्पना' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । 'भक्तकिरण साहित्य स्रष्टा पुरस्कार'बाट पुरस्कृत सुब्बाले भारत र बङ्गलादेशको भ्रमण गरेकी छिन् ।

**भुवनेश्वरी सत्याल**

भुवनेश्वरी सत्यालको जन्म १९९३ साल असारमा काठमाडौँको ज्ञानेश्वरमा भएको हो । सत्यालका कविता, निबन्ध र प्रबन्ध प्रकाशनमा आएका छन् । खास गरेर बालकका लागि लेखेर उनले आफ्नो व्यक्तित्वको छवि प्रस्तुत गरेकी छिन् । उनले धेरै वर्षसम्म नेपाल बाल सङ्गठनको उच्च तहमा रहेर काम गरिन् । एम.ए. उत्तीर्ण गरेपछि उनी समाजसेवामा लागिन् । उनले फुटकर रूपमा धेरै रचनाहरू प्रकाशनमा ल्याइन् । उनका प्रकाशित कृति 'गीताबोध' (अनुवाद, २०५३), 'पञ्चतन्त्रका कथा, (भावानुवाद, २०६२) हुन् । जीवनलाल सत्यालकी धर्मपत्नी भुवनेश्वरी सत्यालले 'चिचिला' नामक बालपत्रिकाको सम्पादन पनि गरेकी छिन् । उनी 'देवकोटा शताब्दी सम्मान' २०६६ बाट सम्मानित भइन् । २०६९ सालमा उनको स्वर्गारोहण भयो ।

**मङ्गलादेवी श्रेष्ठ**

मङ्गलादेवी श्रेष्ठको जन्म २००४ साल पुस १५ गते बागलुङ बजारको कम्पुटोलमा भएको थियो । उनको प्रकाशित कृति 'हिमाचल' (कवितासङ्ग्रह, २०५९) हो ।

**मङ्गलादेवी सिंह**

मङ्गलादेवी सिंहको जन्म १९८१ साल मङ्सिर २५ गते काठमाडौँको न्ह्योखाटोलमा भएको थियो । उनी २००७ सालअघि र पछि नारीहितका निम्ति सङ्गठन र आन्दोलनमा सक्रिय थिइन् । 'नेपाल महिला सङ्घ'की संस्थापक तथा अध्यक्ष मङ्गलादेवी सिंहका प्रकाशित कृति हुन्– 'नारी सङ्घर्षका पाइलाहरू' (निबन्धसङ्ग्रह, २०५१) र 'नेपाली संस्कृतिका छटाहरू' (प्रबन्धसङ्ग्रह, २०५४) । गणेशमान सिंहकी धर्मपत्नी मङ्गलादेवी सिंह २०५३ साल भदौ १० गते काठमाडौँको छेत्रपाटीमा स्वर्गीय भइन् ।

**मञ्जु काँचुली**

मञ्जु काँचुलीको जन्म २००७ साल माघ १६ गते काठमाडौँको डिल्लीबजारमा भएको हो । आमा भुवनेश्वरी तिवारी र बुबा भीमनिधि तिवारीकी छोरी मञ्जु काँचुलीले त्रिभुवन विश्वविद्यालयबाट 'क्लिनिकल साइकोलोजी' विषयमा प्रथम श्रेणीमा प्रथम हुँदै एम.ए. को उपाधि लिएकी हुन् । उनले अङ्ग्रेजी साहित्यमा एम.ए. तथा एम.एड. को उपाधि पनि लिएकी छिन् । उनले नेपाली र अङ्ग्रेजी दुवै भाषामा साहित्य सिर्जना गरेकी छिन् । 'किरणका छालहरू' (कवितासङ्ग्रह, २०३२), 'मेरो जीवन : मेरो जगत्' (कवितासङ्ग्रह, २०५३), 'टु सिस्टर' (अङ्ग्रेजी भाषामा कवितासङ्ग्रह, सहलेखन, २०५३) 'पलकभित्र पलकबाहिर' (लघुकाव्य, २०५७), 'आत्मप्रतीति' (कवितासङ्ग्रह, २०६१), 'विश्वासको सुहागरात' (कवितासङ्ग्रह, २०६२), 'केही माया : केही परिधि' (कथासङ्ग्रह, २०४५), 'मञ्जु काँचुलीका कथा' (कथासङ्ग्रह, २०५३), 'आकाश विभाजित छ' (उपन्यास, सहलेखन, २०३२), 'हाम्रो

सवाल : दाइदाइको जवाफ' (संयुक्त अन्तर्वार्ता, २०५०), 'तिवारी नाट्यसाहित्यको विश्लेषणात्मक अध्ययन' (संयुक्त सम्पादन, २०५४) आदि उनका प्रकाशित कृति हुन् । उनी 'लक्ष्मीपदक' २०१७, 'रत्नश्री स्वर्णपदक' २०३६, 'व्यथित काव्य पुरस्कार' २०५०, 'लेडी अफ द मन्थ' २०५०, 'भूपालमानसिंह कार्की कृति पुरस्कार' (२०५४), 'वासुशशी स्मृति पुरस्कार' २०५८, 'गोपालप्रसाद रिमाल सम्मान' २०५८, 'दीपा जनमत पुरस्कार' २०५२, 'देवकोटा काव्य सम्मान' २०७० आदिबाट पुरस्कृत भएकी छिन् । उनी रङ्गमञ्चबाट 'सर्वश्रेष्ठ साहित्यकार'; आयोवा विश्वविद्यालय, अमेरिकाबाट 'अनरेरी फेलो इन राइटिङ' उपाधि (२०६२), 'द अमेरिकी बायोग्राफिकल इन्स्टिच्युट, इन्टरनेसनल बोर्ड अफ रिसर्च' बाट 'उमन अफ द इयर' सन् २००२' बाट पनि विभूषित भएकी छिन् । उनले नेपालका विभिन्न स्थान तथा एसिया, अमेरिकाको भ्रमण पनि गरेकी छिन् ।

**मञ्जु गुरुङ**

मञ्जु गुरुङको जन्म २०२९ साल भदौ १७ गते रुम्जाटार ओखलढुङ्गामा भएको हो । स्नातक तह उत्तीर्ण उनी पत्रकारिता पेसामा संलग्न रहेकी छन् । विभिन्न कोरियाली सङ्घसंस्थामा आबद्ध गुरुङको 'कर्मघरमा एक चक्कर' शीर्षकको पुस्तकाकार कृति प्रकाशित रहेको छ । हाल उनी दक्षिण कोरियामा बस्छिन् । नेपाल सरकारबाट द.कोरियाका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत मञ्जु द.कोरियाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**मञ्जु थापा**

मञ्जु थापाको जन्म २०२७ वैशाख १ गते तम्घास-१ गुल्मीमा भएको हो । आमा ईश्वरादेवी थापा र बुबा केशरबहादुर थापाकी छोरी मञ्जु थापाले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. तथा बी.एल. तह उत्तीर्ण गरेकी छिन् । लेखन र पत्रकारिता

कार्यमा संलग्न थापा विभिन्न सङ्घसंस्थासँग आबद्ध भई विभिन्न पदमा कार्यरत छिन् । अस्मिता मासिक, उद्घोष, नमुना वस्ती, दर्पण आदिको सम्पादन कार्यमा समेत जुटेकी उनी राजनीतिमा समेत सक्रिय रहेकी छिन् । उनको पहिलो प्रकाशित रचना २०४१ सालतिर 'शैलसन्देश' मा छापिएको 'नारी' शीर्षकको कविता हो । उनको 'जीवन सङ्घर्षका पलहरू' (२०६८) जीवनीमूलक निबन्ध कृति हो । उनका सयौँ लेखरचनाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिका, जर्नल आदिमा निरन्तर रूपमा प्रकाशित भइराखेका छन् । उनका 'चेलीबेटी बेचबिखन विरुद्ध सञ्चार सक्रियता' (सहलेखन, २०५६), 'सञ्चारमा नियाल्दा महिला' (२०५७), 'पत्रकारितामा महिला प्रश्न' (सहलेखन, २०५९), 'महिला र मिडिया' (सहलेखन, २०६०), 'नेपाली महिलाहरूमा टेलिभिजनको प्रभाव' (सहलेखन, २०६०), 'बेचबिखन विरुद्ध लेखन' (२०६२, सहलेखन), 'महिला, शान्ति र पुनर्संरचना' (सहलेखन, २०६३) जस्ता नेपाली वाङ्मयका रचनाहरू प्रकाशित भएका छन् । नेपालका अधिकांश जिल्लाको भ्रमण गर्ने थापाले भारत, जापान, इन्डोनेसिया, थाइल्यान्ड, फिलिपिन्स, युगान्डा, दक्षिण अफ्रिका, स्विडेन, अष्ट्रेलिया, संयुक्त राज्य अमेरिका आदि देशको भ्रमणसमेत गरेकी छिन् । विभिन्न प्रतियोगितामा पुरस्कृत भएकी थापा हाल भक्तपुरमा बसोवास गर्छिन् ।

**मञ्जु दहाल खराल 'मञ्जुश्री'**

मञ्जु खराल 'मञ्जुश्री' आमा सीतादेवी दहाल तथा बुबा ईश्वरीप्रसाद दहालकी छोरी हुन् । उनको जन्म २००३ जेठ १२ गते भएको हो । स्नातकोत्तर तहको शिक्षा आर्जन गर्ने उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनको 'समर्पण' (२०७०) शीर्षकको गीतिसङ्ग्रह प्रकाशित भएको छ । २०४६ सालमा प्रकाशित 'थाहा छैन के के हुने हो' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो ।

**मञ्जु निरौला**

मञ्जु निरौलाको जन्म सन् १९४९ नोभेम्बर २४ गते मलङ्गवा, सर्लाहीमा भएको हो । आमा भुवनेश्वरी हाडा तथा बुबा आशागोपाल हाडाकी छोरी मञ्जु निरौलाले बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी उनका 'प्रवासका सुस्केरा' (कवितासङ्ग्रह, सन् २०१०) तथा 'यथार्थमा अमेरिका' (नियात्रासङ्ग्रह, सन् २०१०) प्रकाशित भएका छन् । देशविदेशका पत्रपत्रिका एवम् वेभ पत्रिकामा समेत उनका फुटकर कविता आदिको प्रकाशन छन् । विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध निरौलाले नेपालका अधिकांश जिल्लालगायत अमेरिका आदि देशको पनि भ्रमण गरेकी छिन् । हाल अमेरिकामा उनको बसोवास रहेको छ ।

**मञ्जु राणा**

मञ्जु राणाको जन्म २०१२ माघ १० गते ढिकपुर-८, तेघरा, दाङमा भएको हो । आमा भुवन्द शाह र बुबा पुष्पेन्द्रबहादुर शाहकी छोरी मञ्जु राणाले आई.ए.को शिक्षा आर्जन गरेकी थिइन् । उनको 'दुई थुङ्गा फूल' (२०६१) कवितासङ्ग्रह प्रकाशित भएको छ । विष्णुनुमा पुरस्कारबाट सम्मानित उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी थिइन् । उनको मृत्यु २०६३ साल कात्तिक २ गते भएको हो ।

**मञ्जु शर्मा प्रसाई**

मञ्जु शर्मा प्रसाईको जन्म २०१९ साउन १ गते पञ्चमी डाँडा, पाँथचरमा भएको हो । आमा पुण्यमाता प्रसाई तथा बुबा मनोहरि प्रसाईकी छोरी मञ्जु शर्मा प्रसाईले आई.ए. उत्तीर्ण गरेकी छिन् । ज्योतिष तथा समाज सेवामा संलग्न उनका 'मभित्रका मान्छेहरू' (कवितासङ्ग्रह, २०५९) 'ज्योतिष ज्ञानमाला' (२०६१), 'रित्तिएको मुटुभित्र' (गीतिसङ्ग्रह, २०६७) प्रकाशित भएका छन् । 'धरणी साप्ताहिक'मा २०५७ मा प्रकाशित 'नारी' शीर्षकको कविता नै

उनको प्रथम प्रकाशित कृति हो । उनका राष्ट्रिय र स्थानीय विभिन्न पत्रपत्रिकाहरूमा कविता, गीतलगायत धार्मिक-ज्योतिष विषयक लेखरचनासमेत प्रकाशित भएको पाइन्छ । उनी साउथ एसियन ज्योतिष सम्मेलनबाट स्वर्णपदक, ज्योतिष रक्षक अवार्डलगायत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट सम्मानित भएकी छिन् । नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गर्ने उनी हाल विराटनगरमा बसोवास गर्छिन् ।

**मञ्जुश्री गिरी**

मञ्जुश्री गिरीको जन्म २०२७ माघ २९ गते उर्लाबारी, मोरङमा भएको हो । आमा लता गिरी तथा बुबा मोहन गिरीकी छोरी मञ्जुश्री गिरीले आई.ए.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'अन्योल वसन्तको खोजीमा' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा पनि उनका केही लेखरचनाहरू प्रकाशित भएका छन् । उनी 'देवकोटा शताब्दी पुरस्कार'बाट पनि सम्मानित भएकी छिन् ।

**मटिल्डा राई**

मटिल्डा राईको जन्म सन् १९४८ मई १७ मा सेन्ट मेरिज, खरसाङमा भएको हो । आमा विष्णुमाया राई तथा बुबा लुकस राईकी छोरी मटिल्डा राईले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., अनर्स उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसाबाट अवकाशप्राप्त उनका 'टोटोलाको फूल' (सन् १९७६) र 'माई ड्याडी' (सन् २००५) जस्ता कथासङ्ग्रह, 'जीवनका रेखा केही रङ्ग' (संस्मरण, सन् २००१) प्रकाशित भएका छन् । सन् १९७० मा 'दियालो' मा प्रकाशित 'आमा' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनी 'दुलीचन्द स्वर्णपदक', 'अरुगी पुरस्कार' आदिबाट सम्मानित भएकी छन् । विभिन्न संस्थासँग आबद्ध उनले नेपाल र भारतलगायत हङकङ, सिङ्गापुर, थाइल्यान्ड, मकाउ आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**मणिका मुखिया**

मणिका मुखियाको जन्म सन् १९५३ जुन ११ मा दार्जिलिङमा भएको हो । आमा फिलोमिना मुखिया तथा बुबा जेरार्ड मुखियाकी छोरी मणिका मुखियाले नेपाली, अङ्ग्रेजी तथा इतिहास विषयमा एम.ए. तथा बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । मुखियाका 'शिवकुमार राई' (मोनोग्राफ), 'क्षितिज हराएपछि' (कवितासङ्ग्रह, सन् २०११), 'श्रद्धाञ्जलि रवीन्द्रनाथ ठाकुर' (सन् २०१२, अङ्ग्रेजीमा) जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । 'नारी मर्यादा' शीर्षकको अनुवाद रचना उनको प्रथम प्रकाशित रचना हो । 'नव जीवन', 'नव ज्योति', 'हाम्रो समाचार' जस्ता पत्रपत्रिकाको सम्पादन कार्यमा समेत उनको संलग्नता रहेको छ । शिक्षणमा 'राष्ट्रिय पुरस्कार' सन् २००३, 'रोटरी भोकेसनल अवार्ड' सन् २००४ बाट सम्मानित उनले नेपाल, भारत, अस्ट्रेलिया आदि मुलुकको भ्रमण पनि गरेकी छिन् ।

**मदना ओझा**

मदना ओझाको जन्म २०१६ फागुन ११ गते लमजुङ रम्घा, गण्डकी अञ्चलमा भएको हो । आमा भागीरथी अधिकारी र पं. छविरमण अधिकारीकी छोरी मदना ओझाले माध्यमिक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'अस्तित्वको खोजमा' (कवितासङ्ग्रह, सन् २००९) प्रकाशित कृति हो ।

**मधुकुमारी वली**

मधुकुमारी वलीको जन्म २०४२ माघ २८ गते राङकोट-६, रोल्पामा भएको हो । आमा पवित्रा वली तथा बुबा मानसिंह वलीकी छोरी मधुकुमारी वली बी.ए.मा अध्ययनरत छिन् । २०५७ सालमा प्रकाशित 'बिचरी पिँजडाकी चरी' शीर्षकको कविता उनको प्रथम प्रकाशित रचना हो । उनको 'अधुरो जीवनको अधुरै सपना' (जीवनी, २०६८) पुस्तकाकार कृति प्रकाशित भएको छ । उनका फुटकर

कविता, लेख आदि पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी बालप्रतिभा पुरस्कारबाट सम्मानित रहेकी छिन् ।

**मन गहिरे**

मन गहिरेको जन्म २०२७ फागुन १२ गते तानसेन-४ पाल्पामा भएको हो । आमा अम्बिकादेवी काफ्ले तथा बुबा लोकनाथ काफ्लेकी छोरी मन गहिरेले इतिहास विषयमा एम.ए. तथा एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनी पत्रकारिता कार्यमा पनि संलग्न रहेकी छिन् । उनको 'मनका कथाहरू' कथासङ्ग्रह प्रकाशित भएको छ ।

**मनु लोहोरुङ राई**

मनु लोहोरुङ राईको जन्म २०२५ कात्तिक १६ गते शीतलपाटी-५ आङ्ला, सङ्खुवासभामा भएको हो । आमा जगमाया राई तथा बुबा जयप्रसाद राईकी छोरी मनु लोहोरुङ राईले प्रमाणपत्र तह तथा आई.ओ.एम.को अध्ययन पूरा गरेकी छिन् । उनको 'लुङ्मारी मिथक' (२०६८) शीर्षकको कृति प्रकाशित भएको छ । उनको पहिलो रचना २०५५ सालमा प्रकाशित भएको छ । उनका केही रचनाहरू वेभपत्रिकाहरूमा पनि प्रकाशित भएका छन् । भारत, इजरायल, बर्मुडा, अमेरिका आदिको भ्रमण गर्ने उनी हाल न्युयोर्क, अमेरिकामा रहेकी छिन् ।

**मनु विश्वकर्मा**

मनु विश्वकर्माको जन्म २०३८ भदौ ८ गते श्यामशिला गाविस ४, भोजपुरमा भएको हो । आमा कमला विश्वकर्मा तथा बुबा अर्जुनबहादुर विश्वकर्माकी छोरी मनु विश्वकर्माले बी.एड. उत्तीर्ण गरेकी छिन् । उनको 'ऐजेरुबिच वुकी' (२०७०) पुस्तकाकार कृति प्रकाशित भएको छ । उनका केही फुटकर रचनाहरू स्थानीय विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएको पाइन्छ । २०५७ सालमा प्रकाशित कविता 'सुमधुर साँझ आजको जिन्दगी' नै उनको प्रथम प्रकाशित रचना हो ।

**मनोरमा सुनुवार**

मनोरमा सुनुवारको जन्म सन् १९७७ डिसेम्बर १२ मा खिजी चण्डेश्वरी, ओखलढुङ्गामा भएको हो । माता सृजना सुनुवार तथा पिता लोकप्रिय सुनुवारकी पुत्री मनोरमा सुनुवारले कविता, गीत, कथा, निबन्धको क्षेत्रमा निकै काम गरेकी छिन् । उनको 'भङ्ग हुन नपाएको मौनता' (२०६६) शीर्षकको कथासङ्ग्रह प्रकाशित भएको छ । विभिन्न साहित्यिक प्रतियोगितामा भाग लिई उनी पुरस्कृतसमेत भएकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**मनोहरा (सुशीलारानी राणा)**

मनोहरा (सुशीलारानी राणा) को जन्म १९८७ साल माघ २० गते ठमेल, काठमाडौँमा भएको हो । अङ्ग्रेजीमा एम.ए. उनका 'घाँसको फूल' (कवितासङ्ग्रह, २०६१), 'शिला खोजेको र थुप्रै र अन्य केही' (२०६४, सहलेखन) कृति प्रकाशित छन् । उनी 'राजप्रासाद सेवापदक', 'गोरखादक्षिणबाहु चौथो', 'शुभराज्याभिषेक पदक', 'त्रिशक्तिपट्ट चौथो', 'दीर्घसेवापदक' जस्ता पुरस्कारबाट सम्मानित भएकी छिन् ।

**ममता श्रेष्ठ**

ममता श्रेष्ठको जन्म जन्म २०३० भदौ २५ गते विराटनगर, मोरङमा भएको हो । आमा लता गिरी र बुबा मोहन गिरीकी छोरी ममता श्रेष्ठले बी.ए. को शिक्षा आर्जन गरेकी छिन् । उनको 'अँध्यारो रात' (कथासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । उनका केही रचनाहरू राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । उनी 'विश्व युवा शान्ति पुरस्कार', 'गद्दी आरोहण पदक' आदिबाट पनि सम्मानित भएकी छिन् । प्रहरी सेवाबाट निवृत्त उनले नेपालका अधिकांश जिल्ला तथा भारतका विभिन्न स्थानको पनि भ्रमण गरेकी छिन् ।

**मातृका गजमेर**

मातृका गजमेरको जन्म सन् १९४५ नोभेम्बर १२ मा इलाम, नेपालमा भएको हो । आमा लीलावती गजमेर तथा बुबा मानवीर गजमेरकी छोरी मातृका गजमेरले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनको 'नारी स्रष्टाहरू-अन्तर्वार्ताहरूमा' (सन् २०००) प्रकाशित पुस्तकाकार कृति हो । उनका फुटकर कविता, संस्मरण, अन्तर्वार्ताहरू देशविदेशका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको प्रथम प्रकाशित रचना 'दियो' पत्रिकामा सन् १९६८ मा प्रकाशित 'द्वन्द्व' शीर्षकको कविता हो । विभिन्न साहित्यिक संस्थासँग समेत आबद्ध उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् । हाल उनी दार्जिलिङ, भारतमा बस्छिन् ।

**माधवी अधिकारी**

माधवी अधिकारीको जन्म २००४ साल साउन १६ गते काठमाडौँमा भएको हो । स्नातक तहको अध्ययन पूरा गर्ने उनी अध्यापन कार्यमा संलग्न रहेकी छिन् । उनका 'अनुभवको स्पन्दन' (२०५६), 'अभिव्यक्ति नै अभिव्यक्ति' (२०५७), 'मरुभूमिका लहरहरू' (२०६५) जस्ता कवितासङ्ग्रहहरू; 'हाकिम साहेब' (२०५८), 'स्पन्दनको घेराभित्र' (२०६५) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् ।

**माधवी घर्तीमगर**

माधवी घर्तीमगरको जन्म २०४५ साल जेठ ३ गते वीरेन्द्रनगर, सुर्खेतमा भएको हो । आमा मायादेवी घर्तीमगर तथा बुबा गणेशबहादुर घर्तीमगरकी छोरीकी माधवीको 'बगरमा एउटा लहर मायाको' (गजलसङ्ग्रह, २०६१) प्रकाशित छ ।

**माधुरी उप्रेती**

माधुरी उप्रेतीको जन्म १९९४ मा लखनउ, भारतमा भएको हो । उनको 'विधवाको कलम' (२०४१) पुस्तकाकार कृति प्रकाशित भएको छ ।

**माधुरी भट्टराई**

माधुरी भट्टराईको जन्म १९८४ साल फागुन २६ गते काठमाडौँमा भएको हो । आमा लोकजननी खनाल तथा बुबा हर्षनाथ उपाध्याय खनालकी छोरी माधुरी भट्टराईको न्वारनको नाउँ षडानन्दकुमारी हो । उनले सामान्य शिक्षा ग्रहण गरेकी थिइन् । उनले २००३ सालबाटै 'श्रीतुलसीकृत श्रीरामचरित मानस भावानुवाद रामायण' लेख्न सुरु गरे पनि त्यसको लेखनकार्य २०१८ सालमा सकिएको र प्रकाशनचाहिँ २०४९ सालमा मात्र भएको हो । मोहनशमशेरको जन्मोत्सवका उपलक्ष्यमा २००३ सालमै 'चिरायु रहून्' शीर्षकको कविता लेखेर उनी पुरस्कृत पनि भएकी थिइन् । उनका निकै पुस्तकाकार कृति प्रकाशित छन् । उनका 'रत्नज्योति' (लघुकाव्य, २०२४), 'आनन्दलहरी' (लहरीकाव्य, २०२४), 'श्रीकृष्णसुधा' (लघुकाव्य, २०२४), 'हाम्रो स्वदेश राम्रो' (लघुकाव्य, २०२४), 'चाहन्छ के लोक यो' (लघुकाव्य, २०२४), 'विनयपुकार' (लघुकाव्य, २०३८), 'मूकवेदना' (नाटक, २०३८), 'श्रीरामजानकी गाथा' (लघुकाव्य, २०३८), 'भजगोविन्दम्' (२०४७), 'मधुराष्टकम्' (२०४७), 'स्तोत्रसङ्ग्रह' (स्तुतिकाव्य, २०४७), 'प्रभुवन्दना' (कवितासङ्ग्रह, २०५३), 'प्रभुदर्शन' (कवितासङ्ग्रह, २०५३) प्रकाशित कृतिहरू हुन् । नेपाली भाषामा रामकथामा आधारित भई महाकाव्य रचना गर्ने उनी प्रथम नारी महाकाव्यकार पनि हुन् । उनी 'मैनाबहादुर रामायण पुरस्कार', 'भारती खरेल पुरस्कार' आदिबाट पनि सम्मानित भएकी थिइन् । उनको मृत्यु २०५९ साल जेठ १२ गते भएको हो ।

**माया ठकुरी**

माया ठकुरीको जन्म सन् १९४६ जुलाई २ मा भारतको लखनउमा भएको हो । आमा देवी ठकुरी तथा बुबा गम्भीरसिंह ठकुरीकी छोरी माया ठकुरीले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । लगभग पच्चीस वर्ष शिक्षण पेसामा संलग्न उनी हाल प्राज्ञ

सभा सदस्य रहेकी छिन् । उनी विभिन्न सामाजिक, साहित्यिक सङ्घसंस्थासँग पनि गाँसिएकी छिन् । उनका 'प्रियंवदा' (कथासङ्ग्रह, २०६९), 'आमा ! जानुहोस्' (कथासङ्ग्रह, २०६४), 'इन्द्रधनुष' (गीतसङ्ग्रह, २०६१), 'माया ठकुरीका कथाहरू' (कथासङ्ग्रह, २०४८), 'चौतारो साक्षी छ' (कथासङ्ग्रह, २०४६), 'साँघु तरेपछि' (कथासङ्ग्रह, २०३९), 'गमलाको फूल' (कथासङ्ग्रह, २०३३), 'नजुरेको जोडी' (कथासङ्ग्रह, २०३०) आदि प्रकाशित भएका छन् । 'समकालीन साहित्य' सम्पादन मण्डल सदस्य, 'बालकथाका फूलबारी' तथा 'नानीहरूलाई कोसेली' (संयुक्त सम्पादन) कार्यमा समेत संलग्न उनले गीतसङ्गीत रचनासमेत गरेकी छिन् । उनले आफ्नै स्वरमा लोकगीत, भजन, आधुनिक गीतहरू रेकर्डिङ गरी रेडियोबाट प्रसारित गराएकी छिन् । उनका कतिपय रचनाहरू नेपाल र भारतका विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गरिएका छन् । उनका कतिपय कथाहरू हिन्दी, बङ्गाली, तमिल, जापानी, अङ्ग्रेजी आदि भाषामा अनूदित भएका छन् । उनका कतिपय लेखरचनाहरू देशविदेशका पत्रपत्रिकाहरूबाट समेत प्रकाशित भएका छन् । उनको प्रथम प्रकाशित रचनाचाहिँ 'बौलाहा' शीर्षकको कविता हो । उनी 'रत्नश्री सुवर्ण पदक' २०३५, 'मैनाली कथा पुरस्कार' २०४१, 'शिक्षा पुरस्कार' २०४४, 'राष्ट्रिय नागरिक सम्मान' २०६१, 'मैना पुरस्कार' २०६१, 'लुम्बिनी कला, सङ्गीत तथा साहित्य सम्मान' २०६१, 'दीपा जनमत सम्मान' २०६१, 'राष्ट्रिय नारी सम्मान' २०६१, 'मानचित्र सम्मान' २०६१, 'खिल शर्मा राजीवलोचन जोशी स्मारक पुरस्कार' २०६३, 'दायित्व वाङ्मय सम्मान' २०६४, 'नवरङ्ग साहित्य प्रतिष्ठा सम्मान' २०६४, 'तन्नेरी पत्रिका सम्मान' २०६४, 'दीपज्योति सम्मान' २०६६, 'सेलिब्रिटी वुमनहुड नवदेवी (भगवती) सम्मान' २०६७, 'भानुभक्त मेमोरियल स्रष्टा सम्मान' २०६७, 'सयपत्री राष्ट्रिय सम्मान' २०७० आदिबाट समेत सम्मानित भएकी छिन् । उनी हाल ललितपुरमा बसोवास गर्छिन् ।

**मायादेवी योञ्जन**

मायादेवी योञ्जनको जन्म सन् १९३२ अक्टोबर २५ मा तिरपाही डाँडा, कालेबुङ (भारत)मा भएको हो । आमा लीलावती मोक्तान तथा बुबा धनमान मोक्तानकी छोरी माया योञ्जनले म्याट्रिकको शिक्षा आर्जन गरेकी छिन् । उनका 'मन्दा' (सन् १९९२) र 'परिवर्तन' (सन् २००१) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । सन् १९४७ मा 'कविता पुकार' मा प्रकाशित 'कोकिल' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न संस्थासँग आबद्ध उनले नेपाल र भारतलगायत थाइल्यान्ड, जापान, सिङ्गापुर, हङकङ, इटाली आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**मायादेवी सुब्बा**

मायादेवी सुब्बाको जन्म १९७७ माघ १४ गते दार्जिलिङको सुकियापोखरीमा भएको हो । आमा बोधकुमारी र बुबा सरदार मदनदास सुब्बाकी छोरी मायादेवी सुब्बाले एस.एल.सी.को अध्ययन पूरा गरेकी थिइन् । उनले २००७ सालतिर फुटकर कविता लेख्न थालेकी हुन् । उनले गीत, नाटक, कथा, उपन्यास, निबन्ध आदिको पनि रचना गरेकी छिन् । २००९ सालमा इलामबाट निस्कने 'घाँसी' हस्तलिखित पत्रिकामा प्रकाशित 'ममता' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'पश्चात्ताप' (उपन्यास, २०२०), 'बिलौना' (कथासङ्ग्रह, २०२०) प्रकाशित कृति हुन् । उनले २०१४ सालमा 'पालुवा' नामक हस्तलिखित पत्रिकाको सहसम्पादन पनि गरेकी छिन् । गायन, नृत्य, अभिनय कार्यमा समेत निपुण उनी 'विष्णुनवीन स्मृति पुरस्कार'बाट सम्मानित भएकी थिइन् । उनको मृत्यु २०४९ साल फागुन १३ गते काठमाडौँमा भएको हो ।

**माया निराशी**

माया निराशीको जन्म २०१४ साल फागुन १५ गते धादिङको गुम्दीमा भएको थियो । उनको खास नाम मायादेवी पौडेल हो ।

उनका दुईओटा उपन्यास प्रकाशित भएका छन् । ती हुन्– 'ज्योतिको सपना' (२०४५) र 'पश्चात्तापको आँसु' (२०४९) ।

**माया मितु न्यौपाने**

माया मितु न्यौपानेको वास्तविक नाम माया न्यौपाने हो । उनको जन्म २०३४ कात्तिक २२ गते मेची नगरपालिका ६, धुलाबारी झापामा भएको हो । आमा डम्बरकुमारी न्यौपाने र बुबा तीर्थराज न्यौपानेकी छोरी माया मितुले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न उनको 'निर्वासित चराहरू' (संयुक्त गजलसङ्ग्रह) प्रकाशित भएको छ । २०४८ सालमा 'झुल्केघाम साप्ताहिक'मा प्रकाशित 'युवा खै के युवा' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । गजल नेपालकी संयोजक न्यौपाने नागार्जुन साहित्य प्रतिष्ठान, गजलमञ्च नेपाल आदिको संस्थापक पनि रहेकी छिन् । उनी 'वनिता सम्मान' (२०६१), 'नवरत्न युवा प्रतिभा सम्मान' (२०६२), 'तुलसा स्मृति गजल वाणी पुरस्कार' (२०६५), 'महाकवि देवकोटा शतवार्षिकी सम्मान' (२०६६) आदिबाट सम्मानित भएकी छिन् ।

**मिठाईदेवी विश्वकर्मा**

मिठाईदेवी विश्वकर्माको जन्म १९९३ साल फागुन १० गते काठमाडौँको इन्द्रचोकमा भएको थियो । स्नातक उत्तीर्ण विश्वकर्माको प्रकाशित कृति 'नेपाली नारीको अवस्था र अवस्थिति' (प्रबन्धसङ्ग्रह, २०६१) हो । उनी कथाकार, कवयित्री र निबन्धकारमा पनि परिचित छिन् । उनी मूलतः समाजसेवी र राजनीतिज्ञ नै हुन् । उनले भारत, श्रीलङ्का, थाइल्यान्ड, हङकङ र संयुक्त राज्य अमेरिकाको पनि भ्रमण गरेकी छिन् । उनी उनका पतिका नाउँमा स्थापित 'टी. आर. विश्वकर्मा स्मृति प्रतिष्ठान' को संरक्षक पनि भइन् ।

**मिता सिंह**

मिता सिंहको जन्म २०१६ साल भदौमा काठमाडौँको क्षेत्रपाटीमा भएको हो । त्रिभुवन विश्वविद्यालयकी सहप्राध्यापक र शिक्षण

अस्पतालकी स्त्रीरोग विशेषज्ञ डा. सिंहको प्रकाशित कृति हो– 'बासँगका सम्झनाका क्षणहरू' (निबन्धसङ्ग्रह, २०५५) । उनी गणेशमान सिंहकी कान्छी छोरी हुन् ।

**मिनी**

मिनीको जन्म २०१४ साल भदौ ४ गते चन्द्रगढी, झापामा भएको हो । उनका प्रकाशित कृति हुन्– 'रश्मि खोई ?' (कथासङ्ग्रह, २०४१) र 'दुई किनारा' (कवितासङ्ग्रह, २०४०) । उनको वास्तविक नाउँ रीमा पाण्डे हो । उनी पत्रकार नकुल काजीकी पत्नी हुन् ।

**मीना देवकोटा**

मीना देवकोटाको जन्म २०२६ मङ्सिर १२ गते जरायोटार गाविस-४, सिन्धुलीमा भएको हो । आमा गङ्गामाया तिमल्सिना तथा बुबा गोविन्दनाथ तिमिल्सिनाकी छोरी मीना देवकोटाले कक्षा पाँचसम्मको मात्र अध्ययन गरेकी छिन् । कृषि पेसामा संलग्न उनको 'पहिलो प्रयास' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । फुटकर रूपमा विभिन्न स्थानीय पत्रपत्रिकामा उनका रचना प्रकाशित भएको पाइन्छ । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका जनकपुर अञ्चलका अध्यक्ष पनि हुन् ।

**मीना बज्राचार्य**

मीना बज्राचार्यको जन्म २०३० वैशाख १८ गते लगनखेल, ललितपुरमा भएको हो । आमा गुप्तादेवी बज्राचार्य र बुबा रत्नराज बज्राचार्यकी छोरी मीना बज्राचार्यले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'सुन पखेटी' (बालकथासङ्ग्रह, २०६८) र 'द्वंगु पला:' (२०६४) नेपाल भाषाको कथासङ्ग्रह प्रकाशित छन् । रेडियो तथा टेलिभिजन कार्यक्रमसमेत सञ्चालन गर्ने उनका नेपाली र नेपाल भाषाका फुटकर कविता, नाटक, कथा, निबन्ध आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनी 'वर्ष व्यक्तित्व, ने.सं. ११२०',

'ईलोहं एल्भिस जोशी सिसां' (बालसाहित्य पुरस्कार) २०६६, 'दान्यहिरा हः पा सिरपा' २०७० आदिबाट सम्मानित छिन् ।

**मीना श्रेष्ठ**

मीना श्रेष्ठको जन्म २०३४ चैत २६ गते दिक्तेल - १ खोटाङमा भएको हो । आमा गोमा श्रेष्ठ तथा बुबा मोहन श्रेष्ठकी छोरी मीना श्रेष्ठले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । व्यापार पेसामा संलग्न उनको 'बिस्कुन यो मनको' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा समेत फुटकर लेखरचना प्रकाशित गर्ने उनको २०५४ सालमा प्रतिनिधि दैनिकमा प्रकाशित 'खै ! कहाँ खोजूँ म नारीमुक्ति' शीर्षकको कविता नै प्रथम प्रकाशित रचना हो । विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेकी उनी 'राष्ट्रिय नारी स्वर्ण सम्मान' २०६८ बाट सम्मानित भएकी छिन् । श्रेष्ठले स्वदेशका अधिकांश जिल्लाहरूलगायत भारत, चीन आदि देशको पनि भ्रमण गरेकी छन् ।

**मीना सुब्बा**

मीना सुब्बाको जन्म सन् १९६४ अप्रिल ९ मा तीनधारे दार्जिलिङमा भएको हो । आमा मन्दरा सुब्बा तथा बुबा पद्मध्वज सुब्बाकी छोरी मीना सुब्बाले कक्षा बाह्रको शिक्षार्जन गरेकी छिन् । सरकारी सेवामा संलग्न उनका 'स्पृहा' (कवितासङ्ग्रह, सन् २००६), 'फूलबारी' (बालकवितासङ्ग्रह, सन् २०१२), 'हिमालय दर्पण' (कवितासङ्ग्रह) प्रकाशित भएका छन् । सन् १९९० मा प्रकाशित 'आफ्नोपन' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनको फुटकर कविता, कथाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी विभिन्न प्रतियोगितामा समेत पुरस्कृत भएकी छिन् । उनले भारतको विभिन्न स्थानहरूको भ्रमण पनि गरेकी छिन् । हाल उनी सिक्किम भारतमा बस्छिन् ।

**मीना सुवेदी भण्डारी**

मीना सुवेदी भण्डारीको जन्म २०२३ फागुन १० गते पनौती-१३ काभ्रेमा भएको हो । आमा राधा भण्डारी तथा बुबा टेकबहादुर भण्डारीकी छोरी मीना सुवेदीले नेपाली साहित्यको कविता, गीत, गजल, कथा, निबन्ध आदिको क्षेत्रमा सिर्जनात्मक कार्य गरेकी छिन् । उनका 'विक्षिप्त मन' (कवितासङ्ग्रह), 'समर्पण' (भजनसङ्ग्रह), 'आँसु छचल्किँदा' (कवितासङ्ग्रह), 'सिर्जना एक दृष्टि अनेक' (निबन्धसङ्ग्रह), 'राजसंस्थामा हाम्रो आस्था' (लेखसङ्ग्रह), 'हाम्रा चाडपर्व' (निबन्धसङ्ग्रह), 'अनेकतामा एकता' (लेखसङ्ग्रह), 'राजसंस्था र प्रजातन्त्र' (लेखसङ्ग्रह), 'जनताको माऊमा श्री ५ ज्ञानेन्द्र' (लेखसङ्ग्रह) जस्ता कृति प्रकाशित भएका छन् । प्रबल गोरखा दक्षिणबाहु, वीरेन्द्र-ऐश्वर्य सेवा गद्दी आरोहण पदक, युवा प्रतिभा सम्मान, दैवीप्रकोप उद्धारपदक आदिबाट सम्मानित भएकी मीना सुवेदी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**मीरा प्रधान रेम**

मीरा प्रधान रेमको जन्म २००३ साल जेठ १ गते काठमाडौँको भीमसेनस्थानस्थित विच्छेबहालमा भएको हो । आमा गौरीनानी र बुबा प्रा. भैरवबहादुर प्रधानकी छोरी मीरा प्रधान रेमले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनी प्राध्यापन पेसामा पनि संलग्न रहेकी थिइन् । सङ्गीत, दर्शन, ज्योतिष विद्यामा समेत विशेष अभिरुचि राख्ने उनको योगदानको क्षेत्रचाहिँ कथा विधा हो । उनको प्रथम प्रकाशित कथा २०४१ सालमा 'गरिमा' मा प्रकाशित भएको छ । उनको 'एउटा महानगरमा' शीर्षकको कथासङ्ग्रह प्रकाशित छ । उनीद्वारा लेखिएको 'उडान' सत्यकथामा आधारित कृति हो । नेपाल भाषा कथा प्रतियोगितामा स्वर्णपदक पाउने रेम 'केदारमान व्यथित पदक', 'वैकुण्ठप्रसाद लाकौल पदक'बाट समेत सम्मानित भएकी छिन् । रेमले एसिया, अफ्रिका,

युरोपका विभिन्न देशको भ्रमण गरेकी छिन् । हाल जर्मनीमा उनको बसोवास रहेको छ ।

**मीरामन थापा**

मीरामन थापाको जन्म २०३७ सालमा माईधार झापामा भएको हो । आमा मनमाया थापा र डिल्लीबहादुर थापाकी छोरी मीरामन थापाले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिकामा कविता, गजलको प्रकाशन गराउने थापाको २०६९ मा प्रकाशित गजल नै पहिलो प्रकाशित रचना हो । उनको 'माटो, मुटु र मन' शीर्षकको गजलसङ्ग्रह २०६२ सालमा प्रकाशित भएको छ । अन्तर्राष्ट्रिय तेस्रो कविता महोत्सव 'संयोजक प्रिय' पुरस्कारबाट समेत सम्मानित उनले भारत र इजरायलको भ्रमण गरेकी छिन् । हाल उनी इजरायलमा बसोवास गर्छिन् ।

**मुना अर्याल**

मुना अर्यालको जन्म २००७ पुस २७ गते गोरखामा भएको हो । आमा नन्दकुमारी धिताल र बुबा अम्बिकाप्रसाद धितालकी छोरी मुना अर्यालले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'ईश्वराम्मा साई' (अनुवाद), 'श्री सत्य साई आध्यात्मिक शिक्षा' (बालविकास सङ्कलन प्रथम वर्ष), 'श्री सत्य साई आध्यात्मिक शिक्षा' (बालविकास सङ्कलन प्रथम समूह दोस्रो वर्ष), 'सामान्य ज्ञान', 'सामान्य ज्ञान-महाभारत', 'मूल्यगीत' (एल्बम्), 'प्रेमज्योति' (भजनका एल्बम) जस्ता कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकाहरूमा पनि फाटफुट लेखरचना प्रकाशित हुने उनको पहिलो प्रकाशित रचना २०६० सालमा प्रकाशित 'ईश्वरम्मा' शीर्षकको आख्यान अनुवाद हो । विभिन्न सङ्घसंस्थाहरूसँग आबद्ध रहेकी मुना अर्यालले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**मुना किरण कोइराला डाँगी**

मुना किरण कोइराला डाँगीको जन्म २०१५ साल मङ्सिर २७ गते भएको हो । अर्थशास्त्रमा एम.ए. तथा बी.एल. उत्तीर्ण गर्ने उनी प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनको 'हाक्पारो' (२०६४) निबन्धात्मक कृति प्रकाशित छ । मानव अधिकार संरक्षण मञ्च, झापाकी अध्यक्ष रहेकी उनी विभिन्न संस्थामा आबद्ध छिन् ।

**मुना बराल**

मुना बरालको जन्म २०१८ साउन १ गते इरौँटौर गाविस, इलाममा भएको हो । आमा पवित्रा पोखरेल तथा बुबा महानन्द पोखरेलकी छोरी मुना बरालले एस.एल.सी.सम्म पढेकी छिन् । शिक्षण पेसामा संलग्न बरालको 'धरोहर' (सन् २०१२) पुस्तकाकृति प्रकाशित भएको छ । भारत र नेपालका विभिन्न पत्रपत्रिकाहरूमा समेत फुटकर लेखरचना प्रकाशित हुने उनको सन् १९९६ मा 'पूर्णिमा' पत्रिकामा प्रकाशित 'विस्मृतिको सँघारमा उभिएका राजकवि पण्डित भवानी शङ्कर पोखरेल' शीर्षकको जीवनी नै प्रथम प्रकाशित रचना हो । विभिन्न सामाजिक-साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत पनि भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**मुना श्रेष्ठ नेपाल**

मुना श्रेष्ठको जन्म २०४२ मा खोटाङमा भएको थियो । नारायण श्रेष्ठ तथा मिठु श्रेष्ठकी छोरी मुनाको अरबको आँधी' (कथासङ्ग्रह, २०७०) प्रकाशित छ । नेपाल सरकारबाट ओमानका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत मुना ओमानका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**मुन्नी सापकोटा**

मुन्नी सापकोटाको जन्म सन् १९५० नोभेम्बर २५ मा गुवाहाटी, असम (भारत) मा भएको हो । हिन्दीमा प्रवेशिका र नेपालीमा साहित्य भूषणको शिक्षा आर्जन गर्ने उनी अध्यापन कार्यमा संलग्न रहेकी छिन् । उनका 'कथा फूलबारी' (बालकथासङ्ग्रह, सन् २००१), 'बल्ल बुद्धि पलायो' (बालकथासङ्ग्रह, सन् २००५), 'असमिया महिला कविहरूका कविता' (अनुवाद, सन् २००२) जस्ता कृति प्रकाशित भएका छन् । उनले 'फूलबारी' बालपत्रिकाको सम्पादन पनि गरेकी छिन् । उनी रेडियो वार्ताकार पनि रहेकी छिन् । उनी विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित पनि रहेकी छिन् ।

**मृदुला शर्मा**

डा. मृदुला शर्माको जन्म सन् १९५१ सेप्टेम्बर २२ मा काठमाडौँमा भएको हो । आमा कमलादेवी उपाध्याय तथा बुबा लक्ष्मीविलास उपाध्यायकी छोरी मृदुला शर्माले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., बी.एड. तथा पिएच.डी.को उपाधि लिएकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'नेपाली लेखकों की अनुभूतियाँ' (सम्पादन), 'गाँव' (अनु.), 'नेपाली महिलाएँ', 'सङ्क्षिप्त हिन्दी-नेपाली शब्दकोश', 'नेपाली महिला लेखकों की प्रतिनिधि कहानियाँ', 'अभिव्यक्ति' (कवितासङ्ग्रह), 'नेपाली कवि 'व्यथित' और उनका हिन्दी काव्य', 'सङ्क्षिप्त नेपाली हिन्दी शब्दकोश', 'सङ्क्षिप्त नेपाली-हिन्दी लोकोक्ति तथा मुहाबरे कोश', 'गद्य-पद्यसङ्ग्रह', 'कथा प्रवाह' आदि हिन्दी नेपाली भाषाका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । नेपाल तथा भारतका विभिन्न पत्रपत्रिकामा उनका नेपाली, हिन्दी भाषाका लेखरचना समयसमयमा प्रकाशित भएको पाइन्छ । 'राष्ट्रिय हिन्दी पुरस्कार', 'महेन्द्र विधाभूषण 'क' र 'ख', 'भारती उपाध्याय कला प्रवर्धन समान', 'आमा सम्मान', 'गुञ्जन सम्मान' आदिबाट सम्मानित उनले भारत, थाइल्यान्ड, बेलायत, अमेरिका

आदि देशको भ्रमण गरेकी छिन् । हाल ललितपुरमा उनको बसोवास रहेको छ ।

**मेनका पोखरेल आचार्य**

मेनका पोखरेल आचार्यको जन्म २०२२ चैत महिनामा धरान चतरालाइनमा भएको हो । आमा मन्दोदरीदेवी आचार्य तथा कालिकाप्रसाद आचार्यकी छोरी मेनका पोखरेलले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी उनका केही फुटकर कविता, गजल, कथा आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०४५ सालमा प्रकाशित 'आजका सभ्य मान्छेहरू' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका 'अनुभूतिका तरङ्गहरू' (कवितासङ्ग्रह, २०६६), 'पीडाका वृत्तहरू' (कथासङ्ग्रह, २०६७) जस्ता कृति पनि प्रकाशित भएका छन् । नेपाल र भारतका विभिन्न स्थानहरूको भ्रमण गर्ने उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**मेरिना स्मृति**

मेरिना स्मृतिको वास्तविक नाम ममता खड्का पौडेल हो । उनको जन्म २०२० चैत ९ गते पुरानो बानेश्वर हाइट, काठमाडौँमा भएको हो । माता गिरिजाकुमारी खड्का तथा पिता पुष्करबहादुर खड्काकी पुत्री मेरिना स्मृतिले कलानिधि सङ्गीत महाविद्यालयबाट सितारवादनमा एम.म्युज. जरफकर कलेज, मुम्बईबाट 'ब्युटिसियन र सिलाइ'मा डिप्लोमा, 'निटिङ'मा डिप्लोमा उत्तीर्ण गरेकी छिन् । उनी विभिन्न प्रसाधन संस्थाहरूको प्रधान सञ्चालिका पनि रहेकी छिन् । कविता, गीत, गीतिकथा, समालोचनाको क्षेत्रमा योगदान दिने उनी 'कलश' मासिक पत्रिका र 'सङ्गीतशिक्षा' को प्रधान सम्पादक पनि रहेकी छिन् । 'स्मृति लहरहरू' (२०४६), उनको प्रथम प्रकाशित गीति एल्बम हो । उनका 'स्मृतिका पानाहरू' (कविता र कथासङ्ग्रह, २०५२), 'याद' (गीतिएल्बम्, २०५५), 'शटल सङ्गीत' (गीतिएल्बम्,

२०५५), 'शब्दसङ्ग्रहालय' (गीतिकथासङ्ग्रह, २०५९), 'सङ्कल्प' (कवितासङ्ग्रह, २०५९), 'स्मृतिका लहरहरू-दोस्रो भाग' (गीतिएल्बम्, २०६०) जस्ता कृतिहरू प्रकाशित भएका छन् । नव एकीकृत सांस्कृतिक केन्द्रकी अध्यक्षसमेत रहेकी मेरिना विभिन्न संस्थाहरूसित आबद्ध रहेकी छिन् । विभिन्न सङ्घसंस्थाहरूबाट कदर, सम्मान, अभिनन्दन तथा पुरस्कारसमेत पाएकी छिन् ।

**मैनाकुमारी भण्डारी**

मैनाकुमारी भण्डारीको जन्म २०१७ असोज २६ गते कुर्गा, गुल्मीमा भएको हो । आमा चन्द्रकला विष्ट र बुबा भक्तबहादुर विष्टकी छोरी मैनाकुमारी भण्डारीले आई.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण तथा राजनीतिमा सक्रिय उनका 'गीति कोसेली' (२०४८), 'गीतिसङ्ग्रह' (२०५०), 'महिला वेदना' (२०५२), 'गीति सँगालो' (२०५३), 'महिला सन्देश' (२०६०), 'काँडाभित्रको फूल' (२०६६) आदि पुस्तकाकार कृति प्रकाशित भएका छन् । २०४८ सालमा प्रकाशित 'गीति कोसेली' नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनी शिक्षण सङ्गठन गुल्मीद्वारा सम्मानित पनि भएकी छिन् । उनले नेपालका विभिन्न जिल्लालगायत भारत, बङ्गलादेश, चीन, थाइल्यान्ड आदि देशको भ्रमण गरेकी छिन् ।

**मैना थापा 'आशा'**

मैना थापा 'आशा' को जन्म सन् १९५२ जनवरी २४ मा गुवाहाटी, भारतमा भएको हो । उनले स्नातक तह उत्तीर्ण गरेकी छिन् । आमा विष्णुकुमारी तथा बुबा खड्गबहादुर थापाकी छोरी मैना थापाको 'रजनीगन्धा' (हिन्दी काव्य सङ्कलन, सन् १९९५), 'कस्तुरी' (नेपाली काव्यसङ्कलन, सन् २०००), 'स्पर्श अन्तर्मनको' (सन् २०११), 'कब कहा मैने' (सन् २०१२) जस्ता हिन्दी र नेपाली भाषाका पुस्तकाकार कृति प्रकाशित भएका छन् । नेपाली र हिन्दी भाषामा लेखिएका

उनका थुप्रै फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विभिन्न सामाजिक-साहित्यिक सङ्घसंस्थामा समेत आबद्ध उनी 'मितेरी स्वागत सम्मान', 'महाकवि देवकोटा शताब्दी सम्मान', 'राष्ट्रिय साहित्य गौरव सम्मान' लगायत दर्जनौँ पुरस्कार र सम्मानबाट सम्मानित भएकी छिन् ।

**मोमिला जोशी**

मोमिला जोशीको जन्म २०२४ साल साउन २८ गते हुलाक टोल, धनकुटामा भएको हो । नेपाली विषयमा एम.ए. उत्तीर्ण गर्ने मोमिला प्राध्यापन एवम् रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालन कार्यमा संलग्न रहेकी छिन् । उनका 'पैयुँ फुल्न थालेपछि' (२०५२), 'जुनकिरीहरू ओर्लिरहेछन्' (२०५५), 'दुर्गमा उचाइमा फूलको आँधी' (२०६०) जस्ता कवितासङ्ग्रहहरू लगायत 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' (निबन्धसङ्ग्रह, २०६३), 'नीलोनीलो आकाश र दुई थोपा आँसु' (कविता, निबन्ध, २०५३) जस्ता कृति प्रकाशित भएका छन् । उनले 'हेमचन्द्र पोखरेलको केही कविता' (२०४४), 'कालचक्र' (कविताङ्क, सहसम्पादन), 'सगरमाथाको नृत्यमग्न आत्मा' जस्ता कृतिको सम्पादन गरेकी छिन् । उनी 'नोबेल', 'नेपाली कलासाहित्य डट कम र 'कलाश्री'को सम्पादन कार्यमा पनि संलग्न रहेकी छिन् । उनी 'पद्मकन्या पदक' (२०५२), 'प्रज्ञापदक' (२०५५), 'शताब्दी युवा सम्मान' (२०५७), 'मोहन रेग्मी स्मृति सम्मान' (२०५८), 'गुञ्जन प्रतिभा पुरस्कार' (२०६२), 'युवा वर्ष मोती पुरस्कार' (२०६३), 'धनकुटा प्रतिभा पुरस्कार' (२०६४), देवकोटा शताब्दी काव्य पुरस्कार' (२०६६) आदि बाट पुरस्कृत पनि भएकी छिन् ।

**मोहनकुमारी कार्की**

मोहनकुमारी कार्कीको जन्म २०३३ मङ्सिर १० गते तिलङ्गा-८ सोलुखुम्बुमा भएको हो । आमा नन्दमाया कार्की र बुबा भैरवबहादुर कार्कीकी छोरी मोहनकुमारी कार्कीले आई.एड.को शिक्षार्जन गरेकी

छिन् । उनको 'टुक्रिएको मुटु' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ ।

**यमुना प्रधानाङ्ग 'मुना'**

यमुना प्रधानाङ्गको जन्म २०२२ साउन १८ गते विदुर नगरपालिका २ भुटोलबजार, नुवाकोटमा भएको हो । आमा कृष्णकुमारी श्रेष्ठ र बुबा गोविन्दमान श्रेष्ठकी छोरी यमुना प्रधानाङ्गले आई.ए.को शिक्षा आर्जन गरेकी छिन् । सरकारी सेवामा संलग्न उनका 'आमा' (कवितासङ्ग्रह, २०६७), 'मुना' (गीति एल्बम, २०६८) जस्ता कृति प्रकाशित छन् । उनका नेपाली र भोजपुरी भाषामा रहेका भएका केही गीत, संस्मरण, भजन आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध रहेकी छन् ।

**यमुना राय**

यमुना रायको जन्म २०१२ सालमा काठमाडौँको ओमबहालमा भएको थियो । उनी नेपाली, मैथिली र हिन्दी भाषामा साहित्यिक रचना गर्छिन् । एम. ए. पास गरेपछि उनी साहित्यिक फाँटमा सक्रिय भइन् । नेपाली भाषामा प्रकाशित उनका दुईओटा कृति छन् । ती हुन्– 'अल्झिएको जिन्दगी' (कवितासङ्ग्रह, २०४७) र 'कथैकथा : व्यथैव्यथा' (कथासङ्ग्रह, २०५१) ।

**यशोदा अधिकारी**

यशोदा अधिकारीको जन्म २०४१ भदौ २० गते मेच्छे-१, भोर्ज्याङ, काभ्रेमा भएको हो । आमा विष्णुमाया अधिकारी तथा बुबा कर्णबहादुर अधिकारीकी छोरी यशोदा अधिकारीले पत्रकारिता विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न यशोदाका कविता, गजल, जीवनी आदि विधाका रचना विभिन्न साहित्यिक पत्रिकाहरूमा २०५६ सालदेखि नै प्रकाशित हुँदै आएका छन् । उनको पहिलो प्रकाशित रचना २०५५ सालमा कान्तिपुर

दैनिकको 'कोपिला' मा छापिएको 'देशभक्ति' शीर्षकको कविता हो । उनका 'निषेधविरुद्ध' (कवितासङ्ग्रह, २०६४), 'संसार हल्लाउने सङ्घर्षशील महिलाहरू' (जीवनीसङ्ग्रह, २०६६), 'क ख गीत' (बालकवितासङ्ग्रह, २०६९) जस्ता कृति पनि प्रकाशित भएका छन् । उनी शिक्षा पत्रकारिता पुरस्कार - २०६४, थानापति सम्मान २०६६ आदिबाट सम्मानित भएकी छिन् । भारत, पाकिस्तान, बङ्गलादेश, चीन जस्ता मुलुकका अतिरिक्त उनले नेपालका निकै जिल्लाहरूको पनि भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**योगमाया**

योगमायाको जन्म १९१७ असार २२ गते भोजपुरको दिङ्लामा भएको हो । आमा चन्द्रकला र बुबा श्रीलाल न्यौपानेकी छोरी योगमाया निरक्षर थिइन् । उनीद्वारा व्यक्त अभिव्यक्तिलाई उनैकी छोरी नैनकलाले कण्ठाग्र पारी पं. प्रेमनारायणद्वारा 'श्रीसर्वार्थ योगवाणी' (२०५९) शीर्षक दिई लिपिबद्ध गरिएको छ । उनी नेपालकी प्राचीन नारीस्रष्टा मध्येकी एक हुन् । उनले आफ्ना पचासौँ अनुयायीका साथमा १९९७ साल असार २२ गते जल समाधी लिएकी थिइन् ।

**रचना 'अनाकार'**

रचना 'अनाकार'को जन्म खरसाङ, दार्जिलिङ (भारत)मा भएको हो । आमा सुशीला देवान र बुबा के.के. राईकी छोरी रचना 'अनाकार'ले बी.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'क्रान्तिको शङ्खनाद गर्न तिमी अब ब्यूँझ' (सन् २००२) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिका आदिमा पनि उनका फुटकर कविता, कथा, निबन्ध आदि प्रकाशित भएका छन् । 'गरिब' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न संस्थासँग आबद्ध उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**रजनी काफ्ले ढकाल**

रजनी काफ्ले ढकालको जन्म २०२९ साउन ३० गते अर्मादी, स्याङ्जामा भएको हो । आमा दिव्येश्वरी काफ्ले र बुबा डा. अग्निप्रसाद काफ्लेकी छोरी रजनी काफ्लेले त्रिभुवन विश्वविद्यालयबाट नेपाली र समाजशास्त्र तथा मानवशास्त्रमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनले नेपाली विषयमा एम.फिल.को उपाधि समेत प्राप्त गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'निबन्धहरूमा मञ्जुल' (समालोचना, २०५८), 'केही नेपाली समालोचकहरू' (समालोचना, २०५८), 'हत्केलामा असार उमारेर' (निबन्धसङ्ग्रह, २०६४), 'हृदयका गीतहरू' (गीतिसङ्ग्रह, २०६६), 'पत्रैपत्र' (उपन्यास, सहलेखन, २०६८), 'रङ्गहरूमा जिन्दगी' (कवितासङ्ग्रह, २०६९), 'प्रायोगिक समालोचना : अनेक रूप' (समालोचना, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । उनका विभिन्न विषयमा तयार पारिएका शोधपत्र, कार्यपत्र आदिको पनि प्रकाशन भएको छ । उनका फुटकर कविता, गीत, गजल, कथा, निबन्ध, समालोचना आदिको विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । यसका अतिरिक्त उनको सम्पादनमा 'आँधीको आवाज' (२०६३), 'गुञ्जन' (२०६९), 'केदार शर्मा ढकाल : शिक्षा र साहित्य सेवा' (२०६९) को प्रकाशन भएको छ । २०५३ सालमा 'अपरा' भित्ते पत्रिकामा प्रकाशित 'शुभकामना' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनले भारत, थाइल्यान्ड आदि देशको भ्रमण गरेकी छिन् । हाल उनको बसोवास ललितपुरमा छ ।

**रञ्जना निरौला न्यौपाने**

रञ्जना निरौला न्यौपानेको जन्म शनिश्चरे-९, मोरङमा भएको हो । आमा यमुना निरौला र बुबा पिताम्बर निरौलाकी छोरी रञ्जना निरौलाले नेपाली र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । उनको 'छरिएका भावनाहरू' (२०६७) प्रकाशित

पुस्तकाकार कृति हो । २०५८ मा प्रकाशित 'उनी रुग्ण बनिछन्' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**रञ्जना योञ्जन**

रञ्जना योञ्जनको जन्म सन् १९७४ जुन ५ मा मार्यबोङ्ग, चियाबारी (भारत)मा भएको हो । आमा बागमाया तामाङ लामा र बुबा जितबहादुर तामाङकी छोरी रञ्जना योञ्जनले एम.ए, बी.एड.को अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'निचोडिएको त्यो रात' (सन् २०१३) प्रकाशित पुस्तकाकार कृति हो । उनका कतिपय फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् ।

**रञ्जुश्री पराजुली**

रञ्जुश्री पराजुलीको जन्म २००५ मङ्सिर १५ गते कालधारा, काठमाडौँमा भएको हो । आमा सुशीला भट्टराई तथा बुबा डा. ठाकुरनाथ भट्टराईकी छोरी रञ्जुश्री पराजुलीले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भएका छन् । २०२७ सालतिर 'रमझम' पत्रिकामा प्रकाशित 'कथाकार गुरूप्रसाद मैनाली एक चर्चा' शीर्षकको समालोचना नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'विदेशमा बिताएका केही वर्ष' (नियात्रासङ्ग्रह, २०४९), 'कृति विवेचना' (समालोचनासङ्ग्रह, २०५६), 'परिस्थितिसँग अलमलिँदा' (कथासङ्ग्रह, २०६२), 'नेपाली बालसाहित्यको नालीबेली' (खोजमूलक कृति, २०६८) प्रकाशित भएका छन् । उनले बालसाहित्यको क्षेत्रमा पनि महत्त्वपूर्ण कार्य गरेकी छिन् । बालसाहित्यतर्फ उनका 'दशथुँगा फूल' (२०३९), 'सबै आमाका सन्तान' (२०४८), 'म बिरामी छैन' (२०५३),

'अन्धविश्वास' (२०५४), 'टाटेपाङ्ग्रे' (सहलेखन, २०५७), 'मितेरी गाउँ' (२०६२), 'कथा बाटिका' (२०६१) जस्ता आधा दर्जनभन्दा बढी बालकथासङ्ग्रह प्रकाशित छन् । उनका 'हरियाली' (२०५८) र 'अन्तरेमन्तरे' जस्ता बालउपन्यास, 'भुन्टीबाघ' (सन् १९९८) र 'चिम्पु र पाडी' (२०६०) जस्ता बालचित्रकथा, 'केही महापुरुषहरू' (२०७०) समेत प्रकाशित भएका छन् । उनका केही बालकथाहरू हिन्दी र अङ्ग्रेजी भाषामा पनि अनुवाद भएका छन् । 'संयुक्त साझा पुरस्कार' (२०५७), 'बालसाहित्य पुरस्कार' (२०५५), 'बालसाहित्य पुरस्कार' (२०५७), 'शिवप्रसाद उन्नयन पुरस्कार' (२०५७) आदिबाट सम्मानित छन् ।

**रत्नमणि लामा**

रत्नमणि लामाको जन्म सन् १९३६ मा खरसाङ, भारतमा भएको हो । आमा मायादेवी छेत्री तथा बुबा डी.बी. छेत्रीकी छोरी रत्नमणि लामाले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनको 'प्रेरणाको स्रोत मायादेवी' (सन् १९९६) शीर्षकको पुस्तकाकार कृति प्रकाशित छ । उनले भारतबाहेक नेपाल, भुटान, मलेसिया, थाइल्यान्ड, चीन, सुडान, इजिप्ट, क्यानडा, अमेरिका, बेलायत आदि मुलुकको भ्रमण गरेकी छन् ।

**रत्न 'स्वर्णमी' राई**

रत्न 'स्वर्णमी' राईको जन्म २०४५ पुस २१ गते नेचा बतासे-५ सोलुखुम्बुमा भएको हो । आमा मिया राई र बुबा कृष्ण राईकी छोरी रत्न राई एम.एड.मा अध्ययनरत छिन् । उनको 'सोलुखुम्बु गजलसँगालो' (सहलेखन, २०६९) प्रकाशित भएको छ ।

**रत्ना चौलागाई**

रत्ना चौलागाईको जन्म सन् १९५८ जुन २२ मा सोरेङ, पश्चिम सिक्किम (भारत) मा भएको हो । आमा दिलकुमारी प्रधान तथा बुबा अर्जुनप्रसाद प्रधानकी छोरी रत्ना चौलागाई शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनको 'पुष्पवाटिका' (सन् २०१०) शीर्षकको

कृति प्रकाशित भएको छ । सन् १९९६ मा 'सुनचरी' मा प्रकाशित 'नववर्षको शुभकामना' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो ।

**रमा देवकोटा**

रमा देवकोटा पराजुलीको जन्म २०३७ चैत २६ गते मदन पोखरा ७ दमकडा, पाल्पामा भएको हो । आमा खिमाकुमारी देवकोटा तथा बुबा खिमानन्द देवकोटाकी छोरी रमा देवकोटाले नर्सिङ विषयमा स्नातक तह उत्तीर्ण गरेकी छिन् । नर्सिङ पेसामा संलग्न उनका नर्सिङ विषयसँग सम्बन्धी दुईवटा पुस्तकाकार कृति प्रकाशित भएको पाइन्छ । 'सल्लाघारीको सङ्गीत' २०७० शीर्षकको कवितासङ्ग्रह उनको प्रथम प्रकाशित रचना कृति हो । विभिन्न प्रतियोगितामा पुरस्कृत भएकी देवकोटाले स्वदेशका विभिन्न स्थान तथा कतार, यु.ए.ई., बेलायत, फ्रान्स, जर्मनी, इटाली, पोर्चुगल, स्विट्जरल्यान्ड आदि मुलुकको भ्रमण पनि गरेकी छिन् । नेपाल सरकारबाट स्विट्जरल्यान्डका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी स्विट्जरल्यान्डका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**रमा न्यौपाने**

रमा न्यौपानेको जन्म ठुलाछाप गाविस, ओखलढुङ्गामा भएको हो । आमा सरस्वती पोखरेल तथा बुबा डम्मरुराज पोखरेलकी छोरी रमा न्यौपानेले कक्षा सातसम्मको अध्ययन गरेकी छिन् । समाजसेवा कार्यमा समेत संलग्न रहेकी उनको 'ज्ञानैज्ञानको भण्डार' (२०५८) शीर्षकको कृति प्रकाशित भएको छ । नेपालका विभिन्न स्थान तथा बेलायतको पनि भ्रमण गरेकी उनी हाल लालबन्दी, सर्लाहीमा बस्छिन् ।

**रमा शर्मा**

रमा शर्माको जन्म १९९९ साउन ३२ गते काठमाडौँको प्याफलमा भएको हो । आमा रूपकुमारी पाँडे र बुबा गोपाल पाँडे असीमकी छोरी रमा शर्माले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा

एम.ए. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन कार्यमा संलग्न उनले २०१६ सालबाटै साहित्य रचना गर्न थालेकी हुन् । २०१९ सालमा 'गोरखापत्र'मा प्रकाशित 'मोतीराम' शीर्षकको निबन्ध उनको पहिलो प्रकाशित रचना हो । उनका 'महेन्द्रमाला' (भाग दुई, २०२९), 'खाद्यविज्ञान' (२०३२), 'असीम संस्मरण ग्रन्थ' (सम्पादन, २०३७), 'मोतीराम भट्टका गजलहरू' (सम्पादन, २०३८), 'समस्यापूर्ति' (कवितासङ्ग्रह, सम्पादन, २०३८), 'मोती स्मृतिग्रन्थ' (सम्पादन, २०३९), 'मोतीराम भट्टको परिचय र केही कविता' (सम्पादन, २०४२), 'मोतीराम भट्टको परिचय र केही कविता' (सम्पादन, २०४२), 'मोतीमण्डलीका समस्यापूर्तिहरू' (सम्पादन, २०४४), 'मोतीग्रन्थावली' (सम्पादन, २०४५), 'गहन चिन्तन' (सम्पादन, २०४६), 'भानुभक्तप्रति' (सम्पादन, २०४७), 'केही चिन्तन' (समालोचना, २०४८), 'मोतीराम परिक्रमा' (समालोचना, २०५०), 'महाकवि गुणराजका व्यक्तित्व र कृतित्वमा पाइने भक्तिका विविध पक्षहरू' (समालोचना, २०५०), 'पृथ्वीशतक' (खण्डकाव्य, सम्पादन, २०५४), 'भक्तिपुष्प' (भजनसङ्ग्रह, सम्पादन, २०५६), 'उद्गार' (सम्पादन, २०५८), 'नेपाली शिक्षा परिषद्' (सङ्क्षिप्त परिचय, २०५८), 'कृष्णदेव पन्तका कविताहरू' (सम्पादन, २०५८), 'मोतीराम भट्ट र संसर्गी कविहरू' (सम्पादन, २०६०), 'भावनाका थुँगाहरू' (निबन्ध र प्रबन्ध, २०६२) जस्ता कृतिहरू प्रकाशित छन् । उनी 'विद्या पुरस्कार', 'रत्नविद्यापदक', 'रत्नश्री स्वर्णपदक', 'ऊपट पुरस्कार' 'गुणराज व्याख्यान पुरस्कार', 'लोकप्रियादेवी पुरस्कार', 'दीर्घसेवापदक', 'गोरखादक्षिणबाहु तेस्रो' जस्ता पुरस्कार आदिबाट सम्मानित भएकी छिन् । उनले नेपालको विभिन्न स्थान तथा भारत, सिङ्गापुर, हङकङ, अस्ट्रेलिया आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**रमा शिवाकोटी**

डा.रमा शिवाकोटीले नेपालीमा पिएच.डी.को उपाधि ग्रहण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनको 'उपन्यास सिद्धान्त र

विजय मल्लका उपन्यासहरू' (२०६२) प्रकाशित भएको छ । उनी 'महेन्द्र विद्याभूषण क' बाट सम्मानित भएकी छिन् ।

**रमा सिंह**

रमा सिंहको जन्म २०२२ सालमा काठमाडौँमा भएको हो । एम.ए.को शिक्षा आर्जन गर्ने सिंह टेलिभिजन कार्यक्रम सञ्चालन आदि कार्यमा संलग्न रहेकी छिन् । उनको 'सँघारमा पर्खी बसेँ' (२०५५) कवितासङ्ग्रह प्रकाशित भएको छ । 'ऋचा' मासिकको सम्पादन कार्यमा पनि संलग्न उनी 'भूपालमानसिंह कार्की युवा पुरस्कार'बाट सम्मानित भएकी छिन् । हाल उनी अमेरिकामा बस्छिन् ।

**रम्भा पौडेल**

रम्भा पौडेलको जन्म २०२४ भदौ १६ गते बोहा गाउँ, दिगाम गाविस, गुल्मीमा भएको हो । माता आशा ज्ञवाली र बुबा लेखनाथ ज्ञवालीकी छोरी रम्भा पौडेलले त्रिभुवन विश्वविद्यालयबाट ग्रामीण विकास विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'बाबासँगका सम्झनाहरू' (२०६९) कृति प्रकाशित भएको छ । उनका फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएको पाइन्छ । २०६३ सालमा प्रकाशित 'रामपुर मा.वि. विगतदेखि वर्तमानसम्म' रचना उनको प्रथम प्रकाशित रचना हो । 'शिक्षा राष्ट्रिय पुरस्कार' २०६६ बाट सम्मानित उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत, थाइल्यान्ड, जापान आदि देशको भ्रमण गरेकी छिन् ।

**रविना घिमिरे 'जिज्ञासु'**

रविना घिमिरेको जन्म २०५३ फागुन १२ गते ओखरपौवा-५, सिउडेनी, नुवाकोटमा भएको हो । आमा देवी पन्त घिमिरे तथा बुबा राजेन्द्रप्रसाद घिमिरेकी छोरी रविना घिमिरे उच्च माध्यमिक तहमा अध्ययनरत छिन् । उनको 'जून पोखिएको आँगन' (२०६८) शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । यो उनको प्रथम प्रकाशित

रचना कृति पनि हो । उनका कतिपय फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएको पाइन्छ । उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् ।

**रश्मि असफल**

रश्मि असफलको जन्म २०४३ साल कात्तिक १९ गते छत्रेदेउराली, धादिङमा भएको हो । स्नातक तह उत्तीर्ण उनको 'तिम्रो बगानभित्र' (गजलसङ्ग्रह, २०६६) प्रकाशित छ ।

**रश्मि मञ्जुश्री अधिकारी**

रश्मि मञ्जुश्री अधिकारीको जन्म २०४७ माघ ४ गते काठमाडौँमा भएको हो । आमा गीता मञ्जुश्री तथा बुबा हरि मञ्जुश्रीकी छोरी रश्मि मञ्जुश्रीले काठमाडौँ विश्वविद्यालयबाट एम.एस्सी.को उपाधि लिएकी छिन् । उनका 'बालमञ्जरी' (२०५७), 'बाललहरी' (२०५८), 'कस्तो होला भोलि' (२०५९) जस्ता कृति प्रकाशित भएका छन् । उनका निकै सङ्ख्यामा फुटकर लेखरचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५७ मा प्रकाशित 'बालमञ्जरी' कवितासङ्ग्रह नै उनको प्रथम प्रकाशित कृति पनि हो । उनले नेपालको विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**रश्मिला कवाङ 'रश्मि'**

रश्मिला कवाङ 'रश्मि'को जन्म २०४५ साल असार १४ गते कमलविनायक, भक्तपुरमा भएको हो । बी.एस्सी नर्सिङ गर्ने रश्मिलाको 'रश्मि फुल्केका रातहरू' (गजलसङ्ग्रह, २०६७) प्रकाशित भएको छ । नेपाल सरकारबाट जर्मनीका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी जर्मनीका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**रक्षा थापा**

आमा रेणुका थापा 'सोलु' तथा बुबा बलबहादुर थापाकी छोरी रक्षा थापाको जन्म २०५७ जेठ २७ गते भएको हो । उनी हाल कक्षा

८ मा अध्ययनरत छिन् । उनको 'हिमाल' (२०६६) शीर्षकको बालकवितासङ्ग्रह प्रकाशित भएको छ ।

**राजकुमारी दाहाल**

डा. राजकुमारी दाहालको जन्म सन् १९६१ मई २७ मा बिजनबारी, दार्जिलिङ (भारत)मा भएको हो । आमा जसोदादेवी दाहाल तथा बुबा रविलाल दाहालकी छोरी राजकुमारी दाहालले एम.ए., पिएच.डी. को उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न दाहालको सन् १९८६-८७ मा प्रकाशित 'भारतीय समाजमा नारी' शीर्षकको लेख नै पहिलो प्रकाशित रचना हो । उनका 'अनुवाद विमर्श' (सन् २०१०) र 'नेपाली आञ्चलिक उपन्यास' (सन् २०१२) जस्ता कृति प्रकाशित भएका छन् । उनका केही फुटकर समालोचनात्मक रचनाहरू विभिन्न पत्रपत्रिका एवम् जर्नल आदिमा प्रकाशित पनि छन् । उनले नेपाल, भारत, भुटान आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**राजलक्ष्मी चटौत**

राजलक्ष्मी चटौतको जन्म २००१ साउन १० गते पसेला, डडेलधुरामा भएको हो । आमा नर्मदा पाण्डेय र बुबा श्रीराम पाण्डेयकी छोरी राज्यलक्ष्मी चटौतले सामान्य पढलेख गरेकी छिन् । वरिष्ठ साहित्यकार आर.डी. प्रभास चटौतकी धर्मपत्नी उनको 'बेलाको बोली बखतको इतिहास' (सहलेखन, २०७०) कृति प्रकाशित भएको छ । उनी 'पश्चिम महिलामा जागरण समूह सम्मान' बाट सम्मानित रहेकी छिन् । उनले नेपालको अधिकांश जिल्लाहरू तथा भारत, दक्षिण कोरिया, सिङ्गापुर, अमेरिका आदि देशको भ्रमण गरेकी छिन् ।

**राज्यलक्ष्मी निरौला**

राज्यलक्ष्मी निरौला २०१६ साल वैशाख १४ गते धुङ्गी, पाँचथरमा जन्मेकी हुन् । उनको 'आमाको वेदना' (शोककाव्य, २०६०) प्रकाशित कृति हो ।

**राधा उपाध्याय**

राधा उपाध्यायको जन्म सन् १९५४ अक्टुबर २ मा तुरा पश्चिम गारो पहाड, मेघालय (भारत)मा भएको हो । आमा नरमाया दाहाल तथा बुबा चन्द्रलाल दाहालकी छोरी राधा उपाध्यायले बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'नव पल्लव' (कवितासङ्ग्रह, २०६९) प्रकाशित भएको छ । सन् १९७८ मा प्रकाशित 'बहुमुखी प्रतिभाका धनी देवकोटा' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थासँग समेत आबद्ध उनी विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत पनि भएकी छिन् । नेपाल र भारतको विभिन्न स्थानको भ्रमण, अवलोकन गर्ने हाल उनको बसोवास गान्तोक सिक्किममा रहेको छ ।

**राधा कार्की**

राधा कार्कीको जन्म २०२९ चैत २० गते दमक, झापामा भएको हो । आमा पवित्रा दुलाल तथा बुबा श्रीकृष्ण दुलालकी छोरी राधा कार्कीले सामान्य अध्ययन गरेकी छिन् । उनको 'संवाहक' (लघुकथासङ्ग्रह, २०७०) कृति प्रकाशित भएको छ । उनका फुटकर कविता आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

**राधा पाण्डे**

राधा पाण्डेको जन्म २०२६ असार २६ गते बलेवा, बागलुङमा भएको हो । आमा सावित्रा पौडेल तथा बुबा गङ्गाप्रसाद पौडेलकी छोरी राधा पाण्डेले एसएलसीको शिक्षा आर्जन गरेकी छिन् । उनका लेखरचनाहरू विभिन्न स्थानीय पत्रपत्रिकामा प्रकाशित भइराखेका छन् । २०६८ सालमा प्रकाशित 'ऊ हिँडिरहेछ' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । प्रशासनिक सेवामा संलग्न उनको 'गुनासाहरू' (कवितासङ्ग्रह, २०६४) प्रकाशित भएको छ ।

स्वदेशका विभिन्न स्थानहरूको भ्रमण गर्ने उनी विभिन्न सङ्घसंस्थाबाट सम्मानित पनि भएकी छिन् ।

**राधा भण्डारी**

राधा भण्डारीको जन्म २०१७ सालमा भोजपुरको साङपाङमा भएको थियो । तीन कक्षासम्मको अध्ययन गर्ने उनको प्रकाशित गीतिकवितासङ्ग्रह हो– 'शून्य कोठाको धिपधिप बत्ती' (२०५८) ।

**राधा रसाइली**

राधा रसाइलीको जन्म सन् १९५९ फरबरी १५ मा फुवागढी चियाबारी, मिरिक दार्जिलिङ (भारत)मा भएको हो । आमा बुद्धिमाया लामगादे तथा बुबा अविलाल लामगादेकी छोरी राधा रसाइलीले माध्यमिक तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'बदलिँदो समाज' (सन् १९८६), गङ्गासागर (सन् १९९१), 'आँधी' (सन् १९९६), 'त्याग' (सन् २००२), 'अर्पण' (सन् २०१२) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । उनी विभिन्न सामाजिक कार्यमा पनि संलग्न रहेकी छिन् ।

**राधा शर्मा**

राधा शर्माको जन्म सन् १९६१ अक्टोबर १२ मा दार्जिलिङमा भएको हो । उनका आमाबुबा क्रमश: विष्णुमाया शर्मा र आत्माराम शर्मा हुन् । उत्तरबङ्ग विश्वविद्यालयबाट पिएच.डी., बी.एड.को उपाधि लिने शर्मा सेन्ट जोसेफ महाविद्यालय, दार्जिलिङमा एसोसिएट प्रोफेसर पदमा कार्यरत छिन् । उनका नेपाली र हिन्दी भाषामा लेखिएका खोजअनुसन्धानमूलक लेखरचनाहरू विशेष गरी दार्जिलिङका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका 'नेपाली कथा र समीक्षा' (सन् २००५, सहलेखन), 'नेपाली भाषा र साहित्यको समृद्धिमा दार्जिलिङको योगदान' (सन् २००९), 'रूपनारायण सिंहका कथा र उपन्यासको समाजशास्त्रीय अध्ययन' (सन् २०१०), 'नेपाली उखानको सामाजिक

पक्ष' (सन् २०१०) जस्ता भाषा र समालोचनासँग सम्बन्धित कृतिहरू प्रकाशित भएका छन् । कलेज आदिमा पढ्दा विभिन्न पदक र पुरस्कार पाउने शर्माले भारत र नेपालको विभिन्न स्थानको भ्रमण र अवलोकन गरेकी छिन् । हाल उनी भारतको दार्जिलिङमा बसोवास गर्दछिन् ।

**राधिका कुइकेल**

राधिका कुइकेलको जन्म २०३३ असोज १६ गते समुद्रटार, नुवाकोटमा भएको हो । आमा दमयन्ती कुइकेल तथा बुबा शिवप्रसाद कुइकेलकी छोरी राधिकाले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'मौन आकाश' (गजलसङ्ग्रह, २०६९) प्रकाशित भएको छ । उनका फुटकर लेखरचना विभिन्न साहित्यिक पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले भारत, थाइल्यान्ड, सिङ्गापुर आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**राधिका गुरागाई**

राधिका गुरागाई २०१८ साल कात्तिक १५ गते विराटनगर, मोरङमा जन्मिएकी हुन् । आमा शिवकुमारी अधिकारी बुबा र टेकनाथ शास्त्रीकी छोरी तथा साहित्यकार राजेन्द्र गुरागाईकी धर्मपत्नी राधिकाले आई.ए.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनी नेपाल राष्ट्र बैङ्कमा जागिरे छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनको 'मौन आकृति' (२०६६) कवितासङ्ग्रह प्रकाशित छ । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका कोशी अञ्चल अध्यक्ष पनि हुन् ।

**राधिका दाहाल**

राधिका दाहालको जन्म २०१७ असोज १० गते आठराई, चुहाडाँडा, तेह्रथुममा भएको हो । आमा मनमाया सिटौला र बुबा हरिचरण सिटौलाकी छोरी राधिका दाहालले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनको 'आँगनदेखि' (२०७०) पुस्तकाकार कृति प्रकाशित भएको छ । उनले भारत, बङ्गलादेश, अस्ट्रिया, स्विट्जरल्यान्ड आदि मुलुकको भ्रमण पनि गरेकी छिन् ।

**राधिका न्यौपाने**

राधिका न्यौपानेको जन्म सन् १९८२ दिसेम्बर २० मा जनसमहट्टा सोनादा दार्जिलिङ (भारत)मा भएको हो । आमा सीता शर्मा तथा बुबा ओमनाथ शर्माकी छोरी राधिका न्यौपानेले एम.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'अटुट भावनाहरू' (सन् २००७) शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । दार्जिलिङबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा निकै फुटकर कविता र कथाको प्रकाशन गर्ने उनको प्रथम प्रकाशित रचना 'आत्मपराजित बन्ने छैनौँ' शीर्षकको कविता हो । उनले नेपाल, भारत, भुटान आदि देशको भ्रमण गरेकी छिन् ।

**राधिका पन्त देवकोटा**

राधिका पन्त देवकोटाको जन्म २०२७ कात्तिक २७ गते ताकुकोट - ५ मैलुङ गोरखामा भएको हो । आमा देवकुमारी देवकोटा तथा बुबा टीकाप्रसाद देवकोटाकी छोरी राधिका पन्त देवकोटाले आइ.कम.को अध्ययन पूरा गरेकी छिन् । उनका 'तीजको गीत' (२०५९), 'भोको मान्छे' (कवितासङ्ग्रह, २०६४), 'करुण चीत्कार' (कवितासङ्ग्रह, २०६७), 'ज्योतिका युगीन स्वरहरू' (२०६७), 'बाँकी धर्सा' (कवितासङ्ग्रह, २०६९) जस्ता ग्रन्थाकार कृति प्रकाशित भएका छन् । २०५८ सालमा प्रकाशित 'तीजको गीत' उनको पहिलो प्रकाशित रचनाकृति हो । उनका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सेवा सुमन प्रथम २०६५, सेवासुमन दोस्रो २०६६ जस्ता पुरस्कारबाट सम्मानित उनले भारत, चीन आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी भक्तपुरमा बसोवास गर्छिन् ।

**रामवदन जोशी**

आमा गौरीमैया तथा बुबा चन्द्रनाथ राजोपाध्यायकी छोरी रामवदन जोशीले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. तह उत्तीर्ण

गरेकी छिन् । सेवानिवृत्त जीवन बिताउने उनका 'शिशु कक्षाको व्यवस्था' (२०२८), 'हाम्रो बालगीत भाग एक' (२०५२), 'हाम्रो बालगीत-भाग दुई' (२०६९) जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । २०२९ सालमा प्रकाशित 'शिशु कक्षाको व्यवस्था' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचनाकृति पनि हो । उनका कतिपय रचनाहरू विभिन्न बुलेटिन र पत्रपत्रिकामा प्रकाशित छन् । उनी गोरखादक्षिणबाहु चौथो, दीर्घ सेवापदक (श्री ५ को सरकार), 'दीर्घ सेवापदक' (नेपाल स्काउट), 'शुभराज्याभिषेक पदक', 'वीरेन्द्रऐश्वर्य सेवापदक', 'सुनौला गैँडा, शिक्षापदक', 'रत्न समाज सेवापदक', 'प्रशंसनीय आचरण पदक', 'पिस अवार्ड-सन् २०१२', 'स्वर्णजयन्ती पदक', 'प्रख्यात त्रिशक्ति पट्ट चौथो' - २०६२ बाट सम्मानित भएकी छिन् । एसियाका अधिकांश मुलुक तथा बेलायत, फ्रान्स, अस्ट्रेलिया, न्युजिल्यान्ड, केन्या, अमेरिका आदिको भ्रमण गर्ने जोशी हाल काठमाडौँमा बस्छिन् ।

**रिकी ह्लामु लेप्चा**

रिकी ह्लामु लेप्चा आमा मतीम म. लेप्चा तथा बुबा पेमा छिरिङ लेप्चाकी छोरी हुन् । उनको जन्म सन् १९५६ अक्टोबर १० मा भएको हो । प्रमाणपत्र तहको शिक्षा आर्जन गर्ने उनले सरकारी सेवाबाट अवकाश लिइसकेकी छिन् । उनको 'आकाङ्क्षाको सागर' (सन् २००५) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर कविता, कथा, निबन्ध आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएको पाइन्छ भने कतिपय फुटकर रचना रेडियोबाट प्रसारणसमेत भएको छ । विभिन्न प्रतियोगितामा पुरस्कृतसमेत भएकी उनी सिक्किम महिला पत्रकार सङ्घद्वारा सन् २००२ मा तथा लि आल वृद्धाश्रम, तुरुङ कासोर दक्षिण सिक्किमबाट सन् २०११ मा अभिनन्दित भएकी छिन् । उनी विभिन्न साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध छिन् । उनले भारत, थाइल्यान्ड आदि देशको भ्रमणसमेत गरेकी छन् ।

### रिजु देवी

रिजु देवी सन् १९७८ जुन ३० मा तेजपुर, असम (भारत) मा जन्मिएकी हुन् । असमिया भाषासाहित्यमा एम.ए. उत्तीर्ण रिजु देवीका 'वरपीपल' (कवितासङ्ग्रह, सन् २००८) तथा 'आँसीको चन्द्रमा' (कथासङ्ग्रह, सन् २००७) प्रकाशित छन् ।

### रीत गङ्गा

रीत गङ्गाको जन्म २०१६ फागुनमा भएको हो । उनको 'युद्ध भूमिका लुप्त आवाजहरू' कृति प्रकाशित छ ।

### रीतादेवी प्रधान जोशी 'रुमाठ'

रीतादेवी प्रधानको जन्म २०१० साउन ८ गते मरुटोल, काठमाडौँमा भएको हो । स्नातक तहको शिक्षा आर्जन गर्ने उनको 'तरङ्गहरू मनका' (२०६३), 'अन्धविश्वासभित्रका विश्वासहरू' आदि पुस्तकाकार कृति प्रकाशित भएका छन् । विविध संस्थासँग आबद्ध उनले भारत, चीन, पाकिस्तान, थाइल्यान्ड, सिङ्गापुर, हङ्कङ, अमेरिका आदि मुलुकको भ्रमण गरेकी छिन् ।

### रीता शाह

रीता शाहको पूरा नाम रीताराज्यलक्ष्मी शाह हो । २००३ साल कात्तिकमा थापाथली, काठमाडौँमा जन्मिएकी उनले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'सेतो घोडा' (२०५२) कवितासङ्ग्रह प्रकाशित छ ।

### रीता सुवेदी 'मानवी'

रीता सुवेदी 'मानवी' को जन्म २०२४ पुस ६ गते बर्मामा भएको हो । आमा विजया सुवेदी तथा बुबा पर्शुराम सुवेदीकी छोरी रीता सुवेदीले कक्षा १० को शिक्षा आर्जन गरेकी छिन् । 'आध्यात्मिक सचेतन जागरण ऊर्जा : गीता' (२०७०) प्रकाशित पुस्तकाकार कृति नै उनको पहिलो प्रकाशित रचना पनि हो । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**रुकु कार्की**

रुकु कार्कीको जन्म २०१५ सालमा गजुरी, धादिङमा भएको हो । उनका 'रुकु कार्कीका कविताहरू' (२०५९), 'कस्तो युग आयो' (२०६०), 'आहत मनका सपनाहरू' (२०६१) आदि कवितासङ्ग्रह; 'आँसुले व्यथा मेटिने भए' (गीतसङ्ग्रह, २०६१); 'मधुरिमा' (२०६३), 'जीवनज्योति' (२०६५) जस्ता उपन्यास; 'आफ्नै जीवन र अनुभूति' (संस्मरणसङ्ग्रह, २०६२), 'लालीगुराँस' (बालकवितासङ्ग्रह, २०६४), 'धरती हाम्री आमा' (बालगीतसङ्ग्रह, २०६८), 'बाल प्रजाहरूको वनयात्रा' (बालउपन्यास, २०६७) प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेकी उनी 'तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार' २०६३, 'नारायणी वाङ्मय पुरस्कार' २०६३, 'यति फाइनान्स साहित्यिक पुरस्कार' २०६९, 'अन्तर्राष्ट्रिय पुरस्कार', अमेरिका २०६४, 'बाबा ओमवीरसिंह बस्न्यात पुरस्कार' आदिबाट पुरस्कृत पनि भएकी छिन् ।

**रुक्मणी सिग्देल तिमल्सिना**

रुक्मणी सिग्देलको जन्म २०३९ माघ १८ गते उग्रचण्डी नाला ७, काभ्रेमा भएको हो । आमा यज्ञकुमारी सिग्देल तथा बुबा यदुनाथ सिग्देलकी छोरी रुक्मणी सिग्देलले त्रिभुवन विश्वविद्यालयबाट एम.एड.को शिक्षार्जन गरेकी छिन् । शिक्षण तथा व्यापार पेसामा संलग्न उनको 'घाउ नसम्झाऊ' (गजलसङ्ग्रह, २०७०) प्रकाशित भएको छ । २०६९ मा प्रकाशित 'साम्राज्यवाद, विस्तारवाद र राष्ट्रिय स्वाधीनता' शीर्षकको निबन्ध (लेख) नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर रचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भइराखेका छन् । उनले नेपालका प्रमुख स्थल तथा भारत, चीन, थाइल्यान्ड आदिको समेत भ्रमण गरेकी छिन् ।

**रुननू चापागाई**

रुननू चापागाईको जन्म सन् १९६० सेप्टेम्बरमा धापाखेल, ललितपुरमा भएको हो । नेपाल राजदूतावास, नयाँदिल्लीमा प्रथम

सचिव पदमा कार्यरत उनका देशविदेशका पत्रपत्रिकाहरूबाट कविता, कथा, लोककथा तथा लेखहरू पनि प्रकाशित भएका छन् । रेडियो नेपालबाट समेत उनका केही लोककथाहरू प्रसारित भएका छन् । २०४२ साल माघ २६ को 'गोरखापत्र'मा प्रकाशित 'उनको प्रण' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनको 'समर्पण' (२०६३) शीर्षकको कथासङ्ग्रह पनि प्रकाशित भएको छ । उनले भारत, दक्षिण कोरिया, थाइल्यान्ड, युएई, संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, स्विट्जरल्यान्ड, जर्मनी, बेल्जियम, लक्जेम्बर्ग आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**रुमु न्यौपाने**

रुमु न्यौपाने आमा रूपा न्यौपाने तथा बुबा मीननाथ न्यौपानेकी छोरी हुन् । उनको जन्म २०४१ चैत १९ गते भएको हो । सङ्गीत र साहित्यमा विशेष रुचि हुने उनी विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध रहेकी छिन् । उनका 'बिहानीको किरण' (कविता र कथासङ्ग्रह, २०५७), 'आफ्नै छायाँसँग' (कवितासङ्ग्रह, २०६२) प्रकाशित छन् । २०५६ सालमा प्रकाशित कविता 'हाम्रो बालदिवस' नै उनको प्रथम प्रकाशित रचना हो । चिनारी नेपालद्वारा नारी सम्मान ग्रहण गर्ने उनी हाल सिड्नी, अस्ट्रेलियामा रहेकी छिन् । उनी अस्ट्रेलियाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**रूपा भट्टराई**

रूपा भट्टराईको जन्म २०४१ कात्तिक ३० गते मुम्बई, भारतमा भएको हो । आमा मीनादेवी भट्टराई तथा बुबा दुर्गाप्रसाद भट्टराईकी छोरी रूपा भट्टराईले नेपाली विषयमा एम.एड. को शिक्षा आर्जन गरेकी छिन् । उनका 'अन्त्य एक्लो बाटोमा' (कथासङ्ग्रह, २०६७), 'जिन्दगी गोरेटो' (नाटक, २०७०) आदि प्रकाशित कृति हुन् । २०६७ सालमा प्रकाशित 'अन्त्य एक्लो बाटोमा' कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर कविता, गजल, लेख आदि

राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएको पाइन्छ । उनले नेपालको विभिन्न स्थानको भ्रमण पनि गरेकी छन् ।

**रूपा मानन्धर**

रूपा मानन्धरको जन्म २०२२ असार ५ गते ञोछेँ, काठमाडौँमा भएको हो । आमा राधिका मानन्धर तथा बुबा शान्तदास मानन्धरकी छोरी रूपा मानन्धरले त्रिभुवन विश्वविद्यालयबाट बी.एस्सी., एम.एड. उत्तीर्ण गरेकी छिन् । हाल उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । विज्ञानसम्बन्धी उनका विभिन्न फुटकर रचनाहरू फाटफुट रूपमा पत्रिकामा प्रकाशित भएका छन् । २०५४ सालमा प्रकाशित बालविज्ञानसम्बन्धी रचना 'गरेर हेरौँ-१' उनको प्रथम प्रकाशित रचना हो । उनका 'गरेर हेरौँ-१' (२०५४), 'गरेर हेरौँ-२' (२०५७), 'आवाज' (२०६६), 'प्रकाश र छाया' (२०६७), 'प्रथम विश्वकोष' (विज्ञान, अनुवाद, २०६८), 'प्रथम विश्वकोष (अन्तरिक्ष, अनुवाद, २०७०) प्रकाशित रचना हुन् । उनले नेपालका विभिन्न स्थान तथा संयुक्त राज्य अमेरिकाको भ्रमण गरेकी छन् ।

**रेजिना खालिङ**

रेजिना खालिङको जन्म २०४८ असार २९ गते टाक्सिन्दु-१ सोलुखुम्बुमा भएको हो । आमा नौमाया राई तथा बुबा पञ्चे राईकी छोरी रेजिना खालिङ बी.एड.मा अध्ययनरत छिन् । शिक्षण पेसामा संलग्न उनका 'चन्द्रमाले सधैँ मलाई हेरिरहन्छ' (गजलसङ्ग्रह, २०६७), 'सोलुखुम्बु गजल सँगालो' (२०६९, सहलेखन) कृति प्रकाशित भएका छन् ।

**रेजिना पाण्डे**

रेजिना पाण्डेको जन्म २०३७ असार २८ गते मैतीदेवी, काठमाडौँ-३३ मा भएको हो । आमा जानकी पाण्डे तथा बुबा अच्युतराज पाण्डेकी छोरी रेजिना पत्रकारिता पेसामा संलग्न रहेकी छिन् ।

उनको 'अविरल पानाहरू' (२०५७), 'सुख खोज्दाका दिनहरू' (२०६१) कृति प्रकाशित भएका छन् । पत्रपत्रिकामा विभिन्न किसिमका लेखरचना प्रकाशित समेत गराउने उनको पहिलो प्रकाशित कृति २०५७ सालमा छापिएको 'श्यामदास वैष्णवको जीवनी' शीर्षकको रचना हो । उनी 'मुनारत्न बालसाहित्य पुरस्कार एवम् सम्मान' बाट सम्मानित रहेकी छिन् ।

**रेणुका थापा 'सोलु'**

रेणुका थापा 'सोलु' को जन्म २०२८ फागनु १२ गते सोताङ सोलुखुम्बुमा भएको हो । आमा अम्बिकादेवी बस्नेत तथा बुबा उजिरबहादुर बस्नेतकी छोरी रेणुका थापा 'सोलु'ले नेपाली विषयमा एम.ए., एम.पी.ए., बी.एड., पी.जी.डी. आदि शैक्षिक योग्यता हासिल गरेकी छिन् । उनका 'नेपाली गजलमा नारी हस्ताक्षर' (सहलेखन, २०६२), 'उमाइन्द्र' (कवितासङ्ग्रह, २०६६), 'पिँजडाको सुगा' (बालकवितासङ्ग्रह, २०६६), 'सङ्घर्षका पाइला' (गजलसङ्ग्रह, २०६७), 'शिखर पुरुषप्रति श्रद्धासुमन' (शोककाव्य, २०६७), 'अवसरको सगरमाथा' (गजलसङ्ग्रह, २०६८), 'सोलुखुम्बु गजल सँगालो' (सहलेखन, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । उनले 'गतिविधि' स्मारिका, 'सार्वजनिक दर्पण', 'तरङ्गित भावहरू' जस्ता कृतिको सम्पादनसमेत गरेकी छिन् । उनी विभिन्न सामाजिक, साहित्यिक सङ्घसंस्थासँग आबद्ध पनि छिन् ।

**रेणुका भट्टराई**

रेणुका भट्टराईको जन्म २०३८ मङ्सिर १७ गते महेन्द्रज्योति ७, बाँसडोल, काभ्रेमा भएको हो । आमा शारदा भट्टराई तथा बुबा नानीराम भट्टराईकी छोरी रेणुका भट्टराईले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका फुटकर हाइकु, कविता, बालकविता, नाटक, लघुकथा, समीक्षात्मक लेखरचना आदि विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित

कृति २०५० सालमा प्रकाशित 'परदेश नजाऊ' शीर्षकको कविता हो । उनका प्रकाशित पुस्तकाकार कृतिहरू 'साकुरा र सुस्केरा' (हाइकुसङ्ग्रह, २०५९), 'मञ्जरी' (खण्डकाव्य, २०६१), 'समाजसेवी यात्रामा नन्दप्रसाद' (जीवनीवृत्त, २०६३) हुन् । पत्रकारिता पेसामा संलग्न भट्टराई पत्रकार महासङ्घ, पेरोल साहित्य प्रतिष्ठान, सम्पादक समाज नेपाल, प्रगतिशील लेखक सङ्घ आदि विभिन्न सङ्घसंस्थासित पनि सम्बद्ध छिन् । उनी विभिन्न पत्रपत्रिकाको सम्पादक पनि रहेकी छिन् । नेपालको विभिन्न जिल्लाहरूको भ्रमण गर्ने उनले विभिन्न प्रतियोगितामा पुरस्कार पाएकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

### रेणुका विष्ट

रेणुका विष्टको जन्म सन् १९६१ नोभेम्बर १८ मा दार्जिलिङमा भएको हो । आमा भद्रमाया विष्ट तथा बुबा रणबहादुर विष्टकी छोरी रेणुका विष्टले उत्तरबङ्ग विश्वविद्यालयबाट भूगोल विषयमा एम.ए., अनर्सको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न विष्टको 'परिचय मेरो' (सन् २०१२) शीर्षकको कथा-निबन्धसङ्ग्रह प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकाहरूमा समेत लेखरचना छपाउने उनको पहिलो प्रकाशित रचना सन् १९७७ मा प्रकाशित हिन्दी भाषाको 'आज की दुनियाँ' शीर्षकको रचना हो । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

### रेणुकुमारी गुप्ता

रेणुकुमारी गुप्ताको जन्म २०३५ फागुन महिनामा बरेवा - ७, कलैया, बारामा भएको हो । आमा सुमित्रादेवी र बुबा महेन्द्रप्रसाद साहकी छोरी रेणुकुमारी गुप्ताले स्नातक तहको शिक्षा प्राप्त गरेकी छिन् । उनी अन्य भाषाका साहित्यिक रचनालाई भोजपुरी भाषामा अनुवाद गरेकी छन् । उनले 'जोगी र चोरी' (बाल लोककथासङ्ग्रह) सम्पादन गरेकी छिन् । उनका 'धर्म के बारे में कुछेक बात', 'जात

जात के बात' जस्ता भोजपुरी भाषामा अनूदित कृति प्रकाशित भएका छन् । उनी 'मध्य रौतहट साप्ताहिक' पत्रिकाकी सम्पादक र प्रकाशक रहेकी छिन् । उनी 'लीलाधर मिश्र स्मृति पुरस्कार' २०५७ बाट सम्मानित भएकी छिन् ।

**रेमिका थापा**

रेमिका थापाको जन्म सन् १९७१ अक्टुबर २८ मा मङ्पु, दार्जिलिङमा भएको हो । आमा पूर्णिमा थापा र बुबा लालधोज थापाकी छोरी रेमिका थापाले एम.ए.को अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न थापाका 'वेदनाका पछिल्तिर' (सन् २०००), 'देश र अन्य कविताहरू' (सन् २००७), 'गाउँमा कविताहरू' (सन् २००७), 'किनाराका आवाजहरू' (सन् २००९), 'किनारा विमर्श' (सन् २०१०) जस्ता कृति प्रकाशित छन् । उनले 'गीताञ्जली' (सन् २०१०) 'बङ्ला कविता', 'सरोकार' (सन् २०१२) तथा मैथिली कविताको नेपाली अनुवादसमेत गरेकी छिन् । अङ्ग्रेजी, हिन्दी, मराठी, मैथिली आदि भाषामा उनका रचनाहरू अनूदित भएका छन् । उनका कतिपय फुटकर रचनाहरू नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'भाइचन्द्र स्मृति पुरस्कार' (सन् २०११), 'रवीन्द्र स्मृति पुरस्कार' (सन् २०११), 'उत्तरबङ्ग विकास सम्मान' (सन् २०११), 'सप्त श्री ज्ञानपीठ विद्यालय सम्मान' (सन् २०१२), 'झुल्केघाम परिवार सम्मान' (सन् २०१२) आदिबाट समेत सम्मानित भएकी छिन् । नेपाल र भारतको भ्रमण, अवलोकन गर्ने थापा हाल जलपाइगुडी, भारतमा बसोवास गर्छिन् ।

**रेवती राजभण्डारी**

रेवती राजभण्डारीको जन्म १९९९ सालमा ठमेल, काठमाडौँमा भएको हो । आमा फिनी मास्के तथा बुबा सनकमान मास्केकी छोरी रेवती राजभण्डारीले त्रिभुवन विश्वविद्यालयबाट डिप्लोमा तहको शिक्षार्जन गरेकी छिन् । साथै उनले इलाहावादबाट सितारमा 'प्रभाकर'

तथा नेपाल प्रेस इन्स्टिच्युटबाट प्रवीणता प्रशिक्षण पत्रकारिताको शिक्षा लिएकी छिन् । उनले नेपाली र नेपाल भाषा दुवै भाषामा साहित्यिक सिर्जना गरेकी छिन् । उनको पहिलो प्रकाशित रचना 'कस्तुरी' पत्रिकामा प्रकाशित 'नेपाल आमा' (२०३१) शीर्षकको कविता हो । उनका 'खिचडी' (कवितासङ्ग्रह, २०४६), 'दाइजो' (कथासङ्ग्रह, २०४६), 'भिजेको तकिया' (शोककवितासङ्ग्रह, २०४८), 'ज्यामी' (कथासङ्ग्रह, नेपालभाषामा, २०५१), 'मुक्ति' (कथासङ्ग्रह, २०५३), 'बालसुधा' (बालकथासङ्ग्रह, २०५५), 'न्हाय मदु बाज्या' (लोककथासङ्ग्रह-नेपालभाषामा, २०५७), 'भूतसँग जम्काभेट' (बालकथासङ्ग्रह, २०६१), 'ऋतु' (बलकथासङ्ग्रह-नेपालभाषामा, २०६२), 'लुमन्ति' (कवितासङ्ग्रह-नेपालभाषामा, २०६२), 'राजाको सिङ छ' (बालकथा-नेपाली र अङ्ग्रेजीमा, २०६२), 'प्या: गु फोँगा' (कवितासङ्ग्रह-नेपालभाषामा, २०६४), 'लठेब्रो राजा' (बालकथासङ्ग्रह, २०६४), 'मोती' (बालकथासङ्ग्रह, २०६८), 'आमाको खोजी' (कवितासङ्ग्रह, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । उनका फुटकर लेखरचना पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'गद्दीआरोहण रजत महोत्सव पदक', 'लोकप्रिया पुरस्कार' २०६०, 'जयपृथ्वी' बालपुस्तक पुरस्कार' २०६१, 'ईलोहं ज्ञानज्योति सिरपा' (नेपालभाषा) २०६६, 'देवकोटा शतवार्षिकी सम्मान' २०६६, 'ऐतिहासिक अन्तर्राष्ट्रिय सान अवार्ड' २०६६, 'भद्रकुमारी घले साहित्यिक पुरस्कार' (२०६८), 'कलानिधि स्वर्ण महोत्सव सम्मान' आदिबाट सम्मानित भएकी छिन् । नेपालका विभिन्न जिल्ला तथा भारत, बेलायत, बेल्जियम, फ्रान्स, नेदरल्यान्डको भ्रमण गर्ने उनी विभिन्न सामाजिक, साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध छिन् ।

**रोमा निरौला**

रोमा निरौलाको जन्म २०४३ माघ १४ गते पाँचथरमा भएको हो । आमा पवित्रा निरौला तथा बुबा रत्नबहादुर निरौलाकी छोरी

रोमा निरौलाले एम.ए.को अध्ययन पूरा गरेकी छिन् । सरकारी सेवामा संलग्न उनको 'पर्खाइ' (२०६७) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका कतिपय फुटकर रचनाहरू राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् । 'जुही गजल रत्न सम्मान'बाट सम्मानित उनले भारतका विभिन्न स्थलको भ्रमण पनि गरेकी छिन् ।

**रोहिणी शाह**

रोहिणी शाहको जन्म १९७८ साल साल भदौ २२ गते काठमाडौँमा भएको थियो । २०५० सालमा उनको उपन्यास 'प्रेरणा' प्रकाशित भयो । सो उपन्यास सामाजिक जागरणमा आधारित छ । श्रीमती शाह नेपालको राजनीति र समाजसेवामा सक्रिय थिइन् । उनी २०१५ सालमा परामर्शदात्री परिषद्को सदस्यमा पनि मनोनीत भएकी थिइन् । नेपाली महिलाकी प्रेरक व्यक्तित्वका रूपमा चिनिएकी रोहिणी शाहले नेपाल अधिराज्यका प्राय: सबै भूभाग र विश्वका अधिकांश मुलुकको भ्रमणसमेत गरेकी थिइन् । उनी २०४९ साल असार २६ गते स्वर्गीय भइन् ।

**लक्खीदेवी सुन्दास**

डा. लक्खीदेवी सुन्दासको जन्म सन् १९३४ मार्च २६ मा कलकत्तामा भएको हो । आमा धनमाया सेवा तथा बुबा चन्द्रबहादुर सिंह सेवाकी छोरी लक्खीदेवी सुन्दासले नेपाली विषयमा एम.ए., पिएच.डी.को उपाधि लिएकी छिन् । उनले कलकत्ता विश्वविद्यालयबाट दर्शनशास्त्रमा एम.ए. र एल.एल.बी. को उपाधि पनि लिएकी छिन् । उनका 'आहत अनुभूति' (कथासङ्ग्रह, सन् १९६८), 'सम्भावित अर्थ समर्पित एकान्त' (कवितासङ्ग्रह, सन् २००२), 'समय र समीक्षणा' (साहित्य आलोचनात्मक लेख, सन् २००८), 'अकादमी निबन्धावली' (सम्पादन, सन् १९७६), 'बीसौँ शताब्दीको भारतीय नेपाली नारी लेखन' (सम्पादन र लेखन, सन् २००२) जस्ता कृति प्रकाशित छन् ।

उनले 'सम्मेलन कथासङ्ग्रह' (सन् १९८३), 'सम्मेलन कथासङ्ग्रह' (सन् १९८६), 'मलयाली कवि वल्लेत्ताल' (अनुवाद, सन् १९८६), 'शिवकुमार राईका सात कथा' (सन् १९९६), 'गुमानसिंह चामलिङका कविता', 'साहित्य परिचय' (सन् १९९२), 'भारतीय नेपाली कथा लेखन' (सन् २००२) जस्ता पुस्तकको सम्पादन पनि गरेकी छिन् । उनी शिवकुमार राई अकादमी, खरसाङकी प्रधान सम्पादिका पनि रहेकी छिन् । विभिन्न साहित्यिक सङ्घसंस्था आदिसँग आबद्ध उनको प्रथम प्रकाशित रचना सन् १९४८ मा 'दीपक' हस्तलिखित पत्रिकामा प्रकाशित 'दीपक' शीर्षकको कविता हो । उनी 'रत्नश्री स्वर्णपदक' सन् १९७२, 'भानु पुरस्कार' सन् १९९०, 'सैन्यध्वज नन्ददेवी पुरस्कार', 'माइकल मधुसूदन दत्त अन्तर्राष्ट्रिय पुरस्कार' सन् २००१, 'लोकप्रियादेवी पुरस्कार'बाट पनि सम्मानित भएकी छिन् । सन् २००१ मा 'आहत अनुभूति'का निम्ति उनी प्रतिष्ठित 'साहित्य अकादमी' पुरस्कारबाट पनि सम्मानित भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानका अतिरिक्त चीन, रसिया आदि मुलुकको भ्रमण गरेकी छिन् । हाल उनी सिलगडी, भारतमा बस्छिन् ।

**लतिका जोशी**

लतिका जोशीको जन्म १९६७, सेप्टेम्बर १ मा सिमला, भारतमा भएको हो । उनले उत्तरबङ्ग विश्वविद्यालयबाट भूगोल विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । उनले शिक्षा तथा पत्रकारिता विषयको पनि शिक्षा आर्जन गरेकी छिन् । विभिन्न संस्थाहरूमा विभिन्न पदमा रही कार्य गरेकी लतिका जोशीले विभिन्न पाठ्यपुस्तक आदिको लेखन र सम्पादन पनि गरेकी छिन् । उनले केही अनुवाद कार्य पनि गरेकी छिन् । उनका 'केही स्मृति केही अभिव्यक्ति', 'गोरखाल्यान्ड मुद्दा अनि भविष्य' पुस्तकाकार कृति लगायत विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थाहरूसँग आबद्ध उनले रेडियो कलाकारका रूपमा पनि कार्य गरेकी छिन् ।

उनी 'कुलपति मुन्सी पुरस्कम्' सन् २००९, 'इयर अफ साइन्टिफिक अवेरनेस अवार्ड' सन् २००५ आदिबाट सम्मानित भएकी छिन् ।

**ललितत्रिपुरसुन्दरी**

ललितत्रिपुरसुन्दरीको जन्म १८५० सालमा भएको हो । उनी तत्कालीन राजा रणबहादुर शाहकी कनिष्ठ (पाँचौँ) रानी थिइन् । उनी प्रथम नेपाली नारीस्रष्टा हुन् । उनीद्वारा १८८१ सालमा लिखित 'राजधर्म' शीर्षकको ग्रन्थ प्रथम नेपाली नारीरचना पनि हो । संस्कृत भाषामा रहेको 'महाभारत'बाट नेपालीमा अनुवाद गर्ने क्रममा यो कृति सृजित भएको हो । १८८८ साल चैत १६ गते उनको निधन भएको हो । उनको जीवनी कृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (२०६४) नरेन्द्रराज प्रसाईबाट लेखिएको छ ।

**ललिता 'दोषी'**

ललिता 'दोषी' को जन्म २०२५ कात्तिक १६ गते इमाडोल, ललितपुरमा भएको हो । आमा सूर्यकुमारी गजुरेल र बुबा कुलबहादुर गजुरेलकी छोरी तथा टेकबहादुर खरेलकी धर्मपत्नी ललिता दोषीले नेपाली विषयमा स्नातकोत्तर तहको उपाधि लिनुका साथै शिक्षामा स्नातक तहसमेत उत्तीर्ण गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न उनको पहिलो प्रकाशित रचना 'श्रुति' पत्रिकामा छापिएको 'शुभकामना' (२०४१) शीर्षकको कविता हो । नेपालका दैनिक, साप्ताहिक, मासिक आदि विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा उनका कविता, गीत, नाटक, कथा विधाका रचनाहरू प्रकाशित भइराख्छन् । विभिन्न पुरस्कार र सम्मानहरूबाट सम्मानित ललिता 'दोषी' विभिन्न कविता, नाटक, कथा आदि प्रतियोगितामा पनि प्रथम भई पुरस्कृतसमेत भएकी छिन् । उनका 'बुद्ध रोएझैँ लाग्छ' (कवितासङ्ग्रह, २०५८) प्रकाशित भएको छ । उनका 'प्रेमको परिभाषा' (२०५६), 'भत्किएका किनारा' (२०५७), 'दुखेको घाउ' (२०६०), 'निष्पाप आँखाहरू' (२०६८) जस्ता कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । उनको 'उन्माद'

शीर्षकको उपन्यास २०६६ मा प्रकाशित भएको छ । 'ज्योतिका युगीन स्वरहरू' (२०६७) उनको संयुक्त कवितासङ्ग्रह हो । बालसाहित्यको क्षेत्रमा समेत उनले उल्लेखनीय योगदान दिएकी छिन् । उनका 'इन्द्रेणी' (बालकवितासङ्ग्रह, २०६५), 'जूनपरी' (बालकवितासङ्ग्रह, २०६७), 'काफलगेडी' (बालकवितासङ्ग्रह, २०६८), 'मानिस नै देवता' (बालकथासङ्ग्रह, २०६३), 'दुईखुट्टे बिरालो' (बालकथासङ्ग्रह, २०७०), 'सानो भूत' (चित्रकथा, २०७०), 'नीलकमल' (बालउपन्यास, २०६४), 'दाउरे' (बालकाव्य, २०६६), 'हावा' (बालकाव्य, २०६७), 'भुराको कुरा' (बालकाव्य, २०६९), 'पारुको प्रतिज्ञा' (बालनाटकसङ्ग्रह, २०७०), 'हाम्रो चौतारी' (बालचित्र पुस्तक, २०७०), 'खेलौँ खेलौना' (बालचित्र पुस्तक, २०७०) जस्ता बाल साहित्यिक कृति पनि प्रकाशित छन् । उनले भारत, बाङ्गलादेश, अमेरिका आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**लक्ष्मी अनुरागी**

लक्ष्मी अनुरागीको जन्म २०२७ फागुन ११ गते दुलारी-५, गछिया, मोरङमा भएको हो । आमा रोहिणीदेवी भट्टराई तथा बुबा उदयराज भट्टराईकी छोरी लक्ष्मी अनुरागीले स्नातक तहको शिक्षा पूरा गरेकी छिन् । स्वास्थ्य सेवामा संलग्न उनका 'समय संवेग' (२०७१, गीतगजलसङ्ग्रह) तथा 'संयोग' (२०७०), 'इसारा' (२०६९) जस्ता एल्बम् प्रकाशमा आएका छन् । उनी हाल इजरायलमा रहेकी छन् ।

**लक्ष्मी अप्सरा पाण्डे**

लक्ष्मी अप्सरा पाण्डेको जन्म २०२६ चैत १५ गते काठमाडौँमा भएको हो । आमा विष्णु श्रेष्ठ तथा बुबा लक्ष्मणबहादुर श्रेष्ठकी छोरी तथा विकासदेव पाण्डेकी धर्मपत्नी लक्ष्मी अप्सरा पाण्डेले आई.ए.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'छायामा तिमी' (कवितासङ्ग्रह, २०७०) प्रकाशित भएको छ । उनी 'देवकोटा शताब्दी

स्वर्णपदक'बाट सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको भ्रमण गरेकी छिन् ।

**लक्ष्मी उप्रेती**

लक्ष्मी उप्रेतीको जन्म २०१५ साउन २३ गते आठराई, हाङपाङ गाविस- ३, ताप्लेजुङमा भएको हो । आमा जयमाया प्रसाई तथा बुबा बृहस्पति प्रसाईकी छोरी लक्ष्मी उप्रेतीले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'यौटा बाटो खोजिरहेछ जीवन' (२०५१), 'मृदु स्मृतिहरू' (२०५६), 'स्निग्ध अनुभूति' (२०५९), 'समय स्पर्श' (२०६१), 'अतिरिक्त आयाम' (२०६७) जस्ता कवितासङ्ग्रह तथा 'तिर्सना' (कथासङ्ग्रह, २०६३), 'फ्ल्यासब्याकमा जिन्दगी' (उपन्यास, २०६९), 'धनमाया प्रसाईको जीवनगाथा' (२०६५), 'नेपालका नारी कथाकार : प्रवृत्ति र प्रतिनिधि कथा' (२०६८), 'साहित्यकार देवकुमारी थापाको जीवनी' (२०६९) प्रकाशित पुस्तकाकार कृति हुन् । उनका 'मनेको म्याँम्याँ' (२०५७), 'कृष्णको पछुतो' (२०५७), 'कर्मको फल' (२०५७), 'बुद्धिमानी बाँदर' (२०५९), 'साहसी आकाङ्क्षा र पवनपरी' (२०६०), 'कमिलाको ताँती' (२०६१), 'सुनको अन्डा दिने चरी' (२०६१), 'साथीसाथी' (२०६४), 'सानूको मामाघरको यात्रा' (२०६६), 'कर्मच्च फल' (२०६८) आदि बालसाहित्यिक कृति पनि प्रकाशित भएका छन् । उनले विभिन्न गोष्ठीपत्र, कार्यपत्र पनि तयार पारेकी छिन् । उनका राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा विभिन्न विधाका ५०० जति रचनाहरू प्रकाशित भएका छन् । २०४१ सालमा 'चाँदनी' पत्रिकामा प्रकाशित 'बिस्कुनले थिचिएका खुसीहरू' कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका विषयमा विभिन्न व्यक्तिहरूले शोधकार्य पनि गरेका छन् । 'वनिता' त्रैमासिकको संस्थापक अध्यक्ष, सम्पादक तथा प्रकाशकसमेत रहेकी उनी विभिन्न सङ्घसंस्थासँग आबद्ध पनि रहेकी छिन् । उनी 'पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार' २०६२, 'षडानन्द प्रतिभा पुरस्कार' २०५७, 'भद्र व्यक्तित्व पुरस्कार' २०६६, 'नवरङ्ग साहित्य सम्मान' २०५६, 'त्रिमूर्ति वाङ्मय

राष्ट्रिय सेवा सम्मान' २०६३ जस्ता दर्जनौं पुरस्कारबाट सम्मानित पनि भएकी छिन् । उनले भारत, थाइल्यान्ड, बेलायत आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**लक्ष्मी कालिकोटे**

लक्ष्मी कालिकोटेको जन्म सन् १९३८ फरबरी २४ मा चियाकमान, दार्जिलिङ (भारत)मा भएको हो । उनले एस.एफ., बी.टी.सम्मको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'मोहभ्रान्त' (कथासङ्ग्रह, सन् २०००), 'नारी शिक्षा' (लेख सँगालो, सन् २००६) जस्ता कृति प्रकाशित भएका छन् । सन् १९६० मा 'दियालो' मा प्रकाशित 'पुरानो कोट' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनी विभिन्न संस्थासँग आबद्ध पनि छिन् ।

**लक्ष्मी काफ्ले**

लक्ष्मी काफ्लेको जन्म २०४७ असार ४ गते वालिङ नगरपालिका-७, सुन्तलाबारी, स्याङ्जामा भएको हो । आमा मथुरा काफ्ले तथा बुबा लेखनाथ काफ्लेकी छोरी लक्ष्मी काफ्लेले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'पीडाबोधमा एक्लै रोएको मन' (गजलसङ्ग्रह, २०६७) प्रकाशित भएको छ । उनका कतिपय कविता, गजल आदि विभिन्न राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका छन् । विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध काफ्लेले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गर्ने मौका पाएकी छिन् ।

**लक्ष्मीदेवी राजभण्डारी**

लक्ष्मीदेवी राजभण्डारीको जन्म २००० साल असार ३१ गते भारतको दार्जिलिङस्थित कालिम्पोङमा भएको थियो । यिनले एम. ए. उत्तीर्ण गरेपछि साहित्यिक कृति जनसमक्ष ल्याउन थालिन् । उनका प्रकाशित कृति हुन्– 'जीवनयात्राका क्षणहरू' (कवितासङ्ग्रह, २०४७), 'दीपशिखा' (कवितासङ्ग्रह, २०४८), 'अपराजिता' (कवितासङ्ग्रह,

२०५१), 'अपलक चियाइ' (काव्य, २०५१), 'गुन्जिरहोस् अपार' (कवितासङ्ग्रह, २०५६), 'सर्वस्व तिमी' (कवितासङ्ग्रह, २०५६) र 'लक्ष्मीका अभिव्यक्तिहरू' (२०६१) आदि । लक्ष्मीदेवी राजभण्डारीले अङ्ग्रेजी भाषासाहित्यमा पनि लेखरचनाको निर्माण गरेकी छिन् । अङ्ग्रेजी भाषामा उनका एक दर्जन कृति प्रकाशित छन् ।

**लक्ष्मी पोखरेल 'कोकिला'**

लक्ष्मी पोखरेल 'कोकिला'को जन्म २०२८ साल माघ १० गते अर्घाखाँची जिल्लाको खन - ५ मा भएको हो । आमा टीकादेवी पोखरेल र बुबा टीकाराम पोखरेलकी छोरी लक्ष्मी पोखरेलले एम.ए., बी.एड. सम्मको शिक्षा ग्रहण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'आफैलाई जन्माउने प्रसव पीडामा' (२०७०) शीर्षकको कविताजगलसङ्ग्रह प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा अनुसन्धानमूलक लेखरचना प्रकाशित गर्ने उनले विभिन्न गोष्ठी आदिमा कार्यपत्र पनि प्रस्तुत गरेकी छिन् ।

**लक्ष्मी बडाल**

लक्ष्मी बडालको जन्म २०१९ भदौ ५ गते खानीभञ्ज्याङ, ओखलढुङ्गामा भएको हो । आमा देवकुमारी पोखरेल र बुबा देवेन्द्रराज पोखरेलकी छोरी लक्ष्मी बडालको उपनाम 'मीना' हो । उनले एस.एल.सी. सम्मको अध्ययन पूरा गरेकी छिन् । उनले साहित्यको कविता, नाटक, कथा, निबन्ध सबै विधामा साहित्य सिर्जना गरेकी छिन् । २०५४ सालमा प्रकाशित 'मेरी वरीलाई' शीर्षकको कृति नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'अधुरो सपना' (विविध साहित्यसङ्ग्रह, २०६०), 'अन्त्यहीन जीवन' (विविध साहित्यसङ्ग्रह, २०६१), 'किन पोल्यो हात' (कविता/आख्यानसङ्ग्रह, २०६६), पुस्तकाकार रचना प्रकाशित भएका छन् । उनी विभिन्न पुरस्कारहरूबाट पुरस्कृत भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न ठाउँको भ्रमण गरेकी छिन् । हाल उनी काभ्रेमा बसोवास गर्छिन् ।

**लक्ष्मी माली**

लक्ष्मी माली २०१० साल साउन ४ गते टेबहाल, काठमाडौँमा जन्मिएकी हुन् । समाजशास्त्रमा एम.ए. तथा बी.एड. उत्तीर्ण लक्ष्मी माली शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनका 'आगोको याम' (२०६२), 'आरुका फूलहरू' (२०६७) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् । 'पारिजात कला पुरस्कार', 'राष्ट्रिय शिक्षा पुरस्कार' बाट उनी पुरस्कृत छिन् ।

**लक्ष्मी 'मीनू'**

लक्ष्मी 'मीनू'को जन्म सन् १९५६ मे १९ मा आइजोल, मिजोराम, (भारत)मा भएको हो । आमा धनमाया प्रधान र बुबा देवीदत्त जोशीकी छोरी लक्ष्मी 'मीनू'ले बी.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'कर्तव्य' (एकाङ्कीसङ्ग्रह, सन् २००३), 'मिर्मिरेका अनुभूतिहरू' (कवितासङ्ग्रह, सन् २००६) जस्ता कृति प्रकाशित भएका छन् । देशविदेशका विभिन्न पत्रपत्रिकामा उनका निकै फुटकर कविता, लेख आदि प्रकाशित भएको पाइन्छ । सन् १९८० मा प्रकाशित 'निगालोप्रति' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न संस्था आदिसँग सम्बद्ध उनी 'हरिभक्ति कटुवाल स्मृति पुरस्कार' सन् २००७, 'स्रष्टा पुरस्कार' सन् २००८, 'प्रक्रिया सम्मान पुरस्कार' सन् २०१२ लगायत विभिन्न पुरस्कार आदिबाट समेत सम्मानित भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**लक्ष्मी विष्ट**

लक्ष्मी विष्टको जन्म २०५३ साउन १५ गते मिङ्डि- २, रोल्पामा भएको हो । आमा इन्दिरादेवी विष्ट तथा बुबा तुकबहादुर विष्टकी छोरी लक्ष्मी विष्टको 'क्रान्तिकारी हातहरू' (२०६७) संयुक्त गजलसङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

**लक्ष्मी शर्मा अधिकारी (एल शर्मा)**

लक्ष्मी शर्मा अधिकारीको जन्म २०१८ सालमा दुराडाँडा, लमजुङमा भएको हो । आमा तुलसा अधिकारी र बुबा इन्द्रप्रसाद अधिकारीकी छोरी लक्ष्मी शर्मा अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनका 'जेना' (कथासङ्ग्रह, २०५८), 'भजनसङ्ग्रह' (२०६२) जस्ता कृति प्रकाशित भएका छन् । राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा सयौँ फुटकर कविता, कथा, लेख प्रकाशित हुने उनको २०३२ सालमा प्रकाशित 'गोही र बाँदरको दोस्ती' शीर्षकको कथा नै प्रथम प्रकाशित रचना हो । 'शिक्षा पुरस्कार' २०५३, 'छन्दवादी साहित्यिक सम्मान' २०६३, आदिबाट सम्मानित शर्मा विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध रहेकी छिन् । उनले नेपालका विभिन्न स्थान तथा भारत, भुटान, बर्मा आदि मुलुकको भ्रमण, अवलोकन समेत गरेकी छन् ।

**लावण्यदेवी**

लावण्यदेवीको जन्म सन् १९४८ फरबरी १८ मा माजगाउँ, असम (भारत) मा भएको हो । स्नातक तहको शिक्षा पूरा गरेकी उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । 'असम साहित्य परिषद्' तथा 'असम लेखिका संस्था'की सभापति लावण्यदेवीको 'उर्मिला' (सन् २०१२) कवितासङ्ग्रह तथा 'ब्रिटेनमा केही दिन' (सन् २०१०) निबन्धात्मक कृति प्रकाशित छन् ।

**लिली रिमाल**

लिली रिमालको जन्म १९९२ मङ्सिर १४ गते कमलादी, काठमाडौँमा भएको हो । आमा गुह्यकुमारी भण्डारी तथा बुबा लक्ष्मीराम भण्डारीकी छोरी लिली रिमालले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'लिली रिमालका कविताहरू' (कवितासङ्ग्रह) तथा 'पूर्णिमाको आकाश' शीर्षकको उपन्यास प्रकाशित भएका छन् । २०१९ सालमा 'गोरखापत्र'मा प्रकाशित 'आमा' शीर्षकको कविता

उनको पहिलो प्रकाशित रचना हो । उनका कतिपय फुटकर कविता लेख विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'सेवापदक', 'पद्मादेवी पुरस्कार' आदिबाट सम्मानित उनले नेपालका विभिन्न जिल्लाहरू एवम् भारत, बेलायत, फ्रान्स, इटली, जर्मनी, डेनमार्क, अमेरिका आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**लीला आँसु असफल**

लीला आँसु असफलको जन्म २०३९ निउरादिन- १, ताप्लेजुङमा भएको हो । आमा पद्मावती सन्यासी तथा बुबा भक्तबहादुर सन्यासीकी छोरी लीला आँसु स्नातक तहमा अध्ययनरत छिन् । उनको 'सिर्जनाका छालहरू' कवितासङ्ग्रह प्रकाशित भएको छ । विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् ।

**लीला गुरुङ**

लीला गुरुङको जन्म २००४ सालमा चोकटी, सिन्धुपाल्चोकमा भएको हो । आमा तुलजादेवी तथा बुबा खड्गबहादुर गुरुङकी छोरी उनले स्नातक तहसम्मको शिक्षा आर्जन गरेकी छन् । उनको 'अभिन्न' (कवितासङ्ग्रह, २०६७) प्रकाशित भएको छ । उनी 'हिमपात' मासिककी सम्पादक पनि हुन् । उनी साझा स्वास्थ्य सेवामा २९ वर्ष जागीरे भई प्रथम श्रेणीको अधिकृतबाट सेवानिवृत्त भएकी हुन् । हाल उनी काठमाडौँमा बस्छिन् ।

**लीला छेत्री**

लीला छेत्रीको जन्म सन् १९६४ जुन १० मा सामसिङ, डुबर्स, पश्चिम बङ्गाल (भारत) मा भएको हो । आमा पद्ममाया बस्नेत तथा बुबा नगेन्द्र बस्नेतकी छोरी लीला छेत्रीले उत्तर बङ्ग विश्वविद्यालयबाट इतिहास विषयमा एम.ए.सम्मको शिक्षा पूरा गरेकी छिन् । उनको 'नारी, समाज र समय' (सन् २०१३) शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । छेत्रीको 'नारी सुरक्षाको

आवश्यकता' शीर्षकको लेख पहिलो प्रकाशित रचना हो । उनले नेपाल, भारत, भुटान आदि देशका विभिन्न स्थानको भ्रमणसमेत गरेकी छिन् ।

**लीलादेवी शर्मा 'तर्कना'**

लीलादेवी शर्मा 'तर्कना' को जन्म २०४१ साउन ७ गते पुतलीबजार- ५, गुडीखोला, स्याङ्जामा भएको हो । आमा निलकुमारी शर्मा तथा बुबा गुरुराज शर्माकी छोरी लीलादेवी शर्माले नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनका 'घुम्टोभित्र' (कवितासङ्ग्रह, २०६१), 'नारीको आवाज' (तीजगीतसङ्ग्रह, २०६३), 'नेपाली साहित्यमा स्याङ्जाली नारी प्रतिभाको योगदान' (२०६६, अप्रकाशित शोधग्रन्थ), 'जीवन मृत्युको प्रशिक्षण' (संयुक्त कवितासङ्ग्रह, २०६७) जस्ता कृति प्रकाशित भएका छन् । २०६१ सालमा प्रकाशित 'घुम्टोभित्र' कवितासङ्ग्रह उनको प्रथम प्रकाशित रचना पनि हो । उनका कतिपय फुटकर लेखरचना विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध शर्मा 'तिलाकुमारी साहित्य सम्मानबाट सम्मानित हुनुका अतिरिक्त विभिन्न साहित्यिक प्रतियोगितामा पुरस्कृतसमेत भएकी छिन् । उनले नेपालका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**लीला राना**

लीला रानाको जन्म २०१० पुस १५ गते बैदीछाप, क्याक्मी गाविस, स्याङ्जामा भएको हो । आमा शान्ति थापामगर तथा बुबा शेरजङ्ग थापामगरकी छोरी लीला रानाले आई.एस्सी. नर्सिङको शिक्षा आर्जन गरेकी छिन् । नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा उनका कविता, जीवनी तथा विभिन्न विषयमा लेखरचनाहरू छापिएका छन् । सन् २००३ मा 'हाम्रो भाषा' पत्रिका, देहरादूनमा प्रकाशित 'अलमल्ल परे नि !' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनले हिन्दी र मगर भाषामा समेत कविता, लेख आदिको

रचना गरेकी छिन् । सामाजिक कार्यमा समेत संलग्न रहने लीला रानाको 'साहित्यिक यात्रामा लीला' (२०६७) कृति प्रकाशित भएको छ । उनले विभिन्न राष्ट्रिय सङ्घसंस्थाबाट सम्मान तथा कदर पाएकी छिन् । नेपाल र भारतका निकै ठाउँहरूको भ्रमण गरेकी उनले मलेसिया, ब्रुनाई, सिङ्गापुर, हङकङ, बेलायत आदि मुलुकको समेत भ्रमण, अवलोकन गरेकी छिन् । हाल उनी कावासोती नवलपरासीमा बसोवास गर्छिन् ।

**लीला रानामगर 'रोदन'**

लीला रानामगर 'रोदन'को जन्म २०५० फागुन १६ गते दाङमाङ-३, प्युठानमा भएको हो । विभिन्न सङ्घसंस्थासँग सम्बद्ध लीला रानामगरको 'अधुरो सपना' (२०७०) गजलसङ्ग्रह प्रकाशित भएको छ ।

**लीला लुइटेल**

लीला लुइटेल २०१९ साल कात्तिक २२ गते कोटेश्वर, काठमाडौँमा जन्मिएकी हुन् । आमा रामकुमारी ढकाल र बुबा रामप्रसाद ढकाल तथा साहित्यकार प्रा.डा. खगेन्द्र लुइटेलकी धर्मपत्नी उनले नेपालीमा एम.ए., बी.एड. उत्तीर्ण गरी प्राध्यापन पेसामा संलग्न भएकी छिन् । उनका 'नेपाली कविता' (२०५४), 'नेपाली कवि र कविता' (२०५४), 'नेपाली महिला कथाकार' (२०६०), 'देवकोटाउत्तरका नेपाली कविता' (सन् २०१०), 'मोहन कोइरालाउत्तरका नेपाली कविता' (सन् २०१०), 'नेपाली उपन्यास' (सन् २०१०), 'नेपाली महिला उपन्यासकार' (२०६८), 'देवकोटापूर्वका नेपाली आख्यानेत्तर गद्य' (सन् २०११), 'देवकोटाउत्तरका नेपाली आख्यानेतर गद्य' (सन् २०११) 'नेपाली महिला साहित्यकार' (२०६९) नेपाली कवितामा महिलालेखन (२०६६) जस्ता समालोचनात्मक कृति प्रकाशित छन् । उनका 'नेपाली भाषामा द्विरुक्ति' (२०५१), 'नेपाली प्रकृति-प्रत्यय कोश' (२०५३) कोश, 'नुनको गृहस्थी' (२०६२) आदि कृतिको पनि प्रकाशन भएको छ । उनी 'सम शतवार्षिकी सम्मान'

(२०६१), 'सयपत्री राष्ट्रिय सम्मान' (२०६७) 'नइ रेखा पुरस्कार' (२०७०)बाट सम्मानित भएकी छिन् ।

**लीला लिम्बू (प्रधान)**

लीला लिम्बू (प्रधान), 'निशा' सन् १९६८ मा आहाले, सम्ची (भुटान) मा जन्मिएकी हुन् । उनको 'पहिलो पाइला' (२०५९) शीर्षकको कवितासङ्ग्रह प्रकाशित छ ।

**लीला श्रेष्ठ सुब्बा**

लीला श्रेष्ठ सुब्बाको जन्म २००५ कात्तिक ५ गते ताप्लेजुङमा भएको थियो । उनको कथासङ्ग्रह 'फकलैन्ड' (२०४९) प्रकाशित छ । उनले इतिहास विषयमा एम. ए. पास गरिन् । उनी प्रतिनिधि सभाकी उपसभामुख पनि भइन् । उनी २०६७ मा स्वर्गीय भइन् ।

**लुना चौलागाई**

लुना चौलागाई २०२३ साउन २१ गते जन्मिएकी हुन् । आमा चन्द्रा शाही र बुबा मनबहादुर शाहीकी छोरी लुनाले कक्षा दससम्मको शिक्षा आर्जन गरेकी छिन् । उनको 'बुहारी' (उपन्यास, २०५७), 'आमा' (उपन्यास, २०५९), 'कर्णालीका लोककथाहरू' (२०६३) जस्ता कृति प्रकाशित छन् । 'नारी कल्याण केन्द्र जुम्ला' की अध्यक्ष चौलागाई 'महिला विकास सम्मान, जुम्ला' (२०५८) बाट सम्मानित भएकी छिन् । उनले नेपालका विभिन्न जिल्ला तथा कतार, बेलायत, फ्रान्स आदि मुलुकको भ्रमण गरेकी छिन् ।

**लोकप्रियादेवी**

लोकप्रियादेवीको जन्म १९५५ जेठ मा काठमाडौँमा भएको हो । आमा अमरराज्यलक्ष्मीदेवी र पं. तिलमाधव देवकोटाकी काइँली छोरी लोकप्रियादेवीको चिनाको नाम हुतलक्ष्मी थियो । उनी नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाकी काइँली दिदी पनि हुन् । उनले घरमै शिक्षार्जन गरेकी हुन् । उनी सानै उमेरदेखि कविताआदि

लेख्ने गर्थिन् । उनको 'शान्तालाई जवाफ' शीर्षकको कविता १९९२ फागुनमा 'शारदा' पत्रिकामा प्रकाशित भएको छ । १९९२ देखि २000 सालसम्ममा उनका बाह्रवटा कविता शारदा, उद्योग, साहित्यस्रोत, गोरखापत्र आदि पत्रिकामा प्रकाशित भएका छन् । उनको मृत्युपश्चात् उनकी छोरी शशी रिमालको सम्पादनमा 'कवयित्री लोकप्रियादेवी' (कविताकथासङ्ग्रह, २०४०) प्रकाशित भएको छ । उनले आफ्ना भाइ महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्युमा शोककविता पनि लेखेकी छिन् । उनको देहान्त २०१७ जेठ १८ गते भएको थियो ।

**वन्दना खालिङ**

वन्दना खालिङको जन्म २०३२ पुस २२ गते रवि- ५, पाँचथरमा भएको हो । आमा पुष्पा राई तथा बुबा परशुराम राईकी छोरी वन्दना खालिङले त्रिभुवन विश्वविद्यालयबाट एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'अदृश्य व्यथा' (गजलसङ्ग्रह, २०६०), 'स्पर्श' (कथासङ्ग्रह, २०६५), 'नेपाली गजलमा नारी हस्ताक्षर' (सहलेखन, २०६२), 'पाँचथरका नारीस्रष्टा' (सहलेखन, २०६२) प्रकाशित कृति हुन् । २०५६ सालमा 'जिन्दगी' शीर्षकमा पहिलो रचना प्रकाशित हुने उनका फुटकर गीतगजल, कथा आदि पनि समयसमयमा पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कृत एवम् सम्मानित पनि भएकी छिन् ।

**वसन्ती शर्मा**

वसन्ती शर्माको जन्म सन् १९५९ दिसम्बर ३० मा पुदुङ बस्ती, कालेबुङ (भारत) मा भएको हो । आमा चन्द्रमाया शर्मा र बुबा बालकदास शर्मा रेग्मीकी छोरी वसन्ती शर्माले नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'म जलिरहेछु' (कवितासङ्ग्रह, सन् २००१) प्रकाशित भएको छ । सन् १९७६-७७ मा 'चियाबारी' पत्रिकामा प्रकाशित 'कुरोहरू' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**वसुधा पोखरेल**

वसुधा पोखरेलको जन्म गौर, रौतहटमा भएको हो । आमा दुर्गादेवी नेपाल तथा बुबा मङ्गलकुमार नेपालकी छोरी र कैलाशकुमार पोखरेलकी धर्मपत्नी वसुधा पोखरेलले व्यवस्थापनमा स्नातक तह उत्तीर्ण गरेकी छिन् । बैङ्कमा जागिरे वसुधाको 'स्पन्दन' (२०६७) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । 'विकासको मूल फुटाइदिन्छु' शीर्षकको कविता उनको प्रथम प्रकाशित रचना हो । विभिन्न समयमा लेखिएका उनका कविताहरू नेपालजापान डट कममा प्रकाशित छन् । विभिन्न प्रतियोगितामा पुरस्कृत हुने उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत, चीन, दक्षिण कोरिया, हङकङ, इन्डोनेसिया, पूर्वी टिमोर, मलेसिया, बेलायत, फ्रान्स, जर्मनी, बेल्जियम, नेदरल्यान्ड, अस्ट्रिया, अमेरिका, क्यानडा, ब्राजिल आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**वसुश्री पाण्डे**

वसुश्री पाण्डेको जन्म २००५ भदौ १२ गते काल्धारा, काठमाडौँमा भएको हो । आमा पद्मकुमारी भट्टराई तथा बुबा भरतप्रसाद भट्टराईकी छोरी वसुश्री पाण्डेले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । समाजसेवामा समेत संलग्न पाण्डेका 'एक क्षण' ( कवितासङ्ग्रह, २०५३), 'भजनामृत' (भजनसङ्ग्रह, २०५६), 'सोमत-मोमत' (बालकथासङ्ग्रह, २०५८), 'भङ्गेराभङ्गेरी' (बालकथासङ्ग्रह, २०६१), 'चुल्लबुले बाँदर' (२०६७), 'ज्ञानी बनौँ' (बालकवितासङ्ग्रह, २०५७), 'हावा चल्यो' (बालकवितासङ्ग्रह, २०५८), 'अकल्पित सत्य' (कथासङ्ग्रह, २०६९) आदि कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा समेत उनको फुटकर लेखरचना प्रकाशित भइराखेका छन् । २०२४ सालमा प्रकाशित 'विवाह' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । 'हिडपा साहित्यिक सम्मान', 'नवरङ्ग साहित्यिक सम्मान', 'वनिता सेवा सम्मान', 'शङ्कर-जानुका पोखरेल

पुरस्कार सम्मान', 'राष्ट्रिय नारी सेवा सम्मान' आदिबाट समेत सम्मानित रहेकी उनले नेपाल र भारतका विभिन्न स्थानहरूको पनि भ्रमण गरेकी छिन् । हाल उनको बसोवास विराटनगरमा छ ।

**वानीरा गिरी**

वानीरा गिरीको जन्म २००३ वैशाख २२ गते खरसाङ, दार्जिलिङ (भारत) मा भएको हो । आमा जानकीदेवी तथा बुबा इन्द्रराज गिरीकी छोरी एवम् ई. शङ्कर गिरीकी धर्मपत्नी वानीरा गिरीले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., एम.एड.का साथै त्रिभुवन विश्वविद्यालयबाट नै 'गोपालप्रसाद रिमालका काव्यमा स्वच्छन्दतावाद' शीर्षकमा रही पिएच.डी.को उपाधि ग्रहण गरेकी छिन् । नेपाली साहित्यमा पिएच.डी. गर्ने उनी प्रथम नारी हुन् । उनी निकै वर्ष प्राध्यापन पेसामा संलग्न रहेकी थिइन् । उनले साहित्यका कविता, कथा, उपन्यास, निबन्धलगायत प्राय: सबै विधामा टेकेर साहित्य सिर्जना गरेकी छिन् । २०२० सालमा 'दियो' पत्रिकामा प्रकाशित 'मेरो साथी भन्छ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना पनि हो । उनका 'एउटा एउटा जिउँदो जङ्गबहादुर' (कवितासङ्ग्रह, २०३१), 'जीवन : थाय्मरू' (कवितासङ्ग्रह, २०३४), 'कारागार' (उपन्यास, २०३५), 'मेरो आविष्कार' (आत्मकाव्य, २०४१), 'निर्बन्ध' (उपन्यास, २०४२), 'शब्दातीत शान्तनु' (उपन्यास, २०५६), 'पर्वतको अर्को नाम पार्वती' (निबन्धसङ्ग्रह, २०६७) 'काठमाडौँ काठमाडौँ' (कवितासङ्ग्रह, २०६८) 'जङ्गल जङ्गल' (निबन्धसङ्ग्रह, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । उनले एघार वर्षकै उमेरमा 'मुटु' नामक भित्तेपत्रिकाको सम्पादन र प्रकाशन पनि गरेकी थिइन् । 'प्रबल गोरखादक्षिणबाहु'बाट सम्मानित उनी २०५६ सालमा 'शब्दातीत शान्तनु'का लागि साझा पुरस्कारबाट पुरस्कृत पनि भएकी छिन् । त्रिमूर्ति निकेतनद्वारा 'नेपाली साहित्यका विश्व नारी रत्न' जस्तो विशिष्ट उपाधिबाट सम्मानित वानीरा गिरीले नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारत, रूस, अमेरिका, पाकिस्तान, चीन, थाइल्यान्ड, सिङ्गापुर, बङ्गलादेश, जापान, इटाली, फ्रान्स, नर्वे,

नेदरल्यान्ड, डेनमार्क, स्वीट्जरल्यान्ड, बेलायत आदि विभिन्न मुलुकको भ्रमण गरेकी छिन् । उनी २०३३ सालमा 'अफ्रो एसियाली लेखक सम्मेलन'मा भाग लिन सोभियत रूस पुग्ने नेपालको प्रथम महिला साहित्यकार भएकी थिइन् । उनी संसारका प्राय:जसो भागमा साहित्यसम्मेलनमा नेपाली साहित्यकारको प्रतिनिधित्व गर्नकै लागि पुगेकी थिइन् । हाल उनको मीनभवन, काठमाडौँमा स्थायी बसोवास रहेको छ ।

**विजया स्मृति**

विजया स्मृतिको जन्म २०३९ चैत २४ गते सङ्खुवासभामा भएको हो । आमा नर्मदेश्वरी सत्याल तथा बुबा डा.मदनप्रसाद सत्यालकी छोरी विजया स्मृतिले हेरियट वाट विश्वविद्यालय, बेलायतबाट स्नातकोत्तर तहको उपाधि ग्रहण गरेकी छिन् । सरकारी सेवामा संलग्न रहने उनका 'वक्तृता आजको आवश्यकता' (२०५९, संयुक्त लेखन), 'दिदीबहिनी' (२०६३, संयुक्त लेखन), 'कुकुरहरूको सम्मेलन' (२०६१) जस्ता कृति प्रकाशित छन् । २०५६ सालमा प्रकाशित 'सबै टाढिए' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय रचनाहरू विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित भएका छन् । विभिन्न प्रतियोगिता आदिमा पुरस्कृत भएकी विजया स्मृतिले भारत, कतार, बहराइन, बेलायत आदि मुलुकको भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बस्छिन् ।

**विदुषी पाण्डेय गौतम**

विदुषी पाण्डेय गौतमको जन्म २०१६ साउन २७ गते हापुर, साहीपुरमा भएको हो । आमा निमा गौतम तथा बुबा दामोदर गौतमकी छोरी विदुषी पाण्डेय गौतमले आई.एड. सम्मको शिक्षार्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको प्रथम प्रकाशित रचना २०६१ सालमा प्रकाशित 'नारी' शीर्षकको कविता हो । उनका 'विरहका आँसु' (कवितासङ्ग्रह, २०६२), 'मेघवर्षा' (गीतिखण्डकाव्य, २०६४)

प्रकाशित कृति हुन् । उनका फुटकर लेखरचना तथा बालकविताहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'तोयाराम ईश्वरादेवी साहित्यिक पुरस्कार' २०६२, 'विष्णुनुमा साहित्यिक पुरस्कार' २०६४ आदिबाट पनि सम्मानित विदुषी पाण्डेयले नेपाल र भारतका विभिन्न स्थलहरूको भ्रमण गरेकी छिन् ।

### विद्यादेवी दीक्षित

विद्यादेवी दीक्षितको जन्म १९६२ साल जेठ महिनामा काठमाडौँमा भएको थियो । उनी सुब्बा शिवनारायण जोशी (घिमिरे) की छोरी हुन् । मदन पुरस्कार गुठीकी संस्थापकमध्येकी एक उनी केदारमणि आदिकी धर्मपत्नी एवम् साहित्यकार कमलमणि दीक्षितकी आमा हुन् । उनको खास नाम विद्यावतीदेवी हो । बालसाहित्यलेखनमा पनि सक्रिय उनले कथा र निबन्ध लेखे पनि विशेषत: कविता विधामा नै बढी साहित्य सिर्जना गरेकी छिन् । उनका 'विलाप' (शोककाव्य, १९९०), 'विरह' (शोककाव्य, १९९३), 'सङ्कलन' (कवितासङ्ग्रह, २०१८), 'नानीको आँखा' (कवितासङ्ग्रह, २०१९), 'पुराना कथा' (कथासङ्ग्रह, २०२०), 'इन्द्रधनुष' (कवितासङ्ग्रह, २०२०), 'पुराना र नयाँ कथा' (कथासङ्ग्रह, २०२३), 'तीजको दर' (नाटिका, २०२४), 'पाठ गर्ने पुस्तक' (भजनहरू, २०२५), 'सन्दुस' (कवितासङ्ग्रह, २०२५), 'विद्याभजन' (भजनसङ्ग्रह, २०३२), 'सपनाका कुरा' (सपनाका टिपोटहरू, २०३४), 'कवितासङ्ग्रह' (२०३५), 'विद्यागद्यसङ्ग्रह' (कथासङ्ग्रह, २०३६) जस्ता कृति प्रकाशित भएका छन् । उनको निधन २०४१ साल माघ १२ गते भएको हो ।

### विद्या 'निर्दोषी' ओझा

विद्या 'निर्दोषी' ओझाको जन्म २०२४ मङ्सिर १४ गते चाटिसबोटे-६, ताप्लेजुङमा भएको हो । आमा कृष्णप्रिया पौड्याल र बुबा हरिभक्त पौड्यालकी छोरी विद्या ओझा शिक्षण पेसामा संलग्न छिन् । उनका 'कहालीलाग्दो वर्तमान' (कवितासङ्ग्रह, २०६३), 'उनको

सम्झनामा' (गजलसङ्ग्रह, २०६५), 'पाँचथरका नारी हस्ताक्षर' (२०६४), 'जवानीले खोजेको वात्सल्य' (कथासङ्ग्रह, २०६९) प्रकाशित कृति हुन् । उनी विभिन्न संस्थासँग आबद्ध रहेकी छिन् । उनी 'तुलसा स्मृति वाणी पुरस्कार' २०६७ लगायत अन्य पुरस्कारबाट पनि सम्मानित भएकी छिन् ।

## विद्या भण्डारी 'चिराग'

विद्या भण्डारी 'चिराग'को जन्म २०२३ मङ्सिर १ गते तुलसीधारा, डल्लुटोल, काठमाडौँमा भएको हो । आमा ललिताकुमारी के.सी. र बुबा डम्बरबहादुर के.सी.की छोरी विद्या भण्डारीले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'गजलपथका यात्रीहरू' (२०६१), 'इन्द्रेणीको गेट' (बालकवितासङ्ग्रह, २०६२), 'नेपाली गजलमा नारी हस्ताक्षर' (२०६२), 'नेपथ्यका कुरा' (गजलसङ्ग्रह, २०६४) प्रकाशित कृतिहरू हुन् । उनका केही फुटकर रचनाहरू राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०४८ सालमा 'प्रेरणा' पत्रिकामा प्रकाशित 'चिरशान्तिको खोजीमा' शीर्षकको रचना नै उनको प्रथम प्रकाशित रचना हो । उनी विभिन्न साहित्यिक संस्थासँग आबद्ध रहेकी छिन् । हाल उनी भरतपुर, चितवनमा बस्छिन् ।

## विद्या सापकोटा

विद्या सापकोटाको जन्म २०४४ साल कल्याणपुर-७, नुवाकोटमा भएको हो । आमा सावित्रा सापकोटा तथा बुबा टीकाप्रसाद सापकोटाकी छोरी विद्या सापकोटाले त्रिभुवन विश्वविद्यालयबाट एम.बी.एस. सम्मको शिक्षा ग्रहण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'नीलो तृष्णा' (कथासङ्ग्रह, २०६९) प्रकाशित भएको छ । उनका कतिपय फुटकर रचनाहरू विभिन्न पत्रपत्रिका एवम् वेभ पेजमा प्रकाशित छन् । सन् २००८ मा नेपालप्लस डट कममा प्रकाशित 'जाबो मान्छे र म' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

विभिन्न प्रतियोगितामा पुरस्कृत हुने उनले नेपालका विभिन्न स्थानलगायत भारत, चीन, बङ्गलादेशको भ्रमण गरेकी छिन् ।

**विनीता सिंह**

विनीता सिंहको जन्म सन् १९३६ मार्च २५ मा दार्जिलिङमा भएको हो । आमा नन्दकुमारी सिंह र बुबा हर्कमान सिंहकी छोरी विनीता सिंहले आई.ए. सम्मको शिक्षा आर्जन गरेकी थिइन् । उनका 'दीपक पुन: जलिरहेछ' (सन् १९६३), 'स्मृति सुमन' (सन् १९९३ मरणोपरान्त) कृति प्रकाशित भएका छन् । उनका केही फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएका छन् । सन् १९९० नोबेम्बर ३ मा उनको देहान्त भएको हो ।

**विनुबाबा घिमिरे भण्डारी**

विनुबाबा घिमिरे भण्डारीको जन्म सन् १९६४ फरबरी ८मा हाँडीगाउँ, काठमाडौँमा भएको हो । आमा अम्बिका घिमिरे तथा बुबा छविलाल घिमिरेकी छोरी विनुबाबा घिमिरेले एम. पी. ए. उत्तीर्ण गरेकी छन् । उनका 'महिला साम्पत्तिक अधिकार एक अध्ययन', 'बुढेसको बैंस' (कवितासङ्ग्रह, २०५९), 'मैतीदेवी महिला सहकारी एक झलक' (२०६४), 'देश तब मात्र सप्रनेछ' (कथासङ्ग्रह, २०६५), 'मृत्युपछिको जीवन' (२०७२) प्रकाशित छन् । उनी विभिन्न साहित्यिक संस्थासँग आबद्ध रहेकी छन् । उनले भारत, चीन, पाकिस्तान आदि देशको भ्रमण पनि गरेकी छन् ।

**विमला केयरलेस राई**

विमला केयरलेस राईको जन्म खोटाङमा भएका हो । आमा सुनमाया राई तथा बुबा जङ्गमान राईकी छोरी विमला केयरलेस राईले समाजशास्त्रमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । पत्रकारिता र शिक्षण कार्यमा संलग्न उनका 'आँसुको मोल' (गजलसङ्ग्रह, २०६१), 'एक मुठी आकाश' (गजलसङ्ग्रह, २०६४) कृतिहरू प्रकाशित छन् ।

**विमला निरौला**

विमला निरौलाको जन्म चितवनमा भएको हो । स्नातक तहसम्मको अध्ययन पूरा गरेकी विमला निरौलाका 'तिमीविनाको हाम्रो जीवन' (कवितासङ्ग्रह), 'बादल र ऋतु' (बालचित्रकाव्य), 'बालमन' (बालचित्रकविता सँगालो), 'पशुपन्छी' (बालचित्रकविता सङ्ग्रह), 'बालबगैंचा' (बालचित्र गीतिसङ्ग्रह) जस्ता कृति प्रकाशित भएका छन् । उनका फुटकर कविता, गीत, कथा, बालकथा आदि पनि प्रकाशित भएका छन् । हाल उनी भर्जिनिया, अमेरिकामा बसोवास गर्छिन् ।

**विमला श्रेष्ठ**

डा. विमला श्रेष्ठको जन्म २००५ चैत १९ गते धनकुटा-६ मा भएको हो । आमा मोहनकुमारी श्रेष्ठ र बुबा इन्द्रबहादुर श्रेष्ठकी छोरी विमला श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा एम.ए. तथा बी.एल.सम्मको शिक्षार्जन गरेकी छिन् । उनले पटना विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि पनि लिएकी छिन् । प्राध्यापन पेसाबाट सेवानिवृत्त श्रेष्ठका 'सोसल लाइफ इन नेपाल' सन् १९९७ 'अनुभूतिका छालहरू' (कवितासङ्ग्रह, २०६८), 'उज्यालो हराएको आँगनमा' (निबन्धसङ्ग्रह, २०६९) प्रकाशित भएका छन् । २०५१ सालमा प्रकाशित 'उपहार' कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय लेखरचनाहरू विभिन्न समयमा राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका छन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेकी श्रेष्ठ शिक्षा सम्मान आदिबाट सम्मानित भएकी छिन् । उनले भारत तथा श्रीलङ्काको भ्रमणसमेत गरेकी छिन् ।

**विष्णुकुमारी शर्मा**

विष्णुकुमारी शर्माको जन्म १९९७ सालमा इलामको नामसालिङमा भएको थियो । उनले अनुसन्धान र समालोचनामा आधारित धेरै लेखरचनाको निर्माण गरिन् । उनको सिङ्गो कृतिका

हकमा सन् १९९२ मा 'नारीमनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य' प्रकाशनमा आयो । मनोविज्ञान र नेपालीमा एम.ए. उत्तीर्ण शर्माले उत्तरबङ्ग विश्वविद्यालयबाट सन् १९८६ मा पिएच्.डी. गरिन् । भारतमा नेपाली भाषाका माध्यमबाट पिएच्.डी. गर्ने उनी प्रथम नारीमा स्थापित भइन् । उनले धेरै वर्ष उत्तरबङ्ग विश्वविद्यालय र बनारस हिन्दू विश्वविद्यालयमा पनि प्राध्यापन गरिन् । वैवाहिक जीवनमा गाँसिएपछि उनी भारततर्फ लागेकी हुन् ।

### विष्णु तिवारी 'उषा'

विष्णु तिवारीको जन्म २०३६ असार २९ गते अछाममा भएको हो । आमा पूर्णकला देवकोटा र प्रेमचन्द देवकोटाकी छोरी विष्णु तिवारीले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । व्यापार पेसामा संलग्न उनी विभिन्न संस्थाहरूसँग आबद्ध भई सामाजिक कार्यमा पनि सक्रिय रहेकी छिन् । उनको पहिलो रचना २०६२ मा प्रकाशित भएको थियो । उनका 'धुमिल धुमिल सपनाहरू' (गजलसङ्ग्रह, २०६८), 'गजलगङ्गा भाग- १' (संयुक्त राष्ट्रिय गजलसङ्ग्रह, २०६५), 'गजलयात्रा' भाग- २' (संयुक्त राष्ट्रिय गजलसङ्ग्रह, २०६५) प्रकाशित पुस्तकाकार कृति हुन् । भारत, बाङ्गलादेश, पाकिस्तान आदि मुलुकको भ्रमण गर्ने उनी विभिन्न पुरस्कारबाट पुरस्कृत भएकी छन् ।

### विष्णुमाया विभु

विष्णुमाया विभुको जन्म २०४० सालमा कावासोती, नवलपरासीमा भएको हो । आमा नन्दकला अधिकारी तथा बुबा हरिकृष्ण अधिकारीकी छोरी विष्णुमाया विभुले अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनले नोर्लान्ड विश्वविद्यालय नर्वेबाट समाजशास्त्रमा पनि स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न विभु दोभाषे, अनुवादक आदि कार्यमा समेत संलग्न रहेकी छिन् । स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्मका विभिन्न पत्रपत्रिकामा उनका कविता, गजल, मुक्तक, हाइकु, कथा, निबन्ध

आदि प्रकाशित भएका छन् । लुम्बिनी स्मारिकामा २०५७ मा प्रकाशित 'हे कोपिला' शीर्षकको बालकविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका 'कस्तो रहेछ जिन्दगी' (गजलसङ्ग्रह, २०६०), 'गजलबिम्ब' (संयुक्त गजलसङ्ग्रह, २०६१), 'गजलदीप' (संयुक्त गजलसङ्ग्रह, २०६२), 'नवलपरासीका समसामयिक गजल' (संयुक्त गजलसङ्ग्रह, २०६२), 'गजलमा नारी हस्ताक्षर' (संयुक्त गजलसङ्ग्रह, २०६२), 'मधुरस-इ समकालीन नेपाली गजल' (संयुक्त गजलसङ्ग्रह), 'नवलपरासीका समसामयिक गजलहरू- भाग २' (संयुक्त गजलसङ्ग्रह) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । 'उत्कृष्ट प्रतिभा पुरस्कार', 'साहित्य प्रतिभा पुरस्कार', आदिबाट पुरस्कृत उनले नेपालका विभिन्न स्थान तथा भारत, साउदी अरेबिया, जर्मनी, डेनमार्क, बेल्जियम, नर्वे आदि मुलुकको समेत भ्रमण गरेकी छिन् । हाल उनी नर्वेमा बसोवास गर्छिन् । नेपाल सरकारबाट नर्वेका लागि आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका अध्यक्षमा मनोनीत उनी नर्वेका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**विष्णु शर्मा**

विष्णु शर्माको जन्म २०३८ कात्तिक ११ गते काभ्रा-८, सल्यानमा भएको हो । आमा मतिसरा जैसी तथा बुबा छविलाल जैसीकी छोरी विष्णु शर्माले स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न रहेकी उनको प्रथम रचना २०५७ सालमा प्रकाशित भएको हो । विभिन्न पत्रपत्रिकामा समेत आफ्ना रचना प्रकाशित गराउने उनका 'अविराम यात्रा' (कवितासङ्ग्रह), 'आँसु' (गीतिसङ्ग्रह) प्रकाशित भएका छन् । उनले नेपाल र भारतका निकै स्थानहरूको भ्रमण पनि गरेकी छिन् ।

**वीणा पौडेल**

प्रा.डा.वीणा पौडेलको जन्म २०१३ साल असोज १५ गते ललितपुरमा भएको हो । उनी सञ्चारविद् रामराज पौड्यालकी छोरी

हुन् । उनले बनारस हिन्दू विश्वविद्यालयबाट मूर्तिकलामा विद्यावारिधि गरिन् । उनी त्रिभुवन विश्वविद्यालयको पुरातत्त्व तथा संस्कृति विभागमा प्राध्यापक पदमा कार्यरत छिन् । उनका प्रकाशित साहित्येतर कृति हुन्– 'नेपाली मूर्तिकला र चित्रकला' (२०५७), 'सर्वेश्वर महादेव' (२०६०), 'काठमाडौँ उपत्यकामा उमामहेश्वर र भैरव' (२०६०), 'काठमाडौँ उपत्यकाका विष्णुदिभव मूर्तिहरू' (२०६२) र 'वेदपुराणका केही रत्नहरू' (२०६३) आदि । अङ्ग्रेजी भाषामा पनि उनले केही कृति लेखेकी छिन् । उनी कथा, कविता र निबन्धलेखनमा पनि परिचित छिन् । उनी खास गरेर महिलाका समस्याबारे लेख्ने स्रष्टा हुन् ।

**वीणा हाङखिम**

डा. वीणा हाङखिमको जन्म सन् १९५२ फरवरी १४ मा सिङ्गला, नर्थ तकभर, दार्जिलिङमा भएको हो । आमा कमललच्छी सुब्बा तथा बुबा हर्कबहादुर सुब्बाकी छोरी वीणा हाङखिमले एम.ए., पिएच.डी. को उपाधि प्राप्त गरेकी छिन् । शिक्षण पेसाबाट अवकाशप्राप्त उनका 'भावानुभाव' (कवितासङ्कलन, सन् २००४), 'अन्तर समयान्तर' (कवितासङ्कलन, सन् २००८), 'फ्लेभर अफ इमोसन्स' (Flavour of Emotions) (सन् २०१२) अङ्ग्रेजी भाषामा कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका कतिपय फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । सन् १९७१ मा 'दियालो'मा प्रकाशित 'मलाई यस्तै लाग्छ' उनको पहिलो प्रकाशित रचना हो । उनी 'भाइचन्द्र प्रधान स्मृति पुरस्कार' सन् २००७, 'स्रष्टा पुरस्कार' सन् २००९, 'केवलपुरे जनमत सम्मान' सन् २००९ आदि बाट सम्मानित भएकी छिन् । उनले नेपाल तथा भारतका विभिन्न स्थानको भ्रमणसमेत गरेकी छिन् ।

**वीणाश्री खरेल**

वीणाश्री खरेलको जन्म सन् १९५६ मई ४ मा सेलिम्बोङ, चियाकमान, दार्जिलिङ (भारत) मा भएको हो । आमा हर्कलक्ष्मी

प्रधान र बुबा वीरनारायण प्रधानकी छोरी वीणाश्री खरेलले स्कुल फाइनल पास गरेकी छिन् । विद्युत् विभाग सिक्किममा कार्यरत उनका 'प्रश्नचिह्न' (सन् १९९७), 'मेरो बकपत्र' (सन् २००३), 'मनको सँघार' (सन् २००८) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् । 'अनुभूतिहरू' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनी विभिन्न सामाजिक-साहित्यिक संस्थासँग आबद्ध रहेकी छिन् ।

**वीणा सिन्हा**

वीणा सिन्हाको जन्म सन् १९६९, अप्रिल ६ मा भारतको बगाहामा भएको हो । आमा सविता र बुबा डा. बबनप्रसादकी छोरी तथा इन्जिनियर मनोजकुमार बर्माकी धर्मपत्नी वीणाको 'कमली' (कथासङ्ग्रह, २०७०) प्रकाशित छ । भोजपुरी भाषामा 'नारी' (कथासङ्ग्रह, २०६६) प्रकाशन गर्ने सिन्हा 'हिमालिनी' (हिन्दी मासिक पत्रिका)की महाप्रबन्धक थिइन् । उनीद्वारा सम्पादित र प्रकाशित 'द पब्लिक' (हिन्दी मासिक पत्रिका)ले नेपाल तथा भारतमा प्रसिद्धि पाएको छ । वीणा नेपाल मुस्लिम महिला कल्याण समाज २०६९ द्वारा अभिनन्दित छिन् । भारतबाट 'उद्‌भव विशिष्ट सम्मान २०११ द्वारा सम्मानित वीणा सिन्हा हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**वृन्दादेवी बराल**

वृन्दादेवी बरालको जन्म २०२७ चैत २६ गते साब्लाखु-६, ताप्लेजुङमा भएको हो । आमा बुद्धकुमारी बराल तथा बुबा बुद्धिप्रसाद बरालकी छोरी वृन्दादेवी बरालको 'अन्तर्दृष्टि' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । कविता, गीत, कथा, उपन्यास तथा निबन्धका क्षेत्रमा समेत सक्रिय उनको पहिलो रचना २०५४ मा 'कान्तिपुर'मा प्रकाशित 'म वे हुँ' शीर्षकको कविता हो । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छन् ।

**वेदकुमारी न्यौपाने**

वेदकुमारी न्यौपानेको जन्म २०१४ भदौ २० गते धादिङमा भएको हो । आमा कौशल्यादेवी लोहनी र बुबा गुरुदत्त लोहनीकी छोरी वेदकुमारी न्यौपानेले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., बी.एड उत्तीर्ण गरेकी छिन् । उनका 'पूर्णिमाको जून' (कवितासङ्ग्रह, २०३६), 'अर्को एउटा विद्रोह' (कथासङ्ग्रह, २०५२), 'एउटा कथाको अन्त्य' (पूर्णाङ्की नाटक, २०५३), 'धुँवा' (उपन्यास, २०५७), 'विचलित वर्तमान' (पूर्णाङ्की नाटक, २०५८), 'आआफ्नो कर्तव्य' (बालनाटक, २०६६), 'आकाङ्क्षाका सीमाहरू' (कथासङ्ग्रह, २०६७), 'मधुरिमा' (आधुनिक गीतिएल्बम्, २०६८) प्रकाशित कृति हुन् । उनका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । २०३१ सालमा प्रकाशित कविता 'ज्यूँनु छ' उनको प्रथम प्रकाशित रचना हो । उनी 'गोरखादक्षिणबाहु पाँचौं' बाट सम्मानित पनि भएकी छिन् । उनले नेपालका विभिन्न जिल्लाहरू तथा बङ्गलादेश, जापान, थाइल्यान्ड, बेलायत, अमेरिका, अस्ट्रेलिया आदि मुलुकको पनि भ्रमण गरेकी छिन् । हाल उनको बसोवास भक्तपुरमा रहेको छ ।

**शर्मिला खड्का दाहाल**

शर्मिला खड्का दाहालको जन्म २०२३ कात्तिक १२ गते भोटेपुल, धरान-८ मा भएको हो । माता नरमाया खड्का तथा पिता टीकाबहादुर खड्काकी छोरी शर्मिला खड्काले एम.ए. तहसम्म अध्ययन गरेकी छिन् । 'स्वर्णिमा साहित्य प्रतिष्ठान', काठमाडौँको संस्थापक तथा अध्यक्ष शर्मिला खड्का विभिन्न साहित्यिक सङ्घसंस्थासित आबद्ध रहेकी छिन् । उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । २०५५ सालमा 'समष्टि' पत्रिकामा प्रकाशित कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनले साहित्यको कविता, कथा, संस्मरण, समालोचना, बालसाहित्य तथा सम्पादनको क्षेत्रमा काम गरेकी छिन् । उनका 'सानी' भाग-१ (बालउपन्यास, २०६०), 'सानीको

साहस' (सानीको भाग-२) (बालउपन्यास, २०६२), 'मित्रताको महत्त्व' (२०६३), 'संवत् -अफिस' (लघुकथासङ्ग्रह, २०६४), 'सिन्केको सफलता' (बालउपन्यास, २०६४), 'उज्यालो बाटो शिक्षाको' (बालएकाङ्की सङ्ग्रह, २०६४), 'समयको क्यानभासमा' (कथासङ्ग्रह, २०६५), 'सानीज भेल्योर' (२०६६), 'साने बन्यो सन्तबहादुर' (बालउपन्यास, २०६७), 'सिर्जना र सन्त्रास' (संस्मरणसङ्ग्रह, २०६८), 'क्यानभासमा कोरिएका कथाहरू' (कथाशृङ्खला, २०६८), 'फेसबुक च्याटिङ' (कथासङ्ग्रह, २०६९), 'स्वर्णिमा' (बालउपन्यास, २०६९), 'स्रष्टा समर्पण' (समालोचना सङ्ग्रह, २०६९), 'ओ मेरा प्रेमफूल !' (पत्रसाहित्य, २०६९), 'सुइँरे र भुइँफुट्टे' (बालउपन्यास, २०६९), 'चुल्बुले बादल' (बालकथासङ्ग्रह, २०६९) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । 'साझा बालसाहित्य पुरस्कार' २०६०, 'अनेसासको सर्वोत्कृष्ट नारी हस्ताक्षर स्व. डिल्लीराम तिम्सिना स्मृति पुरस्कार' (सन्. २००७), 'गुञ्जन प्रतिभा पुरस्कार' (२०६६), 'स्रष्टा साहित्य चौतारी पुरस्कार' (सन् २०१०), 'मायादेवी मातृभूमि साहित्य पुरस्कार' (२०६८), 'श्री शारदा कोइराला स्मृति बालसाहित्य वाणी सम्मान' (२०६९) जस्ता विभिन्न पुरस्कार तथा सम्मानबाट सम्मानित भएकी छिन् । उनले साहित्यिक प्रतिष्ठान स्थापना गरेर दुईओटा साहित्यिक पुरस्कारको समेत स्थापना गरेकी छिन् । खड्काले भारत, थाइल्यान्ड, मलेसिया, सिङ्गापुर, बेलायत, फ्रान्स आदि देशको भ्रमण गरेकी छिन् ।

**शर्मिला प्रधान**

शर्मिला प्रधानको जन्म सन् १९७५ जुन ४ मा सिलगढीमा भएको हो । आमा राधिका प्रधान तथा बुबा रामबहादुर प्रधानकी छोरी शर्मिला प्रधानले स्नातक तहको अध्ययन पूरा गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न उनको 'विविध आयाममा हाम्रा नारी' (सन् २०१३) प्रकाशित पुस्तकाकार कृति हो । विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचना समेत प्रकाशित हुने उनको प्रथम प्रकाशित रचना 'सङ्गी'

शीर्षकको कविता हो । विभिन्न पुरस्कारबाट समेत सम्मानित शर्मिलाले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**शर्मिला बस्नेत**

शर्मिला बस्नेतको जन्म २०५१ पुष ९ गते तिङला- २, घुन्सा, सोलुखुम्बुमा भएको हो । आमा कमला बस्नेत तथा बुबा गणेशबहादुर बस्नेतकी छोरी शर्मिला बस्नेतले आई.एड. सम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'सोलुखुम्बु गजलसँगालो' (सहलेखन, २०६९) कृति प्रकाशित छ ।

**शर्मिला राई 'विकल्प'**

शर्मिला राई 'विकल्प' को जन्म २०४५ माघ ७ गते सोताङ-७, सोलुखुम्बुमा भएको हो । आमा सुखलक्ष्मी राई र बुबा दोर्जेबहादुर राईकी छोरी शर्मिला राई स्नातकोत्तर तहमा अध्ययनरत छिन् । उनको 'सोलुखुम्बु गजलसँगालो' (सहलेखन, २०६९) कृति प्रकाशित छ ।

**शशिकला मानन्धर**

शशिकला मानन्धरको जन्म २०१६ असोज ६ गते वसन्तपुर, काठमाडौँमा भएको हो । आमा भगवती मानन्धर र बुबा अमृतनारायण मानन्धरकी छोरी शशिकला मानन्धरले त्रिभुवन विश्वविद्यालयबाट एम.एस्सी. को उपाधि लिएकी छिन् । सरकारी सेवामा संलग्न उनका 'नमि' (कथासङ्ग्रह, २०६८), 'शैली' (उपन्यास, २०४२), 'लँय्लूम्ह' (उपन्यास, २०५४), 'जल्लाथीगु लँपु' (उपन्यास, २०६१), 'न्हूगु परसि' (पूर्णाङ्की नाटक, २०६३), 'मतिनाया सगरमाथा' (उपन्यास, २०६३), 'चिचीपाणु ह्ला !' (बालउपन्यास, २०६७), 'निप्ययगु जा' (कथासङ्ग्रह, २०६९) जस्ता नेपाल भाषाका कृति प्रकाशित भएका छन् । उनको २०६३ सालमा 'बाटोमा भेटेको मान्छे' शीर्षकको उपन्यास पनि प्रकाशित भएको छ । 'जः' पत्रिकामा २०३३ सालमा प्रकाशित 'आखिर छीगु हे ल्हातिइ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना

हो । उनका नेपाली र नेपालभाषाका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विभिन्न सङ्घसंस्थाहरूसँग आबद्ध उनी अन्तर्वार्ता, फिल्म समीक्षक एवम् रेडियो, टेलिभिजन कार्यक्रम प्रस्तोतासमेत रहेकी छिन् । 'चित्तधर हृदय राष्ट्रिय प्रतिभा पुरस्कार' २०५७, 'गड्की-वसुन्धरा पुरस्कार' २०५९, 'जरिमैंया साखः लुमन्ति पुरस्कार' (२०६४) बाट समेत सम्मानित उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत, थाइल्यान्ड, बेलायत, फ्रान्स आदि मुलुकको पनि भ्रमण गरेकी छन् ।

**शशिकला शर्मा**

शशिकला शर्माको जन्म १९८८ साल फूलपातीका दिन काठमाडौँको भोटाहिटीमा भएको थियो । आमा शारदा र बुबा गीर्वाणनाथ नेपालकी छोरी शशिकला शर्माले स्नातक तहसम्मको अध्ययन गरेकी छिन् । सुरुमा 'पीडित' उपनाम लेख्ने शशिकला शर्माले २०५२ सालपछि आफ्नो नामका पछाडि 'साइराम' जोडेकी हुन् । उनको प्रथम विवाह साहित्यकार श्यामप्रसाद शर्मासित भएको थियो । २००५ सालमै गोरखापत्रमा कविता छपाइ साहित्यको क्षेत्रमा प्रवेश गर्ने उनको प्रथम प्रकाशित कथा २००९ सालमा 'प्रतिभा' मासिकमा प्रकाशित 'जीवनघटना' रहेको छ । २०१९ सालमा प्रकाशित शशिकला शर्माकृत 'उसको सुरुवात' शीर्षकको कथासङ्ग्रह नेपाली साहित्यमा नारीस्रष्टाद्वारा प्रकाशित प्रथम कथासङ्ग्रह पनि हो । उनका 'सुन्दर, स्वस्थ गृहिणी' (निबन्धसङ्ग्रह, २०४५), 'माटो र मान्छेलाई माया गर' (कवितासङ्ग्रह, २०५४) पनि प्रकाशित छन् । उनले 'फुचुरोको कथा' (सुन्ने कथासङ्ग्रह, २०५२) पनि तयार पारेकी थिइन् । 'लामो हिँडाइ' (निबन्धसङ्ग्रह) उनले चिनिया भाषाबाट अनुवाद गरेकी हुन् । उनले 'स्वास्नीमान्छे' र 'उदीय' को सम्पादन पनि गरेकी थिइन् । सामाजिक, राजनीतिक, पत्रकारिता आदि क्षेत्रमा पनि संलग्न रहेकी शशिकला शर्माले भारत, बङ्गलादेश, चीन,

थाइल्यान्ड, रूस आदि मुलुकको पनि भ्रमण गरेकी थिइन् । उनको निधन २०६३ साल जेठ २६ गते काठमाडौँमा भएको हो ।

**शशि रिमाल**

शशि रिमालको जन्म १९९३ साल मङ्सिरमा काठमाडौँको डिल्लीबजारमा भएको थियो । उनी लोकनाथ जोशी तथा साहित्यकार लोकप्रियादेवीकी छोरी हुन् । उनका प्रकाशित कृति हुन्– 'कविताकुञ्ज' (कवितासङ्ग्रह, २०४२) र 'स्मृतिका रूस्काहरू' (कथासङ्ग्रह, २०५३) तथा 'नओइलिने फूलहरू' (२०६८) । साथै उनले 'कवयित्री लोकप्रियादेवी' (२०४०) नामक कृति तथा 'स्व. कवयित्री लोकप्रियादेवीको स्मारिका' को सम्पादन पनि गरिन् । उनी गीतलेखनमा पनि चर्चित छिन् । इन्जिनियर शङ्करनाथ रिमालकी धर्मपत्नी शशि रिमालले आफ्नी आमा लोकप्रियादेवीका अप्रकाशित रचनाहरू प्रकाशन गरेर नेपाली भाषासाहित्यलाई समेत गुन लगाएकी छिन् । शशि रिमालद्वारा उनकी आमाका नाउँमा स्थापना गरिएको 'लोकप्रिया पुरस्कार' नेपाली भाषासाहित्यका स्थापित महिला साहित्यकारलाई प्रदान गरिन्थ्यो । साहित्यिक पत्रकार सङ्घलाई जिम्मा लगाइएको उक्त पुरस्कारको खुटपत्तो नभएको कुराले रिमाललाई दुःखी बनाएको छ ।

**शशी थापा पण्डित**

शशी थापा पण्डितको जन्म २०३२ कात्तिक २२ गते कटुन्जे-१, भक्तपुरमा भएको हो । आमा दुर्गाकुमारी थापा तथा बुबा जनकबहादुर थापाकी छोरी र कुमार पण्डितकी धर्मपत्नी शशी थापा पण्डितले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र तथा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छिन् । उनी शिक्षण र प्रशासनिक कार्यमा संलग्न छिन् । 'लोकदेश साप्ताहिक'की सम्पादक समेत रहेकी पण्डित 'हेडलाइन' र 'लोकपरम्परा' मासिक पत्रिकाकी संस्थापक रहेकी छिन् । उनका केही शोधग्रन्थहरू पनि प्रकाशित भएका छन् । उनका खोजअनुसन्धानात्मक तथा समसामयिक

संस्कृति विषयमा आधारित सयौँ फुटकर लेखरचनाहरू विभिन्न राष्ट्रिय दैनिक, पाक्षिक आदि पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनको 'मेरी छोरी सहिद भइछे' (कवितासङ्ग्रह, २०६६), 'प्रेमको बकपत्र' (कवितासङ्ग्रह, २०७०) समेत प्रकाशित भएका छन् । रेडियो कार्यक्रमको संयोजक र प्रस्तोता भएर पनि काम गर्ने उनले विभिन्न किसिमका व्यावसायिक अनुभवसमेत प्राप्त गरेकी छिन् । 'नेपाल आदर्श महिला सङ्घ' तथा 'पवित्र आत्मा सेवा सङ्घ'की अध्यक्ष भइसकेकी पण्डित विभिन्न सङ्घसंस्थासित पनि आबद्ध रहेकी छिन् । विभिन्न प्रतियोगितामा पुरस्कृत हुने पण्डित 'मिडिया इन्टरनेसनल युवास्रष्टा सम्मान-२०७०', 'वनिता सेवा सम्मान– २०६७' बाट सम्मानित भएकी छिन् । भारत, चीन जस्ता मुलुकको भ्रमण गर्ने उनी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**शान्ता गौतम**

शान्ता गौतमको जन्म २०१५ वैशाख २० गते फिदिम-१ मा भएको हो । आमा धनमाया भट्टराई तथा बुबा भवानीशङ्कर भट्टराईकी छोरी शान्ता गौतमले एस.एल.सी. सम्मको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'हाम्रा गीतहरू' (बालगीतसङ्ग्रह, २०६५), 'फाटेको मन' (गीतगजलसङ्ग्रह, २०६८) प्रकाशित भएका छन् । उनका भजन, असारे गीत, सङ्गिनी आदि रेडियो टेलिभिजनबाट प्रसारित भएका छन् । विभिन्न पत्रपत्रिका एवम् पाठ्यपुस्तकमा समेत उनका फुटकर लेखरचनाले स्थान पाएका छन् । २०४६ सालमा 'इन्द्रावती' पत्रिकामा प्रकाशित 'नारीप्रति' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । 'पाँचथरका नारीहरू' (२०६२) सहलेखन गर्ने उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् । उनी विभिन्न पुरस्कार एवम् सम्मानबाट सम्मानित भएकी छिन् ।

**शान्ता थपलिया**

शान्ता थपलिया सन् १९४२ जनवरी १ मा तेह्रथुममा जन्मिएकी हुन् । आमा विष्णुमाया र बुबा चन्द्रप्रसाद प्रसाईकी छोरी तथा

डा.सुधाकर अनील थपलियाकी धर्मपत्नी शान्ता कानुन विषयमा पिएच्.डी. गर्ने प्रथम महिला हुन् । उनी प्राध्यापन र कानुन व्यवसायमा संलग्न रहेकी थिइन् । उनले स्थापना गरेको कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC) ले उनलाई चिरञ्जीवी बनाएको छ । उनको 'मनोबल' (संस्मरण, २०६७) प्रकाशित भएको छ । उनको २०६८ मा स्वर्गारोहण भयो ।

**शान्ता पोखरेल**

शान्ता पोखरेलको जन्म १९८४ सालमा काठमाडौँमा भएको थियो । 'नारीको मूल्य' (प्रबन्धसङ्ग्रह), 'एक फूल अनेक रङ्ग' (प्रबन्धसङ्ग्रह, २०४४) र 'जीवनका डोबहरू' (निबन्धसङ्ग्रह, २०५२) उनका प्रकाशित कृतिहरू हुन् । यीबाहेक उनका अन्य प्रकाशित कृति हुन्– 'स्वास्नीमान्छे' (२०१६), 'विकास र नारी' (२०३२), 'शिशु उपहार' (२०३५), 'एक दशकका उपलब्धि' (२०४२) । उनका यी कृतिहरूचाहिँ सामाजिक र राजनीतिक विषयवस्तुमा आधारित छन् । विराटनगर नगरपञ्चायतको नगरप्रमुख भएर यिनी नेपालकी प्रथम महिला नगरप्रमुख भएकी थिइन् । राजसभा स्थायी समितिको सदस्य समेत भएकी उनी विभिन्न अलङ्कार, अभिनन्दनलगायत सीताराम विशेष सम्मानबाट पनि सम्मानित भएकी थिइन् । उनको २०६८ सालमा स्वर्गारोहण भयो ।

**शान्ता पौडेल**

शान्ता पौडेलको जन्म २०२९ भदौ १० गते हाँसीपुर गाविस-५, जवरकोटमा भएको हो । आमा सुशीला ज्ञवाली तथा बुबा फणाधर ज्ञवालीकी छोरी शान्ता पौडेलले एस.एल.सी. को शिक्षा आर्जन गरेकी थिइन् । रेडियो पत्रकारितामा संलग्न हुने शान्ता पौडेलको 'अक्षरमा जीवन' (२०७०) पुस्तकाकार कृति प्रकाशित भएको छ । उनका विभिन्न लेखरचनासमेत विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । विभिन्न पुरस्कार र सम्मानद्वारा सम्मानित उनले नेपाल र

भारतका विभिन्न स्थानको भ्रमण पनि गरेकी थिइन् । उनको २०६९ असार २५ गते निधन भएको हो ।

**शान्ता 'मानवी'**

शान्त 'मानवी'को जन्म २००३ वैशाख २६ गते वाङ्ला गाविस- ५, कोटफेरा, अर्घाखाँचीमा भएको हो । आमा विष्णुकुमारी उपाध्याय तथा बुबा पं. पीताम्बर उपाध्यायकी छोरी शान्ता 'मानवी'ले आई.ए.सम्मको शिक्षा आर्जन गरेकी छिन् । राजनीतिक एवम् सामाजिक सेवामा संलग्न उनको 'मानवीका रचनाहरू' (२०६३) प्रकाशित भएको छ । संविधानसभा सदस्य 'मानवी'को विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता, लेख आदिको समेत प्रकाशन भएका छन् । उनको पहिलो प्रकाशित रचना २०३४ सालमा प्रकाशित 'उषा' शीर्षकको कविता हो । उनी 'पारिजात सङ्घर्षशील पुरस्कार' २०६२, 'साहित्यसन्ध्या पुरस्कार' २०६५, लगायत विभिन्न संस्था आदिबाट सम्मानित एवम् अभिनन्दित भएकी छिन् ।

**शान्ता श्रेष्ठ**

शान्ता श्रेष्ठको जन्म १९९१ साल फागुन १४ गते काठमाडौँको क्षेत्रपाटीमा भएको थियो । आमा मोहनमाया श्रेष्ठ र बुबा आनन्दलाल श्रेष्ठकी छोरी शान्ता श्रेष्ठले बी.कम. उत्तीर्ण गरेकी छिन् । सामाजिक, राजनीतिक क्षेत्रमा पनि सक्रिय शान्ता श्रेष्ठका 'सारङ्गीमा नअटाएको सुर' (कथासङ्ग्रह २०४२), 'तेत्तीस पुतली अर्थात् शान्ता श्रेष्ठ एक' (लामो निबन्ध, २०५०), 'खाली हात' (लामो निबन्ध, २०५२), 'सङ्घर्षभित्रको अनौठो पाइला' (उपन्यास, २०५८), 'दिल बैराग' (कथासङ्ग्रह, २०५९), 'घाउ उसको दुखाइ मेरो' (उपन्यास, २०६०), 'अन्धकारभित्रको अन्धकार' (निबन्धसङ्ग्रह, २०६३) जस्ता कृति प्रकाशित छन् । २०६३ मा विधायिका (संसद) मा सदस्यसमेत रहेकी श्रेष्ठले निकै वर्ष रेडियो नेपालमा काम गरेकी छिन् । विविध पुरस्कार र सम्मान प्राप्त गर्ने उनले बी.बी.सी. लन्डनमा पनि एक वर्ष काम

गरेकी थिइन् । उनले नेपालका विभिन्न स्थानका अतिरिक्त एसिया र युरोपका विभिन्न देशको पनि भ्रमण गरेकी छिन् ।

**शान्ति अधिकारी पोखरेल**

शान्ति अधिकारी पोखरेलको जन्म डोल्पाको तारा गाउँमा भएको हो । आमा अम्बिका अधिकारी तथा बुबा पद्महरि अधिकारीकी छोरी शान्ति अधिकारीले आई.ए. सम्मको शिक्षा आर्जन गरेकी छिन् । नेपालगञ्जमा जागिरे उनका केही फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको प्रथम प्रकाशित रचनाको प्रकाशन २०६८ सालमा भएको हो । उनको 'शान्तिवाटिका' (२०७०) शीर्षकको पुस्तकाकार कृति प्रकाशित छ । नेपालको विभिन्न स्थानको भ्रमण गर्ने उनी हालमा बाँकेमा बसोवास गर्छिन् ।

**शान्तिकुमारी राई**

शान्तिकुमारी राईको जन्म २०१३ फागुन ३ गते बलन्ता गाविस ४ माझा गाउँ, उदयपुरमा भएको हो । आमा मङ्गलसरी राई र बुबा समशेरलाल राईकी छोरी शान्तिकुमारी राईले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., बी.एड. तथा बी.एल. को उपाधि लिएकी छिन् । उनी कानुन व्यवसायमा संलग्न छिन् उनका 'दश कविता' (कवितासङ्ग्रह, २०३४), 'सङ्घर्षशील जीवन' (कवितासङ्ग्रह, २०४१), 'आमाको सम्झना' (कवितासङ्ग्रह, २०५४), 'हैकामा' (धर्ती) (चाम्लिङ राई भाषामा कवितासङ्ग्रह, २०६१), 'सेन्टु' (माया) (चाम्लिङ राई भाषामा गीतसङ्ग्रह, २०६४), 'चेतना' (कवितासङ्ग्रह, २०६४), 'मनको बह' (कवितासङ्ग्रह, २०६४), 'टुङ्माखीम्' (गाउँघर) (चाम्लिङ राई भाषामा कवितासङ्ग्रह, २०६५), 'मामा बोखामा' (मातृभूमि) (चाम्लिङ राई भाषामा कवितासङ्ग्रह, २०६९) का अतिरिक्त 'नानापोहुने' (माइलीदिदी) (२०६२) तथा 'मा-शिवी' (कान्छी फुपू) (२०६५) जस्ता चाम्लिङ राई भाषाका गीतिएल्बम्को समेत प्रकाशन भएका छन् । उनका कतिपय फुटकर गीत, कविता आदिको विभिन्न राष्ट्रिय,

स्थानीय पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । उनको २०३५ मा 'एक गीत' शीर्षकको गीतिकविता प्रथम प्रकाशित रचना हो । उनले चाम्लिङ राई भाषाका विभिन्न पत्रपत्रिका, पाठ्यसामग्री आदिको लेखन, सम्पादन आदि पनि गरेकी छिन् । म्युजिक डट कम तथा उदयपुरे चाम्लिङ राई समाजबाट समेत सम्मानित उनी उदयपुरे चाम्लिङ भाषा लेखक सङ्घकी अध्यक्ष, नेपालका आदिवासीहरूको मानवअधिकारसम्बन्धी वकिल समूहको अध्यक्ष, जागृति समाज केन्द्रकी पूर्वअध्यक्ष, रहेकी छिन् । यसका अतिरिक्त उनी विभिन्न सङ्घसंस्थाको सल्लाहकार, संरक्षक आदि पनि रहेकी छिन् । उनी समाजसेवी तथा अधिवक्ताका रूपमा क्रियाशील छिन् । उनी नेपाल अधिराज्यको अन्तरिम संविधान मस्यौदा समिति (२०६३) की सदस्य पनि भइन् । चर्चित पपगायक धीरज राई जन्माउने पनि यिनै हुन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**शान्ति चौधरी**

शान्ति चौधरीको जन्म २०११ साल पुस १३ गते काठमाडौँको नक्सालमा भएको थियो । आमा राधिकादेवी चौधरी तथा बुबा राधाकृष्ण चौधरीकी छोरी शान्ति चौधरी 'सृजना विकास केन्द्र, काठमाडौँकी अध्यक्ष पनि रहेकी छिन् । उनले नेपाली, थारू र अङ्ग्रेजी भाषामा गरी जम्मा ४९ ओटा पुस्तक लेखेकी छिन् । कानुनमा इन्टरमिडियट तहको शिक्षा हासिल गरेकी चौधरी सामाजिक तथा कानुनी सङ्घसंस्थासँग २०३६ सालदेखि निरन्तर आबद्ध हुँदै आएकी छिन् । उनले प्राप्त गरेका पुरस्कारहरू हुन्– राष्ट्रिय पारिजात पुरस्कार (श्री ५ को सरकार:२०५६), राममाया राष्ट्रिय दलित महिलासेवा पुरस्कार (श्री ५ को सरकार:२०५८) । बारा निवासी चौधरी विभिन्न सामाजिक र राजनीतिक सङ्घसंस्थाबाट पनि अभिनन्दित भएकी छिन् । साथै उनले संयुक्त राज्य अमेरिकाबाट 'अशोका फेलोसिप' पनि पाइन् ।

**शान्ति थापा**

शान्ति थापा सन् १९६१ जनवरी ९ मा गुवाहाटी, असम (भारत) मा जन्मिएकी हुन् । हिन्दीमा एम.ए., पिएच.डी. गर्ने उनी प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनका 'माया' (गीतिकवितासङ्ग्रह, सन् २००४), 'अवर्तन' (कथासङ्ग्रह, सन् २००७), 'मोहनी डट कम' (उपन्यास, सन् २००९) 'असमेली नेपाली कथायात्रा' (सम्पादन, सन् २००८) जस्ता कृति प्रकाशित छन् । उनका 'नामघरे' (उपन्यास, सन् १९९७), 'अस्तराग' (उपन्यास, सन् २००२), 'लोहित घाटीकी कहानिया' (कथासङ्ग्रह, सन् २००८), 'भारत के स्वाधीनता आन्दोलन में पानवारी रेलदुर्घटना काण्ड' (सन् २००३) जस्ता नेपाली, हिन्दी भाषामा अनूदित रचना पनि प्रकाशित छन् । उनी 'ध्वनि', 'मृण्मय', 'रङ्गघर' 'पूर्वा', 'दस्तावेज' जस्ता नेपाली र हिन्दी आदि भाषाका पत्रिकाको सम्पादन कार्यमा संलग्न रहेकी छिन् । उनी 'साहित्य अकादमी अनुवाद पुरस्कार' (सन् २००२), 'टङ्कनाथ स्मृति पुरस्कार' (सन् २००८), 'गुञ्जन नवप्रतिभा पुरस्कार' (२०६६) बाट सम्मानित भएकी छिन् ।

**शान्ति न्यौपाने रिसाल**

शान्ति न्यौपाने रिसालको जन्म २०२९ जेठ २ मा महाङ्काल, काठमाडौँमा भएको हो । आमा उषा न्यौपाने तथा बुबा गणेशकुमार न्यौपानेकी छोरी रिसालले नेपाली विषयमा एम.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'म दुख्छु या मन' (२०६५), 'रङ्गीचङ्गी फूल' (बालकविता, २०६८) जस्ता कृति प्रकाशित छन् । उनका केही फुटकर कथा, समालोचना आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०५५ सालमा प्रकाशित 'म एक नदी हुँ' शीर्षकको कविता उनको प्रथम प्रकाशित रचना हो । उनी 'महाकवि देवकोटा शताब्दी स्वर्णपदक' (२०६७), 'पशुपति स्रष्टा सम्मान' (२०६७) बाट पनि सम्मानित भएकी छिन् ।

**शान्ति पाखिन**

शान्ति पाखिन तामाङको जन्म २०४३ साल पुस १७ गते राइसिङ बजार-८, त्रिशुली, नुवाकोटमा भएको हो । आमा फूलमाया ब्लेन्देन तामाङ र बुबा मधु पाखिन तामाङकी छोरी शान्ति पाखिनको पहिलो प्रकाशित रचना २०६९ मा प्रकाशित 'निरीह समदृष्टि' शीर्षकको गजल हो । उनका गजलहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । उनको 'निरीह समदृष्टि' पुस्तकाकार कृति (२०६९) सालमा प्रकाशित भएको हो । भारत, ओमान, कतार, इजरायल, प्यालिस्टाइनको भ्रमण गर्ने उनी इजरायलमा रहेकी छिन् ।

**शान्तिमाया गिरी**

शान्तिमाया गिरीको जन्म २०२९ वैशाख २२ गते रूपौलिया गाविस ५, नवलपरासीमा भएको हो । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., एम. फिल. उत्तीर्ण उनी शिक्षण पेसामा संलग्न छिन् । उनका 'समालोचनात्मक आलोक' (२०७०), 'भ्रमर उपन्यासको समाजशास्त्रीय विश्लेषण' (२०७०) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । राष्ट्रिय स्तरका विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा समेत उनका समालोचनात्मक लेखहरू प्रकाशित भएको पाइन्छ ।

**शान्ति राणा चिराग**

शान्ति राणा चिरागको जन्म २००७ साल असोज ९ गते काठमाडौँको बालाजुमा भएको थियो । स्नातक उत्तीर्ण राणा २०२५ सालमा इलाममा सम्पन्न पूर्वाञ्चल कविसम्मेलनमा प्रथम भएकी थिइन् । २०६० सालमा 'चिरागका केही कविताहरू' नामक उनको कवितासङ्ग्रह प्रकाशनमा आयो ।

**शान्ति राना**

शान्ति राना सन् १९४० नोभेम्बर १२ मा घुम, दार्जिलिङ (भारत) मा जन्मिएकी हुन् । उनको अधुरो सपना (कथा, एकाङ्की, लेखसङ्ग्रह, सन् २००७) कृति प्रकाशित भएको छ ।

**शान्ति लामा**

शान्ति लामाको जन्म सन् १९५९ मई २ मा आर्च चियाबगान, दार्जिलिङमा भएको हो । आमा सुकडोल्मा लामा तथा बुबा सी.डी. लामाकी छोरी शान्ति लामाले माध्यमिक तहसम्मको अध्ययन गरेकी छिन् । उनको 'लाटी मरिछिन्' (उपन्यास, सन् २००४) प्रकाशित भएको हो । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमणसमेत गरेकी छिन् ।

**शान्ति शर्मा**

डा.शान्ति शर्माको जन्म २०३५ पुस १४ गते लमजुङमा भएको हो । आमा पवित्रादेवी घिमिरे तथा बुबा धनञ्जय घिमिरेकी छोरी शान्ति शर्माले नेपालीमा एम.ए. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनको 'पहिलो प्रेमिका' (कथासङ्ग्रह, २०६८) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत फुटकर कविता, कथा, समालोचना आदि छपाएकी उनले 'समकालीन नेपाली द्वन्द्वकथाको कृतिपरक विश्लेषण' शीर्षकमा अनुसन्धान गरेकी छिन् ।

**शान्ति शर्मा 'तारा'**

शान्ति शर्मा 'तारा' को जन्म १९९६ माघ महिनामा महाराजगञ्ज, काठमाडौँमा भएको हो । आमा हेमकुमारी तथा बुबा दिवाकर नेपालकी छोरी शान्ति शर्माले बी.ए. सम्मको अध्ययन पूरा गरेकी छिन् । उनको 'सुरुचि' (२०७०) पुस्तकाकारकृति प्रकाशित भएको छ । २०६७ मा प्रकाशित 'मनको वह' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय कविता, कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । 'दीर्घसेवा पुरस्कार'बाट सम्मानित उनले नेपालका केही जिल्लाहरू तथा भारत, अमेरिका जस्ता मुलुकको भ्रमण पनि गरेकी छिन् ।

**शान्ति क्षेत्री**

डा. शान्ति क्षेत्रीको जन्म २००४ असार २२ गते रिनाकबजार, पूर्व सिक्किम (भारत) मा भएको हो । आमा देवकुमारी प्रधान तथा बुबा तुलसीप्रसाद प्रधानकी छोरी शान्ति क्षेत्रीले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए. तथा पिएच.डी.को उपाधि लिएकी छिन् । उनका 'अरब सागरको सूर्यास्त' (सन् १९९३), 'रामायणका नारी पात्रहरू : एक चिन्तन' (प्रबन्धसङ्ग्रह, सन् १९८८), 'ज्वालामुखी र छालहरू' (कवितासङ्कलन, सन् १९९२), 'नेपाली समालोचनामा रामकृष्ण शर्माको योगदान (शोधग्रन्थ, सन् १९९२)', 'युरोप भ्रमण केही संस्मरण' (सन् १९९६), 'मायाजाल' (कथासङ्ग्रह, सन् २००६) जस्ता कृति प्रकाशित भएका छन् । सन् १९६३ मा प्रकाशित प्रबन्ध 'नेपाली समाजमा नारीको स्थान' नै उनको प्रथम प्रकाशित रचना हो । उनी 'हिमरेखा'को सम्पादक पनि रहेकी थिइन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनी 'भानु पुरस्कार' सन् १९७३, 'महाकवि देवकोटा शताब्दी सम्मान' सन् २००९ बाट सम्मानित रहेकी छिन् । उनले नेपाल, भारत र युरोपका विभिन्न मुलुकको भ्रमण गरेकी छिन् ।

**शारदा अधिकारी**

शारदा अधिकारीको जन्म २०१४ साल फागुन ३ गते काभ्रेको दाप्चामा भएको थियो । उनको प्रकाशित कृति हो– 'अनमोलमणि' (बालकथासङ्ग्रह, २०३५) । उनी स्रष्टा कृष्णप्रसाद पराजुलीकी जेठी छोरी हुन् ।

**शारदा अधिकारी ढकाल**

शारदा अधिकारी ढकालको जन्म २०२१ मङ्सिर ३ गते काठमाडौँको सुन्दरीजलमा भएको थियो । आमा गुह्येश्वरी ढकाल तथा बुबा दामोदर ढकालकी छोरी र सुदीप अधिकारीकी धर्मपत्नी शारदाले नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेकी थिइन् । साझा

प्रकाशनको निर्वाचित सञ्चालक समिति सदस्य उनी प्राध्यापन पेसामा आबद्ध थिइन् । नेपाल बालसाहित्य समाजको सचिव भएर उनले सक्रिय भूमिका निर्वाह गरेकी थिइन् । उनका 'पारख प्रयत्न' (समालोचनासङ्ग्रह, सहसम्पादन, २०५५), जीवन जे जसरी पनि बग्दो रहेछ (संस्मरण, २०६३) प्रकाशित छन् । यसबाहेक उनका बालसाहित्यका १३ वटा कृति प्रकाशित छन् । आधारभूत पत्रकारिता प्रशिक्षण लिएकी शारदा महेश योगीको नेतृत्वमा सञ्चालित भावातीत ध्यानको प्रशिक्षण लिएर प्रशिक्षकसमेत भएकी थिइन् । उनी रजनीशद्वारा स्थापित 'ओशो 'मा' विद्या' मा स्थापित भएकी थिइन् । २०६५ साल कात्तिक २४ गते उनको स्वर्गारोहण भयो । शारदाको निधनपछि उनकी प्रिय सखी प्रभा भट्टराईले लेखेको साहित्यकार शारदा अधिकारी (जीवनी, २०६६) र इन्दिरा प्रसाईको 'शारदा' (लामो कविता, २०६९) प्रकाशित भयो । शारदाले नेपालका अधिसङ्ख्यक जिल्ला एवम् भारत, डेनमार्क र स्विडेनको भ्रमण गरेकी थिइन् ।

**शारदा पराजुली**

शारदा पराजुलीको जन्म २०३० असोज २३ गते लखनपुर-९ झापामा भएको हो । शारदा पराजुलीले नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'कल्पनाको सुपरम्यान' (२०६९) कृति प्रकाशित भएको छ । २०६२ सालमा प्रकाशित 'नयाँ वर्ष' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर कविता, गजल, कथा, समालोचना, बालकथा आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् । 'राष्ट्रिय गजल पुरस्कार' २०६२, 'सारथि बालकथा पुरस्कार' २०६३, 'विष्णुचन्द्र प्रतिभा पुरस्कार' २०६४, 'अभिनव वर्ष गजल पुरस्कार' २०६४ बाट सम्मानित भएकी उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गरेकी छिन् । उनी हाल काठमाडौँमा बस्छिन् ।

**शारदा पाठक केवल**

शारदा पाठक केवलको जन्म २०२१ पुस ८ गते जौवारी लाङ्गदी गाउँ, गोरखामा भएको हो । उनकी आमा टुल्ककुमारी पाठक तथा बुबा लोकनाथ पाठक हुन् । त्रिभुवन विश्वविद्यालयबाट एम.पी.ए. तहको अध्ययन पूरा गर्ने शारदा पाठकले आई.एस.एस., नेदरल्यान्डबाट 'महिला लैङ्गिकता तथा विकास' विषयमा एम.ए. तहको उपाधि पनि लिएकी छिन् । महिला तथा बालबालिकाको उत्थान कार्यमा संलग्न उनका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । २०६९ सालमा प्रकाशित 'तस्बिरभित्रको मन' शीर्षकको (गीत, गद्यकविता र गजलसङ्ग्रह) कृति नै उनको पहिलो प्रकाशित रचना कृति हो । यसबाहेक पनि उनको 'लरबरिएका आवाजहरू' (गजलसङ्ग्रह, २०६९) प्रकाशित भएको छ । विभिन्न सम्मान र प्रशंसा पत्र पाउने शारदाले भारत, चीन, फिलिपिन्स, नेदरल्यान्ड, फ्रान्स, बेल्जियम, जर्मनी, अमेरिका जस्ता मुलुकका अतिरिक्त नेपालका अधिकांश जिल्लाको भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

**शारदा राजभण्डारी वन्त**

शारदा राजभण्डारी वन्तको जन्म २००२ सालमा त्यौड, काठमाडौँमा भएको हो । आमा ज्यान राजभण्डारी र बुबा तीर्थलाल राजभण्डारीकी छोरी शारदा राजभण्डारीले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनको 'राम्रो कामको फल' (२०६२), 'मातृत्वको रूप' (२०६५), 'उमङ्गको उत्साह' (२०६९) जस्ता पुस्तकाकार कृति प्रकाशित छन् । २०६२ सालमा प्रकाशित 'राम्रो कामको फल' शीर्षकको बालकथा उनको प्रथम प्रकाशित रचना पनि हो । उनले मलेसिया, थाइल्यान्ड, सिङ्गापुर, हङकङ, बेलायत, क्यानडा, अमेरिका आदि मुलुकको भ्रमण पनि गरेकी छिन् ।

**शारदा शर्मा**

शारदा शर्माको जन्म २०१५ साल कात्तिक ४ गते थुम गाउँ, चिलाउनेबास, स्याङ्जामा भएको हो । आमा राधाकुमारी शर्मा र

बुबा डा.महेश्वर शर्माकी छोरी शारदा शर्माले त्रिभुवन, विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर तहको शिक्षा ग्रहण गरेकी छिन् । उनी माननीय मन्त्री श्री नरहरि आचार्यकी श्रीमती पनि हुन् । अन्तर्राष्ट्रिय परिवार नियोजन सङ्घ, दिल्लीकी सल्लाहकार तथा कार्यक्रम अधिकृत पदमा रही कार्य गर्ने शर्माले केही समय शिक्षण कार्य पनि गरेकी थिइन् । कलिलो उमेरबाटै साहित्यमा संलग्न उनको प्रथम प्रकाशित रचना २०३९ सालमा 'पूजा' मा प्रकाशित 'नहार्ने योद्धालाई मेरो बधाई' शीर्षकको कविता हो । उनका 'सीमान्त अनुभूति' (कवितासङ्ग्रह, २०४४), 'आस्थाको भग्नावशेष' (कथासङ्ग्रह, २०४८), 'युद्धोपरान्त' (कवितासङ्ग्रह, २०४९), 'स्वर्णसूत्र' (कवितासङ्ग्रह, २०५३), 'विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र' (समालोचना, २०५३), 'अग्निस्पर्श' (मुक्तआलेख, २०६३), 'भुइँफूलको देश' (यात्रा निबन्ध, २०६८), 'ताप' (उपन्यास २०६९) आदि प्रकाशित भएका छन् । उनी 'संवत्सर' पाक्षिक र 'नियोजन' त्रैमासिकको सम्पादन कार्यमा पनि संलग्न थिइन् । विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भ लेखन तथा स्वतन्त्र लेखन कार्यमा पनि उनको संलग्नता पाइन्छ । विभिन्न सङ्घसंस्थासँग आबद्ध रहने उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय सभा, गोष्ठी, समारोह आदिमा सहभागिता जनाएकी छिन् । महाकवि देवकोटा शताब्दी स्वर्णपदक, उत्तमशान्ति पुरस्कार एवम् पद्मश्री पुरस्कार प्राप्त गर्ने शर्मा चित्रकला, सङ्गीतमा पनि निकै अभिरुचि राख्छिन् । शर्माले नेपालका अधिकांश जिल्लाहरू तथा एसिया, युरोप, अमेरिका, अस्ट्रेलिया आदिको भ्रमण गरेकी छिन् । हाल काठमाडौँमा उनको बसोवास रहेको छ ।

**शारदा शर्मा**

शारदा शर्माको जन्म २०२७ मङ्सिर १५ गते नारायणपुर-१ दाङमा भएको हो । आमा रत्नशोभा गौतम र बुबा ओपेन्द्र गौतमकी छोरी शारदा शर्माले एम.एड.सम्मको अध्ययन पूरा गरेकी छिन् । २०५२ सालमा प्रकाशित निबन्ध विधाको रचना नै उनको प्रथम

प्रकाशित रचना हो । २०६३ सालमा उनको 'महिला' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत उनका रचनाहरू प्रकाशित भएका छन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनी 'महिला सशक्तीकरण पत्रकारिता पुरस्कार' २०६२ लगायत विभिन्न सम्मानद्वारा पनि सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**शारदा स्टोकी**

शारदा स्टोकीको जन्म सन् १९६९ मार्च ३ मा गोकबजार, दार्जिलिङ (भारत)मा भएको हो । आमा मनमाया सुब्बा तथा बुबा एल.एम. सुब्बाकी छोरी शारदा स्टोकीले एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'वास्ताहीन जिन्दगी' (कवितासङ्कलन, सन् २०१३), 'आलै छ याद' (सन् २००३) गीतिएल्बम् प्रकाशित भएका छन् । उनका फुटकर कविता, गीत, मुक्तक, कथा आदिको विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । सन् १९८५ मा प्रकाशित 'विरह' शीर्षकको कविता उनको प्रथम प्रकाशित रचना हो । सामाजिक, धार्मिक आदि कार्यमा पनि संलग्न उनी विभिन्न २१ वटा पुरस्कारबाट सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**शीला (सुशीला) दली**

डा. शीला (सुशीला) दली १९९७ मा कृष्ण अष्टमीमा काठमाडौँमा जन्मिएकी हुन् । एम.बी.बी.एस्., एम.डी. गर्ने शीला दली स्वास्थ्य सेवामा संलग्न रहेकी छिन् । उनको 'बिर्सिएका ती पाइलाहरू' (कवितासङ्ग्रह, २०६६) प्रकाशित भएको छ । उनी चिकित्सा क्षेत्रका थुप्रै पुरस्कारबाट पुरस्कृत रहेकी छिन् ।

**शीला पन्त**

शीला पन्तको जन्म २०१० कात्तिकमा चाबहिल, काठमाडौँमा भएको हो । आमा बाटीदेवी पाण्डे तथा बुबा ढुण्डीराज पाण्डेकी

छोरी शीला पन्तले आई.ए. सम्मको शिक्षा आर्जन गरेकी छिन् । 'सनातन धर्म सेवा समिति'की अध्यक्ष पन्त विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । २०५३ सालमा प्रकाशित 'भावनाका सयपत्री' शीर्षकको गीत, कवितासङ्ग्रह नै उनको पहिलो प्रकाशित रचना कृति हो । उनका विविध लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । उनका 'भजन शीला' (भक्तिगीत, २०५४), 'सबतिर देख्छु खाली हात' (भजनमाला, २०५६), 'भावगङ्गा' (भजनसङ्ग्रह, २०६१), 'भक्तिपुष्प' (भजनमाला, २०६५), 'ज्ञानको बत्ती बालौँ सबले' (भजनपुष्प, २०६५), 'मनको सन्देश' (गीतसङ्ग्रह, २०६१), 'हाँसी रहोस् मेरो देश' (राष्ट्रियगीत, २०६३), 'बाबा पशुपतिनाथ' (भजनमाला, २०६९) जस्ता कृति प्रकाशित भएका छन् । उनका भजनशीला भक्ति एल्बम् सिडी (भाग १ र २) पनि प्रकाशमा आएको छ । यसका साथै उनको विभिन्न गीत, भजन रेडियो, टेलिभिजनबाट प्रसारित भएका छन् । उनी 'प्रबल गोरखादक्षिणबाहु' (चौथो) (२०५५), 'सेवापदक' (२०५२), 'दैवीप्रकोप पीडितोद्धारक पदक' (२०४५), 'राष्ट्रिय प्रतिभा पुरस्कार' (२०५६), 'राष्ट्रिय युवामहोत्सव पुरस्कार' (२०५६), 'भारती खरेल व्याख्यान पुरस्कार' (२०५८), 'आमा सम्मान' २०६३, 'नइ भाजप पुरस्कार' (२०६९) आदि पुरस्कारबाट सम्मानित भएकी छिन् । नेपालका अधिकांश जिल्ला तथा भारत, बङ्गलादेश, हङकङको भ्रमण गरेकी छिन् ।

**शुभ श्रेष्ठ**

शुभ श्रेष्ठको जन्म सन् १९४९ नोभेम्बर ५ मा पाल्पाको तानसेनमा भएको हो । आमा लक्ष्मीकुमारी श्रेष्ठ तथा बुबा मुक्तिप्रसाद श्रेष्ठकी छोरी शुभ श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । उनले त्रिभुवन विश्वविद्यालय (सेडा) बाट अवकाश लिएकी छिन् । 'गोरखापत्र', 'मधुपर्क', 'रूपरेखा', 'गरिमा' आदि पत्रपत्रिकामा कविता, मुक्तक, कथा, यात्रासंस्मरण,

समालोचना, लेखनिबन्धको प्रकाशन गर्ने शुभ श्रेष्ठको पहिलो प्रकाशित रचना २०२४ सालमा 'आलोक' पत्रिकामा छापिएको 'प्रगतिको देन' शीर्षकको रचना हो । 'मेरो छानामाथिको नीलो आकाश' (कवितासङ्ग्रह, २०४३), 'बन्द मनको पिञ्जडाभित्र' (कवितासङ्ग्रह, २०५४), 'अस्मिताको खोजी' (उपन्यास, २०५९), 'शिवशक्ति बाबा कालीदास धाम : एक झलक' (यात्रासंस्मरण, २०६९) उनका प्रकाशित कृति हुन् । 'गुञ्जन' साहित्यिक संस्था, 'जनमत' साहित्यिक पत्रिकासँग आबद्ध श्रेष्ठ 'छविलाल पाल्पाली पुरस्कार' (२०६२), 'कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार' (२०६६), 'गद्दीआरोहणको रजत महोत्सवपदक' (२०५३), 'दीर्घसेवापदक' (त्रि.वि.) (२०५७), 'प्रज्ञा सम्मान' (सन् २०१३) (भारत) बाट समेत सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानहरूको भ्रमण, अवलोकन गरेकी छिन् ।

**शोभाकान्ति थेगिम**

डा.शोभाकान्ति थेगिमको जन्म सन् १९५० जुलाइ ४ मा सिक्किममा भएको थियो । भारत सरकारको प्रकाशन तथा प्रसारण विभागबाट सिक्किममा आयोजना भएको नेपाली भाषामा आधारित निबन्ध प्रतियोगितामा यिनले तीनपटक भाग लिएकी थिइन् र सो प्रतियोगितामा यिनी तीनैपटक पुरस्कृत पनि भएकी थिइन् । यिनले 'मेरो देउराली' (कवितासङ्ग्रह, सन् १९९७), 'स्मृति' (गीतिसङ्ग्रह, १९९७), 'तात्पर्य र साहित्य प्रयोगका सन्दर्भमा प्रकृतिको विश्लेषण' (सन् १९७७) 'नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण' (सन् १९९२) नामक ग्रन्थ लेखिन् । यो उनको पिएच.डी.को शोधग्रन्थ पनि हो । उनले बनारस हिन्दू विश्वविद्यालयबाट पिएच.डी. गरेकी थिइन् । पिएच.डी. गर्ने यी सिक्किमकी प्रथम महिला व्यक्तित्व हुन् । सन् १९९६ अक्टोबर ३१ मा यिनको स्वर्गारोहण भयो । त्यसपछि तत्कालै यिनका स्मृतिमा 'डा. शोभाकान्ति थेगिम (लेप्चा) स्मृति गुठी'को स्थापना भयो ।

**शोभा दुलाल 'ज्योति'**

शोभा दुलालको जन्म २०३२ वैशाख १३ गते नैकाप, काठमाडौँमा भएको हो । आमा ठुलीकान्छी दुलाल र बुबा शम्भु दुलालकी छोरी शोभा दुलालले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'ज्वालामुखी फुटेपछि' (कवितासङ्ग्रह, २०६८) प्रकाशित भएको छ । उनका फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'अभ्युत्थान प्रतिभा पुरस्कार' २०६९ बाट सम्मानित भएकी छिन् । उनी विभिन्न सामाजिक, राजनीतिक संस्थामा आबद्ध रहेकी छन् ।

**शोभा पाण्डे**

शोभा पाण्डेको जन्म २०३१ सालमा खालीवन - ८, जब्गादी, सोती डाँडा, पाल्पामा भएको हो । आमा पुष्पादेवी तथा बुबा तोयनाथ खनालकी छोरी शोभा पाण्डेले प्रमाणपत्र तहसम्मको अध्ययन गरेकी छिन् । उनका 'आँखा भरीभरी माया देशलाई' (कवितासङ्ग्रह, २०६१), 'काव्यप्रकाश' (सन् २०१२) जस्ता कृति प्रकाशित भएका छन् । २०६१ सालमा प्रकाशित 'शहीदको आँसु' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । हाल उनी चम्पारण, बिहार (भारत)मा बसोवास गर्छिन् ।

**श्यामा ओझा**

श्यामा ओझाको जन्म २०१५ साल फागुन २४ गते डोटीको मौवामा भएको थियो । उनले २०४३ सालमा 'विपरीत' शीर्षकको कवितासङ्ग्रह प्रकाशित गरिन् ।

**श्रेया जोशी**

श्रेया जोशीको जन्म २०५१ कात्तिक २ गते काठमाडौँमा भएको हो । आमा प्रतीक्षा प्रधान जोशी तथा बुबा सुशीलकुमार जोशीकी छोरी श्रेया जोशीले ए-लेभलको अध्ययन गरेकी छिन् । श्रेया जोशी मूलत: अङ्ग्रेजी र नेपाली भाषामा साहित्य सिर्जना

गर्छिन् । अनुवाद कार्यमा पनि उनको अभिरुचि रहेको छ । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूबाट प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित कृति 'काठमाडौँ पोष्ट'मा २०६४ मा प्रकाशित 'टिनेज ब्लुज' हो । 'पायोनियर', 'सेट' म्यागजिनकी सम्पादक श्रेयाका प्रकाशित कृतिहरू 'इन्टु द अननोन' (उपन्यास, २०६६), 'महारानी पुण्यवती' (अनुवाद, कल्पना प्रधानकृत रचना), 'नेप्लिज लभ स्टोरी' (परशु प्रधानका कथाको अनुवाद) हुन् । भारत र टर्कीको भ्रमण गर्ने उनले नेपालको विभिन्न स्थानको समेत भ्रमण गरेकी छिन् ।

**श्रेष्ठ पुष्पा शिरीष**

श्रेष्ठ पुष्पा शिरीषको जन्म २०३७ साल पुस २९ गते कारकाँदो, बाँकेमा भएको हो । आमा दुर्गादिवी भुजु र बुबा लहरामान भुजुकी छोरी श्रेष्ठ पुष्पा शिरीषले बी.ए. सम्मको शिक्षा आर्जन गरेकी छिन् । व्यापार पेसामा संलग्न उनको 'परेलीका बाँधहरू' (२०५८) शीर्षकको पुस्तकाकार कृति प्रकाशित छ । उनी 'विकास स्मृति साहित्यिक पुरस्कार', २०६१ बाट पुरस्कृत भएकी छिन् ।

**श्रेष्ठ प्रिया 'पत्थर'**

श्रेष्ठ प्रिया 'पत्थर' २०२१ साउन ७ गते दिपायल डोटीमा जन्मिएकी हुन् । आमा कृष्णकुमारी श्रेष्ठ र बुबा पूर्णमान श्रेष्ठकी छोरी प्रियाले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनी बैङ्किङ क्षेत्रमा कार्यरत छिन् । उनका 'पग्लिएका व्यथाहरू' (गजलसङ्ग्रह, २०५३) 'पत्थरका प्रलापहरू' (गजलसङ्ग्रह, २०५९), 'आँसुको सौगात' (गजलसङ्ग्रह, २०६०), 'क्रम जारी छ' (कवितासङ्ग्रह, २०६१), 'एउटा अर्कै बाटो' (कथासङ्ग्रह, २०६६), 'सम्यक दृष्टि' (भूमिका, २०६४) जस्ता कृति प्रकाशित छन् । उनका 'पतिङ्गर' (२०४८), 'पुकार' (२०४९), 'रङ्गभूमि' २०५०), 'मर्यादा' (२०५२), 'कसिङ्गर' (२०५३), 'पुनरावृत्ति' (२०५७) जस्ता उपन्यासहरू पनि प्रकाशित छन् । 'अङ्कुर', 'गजल प्रवाह' को सम्पादन गर्ने उनी 'सुदूर

पश्चिमाञ्चल गजल मञ्च'को अध्यक्ष पनि रहेकी छिन् । उनी 'राष्ट्रिय प्रतिभा पुरस्कार', 'रामराज पन्त स्मृति सम्मान', 'पुष्पलता साहित्य पुरस्कार', 'नइ रेखा पुरस्कार', 'युगान्तर वर्ष पुरस्कार' आदि दर्जनौँ पुरस्कारबाट सम्मानित छन् । उनी नेपाल सरकारबाट मनोनीत भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका सेती अञ्चल अध्यक्ष र विश्व नारी नेपाली साहित्य सम्मेलनका सेती अञ्चल अध्यक्ष पनि हुन् ।

**सङ्गीता गुरुङ**

सङ्गीता गुरुङको जन्म २०१९ कात्तिक १० गते नक्साल, काठमाडौँमा भएको हो । आमा रुद्रकुमारी गुरुङ तथा बुबा जयन्द्रबहादुर गुरुङकी छोरी सङ्गीताले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'स्पर्श' (२०४७), 'स्पन्दन' (२०५८), 'देशको मायामा' (२०५८), 'देश नदुखोस्' (सम्पादन, २०५८), 'केस्राकेस्रा' (२०६२), 'वात्सल्य' (२०६८) जस्ता कवितासङ्ग्रह तथा चेतना (लेखरचनासङ्ग्रह, २०६४) प्रकाशित भएका छन् । २०४५ सालमा प्रकाशित 'अबेला नहुँदै' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित कविता हो । उनी 'वीरेन्द्रऐश्वर्य सेवापदक' तथा अन्य पुरस्कारबाट समेत सम्मानित भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**सङ्गीता पनेरु 'सहयात्री'**

सङ्गीता पनेरु 'सहयात्री' को जन्म २०४८ असोज १९ गते डुमरी नुवाकोटमा भएको हो । आमा पार्वती पनेरु तथा बुबा शम्भुप्रसाद पनेरुकी छोरी सङ्गीता पनेरुले स्नातक तह उत्तीर्ण गरेकी छिन् । उनको 'घरजस्तो घर' (२०७०) प्रकाशित पुस्तकाकार कृति हो । २०६५ सालमा 'छाल' पत्रिकामा प्रकाशित 'शहीद' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**सजना गुरुङ**

सजना गुरुङको जन्म २०४१ साल कात्तिक २० गते भूक ताङ्गले-२, पर्वतमा भएको हो । आमा मीना गुरुङ तथा बुबा कुमबहादुर गुरुङकी छोरी सजना गुरुङले आई.एड. तहको अध्ययन गरेकी छिन् । २०५८ सालमा प्रकाशित 'समर्पण' शीर्षकको कथा नै उनको पहिलो प्रकाशित रचना हो । उनको 'नि:स्वार्थ' (कवितासङ्ग्रह, २०६१) 'सजना' (गजल एल्बम, २०७०) पनि प्रकाशित भएका छन् । खेलकुदमा समेत संलग्न रहने गुरुङले नेपाल, भारत, इजरायलको भ्रमण गरेकी छिन् । हाल उनी इजरायलमा रहेकी छिन् ।

**सञ्जु ईवरम**

सञ्जु ईवरमको जन्म २०४४ फागुन २९ गते भएको हो । उनी आमा कुमारी ईवरम लिम्बू तथा बुबा बिर्खबहादुर ईवरम लिम्बूकी छोरी हुन् । बी.एड.मा अध्ययनरत उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनको 'दोबाटोको कोसेली' (रुवाई सवालजवाफसङ्ग्रह २०६५) प्रकाशित छ ।

**सञ्जु बजगाई**

सञ्जु बजगाईको जन्म २०३६ सालमा मोरङमा भएको थियो । शारदा नेपाल तथा कमला नेपालकी छोरी सञ्जुले एम.ए.सम्मको अध्ययन गरेकी छिन् । साहित्यकार कृष्ण बजगाईसँग वैवाहिक सम्बन्ध गाँसिएपछि उनी १० वर्ष बेल्जियम बसेर हाल बेलायतको लन्डनमा बसोवास गर्दै आएकी छन् । उनका प्रकाशित कृति 'समुद्र र सपना' (कथासङ्ग्रह, सन् २०११) हो । उनी बेलायतका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**सन्तु श्रेष्ठ**

सन्तु श्रेष्ठको खास नाम सन्तकुमारी श्रेष्ठ हो । उनको जन्म २००६ साल मङ्सिर १२ गते बागलुङ बजारमा भएको हो । आमा चन्द्रकुमारी श्रेष्ठ तथा बुबा जगत्बहादुर श्रेष्ठकी छोरी सन्तु श्रेष्ठले

एम.ए.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनका ‘कुहिरोभित्र श्वेत बान्की’ (२०५८), ‘क्षतिग्रस्त अक्षरहरू’ (२०६२), ‘पद, पाइला र पर्खाइ’ (२०६५) जस्ता कृति प्रकाशित भएका छन् । उनले ‘ज्योति’ (२०२४), ‘कालिका छाल’ (२०३६), ‘बाल सन्देश’ (२०५७) को सम्पादन पनि गरेकी छिन् । विभिन्न सामाजिक, शैक्षिक, साहित्यिक सङ्घसंस्थाहरूमा प्रत्यक्ष संलग्न उनी ज्ञानोदय भगवती पुस्तकालयको संरक्षक अध्यक्ष, जगत्चन्द्र स्मृति सम्मान कोष-२०५८ को संस्थापक संरक्षक, महिला परिषद् (२०५२) को संस्थापक अध्यक्षसमेत रहेकी छिन् । उनी ‘रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार’ २०५९, ‘केवलपुरे जनमत सम्मान’ २०६१, ‘त्रिमूर्ति पुरस्कार’ २०६८ आदिबाट सम्मानित भएकी छिन् । उनले भारत र बङ्गलादेश आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् । उनी विश्वनारी नेपाली साहित्य सम्मेलनका धवलागिरी अञ्चलका अध्यक्ष पनि हुन् ।

**सन्ध्या पहाडी**

सन्ध्या पहाडी २०२६ साल फागुपूर्णिमाका दिन कपिलवस्तुमा जन्मिएकी हुन् । आमा शान्तिनानी सापकोटा र बुबा श्रीधरप्रसाद सापकोटा तथा विशाल पहाडीकी धर्मपत्नी सन्ध्या नेपालीमा एम.ए. उत्तीर्ण छिन् । उनी प्रशासन सेवा तथा रेडियो टेलिभिजन कार्यक्रम सञ्चालन कार्यमा पनि संलग्न छिन् । ‘मृगतृष्णा तथा अन्य कविता’, (२०५३) तथा ‘घामका अक्षर’ (२०६८) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् । ‘लोक संस्कृति’ को सम्पादक पनि रहेकी उनी राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न संस्थासँग आबद्ध रहेकी छिन् । विभिन्न प्रतियोगितामा पुरस्कृत हुने उनी ‘पद्मकन्या पदक’, ‘भारती उपाध्याय साहित्य सम्मान’, ‘महाकवि देवकोटा शताब्दी स्वर्णपदक’ २०६६ आदिबाट सम्मानित छिन् ।

**सन्ध्या रेग्मी**

सन्ध्या रेग्मीको जन्म २०२५ साल फागुन २९ गते पाल्पाको तानसेनमा भएको हो । आमा विमला रेग्मी तथा बुबा कमलराज

रेग्मीकी छोरी सन्ध्या रेग्मीले सन् १९९५मा जर्मनीबाट 'अटोमेसिन टेक्नोलोजी' तथा सन् २००५मा 'पर्यावरणीय इन्जिनियरिङ' विषयमा स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । 'रत्नविद्या स्वर्णपदक' आदिबाट सम्मानित उनी हाल भियतनामको हो ची मिह्न सहरमा एक अमेरिकी संस्थामा पर्यावरण तथा सुरक्षा इन्जिनियरका रूपमा कार्यरत छिन् । नेपाल र विश्वका अन्य मुलुकबाट प्रकाशित हुने पत्रपत्रिकामा समेत नेपाली र अङ्ग्रेजी भाषाका लेखरचना प्रकाशित गराउने रेग्मीका 'आमाका अविस्मरणीय अतीतहरू र म' (जीवनी २०६६), 'बचेरालाई आहारा' (पत्र तथा डायरीलेखनको सङ्ग्रह, २०६८), 'सन्ध्याका कविता र क्यान्भासहरू' (कविता तथा पेन्टिङसङ्ग्रह, २०६८) प्रकाशित भएका छन् । कुशल चित्रकारका रूपमा देशविदेशमा एकल चित्रकला प्रदर्शनीको समेत आयोजना गरेकी उनको 'कमलराज रेग्मी विविध आयाम' (२०६८) सम्पादित कृति हो । एसिया र युरोपका मुलुकहरूको भ्रमण गर्ने उनको स्थायी घर ललितपुरमा रहेको छ । उनी भियतनामका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**सन्ध्या रेग्मी**

सन्ध्या रेग्मीको जन्म २०३८ फागुन ४ गते भारतको देहरादुनमा भएको हो । आमा मीना रेग्मी र बुबा डिल्लीराज रेग्मीकी छोरी सन्ध्या रेग्मीले बी.ए. सम्मको शिक्षा आर्जन गरेकी छिन् । पत्रकारिता पेसामा संलग्न उनको प्रथम प्रकाशित रचना २०५८ मा 'छहरो' पत्रिकामा प्रकाशित 'मेरो गाउँ फर्काऊ' शीर्षकको कविता हो । उनको २०६७ सालमा 'मेरो परिवेश' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । विभिन्न सङ्घसंस्थासँग आबद्ध उनी 'विष्णुनुमा पुरस्कार', 'नारायण सल्यानी स्मृति प्रतिभा पुरस्कार', 'नन्दराम कौशिला भण्डारी साहित्य पुरस्कार'बाट समेत सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको

समेत भ्रमण गरेकी छिन् । हाल घोराही, दाङमा उनको बसोवास रहेको छ ।

**सपना**

सपनाको जन्म २०१५ साल फागुन २६ गते काठमाडौँको कमलपोखरीमा भएको हो । प्रसिद्ध साहित्यकारद्वय श्यामप्रसाद शर्मा र शशिकला शर्माकी छोरी सपनाको प्रकाशित कृति हो– 'रातो एल्फ दैत्य किन रोयो ?' (जापानी बालकथासङ्ग्रह, सन् २००४) । साथै उनले सुप्रसिद्ध फ्रान्सेली उपन्यासकार एक्जुपेरीको बालउपन्यासलाई नेपाली भाषामा 'सानो राजकुमार' शीर्षकमा २०५४ सालमा अनुवाद गरेकी छिन् ।

**सपना गौतम**

सपना गौतमको जन्म २०३० भदौ ५ गते काठमाडौँमा भएको थियो । हेमलाल गौतम र गोमादेवी गौतमकी छोरी सपनाको गजलसङ्ग्रह 'सपना सिन्धु' २०७० मा प्रकाशित छ । उनी नर्सिङ पेसामा आबद्ध थिइन् । उनी एन्आरएन् क्यानडाका कार्यकारी सदस्य, विश्व नेपाली साहित्य महासङ्घ क्यानडाका अध्यक्ष छिन् । विभिन्न सङ्घसंस्थामा सक्रिय उनी क्यानडाका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**सम्झना**

सम्झनाको जन्म २०१४ साल पुस १ गते काठमाडौँको कमलपोखरीमा भएको थियो । प्रसिद्ध साहित्यकारद्वय श्यामप्रसाद शर्मा र शशिकला शर्माकी छोरी सम्झनाको तीनओटा कृति प्रकाशित भएका छन्– 'आऊ साथी' (कवितासङ्ग्रह, २०५४), 'पचास प्रतिशत हकदार' (निबन्धसङ्ग्रह, २०५६) र 'गुरु हो कि गोरु ?' (निबन्धसङ्ग्रह, २०५७) । उनी नन्दी रात्रि माध्यमिक विद्यालयमा अध्यापन गर्छिन् ।

**सम्झना घिमिरे**

सम्झना घिमिरेको जन्म २०४८ जेठ १० गते पाँचथरमा भएको हो । आमा चन्द्रकला घिमिरे तथा बुबा रघुनाथ घिमिरेकी छोरी सम्झना घिमिरेले आई.एड.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'माला' (२०६६) शीर्षकको गजल-कवितासङ्ग्रह प्रकाशित भएको छ । दमक साहित्यिक संस्थाद्वारा प्रदान गरिएको साहित्यिक पुरस्कारद्वारा उनी सम्मानित भएकी छिन् ।

**सम्पदा मल्ल**

सम्पदा मल्लको जन्म काठमाडौँमा भएको हो । आमा डा. सावित्री मल्ल तथा बुबा वरिष्ठ नाटककार अशेष मल्लकी छोरी सम्पदा मल्लले एम.ए. को शिक्षा आर्जन गरेकी छिन् । उनको 'अनायास एक दिन' (कथासङ्ग्रह, सन् २००३) प्रकाशित भएको छ । 'मुना' पत्रिकामा प्रकाशित 'अबोधपन' नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर रचनाहरू राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सिनेमाको क्षेत्रमा काम गर्ने उनी 'ट्राभल राइटर अफ द इयर' (सन् २००५), 'भाउ कलेज वुमन' (सन् २००७) बाट सम्मानित भएकी छिन् । उनले नेपालको विभिन्न जिल्ला तथा भारतको भ्रमण गरेकी छिन् ।

**सम्पूर्णा राई**

सम्पूर्णा राईको जन्म १९४८ अप्रिल ५ मा कालेबुङ (भारत)मा भएको हो । आमा मनरूपा/हर्कमती राई तथा जे.सी. राईकी छोरी सम्पूर्णा राईले एम.ए., बी.एड.को शिक्षा आर्जन गरेकी छिन् । उनका 'बजरङ्गी पहलमान' (अनुवाद, मूल लेखक-अमृतलाल नागर), 'नाभी' (कथासङ्ग्रह, सन् १९९६) आदि प्रकाशित कृति हुन् । उनले 'सम्झना' चलचित्रको संवादलेखन पनि गरेकी छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनी 'स्रष्टा पुरस्कार' सन् १९९५, 'अरुगि पुरस्कार' सन् १९९९ आदिबाट पनि सम्मानित

भएकी छिन् । उनी नयाँदिल्लीस्थित 'साहित्य अकादमी'को सल्लाहकार पनि भएकी थिइन् ।

### सरयू राई

सरयू राईको जन्म सन् १९२८ डिसेम्बर २८ मा क्वेटा, (हाल पाकिस्तान) मा भएको हो । आमा लक्ष्मीदेवी सुब्बा तथा बुबा हाइकमसिंह सुब्बाकी छोरी सरयू राईले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'कल्पवृक्ष' (कथासङ्ग्रह, सन् २००९) प्रकाशित भएको छ । 'उदय' पत्रिकामा प्रकाशित 'बन्धन' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका कतिपय नाटकहरू रेडियोबाट प्रसारित भएका छन् । उनका केही कथा, बालनाटक आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् ।

### सरला जोशी

सरला जोशीको जन्म २०२२ कात्तिक १३ गते चुवा, पर्वतमा भएको हो । आमा दुर्गा श्रेष्ठ र बुबा शिवकुमार जोशीकी छोरी सरला जोशीले आई.ए.को शिक्षा आर्जन गरेकी छिन् । उनका 'अन्तिम स्वीकार' (उपन्यास, २०५८), 'शब्दको सुवास' (गजलसङ्ग्रह, २०६३) प्रकाशित कृति हुन् । विभिन्न सामाजिक, साहित्यिक संस्थासँग आबद्ध उनी विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित भएकी छिन् ।

### सरलादेवी धमला

सरलादेवी धमलाको जन्म २०१५ फागुन ११ गते पोकली, कुवारु ओखलढुङ्गामा भएको हो । आमा धनकुमारी घिमिरे तथा बुबा टीकाप्रसाद घिमिरेकी छोरी सरलादेवीले विशेषत: कविताको क्षेत्रमा काम गरेकी छिन् । उनको 'सरला' शीर्षकको कवितासङ्ग्रह २०६५ सालमा प्रकाशित भएको छ । उनले देशविदेशका एक दर्जनभन्दा

बढी सङ्घसंस्थाहरूबाट पुरस्कार, सम्मान तथा कदर प्राप्त गरेकी छिन् । हाल उनको बसोवास ओखलढुङ्गामा रहेको छ ।

**सरला विष्ट**

सरला विष्टको जन्म २०१५ साल मङ्सिर २८ गते काठमाडौँको वटुमा भएको थियो । उनको कवितासङ्ग्रह हो– 'आकाशबेली' (२०३८) । उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट आयोजित कविता महोत्सवमा दुईचोटि पुरस्कृत भइन् । उनी राष्ट्रिय वाणिज्य बैङ्कको अधिकृतमा सेवारत छिन् । लेखक तथा पत्रकार शिव अधिकारीसँगको वैवाहिक जीवनमा बाँधिएकी सरला थोरै लेखेर पनि चर्चामा रहेकी कवयित्री हुन् ।

**सरला शर्मा**

सरला शर्माको जन्म २०११ मङ्सिर ३ गते बागलुङ नगरपालिका-१०, कुँडुलेमा भएको हो । आमा जानुका आचार्य तथा बुबा दण्डपाणि आचार्यकी छोरी सरला शर्माले तीन कक्षासम्मको शिक्षा आर्जन गरेकी छिन् । उनी नेकपा, एमाओवादी पार्टीका वरिष्ठ राजनेता एवम् पूर्वमन्त्री दीनानाथ शर्माकी धर्मपत्नी हुन् । उनको 'स्मृतिका छालहरू' (२०७०) प्रकाशित पुस्तकाकार कृति हो । उनका फुटकर रचनाहरू समयसमयमा पत्रपत्रिका तथा अनलाइन पत्रिकामा पनि प्रकाशित भएको पाइन्छ । २०६१ सालमा प्रकाशित 'नरोऊ दिदीबहिनी हो' शीर्षकको तीजको गीत नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न राजनीतिक, सामाजिक सङ्घसंस्थासित आबद्ध उनी साहित्यिक क्षेत्रमा पनि उत्तिकै लगनका साथ सक्रिय छिन् । उनले नेपालका विभिन्न स्थानका अतिरिक्त भारत तथा युरोपका विभिन्न मुलुकको भ्रमण, अवलोकन पनि गरेकी छिन् ।

**सरस्वती चिमौरिया**

सरस्वती चियौरियाको जन्म २०२९ असार २१ गते बालुवा-५ काभ्रेमा भएको हो । आमा दुर्गादिवी चिमौरिया तथा बुबा कृष्णप्रसाद

चिमौरियाकी छोरी सरस्वती चिमौरियाले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'पीडाका मल्हम' (२०६८) पुस्तकाकार कृति प्रकाशित भएको छ । २०४८ सालमा प्रकाशित 'शृङ्खला' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनका फुटकर लेखरचनाहरू स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् ।

**सरस्वती नेपाल**

डा. सरस्वती नेपालको जन्म २००९ सालमा ताप्लेजुङमा भएको हो । एम.ए., पिएच.डी.को उपाधि ग्रहण गर्ने उनी प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनको 'संस्कृति रोयो' (कवितासङ्ग्रह), 'महामानवी कैकेयी' (पौराणिक खोज), 'बालकृष्ण सम र गोपालप्रसाद रिमालका नाटककार नारीपात्रको मूल्याङ्कन', 'राष्ट्रिय शृङ्गार सरिता' (गीतिकाव्य), 'रोध' (शोककाव्य), 'अमरदर्पण', 'कृष्ण अध्यात्मवादी कि भौतिकवादी' जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनी 'परमाणु' मासिक र 'क्षितिजपारी' साप्ताहिक पत्रिकाको प्रधान सम्पादक रहेकी छिन् । उनी विभिन्न साहित्यिक सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । हाल वीरगञ्जमा उनको बसोवास रहेको छ ।

**सरस्वती प्रतीक्षा**

सरस्वती प्रतीक्षाको जन्म २०३८ जेठ १० गते ताप्के, पोखरामा भएको हो । आमा राधा लालचन तथा बुबा सुमेन्द्र लालचनकी छोरी सरस्वतीले अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेकी छिन् । वरिष्ठ साहित्यकार सरुभक्तकी धर्मपुत्री सरस्वतीको 'मृत्युका बाजाहरू' र 'प्रश्नहरू नाजवाफ छन्' कविताहरू प्रथमपटक २०५५ सालमा 'गुञ्जन' पत्रिकामा प्रकाशित भएका थिए । उनका कृतिहरू 'यद्यपि प्रश्नहरू' (कवितासङ्ग्रह, २०६२), 'बिम्बहरूको कठघरा' (कवितासङ्ग्रह, २०६६) र 'बागी सारङ्गी' (कवितासङ्ग्रह, २०६९)

प्रकाशित छन् । सरस्वती प्रतीक्षा 'गणेश तथा हस्तकुमारी स्मृति पुरस्कार' (२०६६), 'भूपिस्मृति पुरस्कार' (२०६८), 'गुञ्जन प्रतिभा पुरस्कार' (२०६९), 'धादिङ साहित्य समाज सम्मान' (२०६३), 'समता काव्य सम्मान' (२०६३) लगायत अन्य सम्मान एवम् पुरस्कारद्वारा सम्मानित छिन् । उनी संरक्षण कविता आन्दोलनकी सदस्य तथा पोखरेली युवा सांस्कृतिक परिवारकी अध्यक्ष हुन् । उनी विश्व नारी नेपाली साहित्य सम्मेलनकी गण्डकी अञ्चल अध्यक्ष हुन् ।

### सरस्वती रिजाल

सरस्वती रिजालको जन्म २०१२ सालमा भरतपुर नगरपालिका २ आँपटारी, चितवनमा भएको हो । अध्यापन पेसामा संलग्न उनका 'एक फुल्को घाम' (कवितासङ्ग्रह, २०५१), 'साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर' (सहसमालोचना, २०६२), 'प्रबोधन' (कवितासङ्ग्रह, २०६४), 'प्रसङ्ग भ्रम र पात्रहरू' (लुघकथासङ्ग्रह, २०६५) जस्ता कृतिहरू प्रकाशित छन् । विभिन्न साहित्यिक सांस्कृतिक संस्थामा समेत संलग्न उनी 'ॐ प्रतिभा सम्मान' २०६१, 'कालिका स्रष्टा सम्मान' २०६२, 'पल्लव साहित्य सम्मान' २०६२, 'नारायणी वाङ्मय पुरस्कार' २०६२, 'चिसाप प्रतिभा पुरस्कार' २०६३ आदिबाट सम्मानित भएकी छिन् ।

### सरस्वती शर्मा जिज्ञासु

सरस्वती शर्मा जिज्ञासुको पूरा नाम सरस्वती शर्मा पौडेल हो । उनको जन्म शिवालय-५ पर्वतमा भएको हो । आमा गौरी अधिकारी तथा बुबा प्रजापति अधिकारीकी छोरी सरस्वती शर्माले प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा गरेकी छिन् । रेडियो पत्रकारितामा संलग्न उनका 'नारीको आह्वान' (गीतिसङ्ग्रह, २०६१), 'हुस्सुभित्रको कुहिरो' (संयुक्त गजलसङ्ग्रह, २०६२) प्रकाशित भएका छन् । 'नव माधुरी' पत्रिकाको सम्पादकसमेत रहेकी उनी 'गजल मञ्च नेपाल धौलागिरि'की संयोजक एवम् 'माधुरी साहित्य प्रतिष्ठान कुस्मा' पर्वत

तथा 'धौलागिरि महिला विकास समिति' पर्वतकी अध्यक्षसमेत रहेकी छिन् । अन्य सामाजिक-साहित्यिक सङ्घसंस्थासँग आबद्ध शर्मा 'नारी दिवस कविता पुरस्कार' (२०६१), 'जेसिज कविता पुरस्कार' (सन् २००५), 'साहित्यिक यात्रा सम्मान', 'दीपशिखा स्रष्टा सम्मान' (२०६३), 'शान्तिदूत सम्मान' (२०६३), 'लक्ष्मी स्मृति सम्मान' (२०६५), 'पल्लव सम्मान' (२०६६), 'धनवाणी युवा साहित्यिक पुरस्कार' (२०६७), 'ऋषिराम रानाभाट स्मृति पुरस्कार' (२०६९) आदिबाट पनि सम्मानित रहेकी छिन् ।

**सरिता अधिकारी**

सरिता अधिकारीको जन्म २०११ मङ्सिर १७ गते सिरहामा भएको हो । आमा आशादेवी शर्मा र बुबा माधवप्रसाद शर्माकी छोरी सरिता अधिकारीले बी.एड. उत्तीर्ण गरेकी छिन् । अध्यापन पेसामा संलग्न उनको 'सगरमाथा उचाल्ने हात' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । उनी विभिन्न साहित्यिक संस्थामा संलग्न पनि रहेकी छिन् ।

**सरिता अर्याल**

सरिता अर्यालको जन्म २००६ सालमा बानेश्वर, काठमाडौँमा भएको थियो । उनी पन्ध्र वर्ष पुग्दानपुग्दै अपाङ्ग भएकी थिइन् । शारीरिक रूपमा अशक्त भए तापनि उनी मानसिक रूपमा भने पूर्ण स्वस्थ नै थिइन् । उनले 'उद्गार' नामक कवितासङ्ग्रह (२०४८) जनसमक्ष ल्याइन् । उनी २०६० सालमा स्वर्गीय भइन् ।

**सरिता अर्याल**

सरिता अर्यालको जन्म २०२१ चैत १९ गते इनरुवा, सुनसरीमा भएको हो । आमा रुक्मिणी पोखरेल तथा बुबा नगेन्द्र पोखरेलकी छोरी सरिता अर्यालले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. उत्तीर्ण गरेकी छिन् । स्वतन्त्र पत्रकारिता कार्यमा संलग्न उनका 'नयाँ सडक', 'सुखी संसार' तथा 'फर्केर हेर्दा' (२०७०) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् । उनका फुटकर लेखरचनाहरू राष्ट्रिय स्तरका विभिन्न

पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी विभिन्न संस्थासँग पनि आबद्ध छिन् । नेपालको अधिकांश जिल्लाको भ्रमण गर्ने उनले इजरायल, संयुक्त अरब इमिरेट्स, अमेरिका आदिको भ्रमणसमेत गरेकी छिन् ।

**सरिता ढकाल**

सरिता ढकालको जन्म १९९६ सालमा इलाममा भएको थियो । उनको प्रकाशित कृति 'प्रगतिशील दृष्टिमा केही समालोचनाहरू' (समालोचनासङ्ग्रह, २०२०) हो ।

**सरिता राई**

सरिता राईको जन्म २०४८ माघ १३ गते पञ्चन-९ सोलुखुम्बुमा भएको हो । आमा बालकुमारी राई तथा बुबा आशामान राईकी छोरी सरिता राई बी.एड.मा अध्ययनरत छिन् । पत्रकारिता पेसामा संलग्न राई विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध छिन् । उनको 'सोलुखुम्बु गजल सँगालो' (सहलेखन, २०६९) प्रकाशित कृति हो ।

**सरिता राई प्रधान**

सरिता राई प्रधानको जन्म सन् १९४० जुलाई २७ मा लोअर भोटिया बस्ती, दार्जिलिङ (भारत) मा भएको हो । आमा इन्द्रमाया राई तथा बुबा हर्कमान राईकी छोरी सरिता राईले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'अर्चना' (उपन्यास, सन् १९७१), 'यौवनको सँघारमा' (कथासङ्ग्रह, सन् १९७६), 'यहाँ इतिहास दोहोरिन्छ' (नाटक), 'पहाडी गुलाफ' (कवितासङ्ग्रह) जस्ता प्रकाशित भएका छन् । उनी राष्ट्रिय पुरस्कारले सम्मानित छिन् ।

**सरु पोखरेल**

सरु पोखरेलको जन्म २०३१ मङ्सिर १६ गते ओरस्टे, स्याङ्जामा भएको हो । आमा विमला पोखरेल तथा बुबा गुरुप्रसाद पोखरेलकी छोरी सरु पोखरेलले समाजशास्त्रमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनको 'मुना टुसाएपछि'

शीर्षकको कथासङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर लेखरचनाहरू स्थानीय र राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । २०४९ सालमा 'मधुपर्क'मा प्रकाशित 'अतीत, वर्तमान र भविष्य' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनले नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारत, थाइल्यान्ड आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**सविता अर्ज्याल**

सविता अर्ज्यालको जन्म १९९६ फागुन २७ गते विराटनगरमा भएको थियो । बुबा पूर्व प्रधानमन्त्री जनरल मातृकाप्रसाद कोइराला र आमा मञ्जु कोइरालाकी छोरी तथा ध्रुवप्रसाद अर्ज्यालकी धर्मपत्नी सविताको प्रकाशित कृति 'सविताका कविता' (कवितासङ्ग्रह, २०५८) हो । गायन तथा वीणावादनमा उनको विशेष रुचि थियो । उनी समाजसेवीका रूपमा पनि परिचित थिइन् । उनको निधन २०५७ भदौ ५ गते विराटनगरमै भएको थियो ।

**सविता गौतम दाहाल**

सविता गौतम दाहालको जन्म तेजपुर, असम (भारत)मा भएको हो । आमा जया गौतम तथा बुबा काशीनाथ गौतमकी छोरी सविता गौतमले त्रिभुवन विश्वविद्यालयबाट रसायनशास्त्र र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । अध्यापन पेसामा संलग्न उनको 'निलो सिमाना' (कवितासङ्ग्रह, २०६७) प्रकाशित छ । २०४५ मा 'आरसी' पत्रिकामा छापिएको 'विद्यार्थी' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनका केही फुटकर लेखरचनाहरू स्थानीय र राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी 'विमल स्मृति युवा पुरस्कार' २०६३, 'वाणी नवप्रतिभा पुरस्कार' २०६४, 'नरेन्द्र चापागाई स्मृति युवा प्रतिभा पुरस्कार' २०६९, 'युवा प्रतिभा पुरस्कार' २०६९ जस्ता विभिन्न पुरस्कारहरूबाट सम्मानित भएकी छिन् । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनले

नेपालका विभिन्न स्थानका अतिरिक्त भारत, चीन, थाइल्यान्ड आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी मोरङमा बसोवास गर्छिन् ।

**सविता थापा 'सङ्कल्प'**

सविता थापाको जन्म सन् १९७६ मा दार्जिलिङमा भएको हो । आमा सरस्वती थापा तथा बुबा अर्जुन थापाकी छोरी सविता थापाले एच.एस. उत्तीर्ण गरेकी छिन् । उनी शिक्षण पेसामा संलग्न छिन् । लेखन, गायन, पत्रकारिताजस्ता कार्यमा समेत संलग्न उनी विभिन्न साहित्यिक र सामाजिक सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनी 'दिगो', 'कानुङ रोस' (हाम्रो संस्कृति), 'हिमालय दर्पण' जस्ता पत्रिकाको सम्पादन कार्यमा पनि संलग्न रहेकी छिन् । उनका 'खरानीभित्र लुकेको आगो' (कवितासङ्ग्रह, सन् १९९३), 'सङ्कल्प अशेष भावनाहरू' (कवितासङ्ग्रह, सन् २००३), 'सङ्गीताञ्जलि' (गीतिसङ्ग्रह, सन् २००६), 'उज्यालो खोज्दै मनहरू' (गीतिएल्बम्), 'भीडभित्रका अनुहारहरू' (प्रतिभा परिचयसङ्ग्रह, सन् २०११) जस्ता कृति प्रकाशित छन् । उनी आकाशवाणी रेडियो खर्साङकी नियमित वार्ताकार रहेकी छिन् । उनी विभिन्न संस्थाहरूबाट सम्मानित र पुरस्कृतसमेत छिन् ।

**सविता श्रेष्ठ 'बेहोसी'**

सविता श्रेष्ठ 'बेहोसी'को जन्म २०२० जेठ २४ गते विजयपुर, धरानमा भएको हो । आमा चन्द्रकुमारी श्रेष्ठ र बुबा देवीप्रसाद श्रेष्ठकी छोरी सविता श्रेष्ठ 'बेहोसी'ले बी.ए.को शिक्षा ग्रहण गरेकी छिन् । उनका 'आफ्नै व्यथा आफ्नै तरङ्ग' (कथासङ्ग्रह, २०४१), 'अनन्तमा मिल्ने आशामा दुई समानान्तर रेखाहरू' (उपन्यास, २०४४), 'जीवनज्योति' (उपन्यास, २०५२) जस्ता कृति प्रकाशित भएका छन् । २०३४ सालमा प्रकाशित 'हिमालय' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनका फुटकर कविता आदि विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भइराखेका छन् । विभिन्न सरकारी गैर-सरकारी संस्थाहरूसँग

सम्बद्ध श्रेष्ठ 'मोहन रेग्मी स्मृति सम्मान' बाट सम्मानित भएकी छिन् । नेपालको विभिन्न स्थान तथा भारत, बङ्गलादेश, जापान, थाइल्यान्ड आदिको भ्रमण गर्ने उनी हाल ललितपुरमा बस्छिन् ।

**सविता सोम्देन**

सविता सोम्देनको जन्म सन् १९५३ जुन २५ मा दार्जिलिङमा भएको हो । आमा गोतमी मोक्तान तथा बुबा जितबहादुर मोक्तानकी छोरी सविता सोम्देनले फाइन आर्टस्मा डिप्लोमा तथा इन्टेरियर डेकोरेसनसम्बन्धी शिक्षा ग्रहण गरेकी छिन् । उनका 'द लज अफ नेचर' (सन् २००३) तथा यही पुस्तकको नेपाली अनुवाद 'प्रकृतिका नियम' (सन् २००५) पनि प्रकाशित भएको छ । विभिन्न संस्थासँग आबद्ध उनले नेपाल र भारतका विभिन्न स्थानका अतिरिक्त एसिया र युरोपका केही देशको भ्रमण पनि गरेकी छिन् ।

**साङ्मू लेप्चा**

साङ्मू लेप्चाको जन्म सन् १९६२ अगस्ट १९ मा सामसिङ, दार्जिलिङमा भएको हो । आमा लामित लेप्चा र बुबा मारछिरिङ लेप्चाकी छोरी साङ्मू लेप्चाले उत्तरबङ्ग विश्वविद्यालयबाट एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । प्रधान अध्यापिका पदमा कार्यरत उनका 'पैयूँ फेरि फुल्ने आशामा' (सन् २००७), 'अव्यक्त कथा' ( सन् २०१०), 'वनसंसार' (बालउपन्यास, सन् २०१२), 'मनमञ्जरी' (बालकविता, सन् २०१३) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा समेत फुटकर कविता, कथा आदि प्रकाशित हुने उनको पहिलो प्रकाशित रचना सन् २००० मा प्रकाशित 'परिहार' शीर्षकको कथा हो । उनी विभिन्न सङ्घसंस्थाहरूसँग पनि आबद्ध रहेकी छिन् । उनी 'देवकोटा शताब्दी पदक' २००९, 'प्रतिभा स्रष्टा पुरस्कार' आदिबाट पनि सम्मानित भएकी छिन् । उनले नेपाल र भारतको विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**साधना भट्टराई दाहाल**

साधना भट्टराई दाहालको जन्म २०२४ सालमा सेर्ना, ओखलढुङ्गामा भएको हो । साधना भट्टराई दाहाल आमा प्रभा भट्टराई तथा बुबा घटराज भट्टराईकी छोरी हुन् । एम.ए.को शिक्षा आर्जन गर्ने उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनको 'बाबा अल्पियौ किन ?' (शोककाव्य, २०६४) प्रकाशित छ । उनले घटराज भट्टराईद्वारा लिखित 'तीन धामयात्रा' प्रबन्धको सम्पादन पनि गरेकी छिन् । सरस्वती एकेडेमीकी प्राचार्य साधनाको बसोवास काठमाडौँमा छ ।

**सानी रुम्बा**

सानी रुम्बाको जन्म सन् १९४९ जनवरी ७ मा दार्जिलिङमा भएको हो । आमा पवित्र गुरुङ तथा बुबा धनमान गुरुङकी छोरी सानी रुम्बाले स्नातक तहको शिक्षा आर्जन गरेकी छिन् । उनको 'मेरो क्षितिज' (सन् २००९) शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर कविता, गीत, भजन आदि रचनाहरूको विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । उनको पहिलो प्रकाशित रचना सन् १९७३ मा प्रकाशित 'नारी' शीर्षकको कविता हो । उनका संवाद, वार्ताहरू रेडियोबाट प्रसारित पनि भएका छन् ।

**सानु घिमिरे**

सानु घिमिरेको जन्म २०४० साल वैशाख ११ गते धरानमा भएको हो । आमा गोमादेवी घिमिरे तथा बुबा कृष्णप्रसाद घिमिरेकी छोरी सानु घिमिरेले पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर तह उत्तीर्ण गरेकी छन् । उनको 'ग्रहण' (कवितासङ्ग्रह, २०७०) प्रकाशित छ । 'नेपाल पोस्ट'मा सन् २००८मा प्रकाशित 'मुसलमान प्रेमी' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । हाल अस्ट्रेलियामा बस्ने उनी अस्ट्रेलियाका लागि नेपाली साहित्यिक दूत रहेकी छन् ।

**सानुमती राई प्रधान**

सानुमती राईको जन्म सन् १९२९ नोभेम्बर २२ मा मेनरोड, कालेबुङ (भारत) मा भएको हो । आमा पवित्र राई र बुबा हर्कवीर राईकी छोरी सानुमती राईले पी.यु.सी.को शिक्षा आर्जन गरेकी छिन् । वरिष्ठ साहित्यकार भाइचन्द्र प्रधानकी श्रीमती सानुमती राईका कविता सन् १९४८ देखि प्रकाशित हुन थालेका हुन् । उनका 'उद्गार' र 'निवेदन' दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भएको पाइन्छ । विभिन्न साहित्यिक संस्थासँग आबद्ध उनी 'पारिजात पुरस्कार' सन् २०१०, 'महाकवि देवकोटा शताब्दी सम्मान' सन् २००९ आदिबाट पनि सम्मानित रहेकी छिन् ।

**सामना पहाड**

सामना पहाडको वास्तविक नाम सुमन सिलवाल 'अधिकारी' हो । उनको जन्म २०३९ पुस १५ गते बच्छा ४, पर्वतमा भएको हो । आमा सीतादेवी र बुबा रामप्रसाद सिलवालकी छोरी सामना पहाडले एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'गजल पथका यात्रीहरू' (संयुक्त गजलसङ्ग्रह, २०६१), 'नेपाली गजलमा नारी हस्ताक्षर' (संयुक्त गजलसङ्ग्रह, २०६२), 'गजलदीप' (संयुक्त गजलसङ्ग्रह, २०६३), 'समयसमयका स्वरहरू' (संयुक्त कवितासङ्ग्रह, २०६५), 'चितवनका कवि र कविता' (संयुक्त कवितासङ्ग्रह, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । उनी 'अभ्युदय' तथा 'आदानप्रदान' पत्रिकाको सम्पादन कार्यमा पनि संलग्न रहेकी छिन् । २०५८ सालमा चितवन पोस्ट, दैनिकमा प्रकाशित 'नारीको पीडा' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सामाजिक साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी दर्जनौँ पुरस्कारबाट सम्मानित पनि भएकी छिन् ।

**सावित्रा लुइटेल घिमिरे**

सावित्रा लुइटेल घिमिरेको जन्म २०२९ साल फागुन १५ गते चन्द्रगढी-३, झापामा भएको हो । आमा भीममाया लुइटेल तथा बुबा

दिल लुइटेलकी छोरी सावित्रा लुइटेलको गजलसङ्ग्रह 'छचल्किएका भावना' (२०६९) प्रकाशित भएको छ । भारतको पनि भ्रमण गर्ने उनी हाल इजरायलमा रहेकी छिन् ।

**सावित्री अर्ज्याल सिलवाल**

डा.सावित्री अर्ज्याल सिलवालको जन्म २००२ सालमा धादिङमा भएको हो । उनले 'कल्पना' (नाटक, २०२१) लेखिन् । साथै उनले शरद्चन्द्र चट्टोपाध्यायको 'देवदास' उपन्यास हिन्दीबाट सन् १९६४ मा नेपाली भाषामा अनुवाद पनि गरिन् । पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्ने अर्ज्यालले २०५८ मा 'चेपाङ जातिको रीतिरिवाज' विषयमा पिएच.डी. गरेकी छिन् । उनी 'दीर्घसेवापदक' बाट सम्मानित भएकी छिन् ।

**सावित्री कार्की**

सावित्री कार्कीको जन्म २०२७ पुस १ गते कटुन्जे-७ भक्तपुरमा भएको हो । आमा जानुका कार्की तथा बुबा चिरञ्जीवी कार्कीकी छोरी सावित्री कार्कीले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., बी. एड. तहको उपाधि लिएकी छिन् । २०६२ सालमा प्रकाशित 'नेपाली गजलमा नारी हस्ताक्षर' शीर्षकको कृति नै उनको पहिलो प्रकाशित रचना हो । उनका प्रकाशित अन्य कृतिहरूमा 'समर्पण' (२०६४) तथा 'उत्पीडन' (२०६५) गजलसङ्ग्रह एवम् 'जुनेली' (२०६६) काव्य मुख्य छन् । विभिन्न पत्रपत्रिकामा फुटकर कविता, गजल आदिको प्रकाशन गराउने कार्कीका केही पुस्तकाकार रचना प्रकाशोन्मुख रहेका छन् । हाल शिक्षण पेसामा आबद्ध कार्की 'भक्तपुर नेत्रहीन सङ्घ'की सभापति र सचिव पदमा कार्यरत छन् । उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । 'कमला स्मृति पुरस्कार' लगायत भक्तपुर जिल्लास्तरीय उत्कृष्ट नारी सम्मान आदिबाट समेत उनी सम्मानित भएकी छिन् । उनले भारत, पाकिस्तान, चीनको भ्रमण गरेकी छन् । उनको स्थायी ठेगाना कास्की रहेको छ ।

**सावित्री थापा**

सावित्री थापाको उपनाम सावित्री जङ्गम थापा हो । उनको जन्म २००१ जेठ १५ गते टौमढी टोल, भक्तपुरमा भएको हो । उनले एम.ए.बी.एल. उत्तीर्ण गरेकी छन् । आमा जमुना जङ्गम तथा बुबा गोविन्दहरि जङ्गमकी छोरी सावित्री थापा कविता, गीत आदिको क्षेत्रमा साधनारत छिन् । 'नेपालमा समाजसेवा' (२०३३, २०६१), 'सहकारी परिचय' (२०५०), 'जीवनधारा' (२०५५), 'चेलीको व्यथा' (गीतिनाटक), 'सय थोपा गीतामृत' (२०६३), 'त्रिवेणी' (२०६५, ज्ञान, भक्ति र कर्मको श्रीमद्भागवत गीता), 'अनुभूतिका लहर' (कवितासङ्ग्रह, २०६८) जस्ता नेपाली वाङ्मयका रचना प्रकाशित गराउने उनी 'समाजसेवापदक', 'वीरेन्द्रऐश्वर्य सेवापदक', 'एनपिरिसि सम्मान' (२०५७) जस्ता विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित छिन् । उनी हाल काठमाडौँमा बसोवास गर्दछिन् ।

**सावित्री पोखरेल**

सावित्री पोखेलको जन्म १९९५ सालमा धनकुटाको सिबुवामा भएको हो । उनको चिनाको नाम दिव्यकुमारी हो । उनी सुभद्रा नामले पनि प्रसिद्ध छिन् । आमा मन्दोदरी आचार्य र बुबा कालीप्रसाद आचार्यकी छोरी सावित्रीले कक्षा १० सम्ममात्र अध्ययन गरेकी छन् । उनको 'कलङ्की समाज' २०१५ सालमा प्रकाशित भएको छ । यो नारी सर्जकद्वारा लेखिएको नेपाली भाषासाहित्यको प्रथम नाट्यकृति हो । उनको 'कुमारी गाथा' (कवितासङ्ग्रह, २०६४) पनि प्रकाशित छ । उनले जापान, थाइल्यान्ड, हङकङ, सिङ्गापुर आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**सावित्री मल्ल कक्षपति**

डा.सावित्री मल्ल कक्षपति आमा भगवतीमाया कक्षपति र बुबा यज्ञप्रसाद कक्षपतिकी छोरी हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि ग्रहण गरेकी छिन् । प्रसिद्ध साहित्यकार अशेष

मल्लकी धर्मपत्नी डा. सावित्री मल्ल कक्षपति प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । 'सर्वनाम' नाट्य संस्थासँग सम्बद्ध उनको 'पाल्पाको लोकगीत अध्ययन र विश्लेषण' (२०५२) पुस्तकाकार कृति प्रकाशित भएको छ । २०३२ सालमा 'आलोक' मा प्रकाशित 'सलमा' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनले एसिया र युरोपका विभिन्न मुलुक तथा अमेरिकाको भ्रमण गरेकी छिन् ।

**सावित्री श्रेष्ठ**

आमा मिलनदेवी श्रेष्ठ तथा बुबा मुक्तिनाथ रञ्जितकी छोरी सावित्री श्रेष्ठले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि लिएकी छिन् । उनको जन्म २०१६ साल भदौ १५ गते भएको हो । प्राध्यापन पेसामा संलग्न उनका 'अर्थशास्त्रका तत्त्वहरू', 'प्रारम्भिक वित्त शास्त्र परिचय', 'नेपाल परिचय', 'नेपाली महिला र जनआन्दोलन', 'चेग्वेभारा जिन्दगी र सोचहरू', 'अक्षलोक' (सम्पादन) आदि पुस्तकहरू प्रकाशित छन् । उनले 'क्रान्ति युद्धको कहानी' (चेग्वेभारा) तथा 'पुँजीवादी जनवाद'को अनुवाद पनि गरेकी छिन् । उनी विभिन्न संस्थाहरूसँग पनि आबद्ध रहेकी छिन् ।

**सावित्री सुन्दास**

सावित्री सुन्दासको जन्म सन् १९४१ मा जनकपुरमा भएको हो । आमा जयश्री मल्ल र बुबा श्रीकण्ठ मल्लकी छोरी सावित्री सुन्दासले मेट्रिक तथा हिन्दीमा 'विशारद' को उपाधि लिएकी छिन् । उनको कर्मथलो दार्जिलिङको खरसाङ बन्यो । उनका प्रकाशित कवितासङ्ग्रहहरू हुन्– 'भावचित्र' (सन् १९७४), 'इच्छाको अवशेष' (सन् १९९६) र 'दग्दशील' । उनले 'प्रतिध्वनि' पत्रिकाको पनि सम्पादन गरिन् । सुन्दास 'भारतीय दलित साहित्य एकादमी', (दिल्ली) फेलोसिपद्वारा सन् १९९७ मा सम्मानित भइन् ।

**सिन्धु राणा**

सिन्धु राणा २००७ सालमा ज्ञानेश्वर, काठमाडौँमा जन्मिएकी हुन् । आमा रश्मिराज्यलक्ष्मी शाह तथा बुबा जगत्प्रकाशजङ्ग पराक्रम

शाहकी छोरी सिन्धु राणा अवकाशप्राप्त प्रधानसेनापति महारथी प्रज्ज्वलशमशेर जबराकी धर्मपत्नी हुन् । २०४५ सालदेखि नै गीतलेखन एवम् प्रकाशन कार्यमा सक्रिय उनको 'महालक्ष्मी व्रतकथा' सम्पादित कृति प्रकाशित भएको छ । उनका प्रेम प्रार्थना, रश्मि, धन्यपिरती, मोह, अत्तर, भक्तिभजन, भावना, माटो समाऊ, अनुराग, सुनगाभा जस्ता गीत, भजन एल्बम् पनि प्रकाशमा आएका छन् । उनको वाटर कलरमा 'चित्रप्रदर्शनी' पनि भएको छ । 'गद्दीआरोहण रजत महोत्सवपदक', 'दैवी प्रकोप पीडितोद्धारपदक', 'वीरेन्द्रऐश्वर्य सेवापदक', 'उत्कृष्ट गीत रचना पुरस्कार' (२०५८, २०५९) बाट पुरस्कृत हुने उनी 'सैनिक श्रीमती सङ्घ'की पूर्व अध्यक्ष हुन् । उनले एसिया, युरोप र अमेरिकाका विभिन्न मुलुकको भ्रमण गरेकी छिन् ।

**सिर्जना शर्मा**

सिर्जना शर्माको जन्म २०१३ साल भदौ १७ गते डोटीमा भएको थियो । उनका प्रकाशित कृति 'पल्लव' (बालचित्रकथा, २०५७), 'अन्त्यहीन पहिराहरू' (कथासङ्ग्रह, २०६२), 'जुनकिरीको उडान' (मुक्तकसङ्ग्रह, २०६२), 'पुतलीको बिहे' (बालकथासङ्ग्रह, २०६३), 'मन चिन्ते झोला' (बालकथासङ्ग्रह, २०६३), 'छट्टू स्याल' (बालचित्रकथा, २०६३), 'को ठूलो ?' (बालकथासङ्ग्रह, २०६३), 'पींपीं बाजा' (बालकथासङ्ग्रह, २०६३) र 'खोले भूत' (बालकथासङ्ग्रह, २०६३) हुन् । यिनी समाजशास्त्रमा एम. ए. गरेर सेवामा पसिन् । यिनी सेभ द चिल्ड्रेन (यू. एस.) मा सञ्चार अधिकृत छिन् । यिनले किशोरहरूका लागि तयार पारेको व्यङ्ग्यचित्र 'युवा खुल्दुली' (२०६३) पनि प्रकाशित छ ।

**सीता अधिकारी 'पीडित'**

सीता अधिकारी 'पीडित'को जन्म २०४२ सालमा भुम्वेदिन-१, ताप्लेजुङमा भएको हो । आमा गायत्रा अधिकारी तथा बुबा टीकाराम अधिकारीकी छोरी सीता अधिकारी बी.एड.मा अध्ययनरत छिन् ।

शिक्षण पेसामा संलग्न उनको बालकवितासङ्ग्रह प्रकाशित भएको छ । उनका कतिपय फुटकर कविता, कथा आदि विभिन्न स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । सम्पादन कार्यमा पनि उनको सक्रियता छ । उनी विभिन्न साहित्यिक संस्थासँग आबद्ध रहेकी छिन् ।

**सीता अर्याल**

सीता अर्याल २०१८ असोज १४ गते बन्दीपुरमा जन्मिएकी हुन् । स्नातक तह उत्तीर्ण उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनका 'मृगतृष्णा' (२०६०), 'उपमा' (२०६२), 'पुस्तान्तर' (२०६६, सहलेखन), 'पर्दाभित्र' (२०६७) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् । उनी 'चिमकेश्वरी युवा कविता पुरस्कार', 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' आदिबाट सम्मानित भएकी छिन् ।

**सीतादेवी**

सीतादेवी सन् १९७१ मे ५ मा उदालगुडी, असम (भारत) मा जन्मिएकी हुन् । इतिहासमा एम.ए., बी.एड. तथा हिन्दीमा प्रवीण उनी शिक्षण पेसामा संलग्न छिन् । विभिन्न साहित्यिक संस्थामा आबद्ध उनका 'तिम्रो स्मृतिमा' (सन् १९९७), 'दिगन्त आकौं सूर्य' (सन् २००७, असमियामा) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् ।

**सीतादेवी प्रधान (सीतादेवी राजवैद्य)**

सीतादेवी प्रधान (राजवैद्य) २००८ साल माघ १० गते कालिमाटी, काठमाडौँमा जन्मिएकी हुन् । बी.एड. तहको शिक्षा आर्जन गर्ने उनी शिक्षण पेसामा संलग्न रहेकी छिन् । उनका 'कोसेली' (कवितासङ्ग्रह, २०२४), 'ढुङ्ग्रो फक्रन्न' (काव्य, २०२८), 'समर्पण' (गीतसङ्ग्रह, २०६३), 'एक छेउ नारी आन्दोलन' (काव्य, २०६३), 'विचलित स्पन्दन' (काव्य, २०६३), 'पृथ्वी' (महाकाव्य, २०६४) प्रकाशित छन् । 'नेपाल महिला सङ्गठन', सिन्धुपाल्चोक, 'सीता मेमोरियल ट्रस्ट', सिन्धुपाल्चोक आदिका अध्यक्ष उनी विभिन्न पुरस्कार आदिबाट पनि सम्मानित भएकी छिन् ।

**सीतादेवी बाँस्तोला बराल**

सीतादेवी बाँस्तोलाको जन्म सन् १९७४ मार्च १९ मा फूलबारी पोखरा, कास्कीमा भएको हो । आमा भगवती बाँस्तोला तथा बुबा बलराम शर्मा बाँस्तोलाकी छोरी सीतादेवीले प्रमाणपत्र तहको शिक्षा आर्जन गरेकी छिन् । सीतादेवीका रचनाहरू विभिन्न पत्रपत्रिका तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित भइराखेका छन् । उनको पहिलो प्रकाशित रचना सन् २००९मा प्रकाशित 'भुन्टी' शीर्षकको कथा हो । उनको 'भुन्टी' शीर्षकको कथासङ्ग्रह २०६७ सालमा प्रकाशित भएको छ । उनी विभिन्न सङ्घसंस्था एवम् पत्रपत्रिकासँग पनि सम्बद्ध छिन् । हाल लिसबन, पोर्चुगलमा बस्ने बराल पोर्चुगलका लागि नेपाली साहित्यिक दूत रहेकी छिन् ।

**सीतादेवी रिमाल**

सीतादेवी रिमाल १९७७ फागुन १ गते दाङमा जन्मिएकी हुन् । उनका 'वाल्मीकि रामायण सङ्क्षिप्त नेपाली रूप' (२०६२), 'सीतादेवी रिमालका कविताहरू' जस्ता कृति प्रकाशित छन् । उनी 'त्रिमूर्ति पुरस्कार' (२०७०), 'रिमाल समाज सम्मान' (२०६९), नेपाली शिक्षा परिषद् सम्मान' (२०६८), 'मैनाबहादुर पुरस्कार' आदिबाट सम्मानित छिन् । सुप्रसिद्ध ईञ्जिनियर शङ्करप्रसाद रिमालकी आमा सीतादेवीको २०७० सालमा स्वर्गारोहण भयो ।

**सीता पाण्डे**

सीता पाण्डेको जन्म २०१६ साल फागुन १६ गते झापाको गौरादह, हाँसखोरामा भएको हो । आमा खिलकुमारी तथा बुबा खिलध्वज पाण्डेकी छोरी सीता पाण्डेले बी.ए. उत्तीर्ण गरेकी छिन् । उनले विभिन्न संस्थामा जागिरे भई काम गरेकी छिन् । उनले साहित्यको कविता, कथा, निबन्धको क्षेत्रमा योगदान दिएकी छिन् । २०४२ सालमा 'असजिला खुशीहरू' शीर्षकमा उनको सर्वप्रथम रचना प्रकाशित भएको हो । उनका 'बन्धकी खुशीहरू' (कथासङ्ग्रह, २०४५), 'अन्तर्द्वन्द्व'

(लघुउपन्यास, २०५६), 'सीता पाण्डेका कथाहरू' (कथासङ्ग्रह, २०५४), 'यौन र अनुभूति' (निबन्धसङ्ग्रह, २०५६) प्रकाशित छन् । विभिन्न संस्थाहरूसित आबद्ध पाण्डे 'राष्ट्रिय महिला खेलकुद सङ्घ' की अध्यक्ष पनि भएकी थिइन् । उनले भारत, चीन, बङ्गलादेश, मलेसिया, जापान, फिनल्यान्ड, स्पेन आदि देशको पनि भ्रमण गरेकी छिन् । उनी हाल अमेरिकामा रहेकी छिन् ।

**सीता पाण्डे**

डा.सीता पाण्डे २००५ साल वैशाख १ गते वीरगञ्ज, पर्सामा जन्मिएकी हुन् । पिएच.डी. को उपाधि लिने उनी प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनका 'रूख र फूलहरू' (कवितासङ्ग्रह, २०५२), 'केही सोच केही चिन्तन' भाग १ (२०५६) कृति प्रकाशित छन् ।

**सीतामैयाँ श्रेष्ठ**

सीतामैयाँ श्रेष्ठको जन्म २०४७ भदौ २५ गते कमलामाई नगरपालिका ४ शाखाजोरमा भएको हो । आमा सूर्यमाया श्रेष्ठ र बुबा विष्णुनारायण श्रेष्ठकी छोरी सीतामैयाँ श्रेष्ठ बी.एड.मा अध्ययनरत छिन् । उनको 'कैफियत' (संयुक्त गजलसङ्ग्रह, २०७०) प्रकाशित कृति हो । २०५९ सालमा 'प्रयास' पत्रिकामा प्रकाशित बालकविता नै उनको प्रथम प्रकाशित रचना हो । नाटक तथा सडक नाटकमा समेत अभिनय गर्ने उनी विभिन्न प्रतियोगितामा पुरस्कृत पनि भएकी छिन् । उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**सीता वि.क.**

सीता वि.क.को जन्म २०३९ साल कात्तिक १० गते गोठीवाङ–३, प्युठानमा भएको हो । आमा हस्तीदेवी वि.क. र बुबा धनबहादुर वि.क.की छोरी सीता वि.क.को 'युद्धभित्रका संस्मरण' (२०६८) पुस्तकाकार कृति प्रकाशित छ ।

**सीता विष्ट कार्की**

सीता विष्ट कार्कीको जन्म २०२३ असार ९ गते डबका, पाल्पामा भएको हो । आमा यमकुमारी विष्ट तथा बुबा लीलाबहादुर

विष्टकी छोरी सीता विष्टले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., एम.पी.ए., एम.फिल.को उपाधि लिएकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'आँसुको फूल' (२०६७) पुस्तकाकार कृति प्रकाशित भएको छ । २०३८ सालमा 'कुसुम' पत्रिकामा 'हिमाल' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । उनी 'गुञ्जन सम्मान'बाट सम्मानित छिन् ।

### सीता सुवेदी पन्थी

सीता सुवेदी पन्थीको जन्म २०३० फागुन २० गते अर्घातोस-३, अर्घाखाँचीमा भएको हो । आमा केशरा सुवेदी तथा बुबा लोकनाथ सुवेदीकी छोरी सीता सुवेदी पन्थीले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए., एम.एड. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न सीता सुवेदीको पहिलो प्रकाशित रचना 'भूसन्देश साप्ताहिक'मा २०५८ जेठ ३ मा प्रकाशित 'प्रजातन्त्र आए पनि' शीर्षकको कविता हो । 'नवतारा', 'चिचिला' राष्ट्रिय बालपत्रिकाको सम्पादक पनि रहेकी उनका 'पुतलीको साथी' (बालकवितासङ्ग्रह, २०६९), 'तरङ्ग' (कवितासङ्ग्रह, २०६९) जस्ता मौलिक रचना कृति प्रकाशित छन् । उनका 'व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन' (२०६०), 'हर्षनाथ शर्मा भट्टराईका भाषिक कृतिहरूको अध्ययन' (२०६४) जस्ता कृतिहरू पनि प्रकाशित छन् । उनी बौद्धिक समाज बालकोट, भक्तपुरमा आबद्ध रहेकी छिन् । नेपालका विभिन्न स्थलको भ्रमण गर्ने उनी हाल भक्तपुरमा बसोवास गर्दछिन् ।

### सीमा आभास

सीमा आभासको खास नाम सजना दाहाल हो । उनको जन्म २०३९ साउन २० गते भएको हो । सीमा आभासकी आमाको नाम सोधा दाहाल तथा बाबुको नाम एकराज दाहाल हो । सीमा आभासले साहित्यका कविता, गजल, कथा आदि विधामा कार्य गरेकी छिन् । उनका 'साँझको सँघारबाट' (कवितासङ्ग्रह, २०६३), 'टापुका स्वरहरू'

(कथासङ्ग्रह, २०६६) जस्ता कृति प्रकाशित छन् । उनले 'धनवाणी नवप्रतिभा पुरस्कार' (२०५९) लगायत विभिन्न प्रतियोगितामा प्रथम भई पुरस्कार प्राप्त गरेकी छिन् । हाल उनी विराटनगरमा बसोवास गर्छिन् ।

**सीमा रोका मगर**

सीमा रोका मगरको जन्म २०३५ साल असार १० गते खैरा-२, पलास, प्युठानमा भएको हो । आमा उमा घर्तीमगर तथा बुबा डम्बर घर्तीमगरकी छोरी सीमा रोका मगरले एस्.एल्.सी.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'भावनाका बहरहरू' शीर्षकको कवितासङ्ग्रह प्रकाशित छ ।

**सुकन्या वाइबा**

सुकन्या वाइबाले स्नातक तहको शिक्षा लिएकी छिन् । उनी साहित्यकार पारिजातकी बहिनी हुन् । उनको 'अनुभव पारिजातको कलम सुकन्याको' (२०६७) पुस्तकाकार कृति प्रकाशित छ ।

**सुख्याती मल्ल**

सुख्याती मल्लको जन्म २०५३ साल कात्तिक १९ गते धनगढीमा भएको हो । चौध वर्षकै कलिलो उमेरमा उनको 'आँखाले रोजेको सपना' (२०६७) प्रकाशित भएको छ । उनको 'यो जित कसको यो हार कसको' (२०६९) उपन्यास पनि प्रकाशित छ । सेती अञ्चलकी सबैभन्दा कम उमेरमा उपन्यास लेख्ने नारी सर्जक हुन् ।

**सुचित्रा खनिया**

सुचित्रा खनियाको जन्म खैरहनी, चितवनमा भएको हो । आमा सरस्वती सुवेदी तथा बुबा महेन्द्र सुवेदीकी छोरी सुचित्रा खनियाले बी.ए. उत्तीर्ण गरेकी छिन् । विभिन्न पत्रपत्रिका, वेभसाइट तथा ब्लगहरूमा उनका लेखरचनाहरू प्रकाशित छन् । २०६९ सालमा छापिएको 'नियतिको खेल यस्तै' शीर्षकको गजल नै उनको प्रथम प्रकाशित रचना हो ।

उनको 'नियतिको खेल यस्तै' (२०६९) गजलसङ्ग्रह पनि प्रकाशित भएको छ । 'गजलश्री पुरस्कार' (२०६९)बाट पुरस्कृत खनियाले भारत, ओमान, कतार, लेबनान आदि देशको पनि भ्रमण गरेकी छिन् ।

**सुजाता खड्का**

सुजाता खड्काको जन्म २०५३ असोज २६ गते रुघा-५ बादरपानीमा भएको हो । आमा पम्फा खड्का तथा बुबा नरसिंह खड्काकी छोरी सुजाता खड्काको 'मनभित्रको कुरा' (२०७०) पुस्तकाकार कृति प्रकाशित छ ।

**सुजातारानी राई**

सुजातारानी राईको जन्म सन् १९६२ जनवरी १८ मा भारतको खरसाङमा भएको हो । आमा शान्ति राई तथा बुबा बलप्रकाश राईकी छोरी सुजातारानी राईले उत्तरबङ्ग विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर तह तथा बी.एड. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'अगमसिंह गिरी रचनावली' (सम्पादन, सन् १९९८, सहसम्पादन), 'डा. त्रिलोक राईका कथाहरू' (सम्पादन, सन् २००२), 'मोहन पुकारका नाटकहरू' (सन् २००८), 'विहङ्गावलोकन' (समालोचना आदि सँगालो, सन् २०१४) जस्ता कृति प्रकाशित भएका छन् । उनी 'पाइन्स एन्ड क्यामेलियाज' (दार्जिलिङ सरकारी कलेजको मुखपत्र सन् २००८-२०११), 'अजम्मरी' (नेपाली अङ्ग्रेजी द्वैभाषिक जर्नल) की सम्पादक पनि रहेकी छिन् । उनका नेपाली बङ्गला आदि भाषामा लेखिएका विभिन्न फुटकर लेखरचनाहरू समयसमयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सन् १९८२ मा प्रकाशित 'म उभिएकी बाँझी युग' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । 'दार्जिलिङ स्पर्श' संस्थाको अध्यक्ष पनि रहेकी उनी विभिन्न साहित्यिक सङ्घसंस्थासित पनि आबद्ध छिन् । विभिन्न पुरस्कार आदिबाट सम्मानित उनले भारतका विभिन्न स्थानका अतिरिक्त नेपाल र भुटानको पनि भ्रमण गरेकी छिन् ।

**सुधा न्यौपाने (कोइराला)**

सुधा न्यौपानेको जन्म २०१० साल पुस १ गते कुश्वेश्वर, दुम्जा, सिन्धुलीमा भएको हो । सुधा न्यौपानेले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., एम.एड. उत्तीर्ण गरेकी छिन् । सेवानिवृत्त निजामती कर्मचारी न्यौपाने विभिन्न सामाजिक कार्यमा संलग्न रहेकी छिन् । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०४३ सालमा प्रकाशित 'आमा' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनको 'मनका तरङ्गहरू' (कवितासङ्ग्रह, २०६३) कृति प्रकाशित भएको छ । नेपालका अधिकांश जिल्लाहरू तथा भारत, श्रीलङ्का, थाइल्याड, हङकङ, दक्षिण कोरिया, सिङ्गापुर, बेलायत आदि मुलुकको भ्रमण गर्ने न्यौपाने हाल गैरीगाउँ, काठमाडौँमा बसोवास गर्छिन् ।

**सुधा भट्टराई**

सुधा भट्टराई २०१० साल माघ ९ गते फिक्कल, इलाममा जन्मिएकी हुन् । आमा वृन्दादेवी र बुबा इन्द्रप्रसाद ढुङ्गाना तथा प्रसिद्ध साहित्यकार डा.तुलसीप्रसाद भट्टराईकी धर्मपत्नी सुधा एम.ए., बी.एड. उत्तीर्ण छन् र उनी अध्यापन कार्यमा संलग्न रहेकी छिन् । उनको 'जीवनका पाइला' (कविता, कथा, निबन्धसङ्ग्रह, २०६४) प्रकाशित भएको छ । 'शिक्षा पुरस्कार' प्राप्त उनको हाल काठमाडौँमा बसोवास छ ।

**सुधा राई**

सुधा राईको जन्म सन् १९६८ मार्च २१ मा खरसाङ, भारतमा भएको हो । आमा मोतीमाया राई तथा बुबा लालबहादुर राईकी छोरी सुधा राईले स्नातक तह उत्तीर्ण गरेकी छिन् । सरकारी सेवामा संलग्न उनका 'फूलको यौवन फूलैसित जोड' (सन् १९९५), 'विरोधाभास' (सन् २०००), 'पदचिह्न' (सन् २००७) जस्ता कवितासङ्ग्रह तथा 'समाधानहीन पाइलाहरू' (कथासङ्ग्रह, सन् १९९८), 'तिमीलाई खलील जिब्रानका प्रेमपत्रहरू' (अनूदित, सन् २००५) आदि कृति प्रकाशित भएका छन् । सन् १९८० मा 'गलबन्दी' पत्रिकामा प्रकाशित 'भूल'

शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न साहित्यिक संस्था एवम् कार्यमा संलग्न राई 'स्रष्टा पुरस्कार' सन् १९९९, 'भाइचन्द्र प्रधान स्मृति पुरस्कार' सन् २००८ जस्ता पुरस्कार आदिबाट सम्मानित पनि भएकी छिन् ।

**सुधा त्रिपाठी**

डा.सुधा त्रिपाठीको जन्म २०१५ मा दोलखाको सुनखानीमा भएको थियो । उनले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए., पिएच.डी. गरेकी छिन् । उनी त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्राध्यापन पेसामा आबद्ध छिन् । उनका 'बादल, धर्ती र आस्थाहरू' (निबन्धसङ्ग्रह, २०५०), 'जीवनसूत्र र स्वप्नाभास' (निबन्धसङ्ग्रह, २०५३), 'नि:श्वासका गुजुल्टाहरू' (लघुनाटक, २०५४), 'दृष्टिचौतारी' (समालोचनासङ्ग्रह, २०५८), 'भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना' (समालोचना, २०५८) र 'टाइ, सुट र सुँगुर' (निबन्धसङ्ग्रह, २०५९) लगायत कृतिहरू प्रकाशित भएका छन् । साथै उनले 'महिला समालोचक र नेपाली समालोचना' (२०६३) को पनि सम्पादन गरेकी छिन् । हाल उनको बसोवास काठमाडौँमा छ ।

**सुनीता ओली**

सुनीता ओलीको जन्म २०१४ पुस १५ गते विराटनगरमा भएको हो । आमा सावित्रीदेवी बन्जारा र बुबा गोपालश्याम बन्जाराकी छोरी सुनीता ओलीले बी.ए.को शिक्षा आर्जन गरेकी छिन् । उनको 'म शरणार्थी एक शिविरको' (कवितासङ्ग्रह, २०६९) प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर रचनाहरू प्रकाशित भएका छन् । 'सेवा सुमन'मा २०५७ सालमा प्रकाशित 'विज्ञापन आवश्यक छ' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । नेपालको विभिन्न स्थानका अतिरिक्त उनले भारत, थाइल्यान्ड, मलेसिया, सिङ्गापुर, अस्ट्रेलिया आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी काठमाडौँमा बस्छिन् ।

**सुनीता कार्की**

सुनीता कार्कीको जन्म २०२० असार ७ गते काठमाडौँमा भएको हो । आमा शशी सिंह र बुबा रामेश्वरबहादुर सिंहकी छोरी तथा अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीकी धर्मपत्नी सुनीता कार्की मूलत: कवयित्री हुन् । सुनीता कार्कीको 'जानी नजानी' (२०७०) शीर्षकको कवितासङ्ग्रह प्रकाशित छ । चित्रकारितामा समेत अभिरुचि राख्ने कार्कीले नेपालका अधिकांश जिल्लाहरू तथा भारत, अमेरिका, अर्जेन्टिना, अस्ट्रेलिया तथा युरोपका प्राय: सबै देशको भ्रमण गरेकी छिन् । समाजसेवामा समेत रुचि भएकी सुनीता कार्की निजामति कर्मचारी श्रीमती सङ्घकी पूर्व अध्यक्ष तथा त्रिमूर्ति निकेतनकी सदस्य हुन् । हाल उनको बसोवास काठमाडौँमा रहेको छ ।

**सुबिसुधा आचार्य (सुशीला बिडारी)**

सुबिसुधा आचार्य (सुशीला बिडारी)को जन्म २०३८ जेठ ७ गते केवलपुर, धादिङमा भएको हो । स्नातक तह उत्तीर्ण आचार्यका 'सुधाका सिर्जनाहरू' (गीतगजल, कवितासङ्ग्रह, २०६०), 'तारा झरेका रातहरू' (मुक्तकसङ्ग्रह, २०६०), 'कलियुगकी देवी' (मुक्तकसङ्ग्रह, २०६२), 'भावनाका छालहरू' (गीतसङ्ग्रह, २०६०), 'स्वतिर्सना' (ताङ्का, २०६२), 'सुरम्य सुधा' (मुक्तकसङ्ग्रह, २०६३), 'अब सहिद बोल्छ' (गजलसङ्ग्रह, २०६३), 'सुरतरङ्गिणी' (गजलसङ्ग्रह, २०६३), 'अग्नियुद्ध' (कथासङ्ग्रह, २०६३), 'रहस्यमय भोगाइ' (२०६५), 'फ्रन्टपेज' (कथासङ्ग्रह, २०६७) प्रकाशित छन् । उनी 'मेट्रो अनलाइन दैनिक', 'काव्यसुधा डट कम' विद्युतीय पत्रिका तथा 'रत्नराधिका' मासिक पत्रिकाको सम्पादन कार्यमा पनि संलग्न रहेकी छिन् ।

**सुभद्रा अधिकारी**

सुभद्रा अधिकारीको जन्म २००४ भदौ २० गते असनटोल, काठमाडौँमा भएको हो । आमा नुरादेवी तथा बुबा बलरामकी छोरी

सुभद्रा अधिकारीले इलाहावादबाट कत्थक नृत्यमा 'प्रभाकर'को उपाधि लिएकी छिन् । उनले नृत्य, नाटकसम्बन्धी विशेष शिक्षा र तालिम पनि लिएकी छन् । पेसाले कलाकार सुभद्रा अधिकारीको 'एक पाङ्ग्रे रथ' (२०६९) शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । यो नै उनको पहिलो प्रकाशित रचना कृति पनि हो । विभिन्न संस्थाहरूसँग पनि आबद्ध उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न प्रतियोगिताहरूमा प्रथम भई पुरस्कारसमेत प्राप्त गरेकी छिन् । उनी 'शाही-सैनिक तक्मा' २०१९, 'शुभराज्याभिषेक तक्मा' २०३१, 'शिक्षापदक' २०४२, 'तेस्रो सार्क पदक' २०४४, 'सर्वनाम पुरस्कार' २०४८, 'सर्वोत्कृष्ट चरित्र अभिनेत्री पुरस्कार' २०४९, 'प्रबल गोरखादक्षिणबाहु चौथो' २०५१, 'दशकको अभिनेत्री पुरस्कार' २०५१, 'प्रिया अवार्ड' २०५१, 'बी.जी. अवार्ड' २०५२/२०५३, 'सयपत्री फिल्म्स अवार्ड' २०५३, 'मोसन पिक्चर्स सर्वश्रेष्ठ चरित्र अभिनेत्री अवार्ड' २०५४, 'भुपालमान कार्की हिरण्यकुमारी पुरस्कार' २०५६, 'चलचित्र सम्मान' २०५६, 'बालकृष्ण सम नाटक सम्मान' २०५७, 'वीरेन्द्रऐश्वर्य सेवापदक' २०५८, 'सिनेयात्री सम्मान' २०५९, 'समशताब्दी सम्मान' २०५९, 'हरितारा चलचित्र पुरस्कार' २०५९, 'साधना कला सम्मान' २०६०, 'विश्वरङ्गमञ्च दिवस सम्मान' २०६१, 'नवीन पुरस्कार' २०६२ न्युयोर्क कलामन्दिरद्वारा सम्मान २०६२, 'स्रष्टा सम्मान' २०६५, 'भीम स्मृति सम्मान' २०६५ आदि थुप्रै पुरस्कारबाट सम्मानित रहेकी छिन् । उनले नेपालका अधिकांश जिल्ला तथा भारत, चीन, कोरिया, इरान आदि मुलुकको पनि भ्रमण गरेकी छिन् ।

**सुभद्रा दहाल**

सुभद्रा दहालको जन्म २०१७ वैशाख ११ गते मूलपानी गाविस-१, काठमाडौँमा भएको हो । आमा लीलाकुमारी फुँयाल तथा बुबा दुर्गाप्रसाद फुँयालकी छोरी सुभद्रा दहालले बी.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'अधुरो सहयात्रा' (संयुक्त

लेखसङ्ग्रह) तथा 'बेचैनका दिनहरू' (कवितासङ्ग्रह, २०६८) प्रकाशित भएका छन् । विशेषत: नारी विषयक लेखरचना प्रकाशित गर्ने उनले भारत तथा दक्षिण कोरियाको भ्रमण गरेकी छिन् ।

**सुभद्रा पन्त**

सुभद्रा पन्तको जन्म २००० साल माघ शुक्लत्रयोदशीका दिन काठमाडौँमा भएको थियो । २०१७ देखि २०४५ सालसम्म शिक्षण पेसामा संलग्न पन्त समाजसेवामा पनि सक्रिय भइरहिन् । उनका तीनओटा बालकथासङ्ग्रह प्रकाशनमा आए । उनका प्रकाशित कृति हुन्– 'पौराणिक कथासङ्ग्रह' (भाग–१, २०५७) 'पौराणिक कथासङ्ग्रह' (भाग-२, २०५७) र 'लोखर्केको बुद्धिमानी' (२०५८) आदि ।

**सुभद्रा प्रसाई**

सुभद्रा प्रसाईको जन्म २००२ साल असार १७ गते काठमाडौँमा भएको थियो । आमा नैनादेवी रिजाल र बुबा शङ्करप्रसाद रिजालकी छोरी स्नातक उत्तीर्ण प्रसाईको कवितासङ्ग्रह 'सन्धिपत्र' (२०६३) प्रकाशित छ । तीसका दशकको आरम्भमा 'यति' मा प्रकाशित उनका कथाहरू चर्चित थिए । 'हिमालयप्रिन्सेप छात्रवृत्ति कोष' प्रबन्ध समितिकी संस्थापक तथा अध्यक्ष प्रसाईले अन्य विभिन्न सामाजिक सङ्घसंस्थामा पदाधिकारीका रूपमा रही महत्त्वपूर्ण जिम्मेवारी सम्हालिन् । प्राध्यापक डा. भीष्मराज प्रसाईकी धर्मपत्नी सुभद्रा प्रसाईले नेपाल अधिराज्यका प्राय: सबै अञ्चललगायत एसिया, युरोप र अमेरिका, अष्ट्रेलिया लगायत अनेक राष्ट्रको भ्रमण गरेकी छिन् ।

**सुभद्रा सुब्बा**

डा.सुभद्रा सुब्बाको जन्म सन् १९३६ डिसेम्बर २८ मा दार्जिलिङको खरसाङमा भएको थियो । उनको 'बालमहाभारत' (बालकथा, १९५६) प्रकाशित छ । सुभद्रा सुब्बाले भाषाविज्ञानमा भारतको पुना विश्वविद्यालयबाट पिएच.डी.गरिन् । प्रा.डा.बल्लभमणि

दाहाल र डा.सुभद्रा सुब्बाको दाम्पत्यजीवन कायम भएपछि त्रिभुवन विश्वविद्यालयको प्राध्यापन पेसामा समेत उनीहरूको महत्त्वपूर्ण भूमिका रह्यो ।

**सुमन वर्षा**

सुमन वर्षाको जन्म २०२९ साल असार २५ गते भद्रपुर, झापामा भएको हो । आमा रुमादेवी घिमिरे र बुबा गोपालबहादुर घिमिरेकी छोरी सुमन वर्षाले अङ्ग्रेजीमा एम. ए. तथा महिला अध्ययन पोस्ट ग्र्याजुएसन डिप्लोमा उत्तीर्ण गरेकी छन् । प्राध्यापन पेसामा संलग्न उनका फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनको 'ढुकुटी' (२०७०) शीर्षकको उपन्यास प्रकाशित भएको छ । उनले भारत, म्यान्मा, थाइल्यान्ड आदि देशको भ्रमण पनि गरेकी छन् ।

**सुमित्रा अधिकारी**

सुमित्रा अधिकारीको जन्म १९९९ साल जेठ १४ गते महाराजगन्ज, काठमाडौँमा भएको हो । उनको प्रकाशित कृति 'श्राप परेको नाता' हो । उक्त उपन्यासमा मिति खुलेको छैन । स्रष्टाका अनुसार सो उपन्यास २०६१ सालमा छापिएको हो ।

**सुमित्रा ओली 'उल्झन'**

सुमित्रा ओली 'उल्झन'को जन्म २०४५ फागुन २४ गते बाँकेमा भएको हो । आमा रामकली ओली र बुबा रामबहादुर ओलीकी छोरी सुमित्रा ओलीले स्नातकसम्मको शिक्षा आर्जन गरेकी छिन् । नर्सिङ पेसामा संलग्न उनको 'फूलकै आँखा फूलकै देश' (संयुक्त गजलसङ्ग्रह, २०६८) प्रकाशित कृति हो । विभिन्न पत्रपत्रिकामा फुटकर कविता, गजल आदिको प्रकाशन हुने उनका पहिलो प्रकाशित रचना 'द्वन्द्व' शीर्षकको कविता हो । विभिन्न प्रतियोगितामा समेत उनी पुरस्कृत भएकी छिन् ।

**सुमित्रा थामी गुरुङ 'अविरल'**

सुमित्रा थामी गुरुङको जन्म तल्लो तुङ्गसुङ्ग बस्ती, दार्जिलिङमा भएको हो । आमा शोभा थामी र बुबा कर्णबहादुर थामीकी छोरी सुमित्रा थामीले उच्च माध्यमिक तहसम्मको शिक्षा पूरा गरेकी छिन् । उनको 'स्मृतिको पछ्यौरीभित्र' (सन् २००६) कृति प्रकाशित रहेको छ । विभिन्न पत्रपत्रिकामा समेत कतिपय फुटकर लेखरचना प्रकाशित हुने उनको प्रथम प्रकाशित रचना सन् १९९२ मा प्रकाशित 'बालुवाको घर' शीर्षकको कविता हो ।

**सुमित्रा पौडेल 'आँचल'**

सुमित्रा पौडेल 'आँचल'को जन्म २०२६ साल भदौ ११ गते गीतानगर गाविस-४, देवनगरमा भएको हो । आमा दानकुमारी बाँस्तोला र बुबा बुद्धिसागर बाँस्तोलाकी छोरी सुमित्रा पौडेलले आई.ए. तहसम्मको अध्ययन गरेकी छिन् । व्यवसायमा संलग्न उनका विभिन्न पत्रपत्रिकामा नियमित रूपमा लेखरचना प्रकाशित भएका छन् । २०६९ को 'मधुपर्क'मा छापिएको 'अन्तिम बिदाइ' शीर्षकको कथा नै उनको पहिलो प्रकाशित रचना हो । उनका 'आध्यात्मिक चिन्तनको प्रथम पाइला' (लघुकवितासङ्ग्रह, २०६२), 'ममताको आँचल' (गीतिकवितासङ्ग्रह, २०६८), 'अन्तिम बिदाइ' (कथासङ्ग्रह, २०६९), पुस्तकाकार कृति पनि प्रकाशित छन् । 'उत्कृष्ट महिला उद्यमी पुरस्कार' द्वारा पुरस्कृत पौडेलले भारत, अस्ट्रिया, चेक गणराज्य, स्लोभाकियाको भ्रमण गरेकी छिन् । हाल उनी इजरायलमा रहेकी छिन् ।

**सुमित्रा पौडेल 'सुमी'**

सुमित्रा पौडेल 'सुमी'को जन्म २०४४ असार ८ गते लहरेपौवा-२, माऊगाउँ, रसुवामा भएको हो । आमा सरस्वती पौडेल तथा बुबा ऋषिराम पौडेलकी छोरी सुमित्रा पौडेलले स्नातक तह उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'एक्लो कुसुम' शीर्षकको गजलसङ्ग्रह (२०६३) प्रकाशित भएको छ । उनका 'गजलयात्रा चितवन'

(२०६४), 'नुवाकोट गजलमाला' (२०६७), 'कवितायात्रामा नुवाकोट (२०६७) जस्ता संयुक्त गजलसङ्ग्रह पनि प्रकाशित छन् । २०६० मा 'त्रिशूली' साप्ताहिकमा प्रकाशित 'अभिलाषा' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो ।

**सुमित्रा वाङ्देल चेली**

सुमित्रा वाङ्देल चेलीको जन्म २०२४ असोज ९ गते शान्तिडाँडा-५, इलाममा भएको हो । आमा रामलछी राई तथा बुबा रत्नबहादुर राईकी छोरी सुमित्रा वाङ्देलका 'चेलीभित्रको पहाड' (खण्डकाव्य, २०५८), 'इलामे चेलीका, रचनाहरू' (संयुक्त कवितासङ्ग्रह, २०५९), 'गङ्गाजल' (गजलसङ्ग्रह २०५९), 'नेपाली गजलमा नारी हस्ताक्षर' (संयुक्त गजलसङ्ग्रह), 'नारीहरूलाई कोसेली' (संयुक्त कथासङ्ग्रह), 'गजलविम्ब' (संयुक्त गजलसङ्ग्रह) जस्ता कृति प्रकाशित भएका छन् । उनी 'झिल्लीका', 'अभिव्यक्ति' पत्रिकाको सम्पादन कार्यमा पनि सम्बद्ध छिन् । 'राष्ट्रिय आदिवासी महिला महासङ्घ, झापा'को संस्थापक अध्यक्ष उनी विभिन्न सङ्घसंस्थासँग पनि आबद्ध रहेकी छिन् । उनी 'उत्कृष्ट रचनाकार' २०५८ र 'श्री तुलसावाणी गजल स्मृति पुरस्कार' २०६२ बाट पनि सम्मानित भएकी छिन् ।

**सुमित्रा वान्तवा**

सुमित्रा वान्तवाको जन्म २००३ सालमा तेह्रथुममा भएको हो । उनी स्वास्थ्यसेवामा आबद्ध रहिन् । स्वास्थ्यसेवाका क्रममा पनि उनका केही कृति रचना भएका छन् । साहित्यतर्फ उनको 'जीवनको अन्तरालभित्र रुमल्लिँदा निस्केका सुस्केराहरू' (निबन्धसङ्ग्रह, २०५४) प्रकाशित छ ।

**सुमी लोहनी**

सुमी लोहनीको जन्म २०२० जेठ २५ गते चरिकोट, दोलखामा भएको हो । आमा हरिमाया शिवाकोटी तथा बुबा षडानन्द शिवाकोटीकी छोरी सुमी लोहनीले बी.ए.सम्मको अध्ययन गरेकी छिन् । शिक्षण

पेसामा संलग्न उनका कविता, कथा, एकाङ्की, हास्यव्यङ्ग्य आदि रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । २०४६ सालमा प्रकाशित 'शहीदको सपना प्रजातन्त्रको स्थापना' शीर्षकको कविता उनको पहिलो प्रकाशित रचना हो । उनका 'मरुद्यानका फूलहरू' (कवितासङ्ग्रह, २०६३), 'अनुपमा' (कवितासङ्ग्रह, २०६८), 'झिँगापुरको महाजात्रा' (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६९), 'ॐ भजन सी.डी.' (२०६६) प्रकाशित रचनाकृतिहरू हुन् । नेपालका विभिन्न स्थानको भ्रमण गर्नुका अतिरिक्त उनले भारत र चीनको समेत भ्रमण गरेकी छिन् । उनी 'राष्ट्रिय शिक्षा पुरस्कार' (२०६८) बाट पुरस्कृत भएकी छिन् । हाल उनी काठमाडौँमा बसोवास गर्छिन् ।

## सुलोचना मानन्धर

सुलोचना मानन्धरको जन्म २०१२ सालमा काठमाडौँको ञ्छेँमा भएको हो । उनी नेवारी र नेपाली भाषामा साहित्यको सृजना गर्छिन् । उनका नेपाली भाषाका साहित्यिक कृति हुन्–'अनुभूतिका थोपाहरू' (कथासङ्ग्रह, २०५९), 'इतिहासका ज्यूँदा पानाहरू' (निबन्धसङ्ग्रह, २०६०) आदि ।

## सुवर्ण कक्षपति

सुवर्ण कक्षपतिको जन्म २०१३ सालमा चितवनमा भएको हो । उनी नारीजागरणबारे सचेतनामूलक लेखरचना लेख्ने गर्छिन् । उनको प्रकाशित कृति 'मेरी धवला' (कवितासङ्ग्रह, २०४०) हो ।

## सुशीला कोइराला

सुशीला कोइरालाको जन्म संवत् १९८३ मा कपिलवस्तुमा भएको हो । उनी कविता, कथा र निबन्धलेखनमा रुचि राख्थिन् । उनले आई.ए. पास गरेकी थिइन् । उनको 'दुलही' शीर्षकमा 'शारदा'को वर्ष ५, अङ्क ९ (पुस १९९६) मा कथा छापियो । त्यसपछि उनका पति विश्वेश्वरप्रसाद कोइरालासँगको संयुक्त नाउँमा उनको दोस्रो कथा 'शारदा' वर्ष ६, अङ्क १ (वैशाख १९९७) मा प्रकाशनमा

आयो । साथै उनले केही संस्मरणहरू पनि लेखिन् । उनको 'पुनर्जागरण' वर्ष ६, अङ्क २ (२०४४ चैत) को 'योगेन्द्रमान शेरचन स्मृति अङ्क' मा 'योगेन्द्रमानजीको दु:खान्त सम्झँदा' संस्मरण प्रकाशनमा आयो । उनी नृत्यकलामा पनि पारङ्गत थिइन् ।

**सुशीला कोइराला**

सुशीला कोइरालाको जन्म १९९५ साल फागुन २८ गते विराटनगरको तीनपैनीमा भएको हो । उनका प्रकाशित कृति हुन्– 'आराधना' (कवितासङ्ग्रह, २०१८), 'दीपिका' (कवितासङ्ग्रह, २०२४), 'अर्चना' (गीतिकवितासङ्ग्रह, २०५१), 'परदेशीलाई पत्र' (गद्यकवितासङ्ग्रह, २०५१) र 'चेतना' (खण्डकाव्य, २०५३) । सुशीला कोइरालाले भारतको विहारबाट पिएच.डी. गरिन् । यिनी समीक्षक डा.गणेश भण्डारीकी उपपत्नी हुन् ।

**सुशीला गिरी**

सुशीला गिरीको जन्म २०४५ साल साउन ३ गते प्युठानमा भएको हो । आमा नन्दकुमारी गिरी तथा बुबा दुवीलाल गिरीकी छोरी सुशीला गिरीले प्रवीणता प्रमाणपत्र तहको अध्ययन गरेकी छिन् । विभिन्न प्रतियोगितामा पुरस्कृत गिरीको 'ज्वाला' शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएको छ ।

**सुशीला थापा**

सुशीला थापाको जन्म १९८५ साल भदौ १५ गते काठमाडौँको बालुवाटारमा भएको हो । उनी २०१३ सालमा सल्लाहकार सभामा निर्वाचित भइन् । उनी अठार वर्षसम्म राष्ट्रिय पञ्चायतकी निर्वाचित सदस्य भइन् । उनी पटकपटक मन्त्री पनि भइन् । उनी प्रसिद्ध गोरखादक्षिणबाहु (दोस्रा) र विभिन्न अलङ्कारबाट विभूषित र अलङ्कृत भइन् । उनको प्रकाशित कृति 'सृजना र सम्झना' (गीतिकविता तथा निबन्धसङ्ग्रह, २०६१) हो । उनको स्वर्गारोहण २०७० सालमा भयो ।

**सुशीला देउजा**

सुशीला देउजाको जन्म २००७ फागुन २४ गते सिलगढी, डोटीमा भएको हो । आमा लक्ष्मीदेवी खाँण तथा बुबा तुङ्गध्वज खाँणकी छोरी सुशीला देउजाले त्रिभुवन विश्वविद्यालयबाट बी.ए. उत्तीर्ण गरेकी छिन् । उनका विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचना प्रकाशित भएका छन् । २०२४ सालमा 'कस्तुरी' मा प्रकाशित 'पूर्वस्मृति' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनका 'प्रयासको पहिलो खुड्किलो' (कथासङ्ग्रह, २०६३), 'नयाँ बिहानी' (कवितासङ्ग्रह, २०६३), 'पर्दाभित्रको यथार्थ र काबुल यात्रा' (कथा तथा संस्मरणसङ्ग्रह, २०६४), 'दोभान' (लघुकथा र कवितासङ्ग्रह, २०६६), 'केही पाइला केही अनुभूति' (२०६८) प्रकाशित कृतिहरू हुन् । नेपालका विभिन्न स्थान तथा एसियाका अधिकांश मुलुक एवम् अस्ट्रेलिया, फिजी, केन्या, बेलायत, फ्रान्स, इटाली, स्विट्जरल्यान्ड, अमेरिका, क्यानडा आदि मुलुकहरूको भ्रमण गर्ने उनी हाल काठमाडौँमा बसोवास गर्छिन् ।

**सुशीला द्विवेदी**

सुशीला द्विवेदीको जन्म १९९५ सालमा वीरगन्जमा भएको हो । उनको प्रकाशित कवितासङ्ग्रह हो– 'क्षितिजलाई हेर्दा (२०५१) । एम. ए. उत्तीर्ण द्विवेदी नेपाल सरकारको सेवामा समेत लामो समयसम्म कार्यरत रहिन् ।

**सुशीला प्रधानाङ्ग**

सुशीला प्रधानाङ्गको जन्म २००७ भदौ १० गते बुटवल-१ मा भएको हो । आमा रत्नदेवी जोशी र बुबा ओमशङ्कर श्रेष्ठकी छोरी सुशीला प्रधानाङ्गले आई.ए.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनका बालसाहित्यमा 'सन्तेको मेहनत', 'मोहनको हिम्मत', 'सोहन र परेवा', 'हट् घोडा हट्' (२०६७) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । २०३२ सालमा प्रकाशित 'दोषी को ?' शीर्षकको कथा नै उनको प्रथम प्रकाशित रचना हो । उनी विभिन्न पुरस्कार र

सम्मानद्वारा पनि सम्मानित भएकी छिन् । उनले भारत र चीनका विभिन्न स्थानको भ्रमण पनि गरेकी छिन् ।

**सुशीला भट्ट**

सुशीला भट्टको जन्म १९९६ साल फागुन १७ गते काभ्रेपलाञ्चोकको खरेलथोकमा भएको हो । निबन्ध र समालोचना विधामा अग्रसर भट्टको प्रकाशित कृति 'गुरुप्रसाद मैनाली व्यक्ति र कृति' (जीवनी र समीक्षा, २०६०) । उनी समालोचक आनन्ददेव भट्टकी धर्मपत्नी हुन् ।

**सुशीला शर्मा**

सुशीला शर्माको जन्म २००७ साल पुस २८ गते काठमाडौँमा भएको थियो । उनले भजनसङ्ग्रह 'भजनामृत' (२०५६) र २०५९ सालमा 'नारी अस्मिता' नामक प्रबन्धसङ्ग्रह प्रकाशनमा ल्याइन् ।

**सुशीला श्रेष्ठ**

सुशीला श्रेष्ठको जन्म २०१३ साल मङ्सिर १५ गते ताप्लेजुङको खोक्लिङमा भएको थियो । कथालेखनबाट साहित्यमा प्रवेश गरे तापनि प्रथमत: उनले जीवनीसाहित्यमा आफ्नो नाउँ राखिन् । उनको प्रकाशित कृति 'साहना प्रधान:स्मृतिका आँखीझ्यालबाट'(२०६०) हो ।

**सुषमा आचार्य**

प्रा.डा. सुषमा आचार्यको जन्म २००७ फागुन ७ गते भएको हो । उनी आमा जानकीदेवी लुइँटेल तथा बुबा वासुदेव शर्मा लुइँटेलकी छोरी हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए., एम.एड.को उपाधि प्राप्त गरेकी छिन् । उनले निगाता विश्वविद्यालय, जापानबाट पिएच.डी.को उपाधि पनि प्राप्त गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'गजुर ढल्कँदै छ' (सन् १९९२), 'साकुरालाई एक पत्र' (सन् २००१) जस्ता कवितासङ्ग्रह तथा 'शोक शब्दाञ्जलि' (खण्डकाव्य, सन् २००८), 'निर्णय' (उपन्यास, सन् २००७),

'माइतघरलाई चियाएर हेर्दा' (समालोचनाग्रन्थ, सन् १९९६), 'मुलुकबाहिर एक सर्वेक्षण' (समालोचनासङ्ग्रह, सन् १९९६) 'नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर' (समालोचनासङ्ग्रह, सन् २००१), 'लैनसिंह वाङ्देलका औपन्यासिक कृतिहरूको विश्लेषण' (समालोचनासङ्ग्रह, सन् २००१), 'केही व्यक्ति र कृतिहरू' (समालोचनासङ्ग्रह, सन् २००७), 'जापानको शैक्षिक व्यवस्था' (सन् २००१), 'नेपालको शैक्षिक व्यवस्था' (सन् २००१) जस्ता कृति प्रकाशित भएका छन् । उनको 'चन्द्रमामा खरायो' (बालकथासङ्ग्रह, सन् २००८) पनि प्रकाशित छ । उनी 'वासुदेव लुइँटेल स्मृतिग्रन्थ' (सन् २०११) तथा 'जूनतारा' बालपत्रिकाको सम्पादक पनि रहेकी छिन् । २०१९ सालमा 'प्रतिध्वनि'मा प्रकाशित कविता 'जीवन घामछायाँ' नै उनको प्रथम प्रकाशित रचना हो । 'अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान, नेपाल', 'वासुदेव लुइँटेल पुरस्कार गुठी', 'अमृत प्रकाशन' जस्ता संस्थाका अध्यक्ष पदमा रहेकी आचार्य 'दुलिचन्द स्वर्णपदक, भारत' सन् १९७१, 'शिक्षा पुरस्कार' सन् १९९०, 'दीर्घसेवा पदक' सन् १९९८, 'महेन्द्र विद्याभूषण' सन् २००२, 'उत्कृष्ट बालसाहित्य पुरस्कार' सन् २००९, 'मानचित्र सम्मान' सन् २००९ जस्ता अनेकौँ पुरस्कारबाट सम्मानित भएकी छिन् । उनले नेपालका अधिकांश जिल्लाहरू तथा भारत, चीन, जापान, कोरिया, बेलायत, जर्मनी, अमेरिका, क्यानडा आदि देशको भ्रमण गरेकी छिन् । हाल उनी ललितपुरमा बस्छिन् ।

**सुषमा मोक्तान गुरुङ**

सुषमा मोक्तान गुरुङको जन्म सन् १९४८ जुलाई १७ मा गेल चियाबारी, दार्जिलिङमा भएको हो । आमा गुराँसफूल मोक्तान तथा बुबा नरबहादुर मोक्तानकी छोरी सुषमा मोक्तानले उच्च माध्यमिक तथा बी.टी.सम्मको शिक्षा आर्जन गरेकी छिन् । उनको 'उन्मुक्तिका चाहना' (कवितासङ्ग्रह, सन् २०१३) प्रकाशित छ । फुटकर रूपमा समेत विभिन्न पत्रपत्रिकामा निकै लेखरचना प्रकाशित हुने उनको

सन् १९६३ मा 'ज्योत्स्ना' मा प्रकाशित 'किसान' शीर्षकको कविता नै पहिलो प्रकाशित रचना हो । विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्ने उनले नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेकी छिन् ।

**सुस्मिता नेपाल**

सुस्मिता नेपालको जन्म २०२७ सालमा वैशाख पूर्णिमाका दिन ललितपुरमा भएको हो । नेपालीमा एम. ए. उत्तीर्ण सुस्मिता नेपाल प्राध्यापन पेसामा संलग्न रहेकी छन् । विभिन्न संस्थामा आबद्ध रहने उनका 'ताल हृदयभित्रको' (कवितासङ्ग्रह, २०६४), 'हवाईजहाजसँगै उडेको मन'(कथासङ्ग्रह, २०६६), तथा 'एकान्त पनि रुन्छ' (२०५३), 'मेरा छातीका कोलाजहरू'(२०५५), 'उडेका उमेरहरू' (२०६०), 'कालाकाला रातहरूमा टेक्दै' (२०६६), 'एउटा आवाजको जन्म' (सन् २००३), 'आकाशका हजारौँ हातहरू', 'पत्रैपत्र' जस्ता उपन्यास प्रकाशित भएका छन् । उनी विभिन्न पुरस्कारलगायत 'रामराज पन्त स्मृति सम्मान'बाट पनि सम्मानित रहेकी छन् ।

**सृजना दिलपाली**

सृजना दिलपालीको जन्म सन् १९८२ जुलाई १२ मा दार्जिलिङ (भारत)को तकभरमा भएको हो । माता गीता राई तथा पिता दिलीप राईकी छोरी सृजनाले राष्ट्रिय मुक्त विद्यालय, दिल्ली, भारतबाट उच्चतर माध्यमिक परीक्षा उत्तीर्ण गरेकी छिन् । सन् १९९५ मा छापिएको 'केही सुख केही दु:ख' शीर्षकको कथा नै उनको पहिलो प्रकाशित रचना हो । सामाजिक कार्यमा योगदान दिने सृजनाको कविता, कथा, निबन्ध आदि विधाका रचनाहरू विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिकामा छापिएका छन् । विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित सृजनाका 'प्रयासका पाइलाहरू' (कथासङ्ग्रह, सन् २००१) तथा 'किनारसम्म' (उपन्यास, सन् २०१३) प्रकाशित भएका छन् ।

**सोनु गुरुङ**

सोनु गुरुङको जन्म सन् १९५० जनवरी २१ मा भएको हो । अङ्ग्रेजीमा एम.ए., बी.एड. गरेकी गुरुङ प्राध्यापन पेसामा संलग्न रहेकी छिन् । उनको 'हाइ हाइकु' (हाइकुसङ्ग्रह, २०६८) प्रकाशित छ ।

**स्नेह पोखरेल**

स्नेह पोखरेलको जन्म १९९८ सालमा काठमाडौँमा भएको हो । उनका प्रकाशित कृति 'कमलविनायक आराधना' (भजनसङ्ग्रह, २०५९) र 'कथाकोसेली' (बालकथासङ्ग्रह, २०६३) हुन् । उनी समाजसेवीका रूपमा पनि चर्चित रहेकी छिन् ।

**स्नेहप्रभा अर्ज्याल**

स्नेहप्रभा अर्ज्यालको जन्म २००२ सालमा काठमाडौँमा भएको हो । उनले 'संस्कृति' (प्रबन्ध, २०४५) प्रकाशनमा ल्याइन् । उनले 'सेवासुमन'को पनि सम्पादन गरिन् ।

**स्नेहलता राई**

स्नेहलता राईको जन्म सन् १९५० जनवरी ६ मा तकभर, दार्जिलिङमा भएको हो । आमा शारदा नेचाल राई तथा बुबा रोबिन नेचाल राईकी छोरी स्नेहलता राईले 'स्कुल फाइनल बी.टी.' को शिक्षा पूरा गरेकी छिन् । अध्यापन पेसाबाट सेवानिवृत्त भएकी उनका 'मनका हरफहरू' (कवितासङ्ग्रह, सन् २००७), 'बालसुमन' (बालकविता, सन् २००७), 'मनसँग साउती गर्दै' (कवितासङ्ग्रह, सन् २००८), 'विचयन' (सन् २००८), 'बालोद्यान' (बालकविता, सन् २००९) 'स्नेहोद्गार' (बालकथा, सन् २००९), 'प्रकृति र पृथ्वी' भाग एक र दुई (सन् २०१०), 'मेरो प्यारो गाउँ' (सचित्र बालकविता, २०६७), 'मनु' (उपन्यास, सन् २०१३), 'प्रकृतिको' (कथासङ्ग्रह, सन् २०१३) प्रकाशित भएका छन् । उनका कतिपय फुटकर लेखरचना देशविदेशका पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । सन् १९६६

सालमा प्रकाशित 'माइ भिओलिआ' (My Violia) शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । विभिन्न सामाजिक तथा साहित्यिक सङ्घसंस्थासँग आबद्ध उनी 'बालसाहित्य पुरस्कार' २०६६, 'जीवनकालीन उपलब्धि पुरस्कार' सन् २०१०, 'बालसाहित्य अकादमी पुरस्कार' सन् २०११ बाट पुरस्कृत हुनुका अतिरिक्त 'नेपाली साहित्य सम्मेलन दार्जिलिङ' सन् २०१०, 'गोर्खा प्राथमिक शिक्षक सङ्गठन', सन् २०१०, 'संरक्षण' साहित्यिक संस्थान' सन् २०१०, 'हिमालदर्पण' र 'वसुधा' सन् २०११, 'खुल्ला साहित्यिक गोष्ठी मञ्च' दार्जिलिङ सन् २०११, 'सयपत्री साहित्य मञ्च' पुसुम्बेङ, दार्जिलिङ, सन् २०१२, 'सूचना तथा सांस्कृतिक विभाग', पश्चिम बङ्गाल सरकार, सन् २०१२, सिलगढी देवकोटा सङ्घ सन् २०१२ आदिबाट पनि सम्मानित भएकी छिन् । उनले भारतका विभिन्न स्थल र नेपाल तथा भुटान आदि देशको भ्रमण पनि गरेकी छिन् ।

### स्मृति अधिकारी

स्मृति अधिकारीको जन्म २०५५ साल पुस २० गते फोइमहादेव-२, कालीकोटमा भएको हो । आमा विमला आचार्य तथा बुबा विष्णुप्रसाद अधिकारीकी छोरी स्मृति अधिकारी कक्षा ११ मा अध्ययनरत छिन् । उनका लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । २०६८ सालमा उनको 'मेरो कलम' शीर्षकको पुस्तकाकार कृति प्रकाशित भएको छ । यो नै उनको पहिलो प्रकाशित रचना पनि हो । उनी 'नइ देरुनीखपू बाल पुरस्कार' बाट सम्मानित भएकी छिन् । नेपालका विभिन्न जिल्लाहरूको भ्रमण गर्ने उनी हाल काठमाडौँमा बस्छिन् । उनी विश्व नारी नेपाली साहित्य सम्मेलनका कर्णाली अञ्चलका अध्यक्ष पनि हुन् ।

### स्वर्णिमा श्रेष्ठ

स्वर्णिमा श्रेष्ठको जन्म २०४४ फागुन ३० गते काठमाडौँमा भएको हो । आमा सावित्री श्रेष्ठ तथा बुबा सिद्धिश्वरमान श्रेष्ठकी

छोरी स्वर्णिमा श्रेष्ठ अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छिन् । विभिन्न संस्थासँग आबद्ध उनी अक्षलोक, यात्रा, नवयात्रा जस्ता पत्रपत्रिकाको सम्पादकसमेत रहेकी छिन् । उनका 'मोटरसाइकल डायरिज, चेग्वेभारा' (अनुवाद), 'हात्तीको फुर्ती' (बालकथा), 'ज्ञानको भण्डार', 'सामान्यज्ञान' जस्ता कृतिहरू प्रकाशित भएका छन् ।

**हरिकला उप्रेती**

हरिकला उप्रेतीको जन्म २०३० भदौ ३ गते आठराई इवा, तेह्रथुममा भएको हो । आमा कृष्णमाया उप्रेती तथा बुबा धनपति उप्रेतीकी छोरी हरिकला उप्रेतीले आई.ए. उत्तीर्ण गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनका 'उपद्रो' (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५८), 'गोर्खेलौरी' (हास्यव्यङ्ग्यसङ्ग्रह २०६१) प्रकाशित छन् । विभिन्न पत्रपत्रिकामा समेत उनका फुटकर लेखहरू प्रकाशित छन् । उनी 'गोपालराज पन्त स्मृति सम्मान' २०६४, 'भैरव प्रतिभा पुरस्कार' २०६६ आदिबाट सम्मानित पनि भएकी छिन् ।

**हरिकला चुडाल 'गर्ग'**

हरिकला चुडाल 'गर्ग' को जन्म १९९८ साल असोज २ गते ताप्लेजुङको हाङपाङमा भएको थियो । उनी सानैदेखि साहित्य रचनामा उद्दत थिइन् । उनका रचनाहरू प्राय: धर्मसंस्कृतिमा आबद्ध छन् । उनको साहित्यिक सृजनाचाहिँ 'हिमा' शोककाव्य (२०४२) हो । अध्यात्मचेतमा आधारित उनका प्रकाशित कृतिहरू हुन्– 'भजनमाला' (२०४२), 'भक्तिपत्र' (२०४२), 'देवी दिव्यदर्शन' (२०५४), 'त्रैलोक्येश्वरी दिव्यदर्शन' (२०५६), 'शिव वेदगीता' (२०५७), 'श्री दिव्यधाम' (२०५७), 'चित्तशक्ति ब्रह्मतत्त्व' (२०५९), 'ब्रह्मात्मज्योति हरिकलादर्शन' (२०५९), 'चेतचेतन गीता' (२०५९) तथा अन्य 'ॐ श्री अम्बा सहस्रनाम', 'हरिकला भक्तिभजन', 'जीवनदर्शन' र 'श्रीपराविद्या पुरुषोत्तमदर्शन' (२०६१) आदि ।

**हरिदेवी कोइराला**

हरिदेवी कोइरालाको जन्म २०१५ साल चैत १७ गते पोखराको बैदाममा भएको हो । सुप्रसिद्ध लोकगीत गायिका हरिदेवी कोइरालाका प्रकाशित कृति 'मेरो देशको छातीभित्र दुखेजस्तो लाग्छ' (कवितासङ्ग्रह, २०५४), 'तरङ्ग' (कवितासङ्ग्रह, २०५४), 'न घाम झ्ऱ्यो, न जून झ्ऱ्यो' (कवितासङ्ग्रह, २०५९), 'आफ्नै गीत आफ्नै भाका' (२०६२) र 'माइतै रमाइलो' (२०६३) हुन् । उनका स्वरमा करिब छ सय गीत स्वराङ्कन भएका छन् । उनी प्राय: आफ्नै सङ्कलन, आफ्नै स्वर र आफ्नै लयमा मात्र गीत गाउँछिन् । उनी 'कोइलीदेवी सम्मान' (२०६२) बाट सम्मानित छिन् । राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा गरी उनले तीन दर्जनभन्दा बढी सम्मान, अभिनन्दन र पुरस्कार प्राप्त गरेकी छिन् । पोखराको 'लेखनाथ पौड्याल प्रतिष्ठान' की अध्यक्ष श्रीमती कोइराला समाजसेवीका रूपमा पनि परिचित छिन् ।

**हरिमाया भेटवाल**

हरिमाया भेटवालको जन्म २०१५ फागुन १८ गते लालपानी, सुरुङ्गा, झापामा भएको हो । आमा नरमाया भेटवाल तथा बुबा डिल्लीराम भेटवालकी छोरी हरिमाया भेटवालले प्रमाणपत्र तहको अध्ययन पूरा गरेकी छिन् । उनका 'दोस्रो दर्जा' (कथासङ्ग्रह, २०६३), 'मैनका मान्छेहरू' (कथासङ्ग्रह, २०६८), 'आहाल' (नाटकसङ्ग्रह, २०६९) जस्ता कृति प्रकाशित छन् । उनका कतिपय फुटकर कविता, नाटक, कथा आदि राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । 'वर्ष उत्कृष्ट रचना पुरस्कार, नागार्जुन साहित्य सम्मान' २०६५, 'रिडर्स क्लब पोखरा सम्मान' २०६८, 'मोती अन्तर्राष्ट्रिय साहित्य पुरस्कार' (एएनए अमेरिका) २०७० बाट सम्मानित उनले नेपालका विभिन्न जिल्ला तथा भारत, थाइल्यान्ड आदि मुलुकको भ्रमणसमेत गरेकी छिन् ।

**हिरण्यकुमारी पाठक**

हिरण्यकुमारी पाठकको जन्म २००२ साल साउन १५ गते काठमाडौँको प्यूखाटोलमा भएको हो । समाजसेवाका फाँटमा उनको योगदान प्रशस्त रहेको छ । 'उनी नारीसेवा समन्वय समिति'मा पनि कोषाध्यक्ष थिइन् । उनी विभिन्न सामाजिक, धार्मिक र साहित्यिक सङ्घसंस्थामा सक्रिय रहिन् । राष्ट्रिय वाणिज्य बैङ्कको प्रबन्धक पदसम्म रही उनले सेवा गरिन् । नेपालको बैङ्किङ क्षेत्रमा उनी प्रथम नारी प्रबन्धक हुन् । उनी विभिन्न विभूषण, अलङ्कार र पुरस्कारबाट पनि सम्मानित भइन् । उनले एसिया र युरोपका विभिन्न मुलुकका अतिरिक्त संयुक्त राज्य अमेरिकाको पनि भ्रमण गरेकी छिन् । नेपालीमा एम. ए. उत्तीर्ण भएपछि उनी साहित्यरचनामा समर्पित भइन् । उनका प्रकाशित कृति 'श्री ५ बडामहारानी सरकार तथा समाजसेवा' (प्रबन्ध, २०४६), 'मोहचक्र' (कथासङ्ग्रह, २०५०), 'श्रीकृष्णलीला' (बालसाहित्य, २०५४), 'शून्यवत्' (कथासङ्ग्रह, २०५७), 'अव्यक्त' (गीतिकवितासङ्ग्रह, २०६०), 'मिहिनेती मौरी' (बालकथासङ्ग्रह, २०६३) हुन् । उनले 'गोमा:सङ्घर्षशील जीवनका पाटाहरू' (२०६०) को सम्पादन पनि गरेकी छिन् । साथै उनले 'नारी' र 'महिला चेतना' पत्रिकाको सम्पादन गरेर पनि आफ्नो कुशल सम्पादकीय व्यक्तित्वको परिचय दिएकी छिन् । हिरण्यकुमारी पाठक प्रसिद्ध इतिहासकार प्रा. तोत्रराज पाण्डेकी छोरी हुन् ।

**हेमन्ती जोशी**

हेमन्ती जोशीको जन्म २०१८ साल भदौ १८ गते सिमचौर, काटे, डोटीमा भएको हो । आमा सुशीला जोशी र बुबा काशीनाथ जोशीकी छोरी हेमन्ती जोशीले आई. ए. उत्तीर्ण गरेकी छन् । शिक्षण पेसामा संलग्न उनको 'प्रतिबिम्ब' (कथासङ्ग्रह, २०६४), 'पत्रपत्र जिन्दगी' (गजलसङ्ग्रह, २०६९) प्रकाशित छन् । उनको 'सहयात्रा' संयुक्त कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । उनी 'नवरत्न प्रतिभा

सम्मान', 'दिनानाथ प्रतिभा पुरस्कार' आदिबाट पनि सम्मानित भएकी छन् ।

**हेमा मानन्धर**

हेमा मानन्धरको जन्म २०३४ साल असार छ गते दोलखामा भएको हो । समाजशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण भएकी उनी समाजसेवा तथा कार्यक्रम संयोजन कार्यमा पनि संलग्न छिन् । उनको 'पहाडहरू सुतिदेऊ' (कवितासङ्ग्रह, २०६३) प्रकाशित छ । उनी 'नेप्लिज फेसन होम' तथा 'लायन्स क्लब, टेम्पल भ्याली, काठमाडौँ'को अध्यक्ष पनि रहेकी छन् ।

**होमा कट्टेल**

होमा कट्टेलको जन्म २०३० फागुन २० गते नेचा बेतघारी-६, सोलुखुम्बुमा भएको हो । आमा हीरामाया खतिवडा र बुबा बलभद्र खतिवडाकी छोरी होमा कट्टेलले आई.एड. सम्मको अध्ययन गरेकी छिन् । शिक्षण पेसामा संलग्न उनको 'सोलुखुम्बु गजलसँगालो' (सहलेखन, २०६९) प्रकाशित भएको छ ।

**ज्ञानु अधिकारी**

ज्ञानु अधिकारीको जन्म २०३५ सालमा चितवनमा भएको हो । आमा पद्मा अधिकारी र बुबा प्रेमनाथ अधिकारीकी छोरी ज्ञानु अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए., बी.एड. उत्तीर्ण गरेकी छिन् । प्राध्यापन पेसामा संलग्न उनका 'शब्दसिन्धु र सपनाको हत्या' (कवितासङ्ग्रह, सहलेखन, २०६७), 'प्रायोगिक समालोचना : केही प्रतिरूप' (समालोचनासङ्ग्रह, २०६७), 'अनिवार्य नेपाली सहयोगी पुस्तक' (कक्षा ११, २०६७), 'नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण' (२०६८), 'नेपाली कथाको इतिहास (अनुसन्धानग्रन्थ, २०६९), 'सृजनविधिका परिवृत्तमा सनत रेग्मी' (समालोचना, २०७०) जस्ता कृति प्रकाशित भएका छन् । उनका विभिन्न अनुसन्धानात्मक रचना पनि प्रकाशित भएका छन् । विभिन्न

पत्रपत्रिकाहरूमा समेत फुटकर रचनाहरू प्रकाशित हुने उनी 'नारायणी अञ्चल उत्कृष्ट कविता पुरस्कार' (२०६४), 'अनेसास नारायणी अञ्चल सर्वोत्कृष्ट कृति पुरस्कार', (सन् २०१०/११) 'कालीगण्डकी साहित्यकला पुरस्कार' (२०६८), 'गुञ्जन नारी प्रतिभा पुरस्कार' (२०६९), 'भीमनिधि तिवारी साहित्य पुरस्कार' (२०६९), 'अनेसास नारायणी अञ्चल सर्वोत्कृष्ट कृति पुरस्कार' (सन् २०१२/१३) आदिबाट सम्मानित भएकी छिन् । उनी विभिन्न सङ्घसंस्थामा पनि आबद्ध रहेकी छिन् ।

**ज्ञानू पाण्डे**

प्रा.डा.ज्ञानू पाण्डेको जन्म २०१८ साल असार २९ गते इन्द्रचोक, काठमाडौँमा भएको हो । एम.ए., पिएच.डी.को उपाधि ग्रहण गर्ने पाण्डेको 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद' (समालोचना, २०६२) प्रकाशित कृति हो । 'नारी साहित्यकारहरूको विधागत इतिहास' (२०६१) र 'सञ्चारकर्मी महिलाको अवस्था : अनुसन्धान पुस्तक' (२०६२) को सहसम्पादन गर्ने पाण्डे 'महेन्द्र विद्याभूषण क' (२०६२) बाट सम्मानित छिन् ।

# सन्दर्भस्रोत

खिमानन्द आचार्य (प्रधान सम्पादक), अनेक डायस्पोराका कविता, वासिङ्गटन डी.सी. : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६९ ।

घटराज भट्टराई, नेपाली लेखक कोश, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५३ ।

नरेन्द्रराज प्रसाई, नारीचुली, काठमाडौँ : नइ प्रकाशन, २०६३ ।

नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई, चौध अञ्चलमा नारी साहित्य, काठमाडौँ, २०७१ ।

–––––– विश्व नारी नेपाली साहित्यको रेखाङ्कन, काठमाडौँ : त्रिमूर्ति निकेतन, २०७१ ।

मातृका गजमेर, नारीस्रष्टाहरू अन्तर्वार्ताहरूमा, दार्जिलिङ : वसुधा (भारतीय नेपाली नारी साहित्यिक मञ्च), सन् २०१० ।

रजनी ढकाल, गीता त्रिपाठी तथा ज्ञानु अधिकारी, विश्व नारी नेपाली साहित्य : प्रवृत्ति र परम्परा, काठमाडौँ : त्रिमूर्ति निकेतन, २०७१ ।

लक्ष्मी उप्रेती, नेपालका नारी कथाकार : प्रवृत्ति र प्रतिनिधि कथा, काठमाडौँ : वनिता प्रकाशन, २०६८ ।

लीला लुइटेल, नेपाली महिला साहित्यकार, काठमाडौँ : गुञ्जन, २०६९ ।

––––––, नेपाली कवितामा महिलालेखन, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, २०७० ।

# विशेष धन्यवाद

१. अफ्रिकाका लागि नेपाली साहित्यक दूत–
श्री कल्पना घिमिरे नूँरिस्सौँ
२. अमेरिकाका लागि नेपाली साहित्यक दूत–
श्री गीता खत्री र श्री नीलम कार्की 'निहारिका'
३. अस्ट्रियाका लागि नेपाली साहित्यक दूत–
श्री अलका आत्रेय चूडाल
४. अस्ट्रेलियाका लागि नेपाली साहित्यक दूत–
श्री रुमु नेउपाने र श्री सानु घिमिर
५. इजरायलका लागि नेपाली साहित्यक दूत–
श्री कृष्णकला बनेम, श्री दीप्स शाह र श्री भगवती बस्नेत
६. ओमानका लागि नेपाली साहित्यक दूत–
श्री मुना श्रेष्ठ नेपाल
७. द.कोरियाका लागि नेपाली साहित्यक दूत–
श्री प्रगति राई र श्री मञ्जु गुरुङ
८. क्यानडाका लागि नेपाली साहित्यक दूत–
श्री सपना गौतम
९. चीनका लागि नेपाली साहित्यक दूत–
श्री पूर्णिमा जी शाह
१०. जर्मनीका लागि नेपाली साहित्यक दूत–
श्री रश्मिला कवाङ 'रश्मि'

११. जापानका लागि नेपाली साहित्यक दूत–
श्री 'निहारिका' लक्ष्मी शाही
१२. नर्वेका लागि नेपाली साहित्यक दूत–
श्री विष्णुमाया विभु
१३. पोर्चुगलका लागि नेपाली साहित्यक दूत–
श्री सीता बराल
१४. फ्रान्सका लागि नेपाली साहित्यक दूत–
श्री अनुराधा पौडेल
१५. बेलायतका लागि नेपाली साहित्यक दूत–
श्री जया राई र सञ्जु बजगाईं
१६. भारतका लागि नेपाली साहित्यक दूत–
डा.कविता लामा, प्रा.डा. पुष्प शर्मा र श्री बिन्द्या सुब्बा
१७. भियतनामका लागि नेपाली साहित्यक दूत–
श्री सन्ध्या रेग्मी
१८. म्यान्माका लागि नेपाली साहित्यक दूत–
श्री कुसुम गौतम
१९. स्विट्जरल्यान्डका लागि नेपाली साहित्यक दूत–
श्री रमा पराजुली देवकोटा

•

**विश्व नारी नेपाली साहित्य सम्मेलनका अञ्चल अध्यक्षहरू**

मेची अञ्चल : भवानी क्षत्री
कोसी अञ्चल : राधिका गुरागाईं
सगरमाथा अञ्चल : आस्था कोपिला राई
जनकपुर अञ्चल : मीना देवकोटा
बाग्मती अञ्चल : अनिता तुलाधर
नारायणी अञ्चल : गायत्री श्रेष्ठ
गण्डकी अञ्चल : सरस्वती प्रतीक्षा

लुम्बिनी अञ्चल : कृष्णादेवी शर्मा श्रेष्ठ
धवलागिरी अञ्चल : सन्तु श्रेष्ठ
राप्ती अञ्चल : गायत्री घर्ती मगर
भेरी अञ्चल : किरण आचार्य
कर्णाली अञ्चल : स्मृति अधिकारी
सेती अञ्चल : श्रेष्ठ प्रिया 'पत्थर'
महाकाली अञ्चल : नारा जोशी

•

• अप्सरा दाहाल • ऋचा लुइँटेल • तर्कना शर्मा • लीला लुइटेल